भाषा–आन्दोलन

सर्वोच्चको रिट–आदेशले निम्त्याएको विवाद !




# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ६८

मूल्य रु. २० –
भारतमा भा.रु १४ –



## रूपचन्द्र बिष्ट

जसलाई शत्रुहरुले चिने, मित्रहरुले चिनेनन् !


# बोर्डिङ्ग पास - समयको उपहार

एक बृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन् । छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन् । बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको पुष्पक विमान को परिकल्पनामा मग्न छिन् ।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुःख कष्ट भाग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन् । अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी विताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमुल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





**शाही नेपाल वायुसेवा**

जति उड्यो उति उडौं उडौं लाग्ने

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १७, पूर्णाङ्क ६८
असार/२०५६



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ

**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी

**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


## यसभित्र



# रूपचन्द्र विष्ट

## जसलाई शत्रुले चिने, मित्रले चिनेनन्

◆ रूपचन्द्रको प्रेम र विहाको धोको यसरी टुट्यो
❑ रूपचन्द्र दक्षिण मेगको निर्माता थिए
❑ रूपचन्द्रले आधा बोरा खाद्यान्न घरबाट चोरेर लिएर आए
रूपचन्द्रबारे क. निर्मल लामाका संस्मरणहरू

❑ रूपचन्द्र विष्टको जीवन र 'थाहा' आन्दोलनको चिरफार ! ◉ रूपचन्द्र विष्टको जीवनको झाँकी !

### रूपचन्द्र विष्टको जीवनका रोचक र प्रेरक संस्मरणहरू- उहाँका सहकर्मीहरूबाट

❑ रूपचन्द्रले भनेका थिए- "मेरो ठूलो शवयात्रा नगर्नू !" ◆ रूपचन्दको विहा यसरी भयो ❑ जनतालाई कुरो बुझाउने रूपचन्द्रको तरीका ◆ २०४६ को जन-आन्दोलनमा रूपचन्द्रको भूमिका के थियो ? ❑ रूपचन्द्र हेडमास्टर हुँदा ◆ राष्ट्रिय पंचायतमा चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिको बारेमा हंगामा ❑ राष्ट्रिय पंचायतमा यसरी नतमस्तक बनाए रूपचन्द्रले मण्डलेहरूलाई ◆ आफ्नै बेखर्ची, आफ्नो खर्चको लागि दिएको पैसा उनले अरूलाई पो दिए ❑ "मैले चुरोट छोडें नि !" ◆ रूपचन्द्र विष्टको जीवनका उकाली ओरालीहरू❑ रूपचन्द्रको अचम्मको सिफारिश !

# भाषा आन्दोलन

*सर्वोच्चको रिट-आदेशले निम्त्याएको विवाद !*

## हामी साम्प्रदायिक पनि हैनौं राजनीतिक स्वार्थका गोटी पनि हैनौं !

भाषिक अधिकार संयुक्त संघर्ष समिति, नेपालका संयोजक *अमरेश नारायण झा* सँगको अन्तर्वार्ता

सर्वोच्च अदालतको फैसलाबारे एकता केन्द्र, संजमो, नेकपा माले, राष्ट्रिय जनमोर्चा, नेकपा मसाल, नेकपा एमाले उपत्यका समन्वय कमिटी, डॉ. बाबुराम भट्टराई, राष्ट्रिय जनआन्दोलन संयोजक समिति के भन्छन् ?

## साम्राज्यवादीहरू 'ओसामा बिन लादेनहरू' जन्माउँदैछन् !

## कोसोभो लिवरेशन आर्मी

*लागू पदार्थको तश्करीबाट मालामाल हुँदैछ !*

## के कोसोभो शान्ति संझौतामा नाटोको बिजय भएको छ ?

## *कता जाँदैछन् माले र एमालेहरू ?*

-नारायण ढकाल-

*इस्मालीको नयाँ धारावाहिक उपन्यास*

## जिरो माइल


**हाम्रो मूल्यांकन**
कस्तो छ भट्टराई सरकारको नीति र कार्यक्रम ? ४

**घटना र प्रवृत्ति**
भाषा आन्दोलन ३८
कता जाँदैछन् माले र एमालेहरू ? -नारायण ढकाल ४३

**आँखीभ्र्याल**
कोसोभोः साम्राज्यवादीहरू 'ओसामा विन लादेनहरू' जन्माउँदैछन् ! ३४
KLA लागू पदार्थको तश्करीबाट मालामाल हुँदैछ !
के कोसोभो शान्ति संझौतामा नाटोको विजय भएको छ ?

**विश्व कम्युनिष्ट आन्दोलन**
ब्रस्लेसमा अन्तराष्ट्रिय कम्युनिष्ट सेमिनार १७

**अचेल**
यहाँ कार्यकर्ताहरु दुब्लाउने तथा नेताहरु मोटाउने भइरहेको छ ।
-पूर्व सांसद खड्गबहादुर बुढामगर २८

**नीति संस्कृति**
पूर्वाग्रहको संस्कृतिः
जब सज्जन छिमेकी पनि 'चोर' जस्तै लाग्न थाल्छ ।
- हरिगोविन्द लुइटेल ३१

**आवरण कथा**
रूपचन्द्र बिष्ट, जसलाइ शत्रुले चिने मित्रले चिनेनन् । ५

**व्यंग्य**
घर फर्कने आह्वान
*-विमल निभा* १७

**आत्मकथा**
अन्ततः म एउटा सचेत र प्रतिबद्ध कम्युनिष्ट नै भएँ ।
*-क. निर्मल लामा* २०

**दर्शन परिचय**
सांख्य दर्शनः
भौतिकवादी प्रस्थापनाहरूले भरपूर प्राचिन पूर्वेली दर्शन ३१

**उत्पीडित चौतारी**
मन्दिर र चिया पसलमा भएका असमानता विरूद्ध दलितहरू
-पद्मलाल बिश्वकर्मा ३२

**जीवनको झाँकी**
हामी पार्टी को विभाजनबाट हताश भएनौं
-क. नागभूषण पटनायक १८

**साहित्य**
जिरो माइल (धारावाहिक उपन्यास)
- इस्माली २२
मनरूप नेप्च्युनका दुईवटा कविताहरू ३०

पाठकको कुरो ४६



आवरणमा : रूपचन्द्र विष्ट (फोटोः स्नेह सयमि/इन्सेट फोटोः पूर्ण बस्नेत/माथि भाषिक संघर्ष, ब्यानर जुलूस/फोटोः ए.बि.सी. फोटो बागबजार
आवरण सज्जाः सुन्दर बस्नेत, बागबजार फोनः २५२६४५ /कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, यति आर्ट, पुतलीसडक । फोनः २४७१८२
मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

# कस्तो छ भट्टराई सरकारको नीति र कार्यक्रम ?

देशमा २०४६ सालपछिको बहुदलीय आमचुनावपछि गठित भट्टराई सरकारले राजामार्फत गत असार १७ गते संयुक्त बैठकसामु आफ्नो नीति तथा कार्यक्रम पेश गरेको छ । संसदको सोह्रौं अधिवेशनसामु प्रस्तुत यो नीति तथा कार्यक्रम परंपरागत सबै संसदीय शाही संवोधनभन्दा छोटो मानिएको छ ।

१३ बुँदे यस पटकको नीति तथा कार्यक्रमले "गरीबी निवारणलाई नै आफ्नो विकास प्रयास, योजना र कार्यक्रमको मूल उद्देश्य" घोषित गरेको छ । घोषणा बहुत सुन्दर छ तर मुख्य सवाल यो उद्देश्य प्राप्त गर्न के के गर्दैछ भन्ने हो ।

सरकारले कृषिको व्यावसायीकरण, कृषिजन्य उद्योगको स्थापना, ग्रामिण पूर्वाधारको विकास, जलश्रोत र पर्यटनको विकास, साना एवम् घरेलु उद्योग व्यवसाय प्रवर्द्धनमार्फत यो उद्देश्य हासिल गर्ने बताएको छ ।

जसरी ज्वरो आफैं कुनै रोग होइन, त्यो रोगको लक्षण मात्र हो , त्यस्तै गरी, गरीबी पनि आफैमा कुनै रोग होइन, त्यो जर्जर सामाजिक रोगको लक्षण हो । समाजमा शोषण-उत्पीडन ब्याप्त छ भने, संपत्ति, स्रोत र आयको वितरणमा अन्याय र असमातनता ब्याप्त छ भने, र गरी खानसक्ने मान्छेलाई रोजगारीको अभाव ब्याप्त छ भने- परिणाममा गरीवी अनिबार्य रुपमा देखा पर्छ । त्यसैले, गरीवी उन्मूलन गर्ने हो भने नेपाली समाजमा ब्याप्त पूँजीवादी-गैरपूँजीवादी शोषण-उत्पीडन अन्त गर्ने कार्यक्रम प्रजातान्त्रिक समाजवादको झण्डा बोकेको कांग्रेसी सरकारले ल्याउन सक्नुपर्ने हो । संपत्ति, स्रोत र आयको वितरणमा रहेको अन्याय र असमानता हटाउने कार्यक्रम उसले ल्याउन सक्नु पर्ने हो । नेपाललाई कच्चा पदार्थ होइन, तैयारी माल उत्पादन र निर्यात गर्ने देशमा बदलेर असंख्य रोजगारी सिर्जना गर्ने कार्यक्रम सरकारले ल्याउन सक्नुपर्ने हो । तर सरकारी नीति तथा कार्यक्रममा त्यस्तो कुनै नीति र कार्यक्रम देखिन्न । तसर्थ, गरीबी पैदा गर्ने मूल मुहान ज्यूँकात्यूँ राखेर सरकारले गरीबी कसरी निवारण गर्ला ? गंभीर प्रश्न पैदा भएको छ ।

हाम्रो देशमा सबैभन्दा ज्यादा नेपालीहरु गाउँमा छन् र सबैभन्दा ज्यादा गाउँलेहरु कृषि व्यवसायमा छन् । नेपालको कृषिमा ५ प्रतिशत उपल्ला किसानहरुले २७ प्रतिशत खेतीयोग्य जमीन ओगटीरहेछन्, जब कि ६९ प्रतिशत साना सीमान्त किसानहरुले ३१ प्रतिशत जमीन मात्र जोतीरहेछन् । जो जमीन आफै जोत्छन्, उनीहरुसित या त आर्थिक हिसावले पर्ता नै नपर्ने गरी थोरै जमीन छ र त्यो जमीन पनि पुस्तैपछि टुक्रिँदैछ या उनीहरुसित आफ्नो जमीन नै छैन । जो जमीन आफैं जोत्दैनन्, उनीहरुसित ज्यादा जमीन थुप्रिएको छ । भूमि वितरणमा रहेको यो अन्याय र असमानता क्रान्तिकारी भूमिसुधार र स्वेच्छिक सहकारीकरणद्वारा हल गरेर सडक, सिंचाइ, बिजुली गाउँमा पुऱ्याएमा मात्र गाउँको गरीबी केही घट्न संभव छ । तर, नीति तथा कार्यक्रममा यो कुराको कुनै उल्लेख छैन । क्रान्तिकारी भूमि सुधारबिना कृषिको व्यावसायीकरण मात्र गरेर ठूला किसान र व्यापारी मात्र मोटाउनेछन्, बहुसंख्यक सीमान्त किसानको गरीबी निवारण हुने छैन ।

नीति तथा कार्यक्रममा आगामी शताब्दीको पहिलो चरणमा नै "नेपाललाई समुन्नत र समतामूलक राष्ट्रका रुपमा विकसित गर्ने" कुरा उल्लेख छ । यो राम्रो हुरा हो । तर यसको लागि बाटो रोजिएको छ- आर्थिक उदारवादको र निजीकरणको । यो त 'ल्हासा जाने रक्सौलको बाटो' भने जस्तै कुरा हो । अहिले अमेरिका र यूरोपेली यूनियन जस्ता अति विकसित मुलुकहरु पनि बाँकी विश्वलाई आर्थिक उदारवादको प्रेष्क्रीप्शन अघि सार्दै आफू चाहिँ छनौटपूर्ण संरक्षणवादको बाटो अप्नाईरहेछन् । यूरोप र अमेरिकाबीचको हालैको "केरा-युद्ध" यसको ज्वलन्त उदाहरण हो । अमेरिका र जापानबीचको ब्यापार-युद्ध यसको अर्को उदाहरण हो । अति विकसित मुलुकले समेत पूर्णतः अप्नाउन नसकेको उदारवाद नेपालजस्तो अति कम विकसित राष्ट्रले अप्नाएमा नेपालका आफ्ना सारा बालक-उद्योग व्यवसायहरु धरासायी हुने निश्चित छ । राज्यको राजस्वस्रोत सारा घटेर र सुकेर राज्य टाट पल्टने दिशातिर जानु अवश्यंभावी छ । अनि आफ्नो उद्योग व्यवसाय स्वाहा पारेर र राज्यको राजस्व-स्रोत स्वाहा पारेर नेपाल कसरी "समुन्नत र समतामूलक राष्ट्र" हुने दिशातिर लम्कन संभव छ ?

नीति तथा कार्यक्रमले- "जलस्रोत विकास राष्ट्रिय समृद्धिको मूल आधार" भन्ने नारा अघि सारेको छ । यसका निम्ति "राष्ट्रिय सहमतिका आधारमा राष्ट्रिय रणनीति" तर्जुमा गर्ने कुरा उल्लेख गरिएको छ । यो राम्रो कुरा हो । निश्चितै रुपमा जलस्रोतको विकास नेपालको निम्ति राष्ट्रिय समृद्धिको आधार हुनसक्छ । तर दुइटा शर्तमा मात्र यो यस्तो हुनसक्छ - एउटा, आफ्नै संस्थागत क्षमता अभिवृद्धि गर्दै सस्तो र भरपर्दो बिजुली उत्पादन गर्न सकेमा मात्र र अर्को, बिजुली आफ्नै देशमा प्रयोग गरेर त्यसबाट बनेको तैयारी मालसामान अरु मुलुकमा निर्यात गर्न सकेमा मात्र । खिम्ती जलबिद्युत परियोजनामा जस्तो अमेरिकाको भन्दा पनि महँगो प्रतियूनीट मोलमा बिजुली निकालेर नेपाल कहिल्यै समृद्ध हुनसक्ने छैन । 'महाकाली सन्धि'मा जस्तो कौडीको भाउमा पानी र बिजुली भारतलाई बेचेर नेपाल कहिल्यै समृद्ध मुलुक बन्नेछैन । शाही संवोधनमा के स्पष्ट छैन भने, नेपालको जलस्रोतलाई कतै 'महाकाली सन्धि'मा गरेजस्तै गर्न त "राष्ट्रिय सहमति" कायम गरिने होइन ?

नीति तथा कार्यक्रमले - दुइटा राम्रा कुरा अघि सारेको छ । ती हुन् - वैदेशिक निर्भरता कम गर्दै लैजाने प्रतिवद्धता, र भ्रष्टाचार निवारण गर्ने इकाइलाई प्रभावकारी बनाउन नियम, ऐन र कार्यविधिमा समसामायिक सुधार गर्ने कुरा । गर्न सकेमा यी अत्यन्त राम्रा कुरा हुन् । भविष्यमा कस्तो बजेट ल्याइने छ र भ्रष्टाचार निवारणसंवन्धी के कस्ता ऐन, नियम ल्याइनेछन्, त्यो हेरेर मात्र यसमा व्यक्त गरिएको प्रतिवद्धताको असली जाँच गर्न सकिनेछ ।

शाही संवोधनमा दलित, आदिवासी, जनजाति र महिलाहरुको हकहित संवर्द्धन गर्न, जीवन स्तर उठाउन र विकास निर्णयमा उनीहरुको सहभागिताको लागि ठोस नीति र कार्यक्रम ल्याउने कबोल गरिएको छ । यो पनि प्रशंसनीय कुरा हो । तर उनीहरुको के कस्तो हक संवर्द्धन गरिनेछ त ? त्यसको उल्लेख नीति तथा कार्यक्रममा कतै देखिन्न । अहिले दलितहरु, जनजातिहरु र महिलाहरुको लागि सबैभन्दा जरुरी कुरा व्यवहारमा समानताको हक हो । जनजातिहरुले अड्डाअदालतमा आफ्नो भाषा प्रयोग गर्ने हक त्यति नै पाउनु पऱ्यो, जति खस भाषाभाषीले पाएका छन् । महिलाहरुले पुरुषसरह समान संपत्तिको हक पाउनु पऱ्यो । दलितहरुले समाजमा समानताको व्यवहार पाउनु पऱ्यो । के सरकारले ल्याउने ठोस नीति र कार्यक्रममा यी हकहरुको उल्लेख होलान् ? हेर्न बाँकी छ ।

अरु धेरै कुरामा- नीति र कार्यक्रमले पहिलेकै कांग्रेस सरकारले अप्नाएका नीति तथा कार्यक्रमलाई निरन्तरता दिने कुरा गरेको छ ।

जम्मामा, यो नीति र कार्यक्रम लक्ष्य, उद्देश्य राम्रो भएको, तर त्यो हासिल गर्ने बाटाहरु भने लक्ष्य, उद्देश्यको ठीक विपरीत भएको दस्तावेज भएको छ । ❑

असार ७ गतेको सूर्योदयसँगै नेपालका छाप्रोहरूको एकजना महान मित्रको देहको सूर्यास्त भयो । उहाँले आफ्नो संपूर्ण जिन्दगी नै छाप्रेहरू, श्रमीकहरू र घरमै दासी-कमारी भएर रहेका नारीहरूको जागृतिको निम्ति अर्पित गर्नु भयो । तर उहाँको जीवनको पछिल्लो अवधिलाई केलाउँदा यो भन्न कर लाग्छः जिन्दगीको पछिल्लो चरणमा उहाँ लगभग एक्लो पर्नु भएको थियो । उहाँको 'थाहा' आन्दोलनको गंभीरतालाई र त्यसको संभावित असरलाई शत्रुहरूले बेलैमा राम्रोसित बुझे तर जसको जागरणको निम्ति उहाँले आफ्नो सारा जीवन अर्पित गर्नु भएको थियो , तिनीहरूले चाहिँ उहाँलाई र उहाँको सन्देशलाई ठीकसित बेलैमा बुझेनन् । उहाँलाई शत्रुले चाँडै चिन्यो, मित्रले त्यति चिनेनन् ।

"मेरो काजक्रिया नगर्नू, ठूलो शवयात्रा नगर्नू । म मर्दाका बखत जो जति साथमा हुन्छन्, तिनीहरूले चूपचाप लगेर मेरो लाश जलाईदिनू, मेरो लाशमा फूल सिन्दूर नगर्नू र मेरो लाशको राजनीति नगर्नू !"

६५ बर्षको उमेरमा अन्ततः दुवै किड्नीले काम नगर्नुको कारणले बीर अस्पतालको सघन उपचार कक्षमा देहान्त हुनु केही दिनअघि आफ्ना निकटस्थ मित्रहरूसित उहाँले व्यक्त गर्नु भएका यी अन्तिम इच्छाहरू नियाल्दा यस्तो लाग्दछः रूपचन्द्र विस्ट जीवनको अन्तिम घडीसम्म पनि जाग्रत विद्रोही हुनुहुन्थ्यो । संपूर्ण बेठीकहरू, असत्यहरू, कुपरंपराहरू



रूपचन्द्रले भनेका थिए- "मेरो ठूलो शवयात्रा नगर्नू !"



# रूपचन्द्र विष्ट

## जसलाई शत्रुले चिने, मित्रले चिनेनन्

◆ श्याम श्रेष्ठ ◆

र यथास्थितिविरूद्ध बिद्रोह नै रूपचन्द्रको जीवनपर्यन्तको मूल स्वभाव थियो । विद्रोह गर्दै उहाँ हुर्किनु भयो, बिद्रोह गर्दै उहाँ बित्नु भयो ।

उहाँको मलामीमा कुनै शंख बजेन । उहाँको मृत्यु संस्कारमा कुनै पुरोहित राखिएनन् । कुनै धार्मिक संस्कार गरिएन । छोरा, भाइ जीवित थिए र त्यहीं थिए । तर, उहाँको शवमा दागवत्ती दिए– उहाँका विश्वास-पात्र, जीवनको पछिल्लो घडीका मित्र क. सोनामले ।

उहाँको इच्छाविपरीत शवयात्रा ठूलो होला भनेर मृत्यु भएको लगभग चार घण्टाभित्रै उहाँको शवलाई शववाहन गाडीमा राखेर आर्यघाट लगियो र दाह संस्कार गरियो । उहाँको मृत्युको खवर सुन्नासाथ केही साथीहरूलाई खवर गरेर उहाँहरूसँगै यो पक्तिको लेखक हत्तारिदै आर्यघाट पुग्दा उहाँको शव लगभग जलिसकेको थियो । उहाँलाई अन्तिम बिदाइ गर्न चाहनेहरू थुप्रै मकवानपुरबाट पनि बस-ट्रक रिजर्भ गर्दै काठमाण्डू प्रस्थान गरेको बुझियो । तर उनीहरूले त्यो अवसर पाएनन् ।

उहाँको मृत्युअधिका इच्छाहरू र दाहसंस्कार हेर्दा यस्तो प्रतीत हुन्थ्यो: उहाँ मृत्युपछि पनि विद्रोह नै गर्दै हुनुहुन्थ्यो । ती सवैसित उहाँ विद्रोह गर्दै हुनुहुन्थ्यो, जसले जिउँदोमा उहाँलाई भेट्न-सुन्न-बुझ्न चाहेनन् ।

"उहाँलाई राम्रो अस्पतालमा वा नर्सिङ होममा लगेर राम्रो डाक्टर देखाउन पाएको भए शायद उहाँ केही बढी बाँच्नुहुन्थ्यो । तर उहाँ पटक्कै मान्नुभएन ।"

अन्तिम समयमा उहाँलाई उपचार गर्न लैजाने रूपचन्द्रका सहकर्मी अजय सुमार्गी आर्यघाटमा बताउँदै हुनुहुन्थ्यो ।

"छाप्रेहरू उपचार गर्न जाने

❑ रूपचन्द्र विष्टको जीवन र 'थाहा' आन्दोलनको चिरफार !

◉ रूपचन्द्र विष्टको जीवनको झाँकी !

रूपचन्द्र विष्टको जीवनका रोचक र प्रेरक संस्मरणहरू– उहाँका सहकर्मीहरूबाट !

अस्पताल बीर अस्पताल हो, मलाई त्यहीं लैजा । त्यहाँ भर्ना नै गर्नु परेमा जनरल वार्डमा गर, क्याबिनमा नगर् । क्याबिनमा सर्वसाधारण नेपाली बस्न सक्दैनन् ।"

उहाँले यही कुरामा जिद्दी कस्नु भयो । फलस्वरूप, उहाँले भनेबमोजिम नै गरियो । जनरल वार्डमा उहाँको बिग्रँदो स्वास्थ्यमा चौतर्फी र पर्याप्त ध्यान पुग्न सकेन । त्यहाँ उहाँको स्थिति गंभीर भएपछि आइ.सी.यु.मा सारियो, जहाँ उहाँको प्राणपखेरू उड्यो ।

राम्रो अस्पतालमा भएको भए उहाँ यस पटक बच्नु हुन्थ्यो कि हुन्नथ्यो, त्यो अनुमानको विषय हो । तर आफ्नो निम्ति छाप्रेले उपचार गर्ने अस्पताल नै रोज्ने, छाप्रे बस्नसक्ने बेडमै मात्र बस्ने रूपचन्द्रको अडानले उहाँको जीवन-दर्शन कस्तो थियो, त्यसको झझल्को राम्ररी दिन्छ ।

"उहाँ राष्ट्रिय पंचायतको सदस्य हुँदा पनि कहिल्यै एकचोटि राम्रो रेष्टुराँमा गएर खाएको देखिएन, लोकल ठर्राभन्दा राम्रो रक्सी किनेर खाएको पाइएन, नयाँ कपडा किनेर कोट-पाइण्ट सिलाएको भेटिएन"

-उहाँलाई लगभग २५-२६ वर्ष नजिकैबाट हेरेका उहाँका सहकर्मी अधिवक्ता रामनारायण बिंडारी भन्नुहुन्छ - "उहाँको रेष्टुराँ भनेको ज्यामीहरूले खाने सामान्य भट्टी हुन्थ्यो । उहाँले किन्ने कपडा भनेको रेडक्रसले धरहरा, कमलाक्षीतिर सस्तोमा बेच्ने लीलामे कोट-पाइण्ट र सर्ट हुन्थ्यो । एउटा कोट उहाँले ६३ रूपियाँमा धरहरानेर किन्नुभयो, मेरै सामुन्ने । त्यही कोटले राष्ट्रिय पंचायत गुजार्नु भयो ।"

> **"रूपचन्द्रले एउटा कोट ६३ रूपियाँमा धरहरानेर किन्नुभयो, मेरै सामुन्ने । त्यही कोटले राष्ट्रिय पंचायत गुजार्नु भयो ।"**

रूपचन्द्रको जीवनको महानता नै यसैमा देखिन्छ कि उहाँलाई श्री संपत्तिको हिसावले नपुग्दो केही थिएन, उहाँ संपन्न परिवारको छोरो हुनुहुन्थ्यो र अन्तिम समयमा पनि कालीमाटीमै उहाँको ३०/३५ लाख पर्ने घर थियो, तर उहाँ त्यो घरमा बस्नु भएन । त्यो घर त्यत्तिकै खाली राख्नुभयो । बस्नुभयो, नजिकैको आफैंले बनाएको झुपडीमा, जहाँ आधा ठाउँ कबाडी समानले भरिएको थियो ।

सुख शयलपूर्वक बाँच्नका लागि उहाँसित स्रोत-साधन प्रशस्त थियो । तथापि सादा जीवन नै उहाँको विशेषता रहयो । मोजमज्जाको जीवन उहाँको रोजाइ कहिल्यै रहेन । प्रशस्त विकल्प र अवसर हुँदा पनि उहाँले सचेतनतापूर्वक छाप्रेकै राजनीति रोज्नु भयो, छाप्रेकै जिन्दगी बाँच्न खोज्नु भयो । आजीवन उहाँले आफूलाई श्रमिक वर्गको खेमामा उभ्याउनु भयो । श्रमिक वर्गकै जीवन बाँच्न खोज्नु भयो । यो उहाँको आफ्नो वर्ग र त्यो वर्गको जीवन-दर्शनप्रतिको अडान थियो ।

जुन वर्गको राजनीति रोज्यो, उसकै जिन्दगी बाँच्न खोज्ने, धन-मान-मोजको आकर्षणबाट कहिल्यै विचलित नहुने मामलामा रूपचन्द्रले जुन उँचाइ जीवनमा प्रदर्शित गर्नु भएको छ, त्यो उँचाइ नेपाली कम्युनिष्ट आन्दोलनको निम्ति समेत अनुकरणीय छ । त्यो उँचाइ नेपालका कम्युनिष्ट पार्टीका शीर्षस्थ नेताहरूमा भइदिएको भए कम्युनिष्ट आन्दोलनमा यति चर्को सांस्कृतिक विचलन र पाखण्ड देखा पर्ने थिएन ।

### वालककाल र युवाकालको विद्रोह

रूपचन्द्र नेपालका श्रमिक वर्ग र छाप्रेहरूले बिर्सनु हुने नाम नै होइन ।

उहाँ हुनुहुन्थ्यो- राणाकालीन आर्मी क्याप्टेन (जो पछि मेजर पनि बने) का छोरा । बाबु थिए धनाढ्य बिर्तावाल । मकवानपुरको घर्तीखोलामा उनको प्रशस्त जग्गाजमीन थियो र काठमाण्डूमा समेत घर जग्गा यथेष्ट थियो । कुलीन सामन्त वर्गका मान्छे थिए - उहाँका बाबु आमाहरू, धर्मकर्ममा अत्यन्त कट्टर ।

तर "बालक रूपचन्द्र बच्चैदेखि विद्रोही थिए । राँगाको मासु खाँदै नखाने घरमा उनी राँगाको मासु चूल्होमै लगीदिन्थे । जुत्ता लाएर जानै नहुने मन्दिर र भान्सामा उनी जुत्ता लाएर गईदिन्थे । बाहुनले खड्कुँलामा भात पकाएको ठाउँमा गएर उनी खडकुँलो तानीदिन्थे । कामी, दमाई, सार्कीलाई गरिने छुवाछूतको उनी बच्चैदेखि विरोध गर्थे र छुवाछूतको सारा नियम उल्लंघन गर्थे । उनी आफू अन्याय गर्दैनथे । अन्याय कसैले गरेको पनि सहन्नथे, अन्याय गरेको देखियो भने, उनी गाउँको मै हुँ भन्ने मान्छेलाई पनि नराम्ररी ठटाईदिन्थे । उनी घरमा चोरेर कहिल्यै खान्नथे, तर लुटेर चाहिँ खुव खान्थे । उनी भूठो बोल्दैनथे र कोहीसित पनि डराउन्नथे ।"- उहाँको बालकालको स्वभावबारे उहाँकै सहोदर कान्छा भाइ (ओशो कम्युनका स्वामी र पोल्ट्री उद्यमी ) गुणचन्द्र बिष्ट यस्तो भन्नुहुन्छ ।

गुणचन्द्रका अनुसार- उहाँको परिवार सातपुस्ते आर्मी परिवार थियो । तर युवा रूपचन्द्रले विद्रोह गर्नुभयो, आर्मीमा जान ठ्याप्पै मान्नु भएन । र, उहाँकै कारणले उहाँकै पालादेखि उहाँको परिवारका दाजुभाइहरू आर्मीमा जाने क्रम टुट्यो ।

बाबु थिए - आर्मीको अनुशासन खोज्ने, रूपचन्द्र थिए - एक नंबरको विद्रोही । यी दुइको त्याड्-ठ्याङ मिल्ने कुरै थिएन । त्यसैले, ११ वर्षकै उमेरमा रूपचन्द्रले बाबुसित विद्रोह



रूपचन्द्र: मृत्युशैय्यामा

## रूपचन्दको बिहा यसरी भयो

*(गुणचन्द्र बिष्ट, अजय सुमार्गी र रामनारायाण बिंडारीको वर्णनको संयोजनबाट )*

२०२५ साल पुसको कुरो हो, रुपचन्द्रले बिहा गर्नु भो उमा शाहसँग । महीना पनि त्यस्तै छान्नुभयो बिहाको निम्ति - पुस, कार्तिक, चैत्र जस्तो महिना, जुन महीनामा हिन्दू परंपरामा बिहा गर्न बर्जित छ । उहाँले पुस महिना रोज्नु भो ।

उहाँले निम्ता कार्ड छापेर बाँड्नु भो- चुरोटको बट्टामा । याक चुरोटको बट्टामा हो क्यार सायद् । चुरोटको बट्टाको खोल जम्मा गरी राख्नु भएको रहेछ जतन गरेर । त्यसैको प्रयोग गरेर निम्ता कार्ड छपाउनु भयो वा छापीदियो कसैले ।

त्यसमा लेखिएको थियो- *"कुनै बाजा बज्ने छैनन् । कुनै भोजभतेर हुने छैन । कुनै ब्राम्हणद्वारा वेदका ऋचा पढिने छैन । वर वधुले भाषण दिनेछन् र बिहा सम्पन्न हुनेछ । त्यो बिहामा आफैंले आफ्नै खाजा खाने गरी निमन्त्रित गरिन्छ ।"*

*स्थान: घट्टेचौर ।*

ठीक यसरी नै रुदानेको बिहा संपन्न भयो । यसरी बिहामा पनि उहाँले सामाजिक कुरीतिहरुसित विद्रोह गर्नुभो । ❑

**भ्रष्टाचार व्याप्पै नगर्ने, सपूर्ण हिसाव किताव छर्लंग हरेक दिन देखाईदिने उहाँको स्वभावले गर्दा वरपरका भ्रष्ट व्यक्तिहरू पनि आपतमा परे ।**



*पञ्चायती चुनावलाई उपयोग गर्ने सन्दर्भमा रूपचन्द्र भाषण गर्नुहुँदै*

गरे र घरबाट निक्लिए । घरमा आमा अति मायालु हुनाले फेरि फर्के ।

काठमाण्डौंको सीताराम हाइस्कूलमा पढ्थे उनी । उनी पढ्नमा औधी तेज थिए । आठ नौ कक्षासम्म कक्षामा कहिल्यै दोश्रो भएनन् । तर, एस.एल.सी.सम्म पुग्दा उनी राजनीतिमा निकै सक्रिय भइसेका थिए । प्रत्येक विद्यार्थी-आन्दोलनमा उनको सहभागिता हुन्थ्यो । त्यसैले पढाइ बिग्रियो ।

गुणचन्द्रका अनुसार उनका बाबुले छोरा रूपचन्द्रलाई १४/१५ वर्षको उमेरमा धम्की दिए- ७ दिनभित्र या त घर छोड्, या राजनीति छोड् ।

रूपचन्द्रले सातौं दिनमा आफ्नो निधो सुनाए र घर छोडेर पुनः हिंडे ।

राम नारायण बिंडारीका अनुसार- रूपचन्द्र त्यसपछि कुल्ली भए । लरीमा दम दिने, यात्रु खोज्ने र सामान लाद्ने काम गरे उनले । घरबाहिरै श्रमिकको जीवन बिताए, आर्मीको मेजरको छोराले ।

१८ वर्षको उमेरमा, २००८ सालमा, उनी काठमाण्डू जिल्लामा कम्युनिष्ट पार्टीको सदस्य भइसकेका थिए । क. निर्मल लामा काठमाण्डू जिल्लाको जिल्ला सेक्रेटरी हुंदा रूपचन्द्र दक्षिणी एरियाको एरिया सेक्रेटरी र यस नाताले, जिल्ला समिति सदस्य भइसकेका थिए ।

मूल्याङ्कनलाई क. निर्मल लामाले बताउनु भए अनुसार- "रूपचन्द्र निकै एक्टिभ र जिम्मेवार पार्टी सदस्य थियो । उसलाई पार्टी सदस्यता मै बसेको जिल्ला पार्टी समितिले प्रदान गरेको हो । काठमाण्डू दक्षिण भेगको संपूर्ण संगठन उसैले मिहेनत गरेर बनाएको हो । कीर्तिपूर, पाँगा, नगाउँ, नैकाप सबै ठाउँमा उसैले कम्युनिष्ट पार्टीको जग हालेको हो । काठमाण्डूमा हरेक पटक ठूलोसानो आन्दोलन हुँदा उसले अधिल्लो दिन नै त्यहाँ गएर मिटिङ्ग गरेर भोलिपल्ट आफैं जूलुसको नेतृत्व गरेर आउँथ्यो । त्यस्तो कुनै आन्दोलन हुन्नथ्यो, जसमा रूपचन्द्रको सहभागिता नभएको होस् ।"

तर, रूपचन्द्र पार्टीमा लामो समय टिक्नु भएन । निर्मल लामाका अनुसार- पार्टीमा रायमाझीको दक्षिणपन्थी लाइनको दबदबा शुरू भएपछि र रायमाझीको लामासित खटपट पर्न थालेपछि रूपचन्द्रले पार्टी छोडेका हुन् । गुणचन्द्र र बिंडारी उहाँले २०११ सालमा पार्टी छोडेको बताउनु हुन्छ र २०१५ सालमा नैकाप क्षेत्रबाट स्वतन्त्र प्रगतिशील कम्युनिष्ट उम्मेदवारका रूपमा संसदीय चुनावको उम्मेदवार बनेको बताउनु हुन्छ ।

मूल्याङ्कनलाई क. शंभुराम श्रेष्ठले बताउनु भएअनुसार - रूपचन्द्र अत्यन्त अध्ययनशील, सक्रिय र जिम्मेवार पार्टी सँदस्य हुनुहुन्थ्यो । उहां आफू प्रन्तीय किसान संघको अध्यक्ष हुंदा रूपचन्द्र किसान आन्दोलनमा पनि निकै सक्रिय हुनुहुन्थ्यो ।

रूपचन्द्रले पार्टी छोडेको मितिका बारेमा एउटै मत नपाइए पनि उहाँले पार्टी छोडेका कुरामा भने मतभेद भेटिन्न । तर, पार्टी छोडेतापनि, रूपचन्द्रले फराकिलो घेरामा मार्क्सवादी सिद्धान्त र श्रमिकवर्गीय खेमा कहिल्यै छोड्नु भएन । यो विचारधारा र खेमाविरूद्ध उहां कहिल्यै लाग्नु भएन ।

### *जनमुखी प्रधानपंच र विद्रोही विवाह*

२०२१ सालमा रूपचन्द्र मकवानपुर जिल्लाको दामन क्षेत्र, जसलाई त्यतिखेर शिखरकोट गाउँ

---

## रूपचन्द्रले आधा बोरा खाद्यान्न घरबाट चोरेर लिएर आए



◆ क. निर्मल लामा

म त्यतिखेर काठमाण्डौं जिल्ला कम्यूनिष्ट पार्टी समितिको सेक्रेटरी थिएँ । काठमाण्डौं किलागलस्थित चन्द्रानन्द नेवाको घरमा बसिरहेको थिएँ । चन्द्रानन्द त्यतिखेर एकदमै गरीब थिए । घरमा खानेकुरा केही थिएन । हामी सबै अधिल्लो दिनदेखि भोकै थियौं । रुपचन्द्र आइपुगे । उनले आइपुग्नासाथ सोधे- "भात खाइस् ?"

मैले भनें- "कहाँ खानु ? हामी सबै हिजोदेखि भोकै छौं, खानेकुरा नै केही छैन घरमा ।"

उनी भस्किए र भने- "हामी ?। तिमीहरु सबै भोक्कै ?" मैले टाउको हल्लाएर सहमति जनाएँ ।

उनी केही नबोली तुरुन्त बाहिर निस्किए । एकाध घण्टापछि ठूलो आधा बोरा खानेकुरा लिएर आए । त्यत्रो बोरा एक हातले उचालेर हाम्रो सामुन्ने राखे र भने- "लौ यो खा ।"

मैले बोरा खोलेर हेरें । धान, मकै, कोदो, सबै एकै ठाउँमा मिसाइएको रहेछ । चन्द्रानन्दका दिदीहरुलाई त्यो केलाउँदाको हैरान भयो । बल्लबल्ल केलाएर त्यसलाई मिलमा पठायौं र साँझ टन्न खानेकुरा खायौं ।

भएछ के भने, घरमा बाबुसँग उनको बोलचाल र मिल्ती थिएन । उनले आमाचाहिंलाई गएर भनेछन्- मेरो दाजु दुई दिनदेखि भोक्कै छ, खानेकुरा लगीदिनु पर्‍यो । आमाचाहिंले हत्तनपत्त बाबुले थाहा नै नपाउने गरी अन्न राख्दा सबै कुरा एकै ठाउँमा मिसिएको रहेछ । तर त्यो खाद्यान्नले हाम्रो भोकको समस्या टार्‍यो ।

एकदमै मानवीय थिए, रुपचन्द्र युवाकालदेखि नै । सानोसानो कुरामा पनि संवेदनशील थिए । यसको ज्वलन्त नमूना थियो यो घटना । ❑.



# २०४६ को जन-आन्दोलनमा रूपचन्द्रको भूमिका के थियो ?

-अजय सुमार्गी-

-रामनारायण बिँडारी-

"२०४६ सालको जन-आन्दोलनमा रूपचन्द्र पंचहरूको न्यालीमा गए ।"

"प्रतिकार-समितिमा बसे ।"

"जन आन्दोलनको बिरोध गरे ।"

"पंचायतको हातमा बिके ।"

-यी र यस्ता हल्लाहरू बजारमा खूब चलाइएका छन् । यी नियोजित हल्लाहरू हुन् । रूपचन्द्र कुनै पनि पद र पैसाले किन्न सकिने मान्छे नै होइनन् । जुन ब्यक्तिको सारा जीवन पंचायती तानाशाहीको अन्तका लागि बित्यो, मन्त्री पद, र करोडौं पैसाले जसलाई कहिल्यै आकर्षित गरेन, ऊ मान्छेले त्यो व्यवस्थाको पक्ष लिने र जन-आन्दोलन चुलीमा पुग्दा प्रतिकार समितिमा बस्ने, पंच न्यालीमा जाने, पंचायती पैसामा बिक्ने भन्ने कुरा कल्पना समेत गर्न सकिन्न । यी सब भूठा प्रचारहरू मात्र हुन् ।

भएको के थियो भने, हेटौंडा नगर पंचायत त्यतिखेर हाम्रो कब्जामा थियो । त्यसका प्रधानपंच जनमुखी सहकर्मी अशोक बानियाँ थिए । पंचायती कालमा समेत नगर सभाबाटै १९५० को सन्धि खारेज हुनुपर्छ, काला कानून खारेज गर्नुपर्छ, वर्क परमीट लागू गर्नुपर्छ, तावेदार संविधान बदल्नुपर्छ भनेर पारित गर्नसक्ने प्रधानपंच थिए- अशोक बानियाँ । यसो गरेवापत् मकवानपुर जिल्ला पंचायतले नगर पंचायतलाई प्यारालाइज्ड गर्न अशोक बानियाँले चेकमा हस्ताक्षर समेत गर्न नपाउने, कुनै बजेट नपाउने, कुनै काम गर्न नपाउने गरी आर्थिक नाकाबन्दी लगाईदिएको थियो । हामी त्यतिखेर नगर पंचायतको मंचलाई टेको बनाएर पंचायती सरकारसित लड्दैथियौं ।

यस्तो समय, परिस्थितिमा २०४६ सालको जन-आन्दोलन शुरू भयो । माले र कांग्रेसले हुप्रको चौरमा जन-आन्दोलनको शुरू दिन फागुन ७ गते भेला हुने गरी जुलुशको कार्यक्रम राखे । हामीले देख्यौं- त्यहाँ गोली चल्ने टड्कारो संभावना छ । अनावश्यक रूपमा आन्दोलन-कारीहरूको ज्यान जाने संभावना छ । यस्तो नहोस् भन्ने हामीले चाह्यौं । त्यसैले, हामीले माले र कांग्रेस दुवैसित वार्ता गर्‍यौं । हामीले प्रस्ताव गर्‍यौं कि- "नगर पंचायत सिंगै हाम्रो कब्जामा छ, त्यसैलाई बहुदलीय मंचका रूपमा बदलौं । सबै पार्टीले त्यहीं आ-आफ्नो ब्यानर र भण्डा लिएर आऊन् ।" तर उनीहरू पटक्कै मानेनन् ।

त्यसपछि हामीले निर्णय गर्‍यौं- पदीय जिम्मेवारीमा भएका मान्छे जति नगर पंचायतले आयोजना गर्ने "बहुदलीय मंच"वाला कार्यक्रममा जाने । पदीय जिम्मेवारीमा नभएका जनमुखी मान्छेहरू हुप्रको चौरमा हुने कार्यक्रमा जाने । रूपचन्द्र रा.पं.स. हुनाले नगर पंचायतमा हुने कार्यक्रममा जानुभयो ।

म राम नारायण बिंडारीले नगर पंचायतमा आयोजित सभामा बोलेर घोषणा गरें- 'यही मंचलाई आजका मितिबाट जनमुखी सहकर्मीको हैसियतले "बहुदलीय मंच" घोषणा गर्दछु । नर शमसेरका प्रेतात्माहरू, जो शहीदका हत्यारा छन्, ती अपराधीहरूको यो मंच चोख्याउनको लागि जन-आन्दोलन यहींबाट शुरू गर्दछु ।'

मैले बोल्दा पंचायती मन्त्री कमल थापा त्यहीं छन् । त्यसपछि हुटिङ्ग भएको छ । गोदागोद भएको छ ।

रूपचन्द्रले त्यसैबीच बोल्नु भएको छ- "जे राम नारायणले बोल्यो, ती जनमुखी सिद्धान्तका कुरा हुन् । अब म यस मंचबाट दुई शब्द बोल्दछु । गाउँलेलाई 'जनमुखी बैज्ञानिक गाउँ पंचायत' चाहिन्छ । देशलाई दलगत स्वतन्त्रता चाहिन्छ । दलगत स्वतन्त्रताको लागि यो आन्दोलन अगाडि बढोस् ।"

त्यसपछि म राम नारायणले हेटौंडामा बस्न संभव भएन । म भूमिगत बस्न काठमाण्डू क. निर्मल लामाकहाँ पुगेको छु ।

उता, हुप्र चौरमा हामीले अनुमान गरेजस्तै भयो । त्यहाँ गोली चल्यो । थुप्रै मान्छे घाइते भए । एउटा पुलीस पनि मारियो । गोली लागेका घाइतेलाई रूपचन्द्रकै मोटरमा राखेर रूपचन्द्र र अशोक बानियाँले रक्सौलस्थित डंकन हस्पीटल लानुभयो । हुप्र चौरको त्यो दिनको घटनाले गर्दा हेटौंडामा अचाक्ली दमन भयो । फेरि आन्दोलन उठ्नै सकेन । आन्दोलनको हिसाबले यो नोक्सानी भयो ।

*मैले बोल्दा पंचायती मन्त्री कमल थापा त्यहीं छन् । त्यसपछि हुटिङ्ग भएको छ । गोदागोद भएको छ ।*

त्यसपछि रूपचन्द्रले जन-आन्दोलनको समर्थनमा थुप्रै पर्चाहरू प्रकाशित गर्नुभयो । उहाँको चर्चित पर्चा "गाउँले न्याय चाहियो" २०४६ फागुनमा नै प्रकाशित भएको छ । यो पर्चामा भनिएको छ :

*राजनीतिका तपस्वीहरु*
*डाक्टर-प्रोफेसरहरु*
*बिद्यार्थी-मजदूरहरु*
*साहित्यकार-पत्रकारहरु*
*प्राविधिक - वकिलहरु*
*दलहरुका भण्डाहरु ली*
*बहुदलीय व्यवथा चाहियो*
*भन्दै संघर्षमा उत्रेका छन्*
*दर्जनौं मारिए*
*हजारौं थुनामा परे*
*लाखौं आन्दोलित छन्*
*निर्दलीय व्यवस्था*
*टिकाउन भनेर*
*स्वतन्त्र शान्तिपूर्ण*
*सभा-जुलूसहरुमा*
*गुण्डागर्दी-पुलिसगर्दी*
*हत्या पक्राउ जथाभावी*
*को-कति-कहाँ-कसरी*
*थुनेर राखेका सो कुरा*
*भन्नसम्म नचाहने*
*थुनेर सास्ती गरेर*
*मार्ने समेत गर्ने*
*निर्दयी निर्दलीय*
*शासन व्यवस्था*
*जनताले खाजेको*
*भनेर चलेको छ ।*
*नगरवासी जनताका*
*भण्डा र नाराविरुद्धमा*
*सरकारी लाठा र बन्दुकहरु*
*जुधीरहेको यो बेलामा*
*गाउँले-इसाफ चाहियो ।*
*जनमुखी बैज्ञानिक*
*गाउँ पंचायत र*
*दलगत स्वतन्त्रता*
*चाहिन्छ, कि चाहिन्न ?*
*चाहिने भए*
*हप्तामा एकक्षण*
*गाउँ-गाउँमा नै*
*जम्मा भएर*
*स्वर मिलाएर*
*कराउनु पर्‍यो*
*१. इन्कलाब- जिन्दावाद*
*२. जनमुखी गाउँ पंचायत- गाउँलेलाई चाहिन्छ ।*
*३. दलगत स्वतन्त्रता- हरेकलाई चाहिन्छ ।*
*४. जय अधिकार- जय विकास !*

*२०४६ फागुन, जसरू र सहकर्मीहरू*
*मूल्य १० पैसा, सहुलियत ५ पैसा*

यस्ता थुप्रै पर्चाहरू निक्लेका छन् ।

जन-आन्दोलनकै दौरानमा तात्कालीन बहुदलवादी रा.पं.स. जागृत भेटवाल र भीमबहादुर श्रेष्ठलाई झूठा मुद्दा लगाएर पुनरावेदन अदालत ल्याइयो । उहाँहरूको लागि वकालत गर्न गएका वकीलहरूको वकालतनामा पुलीसले न्यायाधीशकै सामुन्ने अदालतमा खोस्यो । रूपचन्द्रले त्यो बेलामा जुरूक्क उठेर भन्नुभयो–

"ए न्यायाधीशजी, तपाईं न्यायाधीश हो कि जनविरोधीको तलुवा हो ? तपाईंको इजलाशमा पुलीसले वकीलको वकालतनामा खोस्छ । म जनप्रतिनिधि भएर बहस गर्न आएको छु ।"

न्यायाधीशले भन्यो– "माननीयज्यू, बहस त गर्न मिल्दैन ।"

रूपचन्द्रले त्यतिखेर भन्नुभो– "मिल्दैन भने जे मिल्छ त्यही गर्नू । न्यायाधीशले जुत्ताको तलुवा नबन्नू । सकिन्छ खानू जागीर, सकिन्न छोड्नू।"

त्यो न्यायाधीश अहिले पनि जीवित

मकवानपुर जिल्ला पंचायतको बैठक डाकिएछ । रूपचन्द्र माननीय हुनाले पदेन जिल्ला पंचायत सदस्य हुनुहुन्थ्यो । बैठकमा उहाँ पनि जानुभएछ । उपस्थितमा सही गराइएछ । बैठक चलेपछि उहाँले एक घण्टासम्म त्यो प्रस्तावको विरोध गर्नु भएछ । उहाँले जिल्ला पंचायत सभापति लोकबहादुर थापालाई चुनौती दिँदै भन्नुभएछ– "ए सइ साहेब, तिमीहरू पुलीसहरूले जुन निर्णय गर्दैछौ, त्यो निर्णयले तिमीहरूका घर आँगनमा तिमीहरूका नातिहरूले जिन्दगीभर तिमीहरूलाई धिक्कार्ने छन् । बडेमानको पहाड खस्दैछ, तिमीहरू परालको त्यान्द्रोले रोक्छु भन्दैछौ ।"

यसो भनेर उहाँ बैठक छोडेर हिंड्नु भयो । बाँकी १८ जनाले प्रस्ताव परित गरेछन् । राती रेडियोले फुक्यो– प्रस्ताव पारित भयो , प्रतिकार समिति बन्यो , रूपचन्द्र पनि त्यहाँ उपस्थित



*रूपचन्द्रले त्यो बेलामा जुरूक्क उठेर भन्नुभयो– "ए न्यायाधीशजी, तपाईं न्यायाधीश हो कि जनविरोधीको तलुवा हो ?*

छ । नाम हो जसको– कृष्णप्रसाद उपाध्याय ।

त्यतिखेर काठमाण्डूबाट वकालत गर्न विश्वकान्त मैनाली, सिन्धुनाथ जस्ता अधिवक्ताहरू आउनु भएको थियो । उहाँहरूलाई राख्ने, गाडीमा अदालत पुऱ्याउने सारा काम रूपचन्द्र आफैले गर्नु भएको थियो ।

यति मात्र होइन, भूमिगत नेताहरूलाई सुरक्षित ठाउँमा पुऱ्याउने, गणेशमानको घरमा भएका टेपहरू थानकोट कटाउने सबै काम रूपचन्द्र आफैंले आफ्नै गाडीमा गर्नु भएको थियो । किनभने, उहाँलाई देखेर शासक-प्रशासक थर्कमान हने हुनाले उहाँको गाडी चेक हुन्नथ्यो ।

त्यसैले, रूपचन्द्र जनआन्दोलनमा अत्यन्त सक्रिय हुनुहुन्थ्यो र आफ्नो बुताले भ्याएका सारा कुरा उहाँले जन-आन्दोलनको सफलताको लागि गर्नु भएको गियो । यति मात्रै हो कि उहाँ– कांग्रेस, मालेको जुलूसमा चाहिं जानु भएन । उहाँले आफ्नै प्रकारले सघाउ पुऱ्याउनु भयो ।

आन्दोलनकै दौरानमा भारतीय नेता चन्द्रशेखरले काठमाण्डौमा आन्दोलनको पक्षमा दिएको भाषणको विरोधमा विरोध-वक्तव्य दिन

हुनुहुन्थ्यो भनेर । रूपचन्द्रले तुरुन्तै त्यसको खण्डन पनि गर्नुभयो– पत्रिकामार्फत् । साप्ताहिक पत्रिकामा त्यो निक्लेको छ ।

तर पछि त्यसैको आधारमा हल्ला चलाइयो– उहाँ प्रतिकार समितिमा बस्नु भयो भनेर ।

बहुदल आएपछि रूपचन्द्रको व्यक्तित्व घाँडो भो पार्टीहरूलाई । सारै लोकप्रिय हुनुहुन्थ्यो उहाँ देशमा र मकवानपुरमा त अझ भन । त्यसैले, उहाँ हुञ्जेल पार्टीहरूले चुनावमा जित्ने खैरियत नै थिएन । तर पंचायत कालमा जस्तो त्यतिखेर जनतासित दुई भोट दिने हक थिएन । 'रूपचन्द्र असाध्य राम्रो मान्छे, भोट चाहिं हामीलाई दिनोस्' भन्न मिलेन । यही कारणले, चुनावी स्वार्थ र सत्ता स्वार्थका कारणले रूपचन्द्रको चरित्रहत्या गरिएको हो । खास गरी, तात्कालीन मालेले नै रूपचन्द्रका बारे अनेकौं भ्रमपूर्ण हल्ला चलाएको हो । त्यसमा कुनै सत्यता छैन । रूपचन्द्र जन-आन्दोलनमा अत्यन्त सक्रिय हुनुहुन्थ्यो भनेर खड्ग ओलीलाई सबभन्दा राम्ररी थाहा छ । उहाँले त दामनमा रूपचन्द्रसँग भाषणै गर्नुभएको थियो । ❑



पंचायत भनिन्थ्यो, त्यसको प्रधान पंच चुनिनु भयो । उहाँको प्रधापंच काल निकै उथलपुथलपूर्ण रह्यो ।

उहाँले त्यतिखेर दामन र पालुङ्ग दुइटा गाउँ पंचायतलाई एकताबद्ध गरेर "विकास समिति" बनाउनु भयो र त्यसको अध्यक्ष आफैं बन्नु भयो । उहाँका सहकर्मी अजय सुमार्गीका अनुसार उहाँले त्यस "विकास समिति" मार्फत त्यस क्षेत्रमा "विकास कर" लगाउनु भयो । एक धार्नी आलु बेचेबापत ५ पैसा "विकास कर" लाग्थ्यो । यो " विकास कर" कहाँ कसरी खर्च भइरहेको छ, हरेक दिन कालोपाटीमा हिसाव लेखिन्थ्यो । यही विकास करबाट र श्रमदानबाट पालुङमा देशकै सवभन्दा ठूलो पंचायत घर बन्यो, जसलाई "विकास घर"को नाम दिइएको थियो । यो "विकास घर"मा एकैचोटि ५०० जना मान्छे घरभित्र बसेर सभा गर्न सक्छन् ।

यो विकास घरमा उन्नत जातका बीउहरू, उन्नत जातका ब्याड, राँगा र साँढेहरू राखेर सर्व साधारणलाई उपलब्ध गराउने गरियो । गाउँमा नगदे बालीका लागि प्रोत्साहन गरियो । पालुङ अहिले नगदे तरकारी बाहिर बेच्नसक्ने विकसित ठाउँ बनेको छ । यहाँ अहिले धेरैका घरमा टीनका छाना छन्, जुन संपन्नताको लक्षण हो । यो नगदे तरकारी बालीको लागि जग वा पृष्ठभूमि तयार पार्ने काम प्रधान पंचको रूपमा रूपचन्द्रबाटै भएको थियो ।

रूपचन्द्रले त्यतिखेर १६ देखि ६० वर्षका मान्छेले महीनामा केही दिन गाउँको विकासको श्रमदान गर्ने प्रस्ताव "विकास समिति"को भेलाबाट पारित गराउनु भएको थियो । "विकास कर" र विकास श्रमदानबाट पालुङमा जन कल्याण मा.वि. पनि बन्यो ।

उहाँले त्यतिखेरै आफ्नो कार्य क्षेत्रमा जनवर्गीय संगठन पनि बनाउन थाल्नुभयो ।

अजय सुमार्गीका अनुसार विद्रोहकारी कलिला केटाकेटीहरूको एउटा, क्रान्तिकारी श्रमिकको अर्को र जीवनविषयी बुद्धिजीविको अर्को र सामाजिक परिवर्तनकारी नारीहरूको छुट्टै संगठन बनाइयो ।

उहाँका यी सवै कामबाट प्रतिक्रियावादीहरू थर्कमान भए । भ्रष्टाचार ठ्याप्पै नगर्ने, संपूर्ण हिसाव किताव छर्लगं हरेक दिन देखाईदिने उहाँको स्वभावले गर्दा वरपरका भ्रष्ट व्यक्तिहरू पनि आपतमा परे । यी सवैको भोसपोलबाट रूपचन्द्रलाई प्रधान पंच भएको केही समय पनि नबित्दै २०२२ सालमा गिरफ्तार गरियो र राजकाज अपराधमा जेल चलान गरियो । निर्मला लामा, शंभुरामहरू कैद भएकै भ्यालखानमा उहाँलाई थुनियो । २०२४ सालमा उहाँ जेलबाट छुट्दा उहाँले बनाएका धेरै संगठनहरूमा विरोधीहरूको कब्जा भइसकेको थियो ।

जेलबाट छुटेपछि २०२५ साल, पुषमा उहाँले विवाह गर्नु भयो – सम्भ्रान्त वर्गकी छोरी उमा शाहसँग ।

उहाँको विवाह पनि विद्रोहपूर्ण थियो । गुणचन्द्र विष्ट र रामनारायण विंडारीका अनुसार, विवाहमा कुनै पंचेवाजा बजेनन्, कुनै पण्डित-पुरोहित राखिएनन्, कुनै भोज भतेर गरिएन । 'आफ्नो खाजा आफैं खाने गरी' गाउँलेहरूलाई निमन्त्रित गरियो र एउटा सार्वजनिक समारोहमा दुवैले भाषण गरेर विवाह संपन्न गरियो । त्यतिखेरको समयमा यस्तो विवाह विल्कूलै प्रचलनमा थिएन ।

तर उहाँको विवाह लामो समय टिकेन । रूपचन्द्र आफू पनि कठोर

**रूपचन्द्र बिष्टको**
**एउटा दार्शनिक कविता**

चार माना माटोसँग तेरो नातो गासियो भनेर
माटाको भाँडोले तँसित दोस्ती–स्वस्ति गऱ्यो भनेर
बसिस् कैद गमलामा, सिंगै पृथ्वीलाई छोडेर ?
– जसरु



*नेपाली कम्युनिष्ट आन्दोलनमा मौका पाउनासाथ बेइमान हुने नेताहरू थुप्रै निक्लेका छन् । तर रूपचन्द्रले आफूलाई सर्वथा अलग अगुवाका रूपमा प्रस्तुत गर्नुभयो– जस्तोसुकै मौका आउँदा पनि बेइमान नहुने मान्छेका रूपमा ।*

शारीरिक श्रम गर्ने, श्रीमतीलाई त्यसै गर्न लगाउने, श्रीमतीलाई त्यो कुरा सह्य नहुने । भनिन्छ, पालुङको हाइस्कूल बनाउँदा रूपचन्द्रले आफ्नी श्रीमतीलाई पनि आफूसरह ढुंगा बोक्न लगाउनु भएको थियो । बिंडारीका अनुसार उहाँहरूको विवाह तव टुट्यो, जव एक जना शंकास्पद व्यक्तिसँग उहाँकी श्रीमतीले संबन्ध बढाएको र नियमित पैसा लिएको भेटियो र त्यसो नगर्न आग्रह गरिंदा त्यसको पालना भएन ।

२०२५ सालमा स्नातकको तर्फबाट रा.पं. सदस्य निर्वाचित हुने चुनावमा रूपचन्द्र पनि उम्मेदवार बन्नु भयो । रामराजाप्रसाद सिंहहरू जित्नु भयो, उहाँ हार्नु भयो । तर जितेको रामराजालाई शपथ ग्रहण नै गर्न नदिएर जुन हविगत गरियो, त्यसबाट रूपचन्द्रमा पंचायतभित्रै केही गर्ने संभावनाप्रति चर्को निराशा पैदा भयो ।

### *रूपचन्द्र – जोगीको रूपमा*

प्रतिक्रियावादीहरू र पंचायती सरकारले रूपचन्द्रलाई यतिखेरसम्म राम्ररी चिन्निसकेको थियो । रूपचन्द्रलाई मार्ने प्रयत्न पनि यसबीच बारबार भएको बताइन्छ । रूपचन्द्रलाई आफ्नो ज्यानको सुरक्षा नभएको महसुस भएपछि र पूर्वीय दर्शनको अध्ययन गर्ने इच्छा पनि उत्कट भएकाले उहाँ २०२८ साल माघ १ गते चितवन जिल्लाबाट एक्कासी अलप हुनुभयो । उहाँ भारत जानुभयो र जोगीको भेषमा काशी, गया, हरिद्वार, बम्वई आदि ठाउँहरूमा योगीहरूसित र पूर्वीय दर्शनका ज्ञाताहरूसित सत्संग गर्नु भयो । पूर्वीय दर्शन र धर्म दर्शन बारेमा राम्रो ज्ञान प्राप्त गर्नुभयो । तर उहाँले जीवनमा चाहिँ धर्मदर्शन अभ्यास गर्नु भएन ।

अन्ततः जोगीकै भेषमा कमण्डलु लिएर २०२९ सालको अन्ततिर उहाँ मकवानपुर फर्कनुभयो । फर्केपछि गाउँमा पण्डितहरू डाकेर उनीहरूकै अगाडि धार्मिक अन्धविश्वासको पर्दाफास गर्ने अभियान छेड्नुभयो । तल्लो जातका मान्छेहरू डाक्ने र उनीहरूका सामुन्ने उनीहरूले सुन्नै नहुने भनिएको गायत्री मन्त्रको अर्थ सुनाउने जस्ता काम पनि उहाँले थाल्नुभयो ।

### *दार्शनिक र 'थाहा आन्दोलनका प्रवर्तक रूपचन्द्रको उदय*

दर्शनिक रूपचन्द्रको उदय लगभग यही समयदेखि भएको देखिन्छ – २०३० को दशकको शुरूदेखि । र, 'थाहा' आन्दोलनको प्रारम्भ पनि यही दशकदेखि भएको देखिन्छ ।

रूपचन्द्र त्यसपछि आफैंले निर्माण गरेको जन कल्याण मा.वि.को प्रधानाध्यापक हुनुभयो र दामन टावर र रेष्टुराको संचालक पनि ।

स्कूलमा उहाँले गरेका तीनवटा कुराहरू निकै उल्लेखनीय छन् :

एउटा, स्कूलमा ४ बजेपछि हरेक दिन अन्तर्राष्ट्रिय राजनीति र राष्ट्रिय राजनीतिको बारेमा विद्यार्थीहरूलाई ब्याख्यान । अर्को, हरेक दिन प्रत्येक विद्यार्थीले आधा घण्टा श्रम गर्नै पर्ने, संगीत सिक्नै पर्ने र खेलकूद सिक्नै पर्ने भन्ने नयाँ खालको अनिवार्य रूटीन । र तेश्रो, राष्ट्रिय गानका रूपमा "श्री मान गंभीर" नगाउने, आफूले रचना गरेको अर्कै गीत राष्ट्रिय गानका रूपमा गाउने भन्ने निर्णय ।

यस्तो काम मकवानपुरका १०० वटा जति स्कूलमा गराइयो । यी प्रयत्नबाट रूपचन्द्रमा अझै विद्रोही भावना र युवाहरूलाई राजनीतिक रूपले जागृत पार्नुपर्छ र उनीहरूमा श्रमप्रति र सौन्दर्यप्रति रूची जगाउनु पर्छ भन्ने जागरूकता पर्याप्त मात्रामा भएको झलक मिल्छ ।

रूपचन्द्र तीन चार वर्षभन्दा लामो समय प्र.अ. हुनुभएन । तर दामन टावरको र रेष्टुराँको संचालक चाहिँ ७ वर्षसम्म भईरहनु भयो । यही दौरानमा ग्रह नक्षत्रको अध्ययन गर्ने, जीव-जन्तुको अध्ययन गर्ने, प्रकृति र भूगर्भको अध्ययन गर्ने काम उहाँको दिनचर्या बन्यो ।

२०३६ सालमा जनमत संग्रहको घोषणा भएपछि उहाँले टोपीदेखि जुत्तासम्म बहुदलको चुनावी रंग नीलो लगाएर बहुदलको प्रचारमा जिल्ला भ्रमण गर्नुभयो । पछि, बालिग मताधिकार र आम चुनावको आधारमा राष्ट्रिय पंचायतको गठन हुने गरी संविधान संशोधन भएपछि रूपचन्द्र "थाहा आन्दोलन" का प्रवर्तकका रूपमा २०३८ सालको आम चुनावमा उम्मेदवारको रूपमा खडा हुनुभयो ।

२०३८ सालमा प्रायः सबै प्रतिपक्षी पार्टीहरूले पंचायती चुनाव बहिष्कार गरे । तर रूपचन्द्रले ती प्रतिपक्षको प्रतिनिधित्व गर्दै चुनावमा भाग लिनुभयो र बिजयी पनि हुनुभयो ।

२०३८ सालदेखि २०४३ सालसम्मको राष्ट्रिय पंचायतमा रूपचन्द्र एक्लैले राष्ट्रिय पंचायत थर्काउनु भयो । चाहे सैनिक ऐन आउन लाग्दा होस् वा अरू घटनामा, उहाँ एक्लैले पनि पंचायती संसदका सिमाहरूलाई पर्दाफास गर्ने कार्य निकै राम्ररी चलाउनु भयो । एक्लो हुँदा पनि ठीक कुरो बोलीछोड्ने साहस, तर्कपूर्ण ढंगले आफ्ना कुराहरूले प्रतिक्रियावादीहरूलाई नतमस्तक बनाउने क्षमता, पंचायती शासक प्रशासकहरूलाई "तँ भाते कुकुर !" भनेर ठाडो हकार्ने हिम्मत, पद, आशा, पैसामा पटक्कै बिक्री नहुने उहाँको नैतिक स्तर र भ्रष्टाचारमुक्त छवि तथा देशव्यापी 'थाहा' आन्दोलनले गर्दा रूपचन्द्र यो अवधिमा सिर्फ व्यक्ति रहनु भएन, संस्था बन्न पुग्नुभयो । उहाँको संबन्धमा थुप्रै किंवदन्तीहरू बने । यो क्रम २०४३ सालको आम चुनावबाट उहाँको र उहाँजस्ता अरू ४/५ जना जनपक्षीय सांसदहरूको एउटा टीम नै संसदमा उपस्थित

## रूपचन्द्र दक्षिण भेगको निर्माता थिए ।

### क. निर्मल लामाको संस्मरण

आठ सालतिरको कुरो होला यो । म साल , मिति त्यति सम्झन्न । मै बसेको जिल्ला पार्टी समितिले रुपचन्द्रलाई पार्टी सदस्यता प्रदान गऱ्यो ।

उनी विद्यार्थी कालदेखि नै निकै एक्टिभ थिए । त्यस्तो कुनै आन्दोलन हुँदैनथ्यो, जसमा उनी छुट्थ्ये । आठ क्लासमा पढ्दादेखि नै मैले उनलाई त्यस्तो सक्रिय देखेको हुँ । काठमाण्डौंको दक्षिण भेगमा हाम्रो संगठन थिएन । उनलाई त्यहाँ संगठन गर्ने जिम्मा दिइयो । म जिल्ला सेक्रेटरी, उनी जिल्ला सदस्य । अत्यन्त राम्रोसँग खटेर उनले दक्षिण भेगमा संगठन बनाए । दक्षिण भेग भन्नाले कीर्तिपुर, नगाउँ, पाँगा पर्थ्यो । त्यहाँको कम्युनिष्ट पार्टीको संगठन निर्माण रुपचन्द्रले नै गरेका हुन् । पछि उनी त्यहाँको एरिया कमिटीको सेक्रेटरी नै बने ।

काठमाण्डूमा आन्दोलन हुने भयो भने उनी जिम्मा लिएर जान्थे । त्यो एरियामा गएर, राती मिटिङ गरेर भोलिपल्ट सकेसम्म ठूलो मास लिएर आउँथे । जुलुसको नेतृत्व नै आफैं गरेर आउँथे । हप्ताको दुई चोटि मलाई त्यहाँ लान्थे । नगाउँमा राम्रो संगठन थियो हाम्रो । त्यतिखेरका पानबहादुर, तुल्सीदासका बुवाहरुका घरमा बैठक बसेको म अझैं संझन्छु । पानबहादुर त अझसम्म जीवित छन् क्या र, जसलाई सोधेमा धेरै कुरा थाहा हुन्छ ।

निकै सक्रिय, भरपर्दो र जिम्मेवार थिए रुपचन्द्र । उनी काभ्रेमा पनि संगठन निर्माण गर्न गएका थिए । सायद् धुलिखेलमा हो क्यार उनले संगठन निर्माण गरेको ।

पछि, पार्टीमा केशरजंग रायमाझीको पकड भएपछि मेरो र रायमाझीको निकै खटपट पऱ्यो । रायमाझीको चालढाल उनले पनि देखे । त्यसपछि उनले पार्टी छोडे । पार्टी छोडे पनि उनले मार्क्सवाद कहिल्यै छोडेनन् । ❑

भएपछि पनि कायम रह्यो । रूपचन्द्र यो अवधिमा चर्चा र लोकप्रियताको शिखरमा पुग्नुभयो ।

उहाँको लोकप्रियताबाट त्रसित भएर २०४३ सालमा उहाँलाई "होशियार !" नामक कविता-पर्चा निकालेको निहुँमा पंचायती सरकाले जेलमा थुन्यो, तर यसबाट उहाँको लोकप्रियता घटेन, अरू ज्यादा बढ्यो । उहाँको "थाहा आन्दोलन"ले मकवानपुरमा र देशभरि पंचायती र मण्डलेविरोधी चेतना जागृत गर्न ठूलो भूमिका खेल्यो ।

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द र मरिचमान सिंहले रूपचन्द्रलाई मन्त्रीपद र पैसाले किन्न प्रशस्तै प्रयत्न गरेको कुरा रूपचन्द्र स्वयमले बताउनु भएको थियो ।

तर रूपचन्द्र त्यस्तो व्यक्तिको रूपमा नेपाली श्रमिक वर्गको आन्दोलनमा निक्लिनु भयो, जो कुनै पनि पद र पैसामा बिक्री हुँदैन । यतिखेर नेपाली कम्युनिष्ट आन्दोलनमा मौका पाउनासाथ बेइमान हुने नेताहरू थुप्रै निक्लेका छन् । तर रूपचन्द्रले आफूलाई सर्वथा अलग अगुवाका रूपमा प्रस्तुत गर्नुभयो- जस्तोसुकै मौका आउँदा पनि बेइमान नहुने मान्छेका रूपमा ।

यी सबै विशेषताको फलस्वरूप, रूपचन्द्रप्रति र उहाँको थाहा आन्दोलनप्रति आम जनताको जिज्ञासा र आकर्षण काफी मात्रामा वृद्धि भयो । २०४० को दशकको शुरूतिर पुग्दा रूपचन्द्र नेपालमा दन्त्यकथाका नायकजस्तै हुनुभएको थियो । उहाँका बारेमा थुप्रै कथाहरू प्रचलित थिए, देशव्यापी रूपमा । प्रतिक्रियावादीहरूको निम्ति रूपचन्द्र एक्लै पनि पन्छाउनै मुश्किल ठूलो चुनौतीको पहाड जस्तो हुनुभएको थियो । उहाँको कवितात्मक शैलीका पर्चाहरू व्यापक मात्रामा हातहातै बिक्थे । उहाँका भनाइहरू कुनै पनि पत्रिकाले ठूलो महत्वकासाथ छाप्थे । उहाँ जहाँ उभिनु हुन्थ्यो, त्यहाँ मान्छेको कुँडुलो लाग्थ्यो । शासक-प्रशासकहरू उहाँबाट थर्कमान थिए । रूपचन्द्र अफिस, विभाग, मंत्रालय पुग्दा काम फत्ते गर्न घूस ख्वाउनु पर्दैनथ्यो ।

### *"थाहा आन्दोलन"*

उहाँले प्रारम्भ गर्नु भएको "थाहा आन्दोलन" नेपाली श्रमिक वर्गको जागरणको निमित्त अत्यन्त महत्वपूर्ण आन्दोलन थियो । यसको सार के थियो भने, श्रमिकको राजनीति पूँजीपतिले गरीदिएर हुन्न, छाप्रेको राजनीति दरबारले गरीदिएर हुन्न, मोहीको राजनीति तल्सीङ्गले गरीदिएर हुन्न, महिलाको राजनीति पुरूषले गरीदिएर हुन्न, उनीहरू आआफैं जागृत हुनुपर्छ । आफ्नो राजनीति आफैं गर्नुपर्छ । हरेक कुरा बुझेर, थाहा पाएर गर्नुपर्छ । यो वा त्यसको पक्ष लागेर राजनीति गर्ने होइन, सत्य र ठीकको पक्ष लागेर राजनीति गर्नुपर्छ । सत्य खोज्ने, ठीक काम गर्ने, आफू बेठीक नगर्ने, अरूले गरेको बेठीक नसहने- यत्ति गर्न सकियो भने गरीबमारा, बजेटमारा र मुलुकमाराहरू भागाभाग गर्न बाध्य हुन्छन् ।

"थाहा आन्दोलन" को चूरो कुरो - "निष्पक्ष सक्रियताको अभ्यास" हो । अर्थात्, मान्छे यो वा त्यसको पक्ष लिने र पछिलाग्ने होइन, सत्य र ठीकको पक्ष लिने र पछि लाग्ने गर्नुपर्छ र ऊ बाँकीमा निष्पक्ष हुने प्रयत्न गर्नुपर्छ । निष्पक्ष भएपछि सक्रिय हुन निकै गाह्रो हुन्छ । तर त्यहीं गाह्रो काम गर्नुपर्छ । र, एक चोटि, एक दिन, एक महीना होइन, जीवभर निष्पक्ष रहेर सक्रियताको अभ्यास गर्न साधना गर्नुपर्छ ।


*'हामी कसैका होइनौं*
*कोही हाम्रा होइनन्*
*हामी सत्य र ठीकका*
*सत्य र ठीक हाम्रो !'*

रूपचन्द्र विष्टको " निष्पक्ष सक्रियताको अभ्यास " को सार कुरो यही हो ।

"थाहा आन्दोलन" मनुष्यत्व मुर्च्छाबाट व्युँझनुपर्छ, जागृत हुनुपर्छ र आफ्नो लागि आफैं व्युँझनुपर्छ भन्ने आन्दोलन हो । जागृत मनुष्यत्व साम्यवादको पनि सार हो । जागृत मनुष्यत्वकै आधारमा मार्क्स एंगेल्सले शोषणरहित, वर्गरहित र राज्यरहित समाजको परिकल्पना गर्नु भएको हो । मानव जागृत भयो भने र विवेकशील भयो भने, कुनै दमनकारी राज्ययन्त्र र कानूनको जरूरत पर्दैन, स्वविवेकको आधारमा मान्छे अनुशासित हुनेछ भन्ने सवाल नै साम्यवादको चूरो कुरो हो । यस परिप्रेक्ष्यमा, सम्यवादको चूरो कुरो र थाहा आन्दोलनको चूरो कुरोमा कुनै तात्विक भिन्नता भेटिन्न । दुवैको सार र सन्देश एउटै हो ।

"थाहा आन्दोलन" ले व्युँझाउन लक्षित गरेको मानव समुदाय कलिला बालक बालिकाहरू, श्रमिकहरू, जीवन र जगतबारे चिन्तित बुद्धिजीविहरू र नारीहरू हुन् । यस अर्थमा 'थाहा

> *"थाहा आन्दोलन" मनुष्यत्व मूर्च्छाबाट व्युँझनुपर्छ, जागृत हुनुपर्छ र आफ्नो लागि आफै व्युँझनुपर्छ भन्ने आन्दोलन हो । जागृत मनुष्यत्व साम्यवादको पनि सार हो ।*



## रूपचन्द्र हेडमास्टर हुँदा

"उहाँ २०३१ सालतिर आफैंले पालुङमा स्थापना गरेको, आफैंले बनाएको हाइ स्कूल- जन कल्याण मा.वि. मा प्रधानाध्यापक हुनुभयो । म त्यतिखेर उहाँको विद्यार्थी थिएँ ।

उहाँ नांगोखुट्टा नै स्कूल आउनुहुन्थ्यो । स्कूलमा पढाएबापत् शुरुमा उहाँले पैसा पनि लिनुभएन । पछि धेरैले निकै नै आग्रह गरेपछि- मलाई जीविका गर्न पुग्ने पैसा भए पुग्छ भनेर थोरै पैसा लिनुभयो ।

उहाँको हेडमास्टरशीप चल्दा हाम्रो स्कूलमा राष्ट्रिय गान भनेर "श्री मान गम्भीर...." गाउन बन्द गरिएको थियो । त्यहीं एउटा राष्ट्रिय गान उहाँ आफैंले लेख्नु भएको थियो । त्यही गीत गाइन्थ्यो । त्यो गीत हाम्रो स्कूलमा मात्र होइन, मकवानपुरका १०० वटा जति स्कूलमा राष्ट्रिय गीतको रुपमा गाइने भएको थियो ।

त्यस गीतको शुरु बोल यस्तो थियो :

*मानिस न्यायी प्राणी भन्ने*
*साबित गर्छौं काममा*
*शिक्षा ज्योति झलमल पार्दै*
*अन्धकारको राजमा*
*पिनै डाँडा खोंच काप्चा*
*सारा दयनीय ठाउँमा*
*झुत्रेझाम्रे लुरे त्यान्द्रे*
*भोकाहरुका गाउँमा*

त्यस गीतको अन्तिम बोल बेजोड थियो :

*मिल्छौं सारा मानिस नारा*
*दिन्छौं हामी एक हौं*
*मास्छौं सारा मानव दुश्मन*
*फेरि भन्छौं एक हौं*
*एक हौं, एक हौं, एक हौं...*

स्कूलमा एउटा नयाँ रुटिन अनिवार्य रुपमा लागू गरिएको थियो । त्यसलाई "चौतर्फी विकासतर्फी कार्य-तालिका" नाम दिइएको थियो । पढाइबाहेक खेलकूद, संगीत, राजनीति र परिश्रमलाई त्यस रुटिनमा राखिएको थियो । त्यसअन्तर्गत हरेक दिन आधाघण्टा प्रत्येक विद्यार्थीले शारीरिक श्रम अनिवार्य रुपमा गर्नुपर्थ्यो । ढुंगा बोक्ने, जग खन्ने, चौर सम्याउने आदि । खेलकूद र संगीतमा अनिवार्य रुपले भाग लिनै पर्थ्यो । म फेल भएको गीत गाउनमा । टेष्ट फेल नै भएँ म संगीतमा ।

४ बजेपछि दुइटा पिरियड लिन्थे रुपचन्द्रले । एउटा- अन्तर्राष्ट्रिय राजनीति र अर्को राष्ट्रिय राजनीतिसम्बन्धी । त्यसमा रुपचन्द्रले वर्ग-संघर्ष के हो ? वर्ग-समन्वय के हो ? भन्ने जस्ता अनेकौं विषयमा लेक्चर दिन्थे । त्यतिखेर हामीले त्यसको विरोध गर्थ्यौं । पढाइबाहेक थप पिरियड पनि लिनु परेकोमा हामीलाई बोर लाग्थ्यो । अहिले यो थाहा भयो- उनले हामीलाई जागृत पार्न राजनीति त्यतिखेरदेखि थालीसकेका रहेछन् ।

स्कूलमा अंग्रेजी बोल्थे रुपचन्द्र । हामी त्यसको पनि विरोध गर्थ्यौं । अंग्रेजी असाध्यै राम्रो थियो उनको ।

यसरी करिब तीन वर्ष हेडमास्टर भए उनी जन-कल्याण मा.वि.मा ।

❑ राम नारायण बिँडारी

## रूपचन्द्रको अचम्मको सिफारिश

◆ *रणसंग्राम विष्टको संस्मरण*

रुपचन्द्र मेरो काका ।

मेरो नाम नै उहाँले राखिदिनु भएको हो । उहाँ रा.पं.स. भएपछि म उहाँको सहायक भएर, अंगरक्षक भएर वर्षौंसम्म गाउँगाउँ डुलेको छु मकवानपुरमा । जति संगत गऱ्यो, उतिउति गहिरो लाग्यो रुदाने मलाई ।

रुदानेको नाम खूब चलेको समय थियो त्यो ।

म राष्ट्रिय स्तरको खेलाडी । प्रशिक्षणको लागि जापान जाने एउटा कोटा त्यतिखेर आयो । मलाई जापान जान असध्यै रहर लाग्यो । रुदानेको सिफारिश भएमा म जान पाउने निश्चित हुने मलाई लाग्यो । त्यसैले मैले एउटा निवेदन लेखें- संबन्धित मंत्रीको नाममा । त्यसमा सिफारिश लेखिदिन उहाँलाई अनुरोध गरें ।

उहाँले सिफारीश त खुरुक्कै लेखिदिनु भयो, तर सिफरिशको भाषा देखेपछि म उहाँसित चौपट्टै रिसाएँ । मैले निवेदन धर्धरी च्यातें र उहाँसित रिसाएर एक वर्षसम्म बोल्दै बोलिनँ । पछि म स्वयम्लाई पछुताउ भयो । मैले बोलें, किनकि मलाई उहाँ महान लाग्यो ।

उहाँको सिफारीशको भाषा यस्तो थियो- "निज निवेदनकर्ता योग्य भएमा निजलाई सिफरिश गर्दछु । निजभन्दा अरु बढी योग्य भएमा उसैलाई सिफरिश गर्दछु ।

– रुपचन्द्र विष्ट"

आन्दोलन' मा श्रमिक र उत्पीडित वर्गीय पक्षधरता पनि स्पष्ट रूपमा भेटिन्छ ।

नेपाली राजनीतिमा, अभः कम्युनिष्ट आन्दोलनमै पनि, मान्छेलाई जागृत गर्ने होइन, भक्त बनाउने र दास बनाउने प्रक्रिया चर्को रूपमा हावी छ । सत्य र ठीकको पक्ष लिने होइन, यो वा त्यो व्यक्ति-नेताको, यो वा त्यो गूटको पछि लाग्ने, लगाउने प्रवृत्ति चर्को मात्रामा हावी छ । यो परिप्रेक्ष्यमा, समाज मात्र होइन, नेपाली कम्युनिष्ट आन्दोलनभित्रै पनि रूपचन्द्रको "थाहा आन्दोलन"को सान्दर्भिकता छ । यसले कम से कम, 'कुनै नेता वा गुटको होइन, सत्य र ठीकको पछि लाग' भन्ने जागृतिमूलक सन्देश त दिन्छ ।

रूपचन्द्रले थाहा आन्दोलनको दर्शन - द्वन्दात्मक भौतिकवाद हो, यसको ध्येय शोषणरहित समाज हो, यसको तात्कालीन राजनीति गणतन्त्र हो भनेर खुलस्तै बताउनु भएको छ (हेर्नुहोस् 'जन एकता'मा प्रकाशित अन्तिम अन्तर्वार्ता, २४ जेठ २०५६) । यस परिप्रेक्ष्यमा रूपचन्द्रको 'थाहा आन्दोलन' र नेपाली कम्युनिष्ट आन्दोलनको लक्ष्य, उद्देश्य र रणनीतिमा कुनै खास अन्तर्विरोध देखिन्न । उहाँले आफ्नो मौलिक भाषाबाट कम्युनिष्ट आन्दोलनले पक्रनु पर्ने चूरो कुरो नै पक्रनु भएको छ भन्ने मलाई लाग्दछ । वास्तवमा विश्वका प्रत्येक कम्युनिष्ट आन्दोलनले गर्नु पर्ने मूल काम नै जागृतिको आन्दोलन हो, जुन नेपालमा भइराखेको भेटिन्न । त्यसैलाई उहाँले आफ्नो भाषामा "थाहा आन्दोलन" भन्नुभयो ।

उहाँको यो महत्वपूर्ण थाहा आन्दोलन, माथि नै भनिसकियो, ४० को दशकको शुरूमा लोकप्रियताको शिखरमा थियो । रूपचन्द्र स्वयं देशव्यापी आकर्षणको विषय हुनुहुन्थ्यो । रूपचन्द्र र थाहा आन्दोलनले अघि सारेको विचार र संस्कृतिको वरपर देशव्यापी संगठनको प्रारूप तयार पार्ने यो अपूर्व अवसर थियो ।

तर यो समय र परिवेशलाई पक्रने र अपूर्व अवसरलाई उपयोग गर्ने पहल भने रूपचन्द्रबाट बेलैमा भएको देखिएन । मकवानपुरमा "जनमुखी रापंस सहयोग समिति" गाउँ गाउँमा बनाउनु बाहेक त्योभन्दा उन्नत स्तरको संगठन निर्माण गर्ने कार्य उहाँ र उहाँका सहकर्मीहरूबाट भएन । एकातिर, रूपचन्द्र व्यक्ति नभएर संस्था बनिसकेको स्थिति, अर्कोतिर, आफ्नै आन्दोलन र कामले तयार भएको यो सांगठनिक पूर्वाधार र प्रारूपलाइ न्वारन गरेर संगठित रूप दिन रूपचन्द्र स्वयम्मै मानसिक बेतयारी र हिच्किचाहट, - यो अनौठो विरोधाभास २०४० को दशकको मध्यतिर सिर्जना भइरहेको थियो ।

### सीमाहरू र ओरालोको शुरूवात

सारा उँचाइ र सकारात्मक विशेषताका वावजूद रूपचन्द्र पनि मान्छे नै हुनुहुन्थ्यो र उहाँका पनि कमजोरी र सीमाहरू थिए । तिनै विशिष्ठ कमजोरी र सीमाको कारणले संगठन निर्माणका लागि सारा संभावनाहरू, जग र पूर्वाधारू तयार भएर पनि "जनमुखी सहयोग समिति" भन्दा माथिल्लो र उन्नत श्रमिक वर्गको संगठन रूपचन्द्रबाट २०४६ सालअघि निर्माण गर्ने प्रयत्न भएन ।



*गाउँमा रूपचन्द्र विष्ट यसरी सभा गर्नुहुन्थ्यो*

***कम्युनिष्ट आन्दोलनभित्रै पनि रूपचन्द्रको "थाहा आन्दोलन"को सान्दर्भिकता छ । यसले कम से कम, 'कुनै नेता वा गुटको होइन, सत्य र ठीकको पछि लाग' भन्ने जागृतिमूलक सन्देश त दिन्छ ।***

संगठन गर्न अरू कुराकाअलावा साझा लक्ष्य र उद्देश्यका निम्ति व्यक्तिगत स्वतन्त्रतालाई सामूहिक द्वन्द र अन्तर्क्रियाको प्रक्रियामातहत राख्ने तत्परता प्रत्येक अगुवासित हुनुपर्छ । त्यसो गर्दा यथार्थमा व्यक्तिगत स्वतन्त्रता हनन हुँदैन, व्यक्ति-व्यक्तिको अन्तर्क्रिया र द्वन्दबाट आफ्नो र विचार दुवैको विकास र परिमार्जन हुन्छ भन्ने विश्वास प्रत्येक व्यक्तिमा हुनुपर्छ । त्यो विश्वास नहुने हो भने, सामूहिक अन्तर्क्रिया र द्वन्दले व्यक्तिगत स्वतन्त्रता र निजत्व कैद हुन्छ भन्ने हो भने सामूहिकता र संगठन कहिल्यै बन्दैन । तर रूपचन्द्रको सीमा के हो भने, उहाँमा व्यक्तिगत स्वतन्त्रतालाई र निजत्वलाई आवश्यकताभन्दा निकै ज्यादा प्राथमिकता दिने आफूकेन्द्रित सोच र प्रवृत्ति रहेको देखियो । आफूभन्दा कम क्षमताका मान्छेसित सामूहिक द्वन्द र अन्तर्क्रियाको प्रक्रियामा हेलिँदा आफ्नो व्यक्तिगत स्वतन्त्रता र निजत्व नै कैद हुने हो कि भन्ने भ्रमपूर्ण भय उहाँमा व्याप्त रहेको देखियो । आफ्नो क्षमताप्रति अति ज्यादा आत्मविश्वास, आफूभन्दा कम वैचारिक क्षमताका मान्छेहरूप्रति अविश्वास वा कम विश्वासको मानसिकता पनि उहाँको अर्को कमजोरी थियो । यसले पनि उहाँलाई यो भय अरू ज्यादा भयो होला । यही भएको कारणले

*निर्मल लामाको संस्मरण*

## रूपचन्द्रको प्रेम र विहाको धोको यसरी टुट्यो

असाम गौहाटीतिर डुलेर आएका रहेछन् रूपचन्द्र । मैले साल एकीन गर्न सकिनँ । मकहाँ एक्कासी आए र भने- " लौ हिंड् गौहाटी तुरून्तै ।"

मैले कारण सोधें । उनले भने- "मेरो एउटी केटीसित प्रेम भएको छ । म उसलाई तुरून्तै बिहा गर्न चाहन्छु । तर दिदीचाहिंको बिहा नभईकन ऊ बिहा गर्न पटक्कै मानिरहेकी छैन । तँ दिदी चाहिंसंग बिहा गर्, म बहिनीसंग बिहा गर्छु । लौं हिंड् । यसैको लागि तँलाई लिन आएको ।"

मेरो त्यतिखेर सुकन्यासंग भर्खरै प्रेम शुरू भएको थियो । मैले त भनें- "मेरो त यस्तो छ भाइ, म कसरी सुकन्यालाई धोका दिनसक्छु ? त्यसैले म तँलाई यस कुरामा साथ दिन सक्दिनँ ।"

उनले भने- " तेरो मन परेकी केटी मलाई एकचोटि देखा । अनि म भन्छु तँ गौहाटी जानु पर्छ कि पर्दैन भनेर ।"

मैले देखाएँ, उनले भेटेरै कुरा गरे । त्यसपछि भने, म कहाँ आएर- "तैंले एकदमै ठीक निर्णय गऱ्याछस् । तैंले गौहाटी जानु हुँदैन र पर्दैन ।"

त्यसपछि उनी पनि गौहाटी गएनन् । खै उनले के के गरे, उनको प्रेम पनि छुट्यो । उनले त्यो केटीसंग बिहा गरेनन्, अर्कैसंग गरे । ❑

उहाँ आफ्ना सहकर्मीहरूसित संगठनमा आवद्ध हुन तयार हुनुभएन । त्यसो गर्दा उनीहरूको "बहुमतीय निर्णय" मा आफू बाँधिनु पर्ला भन्ने सोच उहाँले राख्नु भयो ।

'संगठन भनेको बन्ने कुरो हो, बनाउने कुरो होइन' भन्ने उहाँको धारणाले पनि संगठनको निर्माणमा उहाँको सचेत, योजनावद्ध पहलको अभाव भयो । संगठन साभा आवश्यकताको करणले सचेत मानवीय प्रयत्नबाट हुने कुरो हो । यसको निम्ति सचेत मानवीय पहल जहिले पनि जरूरी हुन्छ भन्ने कुरो उहाँको संगठनसबन्धी धारणामा छुट्न गएको देखिन्छ । हो, वास्तविक नेतृत्व चाहिँ कामको दौरानमा बन्छ, कृत्रिम रूपमा बनाएर हुँदैन । पहल गर्दैमा त्यो यान्त्रिक रूपमा बन्ने कुरा होइन । तर वर्गसचेत र उन्नत संगठनको लागि त समान विचार राख्नेहरूले र समान आवश्यकताबोध गर्नेहरूले सचेत पहल गरेकै हुनुपर्छ । सचेत मानवीय पहलविना मानव जातिको उन्नत श्रमिकवर्गीय संगठन स्वतः बनेको इतिहास विश्वमा कतै भेटिँदैन ।

संगठन हुन राम्रो सुनाइ, भाषा र संचारको संप्रेषणीयताको पनि ठूलो भूमिका हुँदोरहेछ । अरूका कुरा कम सुन्ने र आफ्नो कुरा अरूका स्वाभिमानमा चोट पुग्नेगरी वा अरूको सातोपुत्लो उड्ने गरी राख्ने प्रवृत्ति भयो भने संगठन हुनैसक्देन, भए पनि दिगो हुन सक्दैन । संगठनका लागि त अरूका कुरा ध्यानपूर्वक सुन्ने, त्यसलाई संश्लेषण गर्ने र आफ्नो कुरा सुन्दर र प्रभावकारी ढंगले संप्रेषण हुनेगरी राख्ने संचार शीपको जरूरत हुँदोरहेछ ।

रूपचन्द्रमा ढोंग नगर्ने, भित्र जे छ, बाहिर त्यही भन्ने गुण त प्रशंसनीय मात्रामा भेटिन्छ । त्यो राम्रो कुरा हो । तर उहाँमा अरूका कुरा ध्यानपूर्वक सुन्ने र आफ्ना कुरा अरूको स्वाभिमानमा चोट नपुग्ने गरी वा सातो नउड्ने गरी भन्ने मामलामा गंभीर कमजोरी भेटिन्छ । त्यसैले, हम्मेसी मान्छे उहाँको अगाडि पर्न र तर्क गर्न नै डराउने स्थिति पैदा भएको देखिन्छ । यी सीमा र कमजोरीहरूको योगले गर्दा व्यक्ति रूपचन्द्र संस्था बनेर पनि उहाँले संस्था बनाउन सक्नुभएन । आफ्नै काम र आन्दोलनले पैदा गरेको पूर्वाधार र संभावनाहरूलाई सँगेटेर त्यसलाई संगठित रूप दिन सक्नुभएन ।

उर्जा कहिल्यै स्थिर बस्दैन, त्यो हमेशा चलायमान हुन्छ, या उँभोतिर या उँधोतिर । रूपचन्द्रको हकमा त्यो उँधोतिर चलायमान भयो । लामो साधना र कष्टसाध्य कामले संस्था वा संगठन बनाउनका लागि जरूरी पूर्वाधार र संभावना उहाँले सिर्जना गर्नुभयो । त्यस उर्जालाई संगठनको स्वरूप प्रदान गर्ने काम चाहिँ चलाखीपूर्वक तात्कालीन ने.क.पा. (माले) ले गर्‍यो । उहाँका अधिकांश सहयोग समितिहरू मालेले आफूतिर तान्यो । थोरै समितिहरू उहाँकै खुशले ने.क.पा. (एकता केन्द्र)लाई जिम्मा लगाइयो ।

२०४६ सालको जन-आन्दोलनको सफलतापछि नयाँ संविधानअनुसार आम चुनाव हुने भयो । त्यो चुनावमा चुनौतीको विषय रह्यो- रूपचन्द्रको व्यक्तित्व । रूपचन्द्रको व्यक्तित्वलाई स्वाहा नपार्ने हो भने मकवानपुरमा अरूले चुनाव जित्ने स्थिति विद्यमान थिएन । यो चुनावी सत्ता-स्वार्थले गर्दा संगठित पार्टीहरू व्यक्ति रूपचन्द्रको चरित्र-हत्याको राजनीतिमा ओर्लिए । सबभन्दा ज्यादा तात्कालीन माले ओर्लियो, किनकि रूपचन्द्रका धेरैजसो भुइँ संगठनहरू सोहोर्ने त उही थियो । 'रूपचन्द्र असाध्य राम्रो मान्छे हो, ऊ ठीक मान्छे हो, भोट चाहिँ हामीलाई देऊ' भनेर भोट आउने कुरा त थिएन । फेरि पंचायत कालमा जस्तो बहुदलीय व्यवस्थामा मकवानपुरमा "एक व्यक्तिसित दुई भोटको

*(बाँकी ४५ पेजमा)*



रूपचन्द्र बिष्टको सौजन्य

# रूपचन्द्र बिष्टको जीवनका उकाली ओरालीहरू

जन्म : १९९० साल पुष २६ गते, घर्तीखोला , मकवानपुरमा, ६ छोराहरूमध्ये माहिलो छोराको रूपमा

बाबु : मेजर पदमबहादुर बिष्ट, हालसम्म जीवितै

आमा : चित्रकुमारी बिष्ट

मृत्यु : २०५६ साल असार ७ गते, बिहान, बीर अस्पतालमा

वर्ग स्रोत : बिर्तावाल, सामन्तवर्ग

विद्यालय : सीताराम हाइस्कूल, काठमाण्डू

शिक्षा : बी.ए., बी.एल.

बाल्यकाल : बिद्रोही बालकको रूपमा । छूवाछूत नमान्ने, अन्याय नसहने, अन्याय गर्नेलाई पिटीहाल्ने नढाँट्ने, कोहीसँग नडराउने स्वभाव

कम्युनिष्ट पार्टी प्रवेश : २००८ सालमा, जि.पा.स. काठमाण्डूबाट पार्टी सदस्यता प्राप्त ।

घरायसी बिद्रोह : २००९ सालमा र २०११ सालमा ।

पहिलो आम चुनावमा उम्मेदवार : २०१५ सालमा , काठमाण्डौं, नैकापबाट

प्रधानपंच : २०२१ सालमा : शिखराकोट गा.पं.स. दामनमा । विकास कर लागु । 'विकास घर' को निर्माण । यसैबापत गिरफ्तार ।

जेल : २०२२ सालमा र २०४३ सालमा लामो समय । छोटो समय : १२/१३ पटक

विवाह : २०२५ साल पुसमा, उमा शाहसित

राष्ट्रिय पंचायतमा स्नातक क्षेत्रबाट उम्मेदवार : २०२८ सालमा, तर पराजित

गायब : २०२८ साल माघ १ गते-देवघाट नारायणी नदीमा हाम्फालेर पूर्वीय धर्म-दर्शनको ज्ञानका लागि र आत्मसुरक्षाका लागि हरिद्वार, गया, काशी, बम्बई आदि ठाउँमा जोगीको रूपमा भ्रमण । १४/१५ महिनापछि फिर्ता ।

दामनमा रेष्टुरेण्ट र टावरको संचालन : २०३१ सालदेखि २०३८ सालसम्म । ग्रह नक्षत्र, भूगर्भ र जीव जन्तुको अध्ययन ।

हेडमास्टर : २०३१ सालदेखि २०३४ सालसम्म, जनकल्याण मा.वि. पालुङमा । 'श्रीमान गंभीर'को सट्टामा आफ्नै राष्ट्रिय गान चलाएको ।

बहुदलको प्रचारक : २०३६ सालमा जुत्ता, लुगा, टोपी सबै नीलै लगाएर बहुदलको प्रचार ।

राष्ट्रिय पंचायत सदस्य : २०३८ सालको आम चुनाव र २०४३ सालको आम चुनावबाट राष्ट्रिय पंचायत सदस्यको रूपमा निर्वाचित । 'थाहा आन्दोलन' को देशभरि प्रचार । राष्ट्रिय पंचायतमा पंचायती व्यवस्थको विरोधमा खेलेको भूमिका, सैनिक ऐनकोविरूद्ध खेलेको भूमिका, भ्रष्टचारमुक्त छवि र थाहा आन्दोलनको व्यापकताको कारणले रूपचन्द्र बिष्ट देशब्यापी रूपमा लोकप्रियताको शिखरमा । किंवदन्ती पात्रको रूपमा रूपचन्द्र ।

२०४६ सालको जन-आन्दोलनमा सहभागिता : २०४६ सालको ऐतिहासिक जन-आन्दोलनमा कविता र पर्चामार्फत् समर्थन । गोली लागेका घाइतेहरूलाई अस्पतालमा पुर्‍याउने, भूमिगत नेताहरूलाई सुरक्षित थलोमा पुर्‍याउने काम । जनमुखीहरूको कब्जामा भएको हेटौंडा नगरपालिकालाई बहुदलीय मंचको रूपमा बदल्ने, आन्दोलनका बन्दीहरूलाई मुद्दामा सघाउने काम, शहरमा दमन हुँदा गाउँलेहरूलाई ब्यूँभाउन कोशिस गर्ने क्रियाकलापद्वारा जन-आन्दोलनमा सहभागिता ।

भ्रमात्मक प्रचारको शिकारः २०४६ सालको आन्दोलनको सफलतापछि तात्कालीन ने.क.पा. (माले) द्वारा रूपचन्द्रकाविरूद्ध संगठित प्रचार अभियान । 'रूपचन्द्र प्रतिकार समितिमा बसेको', 'जन आन्दोलनको विरोध गरको', 'सरकारको हातमा विकेको' जस्ता प्रचारहरू देशब्यापी रूपमा ।

ने.क.पा. (जनमुखी) को सल्लाहकार : २०४७ सालमा गठित ने.क.पा. (जनमुखी) मा रूपचन्द्र सल्लाहकार ।

आम चुनावमा पराजय : २०४८ साल र २०५१ सालको आमचुनावमा रूपचन्द्रको पराजय । राजनीतिक क्रियाकलापमा ब्यापक शिथिलता । रूपचन्द्रमा ब्यापक निराशा ।

आमचुनावमा अन्तिम सहभागिता : २०५६ सालको आम चुनावमा 'स्वरूपे'को नामबाट काठमाण्डू क्षेत्र नं.-१ मा उम्मेदवारी । ८२ मत प्राप्त । यो नै रूपचन्द्रको अन्तिम महा-जनमुखी चुनावी आन्दोलन थियो । ☐

संस्मरणः रामनारायण बिंडारी

# राष्ट्रिय पंचायतमा चीनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिको बारेमा हंगामा

एक दिन रुदानेले मलाई भन्नुभो- "आज म राष्ट्रिय पंचायतमा तैंले जिन्दगीमा नसुनेको कुरो बोल्दैछु, म चीनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिबारे बोल्दैछु, सुन्ने भए हिँड् ।"


उहाँ चीनमा माओले प्रारम्भ गर्नु भएको सर्वहारा सांस्कृतिक क्रान्तिलाई ठूलो महत्व दिएर उल्लेख गर्ने गर्नुहुन्थ्यो । "त्यो भन्दा उपयुक्त क्रान्ति अरु हुन सक्दैन " भन्नुहुन्थ्यो । यस युगको महानतम क्रान्तिमध्ये एक भन्ठान्नु हुन्थ्यो उहाँ त्यस क्रान्तिलाई । म पनि जिज्ञाषाका साथ उहाँसँगै राष्ट्रिय पंचायत गएँ ।

त्यो दिन उहाँको सबैभन्दा पहिलो बोल्ने पालो रहेछ । उहाँको नाम उद्घोषण भयो । उहाँ रोष्टममा जानु भायो ।

उहाँले भन्नु भयो- "म आज सबभन्दा पहिले धर्म र दर्शनबारेमा केही कुरा भन्छु ।"

बुद्ध धर्म दर्शन र हिन्दू धर्म दर्शनबारे उहाँले सबभन्दा पहिले व्याख्या गर्नु भयो ।

"बुद्ध धर्ममा दुई बाटाहरु छन्- महायान र हिनयान, सिङ्गै समाज मुक्त गर्ने कि आफू एक्लै मुक्त हुने ? सिङ्गै समाज मुक्त हुने बाटो- हिनयान । आफू एक्लै मुक्त हुने बाटो- महायान । यी दुवै यानको संयुक्त नाम बुद्ध-धर्म-दर्शन ।



रूपचन्द्र जनताका बीच

"शिवमार्गी, विष्णुमार्गी, शक्तिमार्गी- यी तीनै मार्गीको संयुक्त नाम हिन्दू-धर्म-दर्शन ।

बेठीक नाश गरीदिने, ठीक आफैं आइहाल्छ नि- शिवमार्गी ।

होइन, बैठीक नाश गरेपछि ठीक रोप्नुपर्छ, ठीक नरोपीकन ठीक जन्मिँदैन- विष्णुमार्गी ।

हैन, यी दुवै काम शक्तिबिना हुन सक्दैन, ठीक काम गर्न र बेठीक नाश गर्न शक्ति चाहिन्छ- शक्तिमार्गी ।

यिनै त्रिशक्तिको हिन्दू-धर्म-दर्शन ।" -उहाँले व्याख्या गर्दै जानुभो ।

त्यसपछि चर्चा गर्नु भो- गान्धीवादको ।

उहाँले भन्नु भो- "गान्धीले पनि दुइटा हातमा दुइटा वाद बोक्नु भाथ्यो । एक हातमा गान्धीवाद, अर्को हातमा मार्क्सवाद । शान्तिपूर्ण गरीकाले क्रान्ति गर्ने, सामाजिक परिवर्तन गर्ने, आइलाग्यो कोही भने बल प्रयोग गर्ने । शान्तिपूर्ण बाटो, अहिंसा, सत्याग्रह- गान्धीवाद । आइलाग्दा बल प्रयोग गर्ने सिद्धान्त- मार्क्सवाद ।

उहाँको व्याख्यामा यहाँसम्म मण्डलेहरु ताल दिएर सुनिराख्या थिए । त्यसपछि उहाँले चर्चा गर्नुभो- माओले शुरु गर्नु भएको सांस्कृतिक क्रान्तिको ।

"म जन्मेर, मैले राजनीति गरेर, मैले ब्रम्हाण्डलाई हेर्दैहेर्दै जाँदा मेरो जीवन कालमा सबैभन्दा ठूलो र अत्यन्तै महत्वपूर्ण, संसारलाई नभई नहुने एक आन्दोलन चीनमा माओले गर्नुभएको देखियो- सांस्कृतिक क्रान्ति । किसान, मजदूर, आइमाईका चक्रवर्ती आन्दोलनले शोषक सामन्तहरुको साम्राज्य बुल्डोजरले पेले भैँ पेलीदिने- त्यो सांस्कृतिक क्रान्तिका बारेमा केही भनौं ।

उहाँले एकदमै छिटो त्यसको व्याख्या गर्नुभो । फटाहाहरुले थाहा पाईहाले रुपचन्द्रले के बोल्न लाग्यो भनेर । होहल्ला गर्न थाले । हंगामा मच्चियो ।

"ए माइक बन्द गर् । अफ द रेकर्ड गर्" भन्यो कसैले, अनि अध्यक्षले त्यसै गऱ्यो । त्यो बोलेको कुराको रेकर्ड पछि दिइएन । ❑

## राष्ट्रिय पंचायतमा यसरी नतमस्तक बनाए रूपचन्द्रले मण्डलेहरूलाई

एकदिन राष्ट्रिय पंचायतमा रूदानेले त्यतिखेर जेलमा थुनिएका राजबन्दीहरूको बारेमा चर्चा चलाउनु भो । "खड्ग ओलीलाई किन थुनेको ? फलाना फलानालाई किन थुनेको ? के बिराए यिनीहरूले ?" भन्दै उहाँले विभिन्न राजबन्दीहरूको नाम लिनुभयो ।

"यहाँ यस्ता कुरा गर्न पाँइदैन " भनेर दीपक बोहोरा करायो । थुप्रैले आपत्ति गरेपछि उहाँले भन्नु भो, "अध्यक्ष महोदय, म त ४४ लाख प्रतिनिधि । २० लाख धाँधलीयुक्त जनमतबाट देखाइएका बहुदलवादीहरू । २४ लाख तथाकथित निर्दलवादीहरू । यी दुवैको प्रतिनिधि म हुँ । दुइवटैको मान्य प्रतिनिधि म हुँ, यो सदन ती दुवैको ।"

उहाँले त्यसो भनेपछि- "होइन ।" भनेर कराए कमल शाहहरू ।

त्यसपछि रूदानेले चुनौतीको भाषामा भन्नु भो, "हैन भने मलाई देखाइदिनु पऱ्यो कम्युनिष्टको सदन कहाँ छ, कांग्रेसको सदन कहाँ छ ? त्यो २० लाखको सदन कहाँ छ ? मैले त्यहाँ पनि बोल्नु छ । छैन अर्को भने, बोल्ने यहीं हो । यहाँबाट पारित भएको बजेट, यहाँबाट पारित भएको कानून ती २० लाखेलाई लाग्छ कि लाग्दैन ? हामीले गरेको निर्णय तिनीहरूलाई लागु हुने, अनि तिनीहरूको यो सदन नहुने, के भन्या यो ? त्यस कारणले, म ४४ लाखे प्रतिनिधि हुँ । मलाई देखाईदिनुस- यो सदनभन्दा बाहेक कम्युनिष्ट र कांग्रेसको निम्ति अर्को कुन सदन छ ? हैन भने,म कम्यूनिष्टको पनि प्रतिनिधि, कांग्रेसको पनि प्रतिनिधि, निर्दलावदीहरूको पनि प्रतिनिधि, लुच्चा फटाहाहरूको पनि प्रतिनिधि, साधु सन्तहरूको पनि प्रतिनिधि ।

एकडेढ घण्टा हंगामा भयो । अन्ततः तर्कद्वारा नै नतमस्तक बनाउनु भयो उहाँले ती मण्डलेहरूलाई । उहाँले आफ्नो कुरा बोलीछाड्नुभो । ❑

## पुलीसले त्यसपछि हामीलाई तुरून्तै छोड्यो

२०३९ सालको कुरो हो ।

हामीले मनहरि गाउँ पंचायतको एउटा सभामा "गाउँ गाउँबाट उठ, बस्ती बस्तीबाट उठ, यो देशको मुहार फेर्नलाई उठ" भन्ने गीत र "संघर्ष हो जीवन, जीवन संघर्ष हो" भन्ने गीत गायौं । पंचायती व्यवस्थामा यस्तो गीत गाउन समेत बर्जित थियो । हामीलाई त्यही गीत गाएबापत प्रहरी प्रशासनले गिरफ्तार गऱ्यो र चौकीमा थुन्यो ।

यो खबर सुनेर रूदाने आउनुभयो । तर उहाँ हामीलाई छुटाउन चौकीमा आउनु भएन । उहाँ त कसैले पनि नसोचेको किसिमले चौकीनेरको सडकमा जानुभयो । त्यहाँ गएर त्यही गीत गाउन थाल्नु भयो , जुन हामीले गाएर थुनामा परेका थियौं । उहाँको स्वर राम्रो थिएन । तर पनि धोद्रे स्वरले गीत गाएकोगायै गर्नुभयो ।

पुलीसहरू छक्क परे र गएर रूपचन्द्रलाई साधे- "हैन, माननीयज्यू, के गऱ्या यो ?"

रूपचन्द्रले जवाफ दिए- "जे कामको लागि त्यसलाई तैंले त्यहाँभित्र थुन्या छस्, त्यही कुरो मैले यहाँ गरिरहेको । तेरो व्यवस्थामा समानता छ कि छैन ? हेऱ्या ।"

पुलीसले त्यसपछि तुरून्तै हामीलाई छोडीदियो । ❑

# जनतालाई कुरो बुझाउने रूपचन्द्रको तरीका

गाँउलेहरुलाई कुरो बुझाउने तरीका रुपचन्द्रको अनौठो थियो । यसपालि काठमाण्डूमा क्षेत्र नं. १ को चुनावमा पनि उहाँले त्यही तरीका अप्नाएर गाँउलेहरुलाई चकित पार्नुभयो । बडो गजबसित बालकहरुको मुखबाट आफ्नो कुरा जनतालाई सुनाउने काम गर्नुभयो । नांग्लेभारे, गोकर्ण, थली सबैतिर त्यसै गर्नुभो । मकवानपुरमा पनि उहाँ गाउँगाउँमा यही अचम्मको तरीका प्रयोग गरेर जनतालाई आफ्नो कुरा बुझाउने गर्नुहुन्थ्यो ।

सबभन्दा पहिले गाँउमा पुग्यो, माइकिङ्ग गर्‍यो । "रुपचन्द्र विष्ट आउनु हुन्छ, यति बजे यहाँ जनमुखी सभा हुन्छ" भनेर माइकले फुक्यो । मान्छे घुरुप्प जम्मा हुन्छन् । जम्मा भएमध्ये उहाँ सबैभन्दा पहिले पाँच वर्षमुनिका बालक-बालिकाहरुलाई एक ठाउँमा राख्नुहुन्थ्यो र प्रश्न सोध्न थाल्नुहुन्थ्यो । उहाँको र बालकहरुले प्रश्नोत्तर लगभग यस्तो हुने गर्दथ्यो –

(एउटा कलम देखाएर)

'ए, यो के हो ?'

बालकहरु –'कलम हो ।'

"तिमीहरुले आइमाई र लोग्नेमान्छे चिनेका छौ ?"

"चिन्या छौं ।"

"उ त्यो आइमाई कि लोग्नेमान्छे ?"

"आइमाई ।"

"के गरी थाहा पायौ ?"

बच्चाहरु अल्मलिन्छन् ।

"तिम्रो घरमा विहान सबेरै को उठ्छन् ?"

"आइमाई ।"

"बेलुकी अबेरसम्म को काम गरीरहन्छन्- आइमाई कि लोग्नेमान्छे ?"

"आइमाई ।"

"घर बढार्ने, पानी ल्याउने, दैलो पोत्ने, भात पकाउने, लुगा धुने, खेतबारीमा काम गर्ने, घाँसदाउरा ल्याउने, सबैको स्याहार गर्ने, बढारकुँढार गर्ने काम आइमाईले गर्छन् कि लोग्नेमान्छेले ?"

"आइमाईले ।"

"तिमीहरुको घरमा सबेरदेखि अबेरसम्म ज्यादा काम कसले गर्छ- आइमाईले कि लोग्नेमान्छेले ?"

"आइमाईले ।"

"तिम्रो घरमा पैसा, संपत्ति, घर, जग्गा चाहिं लोग्नेमान्छेको हातमा छ कि आइमाईको हातमा ?"

"लोग्नेमान्छेको हातमा ।"

"ढुकुटीको साँचो लोग्नेमान्छेको हातमा कि स्वास्नीमान्छेको हातमा ?"

"लोग्नेमान्छेको हातमा ।"

"तिमीहरुले गरीब र धनी देख्या छौ ?"

"देख्या छौं ।"

"गरीवले धेरै काम गर्छ कि , धनीले ?"

"गरीवले ।"

"खर्पन कसले बोक्छ ?"

"गरीवले ।"

"हलो कसले जोत्छ ?"

"गरीवले ।"

"खेतवारीमा काम धेरै कसले गर्छ- गरीवले कि धनीले ?"

"गरीवले ।"

"काम धेरै गर्‍यो भने पैसा धेरै हुन्छ कि काम थोरै गर्‍यो भने ?"

"काम धेरै गर्‍यो भने !"

"धेरै संपत्ति गरीवसँग छ कि धनीसँग ?"

"धनीसँग ।"

यति प्रश्नोत्तर गरेपछि उहाँ सभामा



भेला भएका ठूलो मान्छेतिर फर्केर बोल्नुहुन्थ्यो:

"तपाईको बच्चाले जे बोलेका छन्, सत्य बोलेका छन् । यिनीहरुले देववाणी बोलेका छन् । यही हो देववाणी भनेको । यिनै प्रश्न तपाईलाई सोध्या भए तपाईं सत्य सत्य जवाफ दिन सक्नुहुन्नथ्यो । किनकि तपाईलाई कुदृष्टि, कुभावना र मण्डलेतन्त्रले गाँजीसक्या छ । तर तपाईका बच्चा शुद्ध छन्, यिनलाई त्यसले गाँजीसक्या छैन । त्यसैले यिनीहरुले जे देख्या छन्, त्यही बोले । यिनले सत्य कुरो बोले , बुझ्नु पर्ने गाँठी कुरो यिनीहरुले पो बोले । गाँठी कुरो यिनले बुझ्यारहेछन् । मैले गर्न खोज्या राजनीति पनि यही हो ।

*सबेरै उठ्ने, धेरै काम गर्ने, कंगाल हुने,*
*कामै नगर्ने, धनाढ्य हुने:*
*यो महा-डाँका व्यवस्था बदल्नु पर्‍यो ।*
*तपाईंहरु पकेटमारा चोर हो*
*त्यसैले, भित्ताफोर चोरको विरोध गर्न सक्नुभएन*
*तपाईंको घरमा काम धेरै आइमाईको भागमा*
*तर संपत्ति धेरै लोग्नेमान्छेको भागमा,*
*कर्तव्य धेरै आइमाईको भागमा*
*तर अधिकार धेरै लोग्नेमान्छेको भागमा,*
*–यही त राजतन्त्र हो ।*
*घरघरमा तपाईले राजतन्त्र चलाई राख्नु भा छ*
*अनि तपाईले मुलुकको राजतन्त्रको विरोध गर्न सक्नु भएन*
*घरमा राजतन्त्र चलाउने,*
*मौका पाए घरमै डाँकातन्त्र चलाउने*
*अनि मुलुकको राजतन्त्र र डाँकातन्त्रको कसरी विरोध गर्ने ?*
*पकेटमार चोरले भित्ताफोर चारेको विरोध गर्न सक्दैन*
*सके मिलीमिली खान्छ,*
*यो देशमा कानून कसले बनाउँछ ?*
*सरकार-दरवारमा बस्नेले,*
*निर्णय कसले गर्छ ?*
*सरकार-दरवारमा बस्नेले,*
*अनि तपाईको घरमा ?*
*तपाईको घरमा पनि ठीक त्यस्तै छ*
*–काम आइमाई ज्यादा गर्छन्*
*निर्णय तपाई ज्यादा गर्नुहुन्छ,*
*संपत्ति आइमाई उब्जाउँछन्*
*ढुकुटी तपाईको हातमा हुन्छ,*
*यही हो राजतन्त्र भन्या ।*
*बुहारी, छोरी, आमा, श्रीमतीसँगै बसेर*
*यो वर्षको आम्दानी यति , खर्च यति*
*वचत यति,अब यो कहाँ खर्च गर्ने भनेर सोध्ने गर्‍या छ ?*
*जाँड खाएर, तास खेलेर, जूवा खेलेर हिंडे पनि*
*लोग्नेमान्छे मालिकको मालिक नै बन्ने,*
*जति काम गरे पनि, जति संपत्ति उब्जाए पनि*
*स्वास्नीमान्छे कमारीको कमारी नै बन्ने,*
*यो तन्त्र तपाईको घरमा छ कि छैन ?*
*हो, कुतन्त्र भनेको यही हो,*
*महा डाँका-तन्त्र भनेको यही हो ।*
*दुई लाख परिवार छन् हाम्रो मुलुकमा*
*हरेक परिवारमा यही महा-डाँकातन्त्र चलीराख्या छ, एकाध बाहेक ।*
*परिवारको यही 'राजतन्त्र' पिलरको रुपमा छ*
*अनि, छानो-राजतन्त्र मुलुकमा टिक्या छ*
*त्यसलाई थाम्ने त तपाई नै हो नि,*
*मैले वाण हान्ने यसरी नै हो*
*यही सुदर्शन-चक्र हान्न म चुनावमा उठेको,*
*मलाई नमान्नुस्*
*मेरो कुरा पनि नमान्नुस्*
*मेरो विरोधीका कुरा पनि नमान्नुस्*
*थाहा पाउनुस्*
*मेरो कुरा मान्यो भने, तपाईं मेरो कुकुर !*
*मेरो विरोधीको कुरा मान्यो भने तपाई उसकै कुकुर !*
*कसैका कुरा नमान्नुस्*
*थाहा पाउनुस्, अनि तपाई मान्छे !*
*अमलाको स्वाद*
*बाइस वटा किताब पढेर थाहा हुन्न*
*आमाले भनेर पनि थाहा हुन्न*
*तपाई आफैंले खानुपर्छ,*
*अनि थाहा हुन्छ !*
*अनुभव गरेर, अनुभूति गरेर, साक्षात्कार गरेर*
*तहतहका थाहा पाइन्छ*
*थाहा डल्लो होइन, खरिद बिक्री हुँदैन*
*सर्-सापट पनि गर्न मिल्दैन*
*त्यो आ-आफैंले पाउनुपर्छ ।*
*सत्य ज्ञानको नाम*
*ठीक कामको नाम*
*यी दुवैको नाम- थाहा !*
*सत्य र ठीक भएपछि थाहा हुन्छ*
*बुद्ध थाहा पाएर बुद्ध बने*
*क्राइष्ट थाहा पाएर क्राइष्ट बने*
*संसारका सव मानिस थाहाका उपज हुन्*
*सप्रेको देश थाहा पाएर सप्रे*
*बिग्रेको देश भ्रम परेर बिग्रे*
*भ्रमैभ्रममा बाँचेर बिग्रेको यो देशको एउटा नागरिक तपाईं*
*थाहा पाउनुस् , देश सप्रिन थालीहाल्छ ।*

यसरी कुरो बुझाउनु हुन्थ्यो रुपचन्द्र विष्ट । कुरो बुझाउने उहाँको यो ढंग निकै प्रभावकारी देखिन्थ्यो । सर्वसाधारण मान्छेले पनि उहाँको कुरो सजिलै बुझेको देखिन्थ्यो ।

काठमाण्डौं १ नं. क्षेत्रमा यसपाली अचम्मै भो । उहाँका कुरा धेरै मान्छेले अचम्म मानेर सुने । यस्ता राम्रा कुरा त हामीले कहिल्यै सुन्नै पाएका थिएनौं भने । हज्जारौंले ५ रुपियाँसम्म तिरेर पर्चा किने । शयौंले आफ्नो नाम, ठेगाना संपर्कको लागि टिपाए । "तपाईहरु यसपालि जित्नु हुन्न, तर यो राजनीति चाहिं गरी नै राख्नुहोस् है ।" भने । "हामीलाई संपर्क राख्नुहोस्, हामी तपाईहरुलाई सघाउँछौं" भने । ❑

**उहाँ सबैभन्दा पहिले पाँच वर्षमुनिका बालक-बालिकाहरूलाई एक ठाउँमा राख्नुहुन्थ्यो र प्रश्न सोध्न थाल्नुहुन्थ्यो ।**



*लेखक, रूपचन्द्र विष्ट र समाजसेवी सूर्यबहादुर नकर्मी*

# आफैं बेखर्ची, आफ्नो खर्चको लागि दिएको पैसा उनले अरुलाई पो दिए

मेरो अफिस "औद्योगिक सूचना केन्द्र" कालिमाटीमा थियो । 'थाहा' आन्दोलनका प्रवर्तक रूपचन्द्रको घर मेरो अफिसको नजिकै थियो । रूपचन्द्रको जाने ठाउँ असाध्य कम थियो । आत्मीयताका साथ बोलाएको ठाउँमा मात्र उनी जान्थे । त्यसरी, नै उनी मकहाँ आइरहन्थे । बिगत ५ वर्षदेखि रूपचन्द्रसित मेरो राम्रो हिमचिम कायम भएको थियो । अनौपचारिक र व्यक्तिगत खालको मित्रता थियो मेरो उहाँसँग ।

करिब चार वर्षअघिको कुरा हो, म अफिसमा नपुग्दै सहकर्मीले एउटा जरूरी टेलिफोन आएको र टेलिफोनकर्ताले रूपचन्द्र साह्रै बिरामी परेको हुनाले तुरून्तै डाक्टरकहाँ वा अस्पतालमा लगेर आवश्यक औषधिमूलो गर्ने अनुरोध पनि गरेको बताए । म तुरून्तै उनको निवासतिर हुत्तिएँ । उनी त सोल्टी-मोडको चिया पसलमा चेस खेलेर पो बसिरहेका रहेछन् ।

मलाई खबर गरेजस्तो उनी विरामी भएर ओछ्यान नपरेको र हाँसेर चेस खेलेर बसेको देख्दा टेलिफोनकर्ता प्रति मेरो मनमा प्रश्न उठ्यो ।

"म त गंभीर रूपले बिरामी हुनुहुन्छ होला भन्ठानेको त !"

"बिरामी नै छु, हिजोअस्ति त निस्लोट ज्वरो आएको थियो, सिटामोल खाएर मात्रै कम भएको छ ।" - चेस खेल्न छोड्दै उनले भने ।

मैले डा. अरूण सायमिसँग कुरा गरिसकेको थिएँ, एउटा बिरामी ल्याउँछु भनेर । तर त्यो बिरामी रूपचन्द्र विष्ट नै हुन् भनेर चैं भनेको थिइनँ । लिएर गएँ, डा. अरूणले जाँचे र प्रेस्क्रिप्सन् लेख्ने बेलामा नाम सोधे । रूपचन्द्रले हाँस्दै भन्नु भयो - रूपचन्द्र बिष्ट !

अनि डा. अरूणले 'ओ हो ! कस्तो नचिन्ने हुनु भएको ?' भने ।

चिनियून् पनि कसरी ? दाह्री पाल्ने, टाटो लागेको नीलो डाउन-ज्याकेट लगाउने, ज्यादै खोक्ने, खोक्दाखोक्दा खकार, ऱ्याल र सिंगान एकै पटक निकाल्ने । यस्तो फोहोरी मान्छे 'थाहा' आन्दोलनका प्रवर्तक रूपचन्द्र बिष्ट भनेर कसरी चिन्ने ? डा. अरूणले रूपचन्द्रसँग बिरामी जाँचेको फीस लिन मान्नु भएन । डा. अरूणकहाँबाट बाहिर आएर औषधि किनियो ।

करिब छ सात सय रूपैयाँ खर्च भयो । मैले औषधि र अन्य खर्चको लागि भनेर रू. ५०००/- लिएर गएको थिएँ । बाँकी रकम उनलाई दिएँ, किनकि मलाई थाहा थियो- उनी पूरै बेखर्ची थिए । उनको घरमा आएपछि चिया खाऊं भनेर सोल्टी मोडकै एउटा चिया पसलमा म चिया अर्डर गर्न गएँ । करिब १० मिनेटपछि फर्कंदा थानकोटतिर बिहे गरेर गएकी उनकी भतिजी पनि उनी बिरामी छन् भनेर हेर्न आएकी रहिछिन् । कुराकानीको सिलसिलामा मेरो अनुपस्थितिको समयमा, उनले आफ्ना केटाकेटी स्कूलमा भर्ना गर्न नपाएको गुनासो पोखिछन् । आफैं पूरै बेखर्ची रूपचन्द्रले मेरै अगाडि मैले दिएको पैसामध्येबाट दुई सय रूपैया आफूलाई राखेर चार हजार रूपैया ती भतिजीलाई दिए । मलाई अचम्म लाग्यो । उनी सख्त विरामी थिए । उनीसँग फुटेको कौडी पैसा थिएन । कसैसँग माग्न पनि माग्दैनथे । उनलाई कुनै पनि बेला पैसाको जरूरी हुनसक्थ्यो । तर उनले भतिजीका छोराछोरी स्कूल भर्ना गर्न भनेर पैसा दिए । मभित्र ती भतिजीप्रति पनि औधी आश्चर्य पैदा भयो । तर व्यक्त गर्न सकिनँ ।

रूपचन्द्रको यस्तो निस्वार्थी, आफ्नो खाँचोप्रति बेपर्वाह, अरूप्रति अति संवेदनशील स्वभाव देखेर म छक्क परें । ❑

*संस्मरणः स्नेह सायमि*

# "मैले चुरोट छोडें नि !"

## रूपचन्द्रलाई जीवनको पछिल्लो चरणमा भेट्दा

चुरोट र रक्सी अलि बढी नै खान्थे । रक्सी खाने केही अखडाहरू थिए भने, चुरोट जहाँ पनि खान्थे । म अलि चर्को चुरोटविरोधी छु । अफिसमा झ्यालढोका बन्द गरेर बस्ने बानीले पनि कसैले अफिसमा चुरोट पिउँदा त्यसको गन्धले उकुसमुकुस बनाउथ्यो मलाई । म बसेको ठाउँमा प्रायः साथीहरूलाई चुरोट पिउन बन्देज थियो । अलि जबजर्स्ती गरेर चुरोट खानेमा पर्थे- रूपचन्द्र विष्ट । आउँथे, झ्याल खोल्थे र झ्यालसँगै बसेर चुरोट पिउँथे ।

चुरोट निकालेको देखेपछि म सुनाइहाल्थें- "आफूलाई नै फेर्न नसक्नेले के अरूलाई फेर्नुहुन्छ ? खोक्दै चुरोट खाँदै गर्नेलाई 'थाहा' त होला नै । अरूलाई 'थाहा' दिने, आफूचाहिं 'थाहा' पचाउने ? 'थाहा' नभएकालाई 'थाहा' दिन सकिन्छ, 'थाहा' पचाउनेलाई के गर्न सकिन्छ र ?

यस्ता केही बचन-वाण हान्दा पनि केही लाग्दैनथ्यो । एकदिन साथी कृष्णकुमारजी, देवेन्द्रजी र अर्को एकजना साथी (को हो याद भएन) सँगै मिटिङ्ग टेबुलमा बसिरहेका थियौं । उनले एउटा



चुरोट मुखमा लाइसकेका थिए । सल्काउन मात्र बाँकी थियो । मैले हत्तपत्त उनको मुखबाटै चुरोट थुतेर झ्यालबाट बाहिर फालिदिएँ ।

यो यति अप्रत्यासित भयो कि, उनी अत्यन्तै रिसाए । नजिकै भएका साथीहरूले पनि निको मानेनन् । अर्को शब्दमा भन्दाखेरि, 'अभद्र कार्य' गरेजस्तो देखियो । एक छिन भनाभन् पनि भयो ।

मेरो त्यो व्यवहारपछि उनी मकहाँ महीनौंसम्म आएनन् । मैले पनि खोजी गरिनँ । करीब ५ महिनापछि उनले मेरो घरमा फोन गरेर भने-

"तिमीले चाहेको कुरो मैले गरे नि !"

मैले उनीसँग के के चाहेको थिएँ भन्ने कुरा मैले नै बिर्सिसकेको थिएँ । 'मैले के चाहेको थिएँ र तपाईसँग ?'- मैले उल्टै प्रश्न सोधें ।

उनले अलि माया गरेको बोलीमा भने- "मैले चुरोट छोडें नि !" ❑

# ४८ देशका ६९ वटा कम्युनिष्ट र श्रमिक पार्टीहरुको घोषणा : साम्राज्यावादको अर्थ हो- युद्ध !

## ब्रसेल्समा अन्तर्राष्ट्रिय कम्युनिष्ट सेमिनार

यस वर्ष युरोपेली मुलुक बेल्जियमको राजधानी ब्रसेल्समा अत्यन्त भव्यताका साथ अन्तर्राष्ट्रिय कम्युनिष्ट सेमिनार सम्पन्न भएको छ । बेल्जियमको श्रमिक पार्टी (PTB) को संयोजकत्वमा आयोजित सो सेमिनारमा विश्वका ४८ वटा देशका ६९ वटा कम्युनिष्ट र श्रमिक पार्टीहरुको सक्रिय सहभागिता थियो ।

सेमिनारमा सहभागी विश्वभरिका कम्युनिष्ट र श्रमिक पार्टीहरुले एक्कै स्वरमा घोषणा गरेका छन्- 'साम्राज्यावादको अर्थ हो- युद्ध । युद्धपिपासु साम्राज्यवादीहरुले कहिले इराक माथि त कहिले युगोस्लाभियामाथि युद्ध थोपरेर मुनाफायुक्त ब्यापार संचालन गरिरहेका छन् । हामी विश्वभरिका कम्युनिष्ट र श्रमिकहरु एकजुट भएर साम्राज्यवादको जरा नै काट्नु पर्दछ ।

PTB को अगुवाइमा ब्रसेल्समा मे दिवसको दिन सबैजसो कम्युनिष्ट र श्रमिक नेताहरुको सहभागितामा ब्रसेल्स युनिभर्सिटी हलमा धूमधामका साथ अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइएको थियो । सो दिवसको क्रममा भएका ऱ्याली र सभालाई प्रमुख वक्ता क. नादाइन रोजारोज्जोले सम्बोधन गरेका थिए । PTB का महासचिव क. नादाइन रोजारोज्जोले श्रमिक वर्गले साम्राज्यवादका विरुद्ध जेहाद छेड्नु पर्ने विषयमाथि विशेष जोड दिएका थिए ।

मे दिवसपछि मे २ देखि ४ सम्म ब्रसेल्समै सम्पन्न अन्तर्राष्ट्रिय कम्युनिष्ट सेमिनारको मुख्य विषय थियो- साम्राज्यवादको अर्थ हो- युद्ध ।

यो मुख्य विषयलाई चार भागमा विभाजित गरिएको थियो । पहिलो- वर्तमान साम्राज्यावादी युद्धको खतरा, दोश्रो- युद्धको विरुद्ध जनताको संघर्ष, तेश्रो- साम्राज्यावादको सैनिक रणनीति र चौथो हो- शान्तिवादी आन्दोलन ।

सेमिनारमा स्वागतभाषण वर्कर्स पार्टी अफ बेल्जियम (PTB का अध्यक्ष) क. लुडो मार्टिनले दिएका थिए । उनले स्वागतभाषणमा मुख्य विषयवस्तु सम्बन्धी आफ्नो विचार राखेका थिए । उनले साम्राज्यवादका बारेमा ब्यापक अन्तर्क्रिया गर्दै विश्वका सबै कम्युनिष्टहरु एउटै निश्कर्षमा पुग्ने कुरामा विश्वास ब्यक्त गर्दै त्यही उद्देश्यपूर्तिका लागि 'साम्राज्यवादका बारेमा ब्रसेल्स घोषणापत्र'तयारी भइरहेको जानकारी दिए । हाललाई 'ब्रसेल्स घोषणपत्र'मा एकमत कायम भएपनि-नभएपनि विश्वब्यापी रुपमा चलिरहेको 'साम्राज्यावाद विरोधी जन संघर्षहरुबीच संयोजन र समन्वय हुनुपर्ने कुरामा उनले विशेष जोड दिएका थिए । विभिन्न देशमा साम्राज्यावादका विरुद्ध सडक-संघर्ष गरिरहेका कम्युनिष्टहरुबीच सहयोग, संयोजन र ऐक्यवद्धता कायमं भएमा मात्रै साम्राज्यावादको चिहान खन्न सकिने विचार उनले ब्यक्त गरे । सहयोग, संयोजन र ऐक्यवद्धताका लागि 'ब्रसेल्स घोषणापत्र' ठूलो आधार हुने विश्वास ब्यक्त गर्दै उनले घोषणापत्रमा सबै कम्युनिष्ट पार्टीका अवधारणाहरुलाई समाहित गरिने सूचना सार्वजनिक गरे ।

सेमिनारमा स्वागतभाषण वर्कर्स पार्टी अपऊ बेल्जियम (PTB का अध्यक्ष) क. लुडो मार्टिनले दिएका थिए ।



'वर्तमान स्थितिमा साम्राज्यावादी युद्धको खतरा' विषयक पहिलो सत्रमा युगोस्लाभियाको कम्युनिष्ट पार्टी (CPY), बुल्गेरियाको कम्युनिष्ट पार्टी (CPB), ग्रीसको कम्युनिष्ट पार्टी (CPG) स्लोभाकियाको कम्युनिष्ट पार्टी (CPS) प्रमुख रुपमा सहभागी भए । त्यस विषयमा भएको अन्तर्क्रियामा अरु कम्युनिष्ट र श्रमिक पार्टीका नेताहरुले पनि आ-आफ्ना धारणाहरु प्रस्तुत गरे ।


'युद्धका विरुद्ध चलिरहेको जनताका संघर्षहरु' विषयक दोश्रो सत्रमा कोरियाको वर्कर्स पार्टी, क्युबाको कम्युनिष्ट पार्टी, फिलिपिन्सको कम्युनिष्ट पार्टी, भारतको भाकपा (माले)- जनशक्ति, भारतीय समाजवादी एकता केन्द्र (SUCI) का साथै रिभोल्युशनरी आर्म्ड फोर्सेस अफ कोलम्बिया र पार्टिडो डे ला लिब्रासियोँ डे अर्जेन्टिनाको सहभागिता थियो । त्यस विषयको अन्तर्क्रियामा पनि अन्य केही कम्युनिष्ट र श्रमिक पार्टीका नेताहरुले आ-आफ्ना अवधारणाहरु प्रस्तुत गरेर सहभागिता जनाएका थिए ।

'साम्राज्यावादको सैनिक रणनीति' सम्बन्धी विषयमा भएको तेश्रो सत्रमा धेरै जसो युरोप र अमेरिकाका कम्युनिष्ट पार्टीका नेताहरुले अन्तर्क्रिया गरेका थिए । अन्तर्क्रियामा ग्रेट ब्रिटेनको सोशलिष्ट लेबोर पार्टी, संयुक्तराज्य अमेरिकाको रे अफ लाइट ग्रुप, वर्कर्स पार्टी अफ नर्वे, इटालीको फोरम देइ कम्युनिष्टी, जर्मनीको कम्युनिष्टइचे पार्टेइ श्वेश्चल्याण्ड, अमरिकाकै वर्कर्स वर्ल्ड पार्टी, फ्रान्सको कोअर्डिनेशन कम्युनिष्टे, टर्कीको TIKB र जापानको जापान कम्युनिष्ट लीगका नेताहरुदेखि लिएर अरु केही देशका नेताहरुको सहभागिता थियो ।

चौथो सत्रको 'शान्तिवादी आन्दोलन' सम्बन्धी अन्तर्क्रियामा स्वीडेनको कम्युनिष्ट पार्टी (लेफ्ट), अल्जेरियन पार्टी फर डेमोक्रेसी एण्ड सोशलिज्म लगायत थुप्रै पार्टीका नेता र जनप्रतिनिधिहरुको सहभागिता थियो । त्यस सत्रमा PTB का अध्यक्ष क. लुडो मार्टिनले युगोस्लाभिया सम्बन्धी प्रस्ताव राख्दै त्यस देशमाथि नेटोको बर्बर आक्रमणका विरुद्ध भर्त्सना गर्न सबैलाई आह्वान गरे । स्वतन्त्र, सार्वभौम र संयुक्त राष्ट्रसंघका संस्थापक राष्ट्रहरुमध्ये एक प्रमुख राष्ट्र युगोस्लाभियाभित्र जर्मनी र अमेरिकाले जातीय विद्वेष र टक्करको स्थिति पैदा गर्दै नेटो मार्फत बर्बर आक्रमण गरेकोमा साम्राज्यावादविरोधी शान्तिवादी आन्दोलनलाई तेज पार्न आह्वान गरे । उनले युगोस्लाभियामाथि नेटोको आक्रमणले सफलता प्राप्त गरेमा साम्राज्यवादीहरु मैमत्त भई सिंगो युरोपदेखि मध्यपूर्व, पूर्व सोभियत राज्यहरुसम्मलाई आक्रमणको तारो बनाउन पछि नपर्ने चेतावनी दिंदै भने- "हिटलरको फासीवादी सत्ताको पाराजयपछि पहिलोपल्ट साम्राज्यवादी जर्मनीका सैनिकहरु विदेशी माटोमाथि हस्तक्षेप गर्न युगोस्लाभियातिर बढिरहेका छन् । पहिलाको जनताको समाजवादी गणतन्त्र अल्बानिया अचेल नेटोको सैनिक बुटमुनि कुल्चिइएको छ, अल्बानियालाई नै आफ्नो प्रमुख सैनिक अखडा बनाएर साम्राज्यवादीहरुले पहिलाको समाजवादी राज्य युगोस्लाभियामाथि आक्रमण गरिरहेका छन् ।"

यो दुःखद स्थितिमा विश्वभरिका न्यायप्रेमी जनताले नेटो युद्धको विरोध गरेर बर्बर बमवर्षा रोक्नु पर्ने, कोसोभो संकटलाई शान्तिपूर्ण ढंगले समाधान गर्नु पर्ने, युगोस्लाभियाको स्वतन्त्रता, सार्वभौमिकता र अखण्डता कायम रहीरहनु पर्ने, आक्रमणकारीहरुले त्यहाँ भएको क्षतिको पूर्ति गर्नु पर्ने माग सहितको प्रस्ताव सार्वजनिक रुपमा उनले प्रस्तुत गरे ।

साम्राज्यवादविरोधी सो समसामयिक प्रस्तावको पक्षमा सबैले सहमति जनाएपछि प्रस्ताव पास गरिएको थियो । अन्तमा सबै अन्तर्क्रियाहरुको सार निकाल्नका लागि भएको अन्तिम छलफलमा सबैजसो पार्टीहरुले आ-आफ्ना सुझावहरु प्रस्तुत गरेका थिए । ती सुझावहरुलाई समेटेर 'ब्रसेल्स घोषणापत्र'को अन्तिम तयारी गरिएको थियो । साम्राज्यवादको वर्तमान सार र रुपबारे बैचारिक स्पष्टता हासिल गर्नका लागि गरिएको अन्तर्राष्ट्रिय कम्युनिष्ट सेमिनारले विश्व कम्युनिष्ट आन्दोलनमा बैचारिक प्रष्टता प्राप्त गर्नका लागि निश्चित रुपमा निकै टेवा दिने संकेत प्राप्त भएको छ । ❑



# 'हामी पार्टीको विभाजनबाट हताश भएनौं'

देखापऱ्यो । माओवादी शैलीको सशस्त्र कृषि क्रान्तिको नारासहित उल्का सरी छाएको नक्सलवादी आन्दोलन विघटन, विभाजन र दमनको पीडादायी चरणबाट गुज्रिरहेको थियो । सिंगो भारतीय राजनीतिको कुरो गर्ने हो भने त्यसबेला जयप्रकाश नारायणको नेतृत्वमा इन्दिरा गान्धीको कांग्रेसी तानाशाही विरूद्ध 'जेपी आन्दोलन' नामक जनसंघर्ष

छ ।'

फासीवादी संसदीय चुनावमा इन्दिरा गान्धीको पराजय भएपछि 'जेपी आन्दोलन'का सहयात्रीहरू सत्तासीन भए । जनता पार्टीका नेता तथा गृहमन्त्री चरण सिंहले प्रतिबन्धित नक्सलवादी पार्टीहरूलाई फुकुवा गर्ने, गिरफ्तार गरिएका नक्सलवादी नेता र कार्यकर्ताहरूलाई चुनावी घोषणा अनुसार रिहा गर्ने हुन् कि भन्ने ठूलो आशा पलाएको थियो । तर

## 'विभाजित पार्टीले देशलाई मुक्त गर्न सक्दैन'

भारतका विभिन्न भागमा चलेका जन-अभियानहरू र विदेशी विद्वानहरूको दवाबका कारणले क. नागभूषणको फाँसीको सजायँलाई समाप्त गर्न भारतीय राष्ट्रपति बाध्य भए । त्यसलाई आजीवन कारावासको सजायँमा फेर्नका लागि उनी राजी भए । फाँसीमा भुन्डिन तम्तयार भइसकेका नागभूषणले आजीवन कारवासको सजायँलाई 'समान्य सजायँ'को रूपमा लिए । त्यसपछि झन्डै झन्डै शहीद हुन लागेका उनी जेलभित्रको बन्दी जीवनलाई सार्थक बनाउने प्रयत्नमा लागिपरे ।

१९७० को उत्तरार्द्ध उनको लागि निकै पीडादायी सावित भयो । उनी नक्सलवादी सशस्त्र क्रान्तिका लागि मर्न-मार्न तयार थिए, तर जेलभित्र बन्द भएर कैदीको जीवन भोगिरहेका नागभूषणको अगाडि सिंगो नक्सलवादी सशस्त्र संघर्षको आगो निभिसकेको थियो । पश्चिम बंगालदेखि बिहार, आन्ध्र, केरल र उत्तर प्रदेशमा 'वसन्तको बज्रनाद' मौन भइसकेको थियो । अधिकांश नक्सलवादी नेताहरू मध्ये केही केही मारिइसकेका थिए, केही जेलभित्र बन्द रहेका थिए र जेलबाहिर रहेकाहरू पनि शत्रुतापूर्ण विभाजनको रेखा पार गरिरहेका थिए । त्यस्तो बेलामा उनी भने आन्दोलनको आत्मसमीक्षा गर्दै थिए ।

४० हजारभन्दा बेसी नक्सलवादी कार्यकर्ताहरू जेलनेल यातना र गोलीको शिकार भइरहेको त्यसबेला उनी मूल्यांकन गरिरहेका थिए-

*नक्सलवादी सशस्त्र संघर्ष अनगिन्ती गूट, उपगूट र व्यक्तिहरूमा किन र कसरी विभाजित भयो ? सिंगो नक्सलवादी सशस्त्र संघर्ष किन विघटनको चरणबाट गुज्रिरहेको छ ? के हामीले साँच्चैनै मार्क्सवाद लेनिनवाद र माओ त्से तुङ्ग विचारधारालाई आफ्नो देशको ठोस परिस्थितिमा लागू गऱ्यौं कि चीनको अन्धनक्कल मात्रै गऱ्यौं ?*

### प्रजातन्त्रका नाममा फाँसीवाद

१९७० को उत्तरार्द्ध सिंगो भारत र नक्सलवादी आन्दोलनका लागि निकै उथलपुथलकारी समयको रूपमा चलिरहेको थियो ।

केही नक्सलवादी समूहहरूको समेत सहयोगमा चलेको 'जेपी आन्दोलन'ले उच्चस्तरको रूप लिन थालेपछि सत्तारूढ कांग्रेस पार्टी र शासकवर्गकै बीचबाट इन्दिरा गान्धीको नेतृत्व विरूद्ध विद्रोह हुन थाल्यो । यसैलाई निर्मूल पार्न देशमा आपतकालीन शासन - 'इमर्जेन्सी' लागू गर्ने इन्दिरा गान्धी १८ महिनापछि लोकसभाको चुनावमा नराम्ररी पराजित भइन् ।

प्रजातन्त्रको नाममा निरंकुश र फासीवादी शासन संचालन गर्ने इन्दिरा गान्धीको कांग्रेसी शासनकालको बारेमा बन्दी नागभूषणले यसरी मूल्यांकन गरेका थिए-'यस देशमा प्रजातन्त्रको नाममा प्रजातन्त्रको ढोंग चलिरहेको छ, जसलाई म छद्म प्रजातन्त्र भन्दछु । विश्व इतिहासमा कहिले पनि अर्धसामन्ती र अर्धऔपनिवेशिक समाज संसदीय प्रजातन्त्रद्वारा शासित भएको छैन । त्यसैले भारतमा संसदीय प्रजातन्त्रको दावी कोरा झूठ हो-यहाँ छद्म आवरणमा लपेटिएको फासीवाद छ, जसले देशमाथि शासन गरिरहेको

गृहमन्त्री चरणसिंहद्वारा घुमाइ-फिराई आफ्नो घोषणा लागू नहुने छाँटकाँट देखेपछि धेरैजसो नक्सलवादी नेताहरूले १२ हजार नक्सलवादीहरूको रिहाइको माग जोडदार रूपले उठाए । उनीहरूले सरकारसँग संवाद गर्ने र राज्य-सभाको चुनावमा भागलिने 'साहसिक निर्णय' गरे ।

### चुनावमा भाग लिने कि नलिने ?

सत्यनारायण सिंहको नेतृत्वमा रहेको भाकपा (माले) ले 'संसदको प्रजातान्त्रिक अभ्यासमा सहभागी हुने' घोषणा गरेपछि विभाजित नक्सलवादी खेमामा हंगामा मच्चियो । चुनावमा भाग लिने कि नलिने भन्ने सवालमा व्यापक आलोचना-प्रत्यालोचना, आरोप-प्रत्यारोप शुरू भयो । क. चारू मजुमदार समर्थकका रूपमा परिचित क. नागभूषणले पनि त्यस विवादमा सहभागी भई आफ्नो मत राखे । चुनावको सन्दर्भमा सत्यनारायण सिंहको पार्टीले संशोधनवादी नीति लिएको आरोप लगाउँदै उनले वक्तव्यमा जनता पार्टीले चुनावी बाचाअनुसार सम्पूर्ण राजनीतिक बन्दीहरूलाई बिनाशर्त रिहा गरिनु पर्ने र सामन्तवादविरूद्ध चलिरहेको मुक्ति-संघर्षलाई निरन्तरता दिइरहनु पर्ने आवाज उठाए । गंभीर बिरामी

**नक्सलवादी नेता क. नागभूषण पटनायकको आत्म बलिदानले भरिएको संघर्षको गाथा**

अवस्थामा नयाँ दिल्लीको मेडिकल इन्स्टिच्यूटबाट दिइएको सो वक्तव्यमा उनको पुरानै विचार अभिव्यक्त भएको थियो । सशस्त्र नक्सलवादी आन्दोलनकै क्रममा निर्मित विचारहरूकै परम्परागत र अवस्तुवादी घेराभित्र सीमित भएर उनले भारतमा सामन्तवादी शासन चलिरहेको र चुनावमा भाग लिनुलाई संशोधनवादी नीति लिनु हो भन्ने विचार व्यक्त गरे ।

केही नक्सलवादी समूहहरूले शुरू गरेको चुनाव उपयोग गरेको र पश्चिम बंगालमा भाकपा र माकपाको नेतृत्वमा रहेको बाममोर्चाले राज्यसरकार बनाएको सन्दर्भमा उनको पुरानो विचारमा फेरबदल आएको देखिन्छ । ती सबै घटनाहरूको अध्ययन मनन गर्ने क्रममा उनले पछि गएर चुनावलाई क्रान्तिकारी ढंगले उपयोग गर्नु पर्ने विचार अगाडि सारेका थिए ।

## कृषि क्रान्तिलाई बढाउनु चुनावको उपयोग

आत्मसमीक्षाको क्रममा पछि गएर उनले 'वर्गशत्रु सफाया'को नीतिदेखि चुनावको सम्पूर्ण बहिस्कारको नीति मार्क्सवाद-लेलिनवाद विपरीत भएको ठहर गरे । उनले निश्कर्ष निकाले-तथाकथित कम्युनिष्ट पार्टीहरूको सम्पूर्ण बल जनसंघर्षहरूलाई मतपत्रहरूको खेलमा मोड्ने काममा फसिरहेको छ । हामीले चुनावलाई कृषिक्रान्तिलाई अगाडि बढाउनका लागि प्रयोग गर्नुपर्दछ । जो जो चुनावबाट सत्तामा जान चाहन्छन्, उनीहरूका लागि चिलीमा साल्भाडोर एलेण्डेको सरकारको अनुभव दृष्टान्त बन्न सक्छ । हामीले चुनावमा भाग लिएर जनतालाई देखाउनुपर्दछ-हामीले चुनाव मार्फत यस व्यवस्थामा केही फरक ल्याउन सक्दैनौं र चुनावहरूको व्यर्थताको महसूसद्वारा क्रान्तिकारी बिकल्पका लागि जनतालाई गोलबन्द गर्ने प्रक्रिया पनि शुरूवात हुन सक्दछ ।'



## मजदूरवर्गबारे सोचनै थिएन !

जनसंगठनहरू, विशेषगरी शहरी मजदूर र विद्यार्थी तप्कालाई क्रान्तिकारी प्रक्रियामा कसरी समाहित गर्दै लाने भन्ने सवालमा पनि उनले जेलभित्र बसेर आत्ममूल्यांकन गरे । आत्ममूल्याङ्कनपछि उनले भनेका थिए- 'शहरी मजदूरवर्गको बारेमा पार्टीको कुनै नीति र कार्यक्रम सम्बन्धी कुनै स्पष्ट लाईन थिएन । एक समय विद्यार्थीहरू, महिलाहरू र शहरी मजदूरहरू वीच पार्टीलाई सक्रिय ढंगले लानुपर्दछ भनेर सोच्ने कार्यलाई समेत संशोधनवादी रूझान मानिन्थ्यो । त्यो अवधारणा पूरापूर दोषपूर्ण थियो । शहरी तप्का र मजदूरवर्गलाई राजनीतिले लैश गरेर कृषि क्रान्तिप्रति उनीहरूको एकतालाई अभिव्यक्ति प्रदान गरिनु पर्दछ । र अहिले फाटफूट मात्रामा त्यस्तो हुन पनि थालेको छ । आदिलाबादमा पुलिसले गोली चलाउँदा दिल्लीका विद्यार्थीहरू र बुद्धिजीवीहरू त्यसको विरोधमा प्रदर्शन गर्दछन् । यो त्यही एकता प्रयासको अभिव्यक्ति हो ।'

## वाम पार्टीहरूबीच एकताको प्रयास

इन्दिरा गान्धीको कांग्रेसी शासनले शुरू गरेको इमर्जेन्सी कालपछि विभाजित नक्सलवादी आन्दोलनमा एकता, पुनर्गठन र सैद्धान्तिक अन्वेषणको चरण शुरू भयो । यही चरणको अन्तिम कालमा नक्सलवादका नयाँ-नयाँ अनुहारहरू प्रकट भएका थिए । भाकपा (माले)-



लिवरेशन समूह, पिपुल्स वार ग्रुप, पार्टी यूनिटी, माओवादी कम्युनिष्ट केन्द्र (MCC) आदि समूहहरू राजनीतिक परिदृष्यमा देखापरेका थिए ।

अनगिन्ती संख्यामा विभाजित नक्सलवादी समूहहरूवीच इमेर्जेन्सीपछि एकताको प्रयास शुरू भयो । भूमिगत पार्टी र सशस्त्र संघर्षका पक्षपाती पिपुल्स वार र लिवरेशन समूहदेखि लिएर खुला र कानूनी संघर्षका पक्षपाती सत्यनारायण सिंह समूह र कानू सन्यालको समूहसम्म पनि १९७९ देखि एउटै पार्टी बनाउने प्रयासमा लागि परे । पटक-पटक संयुक्त भेला, दस्तावेज आदान-प्रदान, अलग-अलग ढंगले संयुक्त र द्विपक्षीय भेटघाटको क्रम शुरू भयो ।

> 'एउटा विभाजित पार्टी वा छरिएका समूहहरूले कुनै देशलाई मुक्तिजस्तो उपलब्धि हासिल गरेको घटना त इतिहासमा कहिले पनि भएको छैन ।'

ठीक त्यही बेला आजीवन कारवासको सजायँ भोगिरहेका एकीकृत भाकपा (माले) का पोलिट्ब्यूरो सदस्य कं. नागभूषण पार्टीको पीडादायी विभाजनबाट पटक्कै हताश-निराश नभैकन पार्टी एकताका लागि क्रियाशील भइरहेका थिए । उनले पार्टी-एकता प्रयासलाई टेवा दिन चिट्ठी-पत्र र जेलभित्र हुने भेटघाट मार्फत् 'आफ्नो एकतावादी विचार प्रसार' गरिरहेका थिए ।

त्यसवेलाको आफ्नो मनःस्थितिको बारेमा उनले भनेका थिए-'हामी पार्टीमा आएको तथाकथित 'विभाजन' र छयान्नव्यान्नको स्थिति देखेर हताश भएनौं, किनकि कुनै पनि आन्दोलनको जीवन र विकासपथमा यस्ता स्थितिहरू सामान्य हुन् ।'

पार्टी अलग-अलग समूहमा विभाजित हुँदा पनि हताश-निराश नभएका नागभूषण त्यसवेला आफ्ना बन्दी सहकर्मीहरूलाई भन्ने गर्दथे - 'त्यस्तो समय पनि थियो, जब लेनिनको बोल्शेभिक पार्टीमा समेत सातवटा समूह क्रियाशील थिए । क्रान्तिकारी पार्टीमा विभाजन भनेको कुनै प्रकारको व्यक्तिगत सत्ता हत्याउने नियतले हुँदैन । यस्तो विभाजन त कुनै विचारमाथि इमान्दारीपूर्ण विश्वासका कारण त्यही इमान्दारिताका साथ अरूहरूसँग असहमत हुँदा खेरी भइरहेको छ । यो विभाजन पूँजीवादी र निम्न पूँजीवादी दलहरूमा व्यक्तित्वहरूमा सीमित विभाजन जस्तो पनि होइन । त्यसले हामी हाम्रो पार्टी अनेक अलग-अलग समूहमा विभाजित भयो भनेर दुखित हुनु जरूरी छैन ।'

उनले भनेका थिए -'अहिले तत्कालै हाम्रो कार्यसूचीमा राखिनु पर्ने विषयहरू केही छन्, त्यो हो एउटा प्रयोग..... एउटा इमान्दार प्रयास, एउटा साँचो प्रयास..... , एउटा सिद्धान्तवद्ध प्रयास-सम्पूर्ण क्रान्तिकारी शक्तिहरू, समूहहरू र व्यक्तिहरूलाई एकताबद्ध गर्नका लागि आज हामी जसरी विभाजित छौं, त्यसरी नै विभाजित भएर त हामीले यस देशलाई कहिले पनि मुक्त पार्न सक्दैनौं । एउटा विभाजित पार्टी वा छरिएका समूहहरूले कुनै देशलाई मुक्तिजस्तो उपलब्धि हासिल गरेको घटना त इतिहासमा कहिले पनि भएको छैन । त्यसैले इतिहास र मानवीय विकासको बाटोको वाध्यता हो-भारतमा यो देशलाई मुक्त गर्नका लागि एउटा संयुक्त क्रान्तिकारी पार्टीको निर्माण गर्नु ।' ❑ *(क्रमशः)*

*मूल्यांकनको पूर्णांक ६२ देखि हामीले जिउँदै किम्बदन्तीका नायक भएका भारतका नक्सलवादी नेता स्व. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षको गाथा प्रस्तुत गर्दै आएका छौं । यस क्रममा यहाँहरूले नक्सलवादी आन्दोलनमा छाएको विवाद र विभाजनमा उनको भूमिकाबारे पढ्नु भयो । यस अंकमा पढ्नु होस्ः मृत्युदण्डको सजायँबाट मुक्त भएका क. नागभूषणको आत्मसमीक्षा र पार्टीलाई एकताबद्ध गर्ने प्रयाससम्बन्धी रिपोर्ट ।*

क. निर्मल लामाको




# अन्तत: म एउटा सचेत र प्रतिबद्ध कम्युनिष्ट नै भएँ

निर्मल लामा

**त्यो** समयमा दार्जिलिङ्गमा नेपाली बाहेक अन्य सबै विषयहरू पाँच क्लासदेखि नै अंग्रेजीमा पढाइन्थ्यो । क्लासमा नेपाली विषयका पालामा बाहेक अन्य समयमा नेपाली भाषा बोल्यो कि सजायँ पाइन्थ्यो । एस.एल.सी. त त्यतिखेर १८/२० वर्षको उमेरभन्दा अगाडि कसैले गर्न सक्दैनथ्यो ।

त्यतिखेर मार्क्सवादी किताबहरू त्यहाँ बहुत कम पाइन्थे । मैले भेट्टाएजति मार्क्सवादी किताबहरू सबै नै पढें । किन हो कुन्नि, त्यतिखेर म पढ्नमा अलि बढी नै ध्यान दिन्थें । शुरू शुरूमा म बढी मात्रामा जासूसी उपन्यासहरू पढ्ने गर्थें । दार्जिलिङ्गको चोकबजारमा गोर्खा लाइब्रेरी नामको एक लाइब्रेरी थियो । म त्यहाँबाट किताबहरू ल्याएर पढ्थें । घरमा पढ्न नभ्याएपछि स्कूलमा लगेर पनि पढ्ने गर्थें । अंग्रेजी र गणित विषयको पालामा क्लासमा पढाएको कुरामा ध्यान दिन्थे । अरू कुनै पनि विषयको पालामा ध्यान दिन्नथें । अरू बेलामा डेस्कमुनि राखेर लाइब्रेरीबाट ल्याइएका उपन्यास किताबहरू टिचरले थाहा नपाउने गरी पढ्थें । त्यसरी म लाइब्रेरीबाट ल्याएर रबर्ट ब्लेकको उपन्यास दिनको एउटा पढी सिध्याउँथें । पछि म लाइब्रेरीबाट लिएर सबभन्दा बढी किताब पढ्ने मान्छे ठहरिएँ । र, त्यही सन्दर्भमा म लाइब्रेरीबाट पुरस्कृत पनि भएँ । यस विषयमा एउटा रोचक घटना छ ।

लाइब्रेरीको रेकर्ड हेर्दा सबभन्दा बढी किताब लानेमा आफू परिएछ । तर, बढी किताब लानेमा मेरो रेकर्ड भएपनि त्यसैबाट लगिएका सबै किताबहरू पढिएकै छ भन्ने कुरा त प्रमाणित हुन्न । त्यसैले यस कुराको निर्क्यौल गर्न तीनजना जजहरू राखेर जाँच्ने व्यवस्था लाइब्रेरीले मिलायो । फलाना किताबमा के लेख्या छ, फलाना कुरा कुन किताबको हो ? आदि प्रश्नहरू जजहरूले सोध्थे । त्यतिखेर मेरो स्मरणशक्ति पनि कति शक्तिशाली थियो भने, सोधिएका जम्मै प्रश्नहरूको जवाफ म फटाफट् दिन्थें । म त फर्स्ट भइहालें ।

त्यसपछि कुशुवाहकान्त, लालहीरा, नकावपोश...आदि के के र ठूला ठूला क्रान्तिकारीहरूको बारेमा, पुलिसकी छोरीले ठूलो क्रान्ति गर्ने , पुलिस अफिसर नै क्रान्तिको कमाण्डर हुने आदि जस्ता रोमाञ्चकारी किताबहरू पढ्ने काम मैले गरें । यी कुराहरूले पनि मलाई धेरै असर पारे ।

तर मार्क्सवादी सिद्धान्तको अध्ययन भने मैले व्यवस्थित ढंगले गर्न सकिन । त्यतिखेर त्यस सम्बन्धमा के के किताबहरू पढें पढिनं, त्यो त मलाई अहिले सम्भना छैन । तर एउटा कुरा मलाई सम्भना छ । त्यो के हो भने- म कम्युनिष्ट पार्टीको काठमाण्डौको जिल्ला सेक्रेटरी भइसक्दासम्म पनि मैले मार्क्सवादलाई टुक्राटुक्री फुटकर रूपमा मात्र अध्ययन गर्न सकेको थिएँ । बर्माको 'मार्क्सवाद क्या है ?' जस्ता किताबहरूसम्म मात्र मैले पढ्न भ्याएथें । मैले मार्क्सवाद गम्भीरतापूर्वक पढ्न थालेको जेल परेपछि मात्र हो, नख्खु जेलमा । जेल पर्नुभन्दा अगाडि अर्थात् ०१७ सालभन्दा अगाडि त मार्क्सवादलाई खालि टुक्राटाक्री रूपमा मात्र पढ्ने गर्थें ।

नख्खु जेलमा मैले मार्क्सवादका थुप्रै किताबहरू संकलन गरेर व्यवस्थित ढंगले अध्ययन गर्न शुरू गरें । तर एकदिन पुलिस आएर ती सबै किताबहरू खोसेर लग्यो । त्यसपछि त्यसको बिरोधमा म अनशन बसें । सोह्र दिन अनशन बसिसकेपछि मलाई अस्पताल भर्ना गरियो र खोसिएका किताबहरू पनि सबै फर्काइयो ।

त्यतिबेला प्रहरीको डि.आई.जि. मानबहादुर राई थिए । उनले म सँगसँगै ००७ सालमा काम गरेका थिए । उनले मलाई, "त्यतिजाबो किताबको लागि पनि अनशन बस्नुपर्छ तैंले ?" भनेर हकारे । "तँ डि.आई.जि. भएर पनि त्यति किताब खोसेर लानुपर्छ ?" भनेर मैले जवाफ फर्काएँ । हाम्रो बीच तँ तँ नै चल्थ्यो । त्यतिबेला मेरो भाइ अ.स.ई. थियो । उसलाई बोलाएर "ल तेरो दाइको किताब सबै पुर्‍याइदे नख्खुमा ।" भनेर ती डि.आई.जि.ले आदेश दिए ।

अब डि.आई.जि.ले अर्डर दिने र भाइले लाने भएपछि म ढुक्क भएँ । र, मैले अनशन तोडिदिएँ । तर मलाई जेलमा जान नै दिइएन । "पख न पख, स्वास्थ बनाएर त जा" भनियो । त्यहाँबाट मलाई पुलिस क्लबमा राखियो । त्यहाँ मलाई दिनको एक पाउ मासु, फलफूल इत्यादि र बेलुकी ड्रिङ्क पनि दिइयो । "म अब त ठीक भएँ, हृष्टपुष्ट भएँ ।" भन्छु तर मलाई पठाउँदै पठाउँदैन । मलाई शंका लाग्यो । मैले भनें- "हेर् एम.वि. तैंले पठाउँछस् भने पठा होइन भने म यहाँबाट आफै बिद्रोह गरेर आफै गाडी चढेर गई जेलमा जान्छु । तिमीहरूले भागेको भन्छौं होला तर म जेलमा गएर ढोकामा उभिन्छु । के गर्छौ तिमीहरू ?" ती डि.आई.जि.ले भने- "तँसँग कसले सक्छ ?"

तर मसँग खोसिएका किताबहरू त उनीहरूसँग रहेनछ । म जेलमा गएँ र त्यहाँ सोधें- "किताब ल्याइएको छैन ?" जेलका मानिसहरूले "छैन" भन्ने जवाफ दिए । तुरुन्त मैले त्यहीँबाट डि.आई.जि.लाई फोन गरें । "तँ अहिले नै किताब फर्काउछस् कि म अहिलेबाटै यहीं अनशन शुरू गरूँ ?" भनेर उनलाई धम्काएँ । "नकरा न नकरा, मलाई मिलाउन दे न । म एक घण्टामा त्यहाँ आईपुग्छु ।" उनले जवाफ फर्काए । साँच्चै उनी एक घण्टापछि जेलमा आइपुगे । "तेरो सबै किताब अंचलाधीशको कार्यालयमा छ । मैले अंचलाधीशलाई कन्भिन्स गर्नुपर्छ । त्यसको लागि केही समय चाहिन्छ, चौबीस घण्टा समय दे न ।" भने उनले । "ठीक छ ।" भनें मैले । चौबीस घण्टापछि त मेरै भाइले पुलिसको भ्यानमा राखेर सबै किताबहरू ल्याइदियो ।

यो घटना सायद ०२१/०२२ सालतिरको होला । एक्ज्याक्ट त म भन्न सक्दिन । अक्सरतया म सालहरू बिर्सने गर्छु ।

**मेरो** बाल्यकालको एक प्रसङ्ग म यहाँ पुनः उठाउँछु ।

दार्जिलिङ्गमा आइतबार स्कूल बिदा हुन्छ । आइतबारको दिनमा बिहानै ५/६ बजेतिर भात खाएर हामीहरू घाँस दाउरा गर्नको निम्ति परिवारका सक्षमहरू जति जम्मै तल उत्रेर बालासनको छेउको जंगलमा दाउरा खोज्नेले दाउरा, घाँस खोज्नेले घाँस खोज्न हिंड्थ्यौं । काम सिध्याउँदा बेलुकी ३/४ बज्थ्यो । त्यसबेला मलाई थाहा थियो- भकिऔंला भन्ने एउटा काठ हुन्छ । त्यसको दाउरा काटेर हामी ल्याउँथ्यौं । त्यो दाउरा बाल्दा गोली चलाएजस्तो पटटट...आवाज आउँछ । त्यो दाउरा काट्न पनि सजिलो र पाइन पनि सजिलो । हामी अक्सर त्यही दाउरा काटेर ल्याउँथ्यौं । त्यो जंगलको ठीक तल बालासन नदी छ, जहाँ कालीखोला गएर मिल्छ । अर्कापट्टी त्यहाँ आममोल्टे चियाबारी थियो भने माथितिर हाम्रो छोटा सिप्रिङ्ग चियाबारी

*तुरुन्त मैले त्यहीँबाट डि.आई.जि.लाई फोन गरें । "तँ अहिले नै किताब फर्काउछस् कि म अहिलेबाटै यहीं अनशन शुरू गरूँ ?" भनेर उनलाई धम्काएँ । "नकरा न नकरा, मलाई मिलाउन दे न । म एक घण्टामा त्यहाँ आईपुग्छु ।" उनले जवाफ फर्काए ।*

थियो । त्यहाँ दाउरा बोकेर आउँदा ढुङ्गाको सिंढी भएको उकालो चढ्नुपर्थ्यो । त्यो उकालोको नाउँनै नाखे डाँडा हो । नाक जस्तै ठाडो । त्यो उकालोमा हामी चीट्चीट् पसिना निकाल्दै भारी बोक्थ्यौं ।

मलाई एउटा सम्झना छ- मेरी आमा त्यतिबेला गर्भवती हुनुहुन्थ्यो, सायद् कान्छो छोरो होला । ऊ अहिले दार्जिलिङ्गमै छ । एकपटक त्यतिखेर आमाले घाँसको भारी र मैले दाउराको भारी बोकेर आइरहेका थियौं । म त अलि जवान भइसकेको कारणले गर्दा त्यो नाखे डाँडा आमालेभन्दा सजिलो पाराले चढी माथि आएर विश्राम गरिराखें । तर माथिबाट जब मैले तलतिर यसो हेरें मेरी आमाले त भर्खर आधा मात्र उक्लिसक्नु भएको देखें । उहाँ सकिनसकी उक्लँदै हुनुहुन्थ्यो । उहाँ राम्ररी हिंड्न सकिराख्नु भएको थिएन । म तुरुन्त दौडेर अगाडि झरी आमाको भारी खोसेर लिएँ र बोकें । सायद त्यतिखेर म १७/१८ वर्षको थिएँ हुँला । अनि त्यो आमाको भारी बोकेर माथि आएँ म । मेरो बाल्यकाल यस्तै यस्तै घटनाहरूबाट गुज्रियो ।

बाल्यकालदेखि नैं मेरा दाजु र म दाजुभाइभन्दा पनि बढी साथीसाथी जस्तै थियौं । मलाई मेरा दाजुको पहिलो सम्झना नब्बेसालको भूकम्पको बेलाको घटनामा हुन्छ । सायद त्यतिखेर म ४ वर्षको थिएँ हुँला । भूकम्प आयो भने, त्यो के हो थाहा भएन । तर मलाई के सम्झना छ भने, त्यतिबेला मेरा दाइ र म बिजुलीको खम्बा समात्न गएका थियौं- ढल्नबाट बच्न । अहिले दाइलाई त्यतिखेर हामीले त बाह्र नम्बरको कोठीको बिजुलीको खम्बा समात्न गएका थियौं भन्दा उहाँ "त्यस्तो होइन, तैंले बिर्सिस् । हाम्रो घरको माथिको पिप्लीको रूख पो समातेका थियौं ।" भन्नुहुन्छ ।

अर्को मलाई के सम्झना छ भने, हामीहरू एक फेरा गुम्बा स्कूल पढ्थ्यौं । गुम्बा भनेको बौद्ध मोनास्ट्री हो । त्यहाँ मलाई बोकेर लगेको घटना याद छ । त्यस्तै मलाई मामाको घरमा बोकेर लगेको घटना पनि याद छ ।

त्यसपछि सायद म दुई तीन कक्षामा पढथें हुँला, मेरा दाइको पढाइ छुट्यो । तर मेरो पढाइ जारी रह्यो । त्यो गुम्बा स्कूल पछि 'म्युनिसिपालिटि फ्री प्राइमरी स्कूल'मा परिणत भयो । त्यो फ्री प्राइमरी स्कूलमा मेरा दाइले पढन पाएनन् । मैले चाहिं पढन पाएँ । त्यस स्कूलमा पढाई शुल्कहरू लिईदैनथ्यो । तर किताब, कापी, कलमको लागि पैसा चाहियो नै ।

त्यसपछि मैले काम गर्न थालें । मैले पहिले पनि भनिसकें, त्यो समय दोस्रो विश्वयुद्धको समय थियो । ब्रिटिश सेनाहरू दार्जिलिङ्गमा खूब आउँथे । र, खर्स्याङ्गको रेल-वे स्टेशनमा उनीहरूका लागि क्यान्टिन खोलिएको थियो । ट्रेनका ट्रेन ब्रिटिश सेनाहरू आउने र जाने गर्थे । दिनको कमसेकम हजार जवानका दरले आवतजावत हुन्थ्यो । ती सेनाहरू खर्स्याङ्गको त्यस क्यान्टिनमा उत्रेर खानेकुराहरू खान्थे । उनीहरूले त्यहाँ रोटी खान्थे । स्याण्डवीच भन्ने रोटी मैले त्यहींबाट थाहा पाएको थिएँ । रोटी अथवा पाउरोटी त्यहाँ मखन लगाएको, जाम लगाएको आदि विभिन्न खाले हुन्थ्यो । त्यहाँ

**म क्रिश्चियनहरूको स्कूलमा पढथें । तर ममा हिन्दूत्वको भावना कुटकुट भरिएको थियो ।**



स्याण्डवीच र चिया यति विघ्न बिक्थ्यो कि एक हात जति लामा लामा पाउरोटीहरू हातले काटेर नपुगी मेशिनले काट्नुपर्थ्यो । त्यहाँ क्यान्टिनमा भोलेन्टेर अंग्रेजहरू भोलेन्टेर काम गर्थे । त्यस क्यान्टिनमा मेरा दाइ पनि काम गर्नुहुन्थ्यो । चिया पकाउने, स्याण्डवीचहरू बनाएको यताउति थन्काउने इत्यादि काम मेरा दाइको हुन्थ्यो । पाउरोटी मेशिनले काट्दाखेरि अलि पाकेको, डढेको जस्तो पाउरोटीका धूलाहरूलाई मेरो दाइले ठूलै झोलामा हालेर बेलुकी घरमा ल्याउनुहुन्थ्यो । बेलुकी चिया पकाएर त्यसको साथमा हामी त्यो पाउरोटीको धूलो खान्थ्यौं । त्यसैले हाम्रो थुप्रै समस्या हल गर्‍यो । त्यसरी मेरो दाइ काम गर्नुहुन्थ्यो । त्यतिखेर दश, बाह्र, पन्ध्र रूपियाँ कति तलब पाउनुहुन्थ्यो त्यो त अहिले मैले बिर्सें । तर त्यो रकममा एक पैसा पनि खर्च नगरी उहाँले आमालाई दिनु हुने कुराको भने मलाई सम्झना छ ।

एकचोटि दाइ र मैले बदमासी गर्‍यौं । चिया पकाउनलाई त्यतिखेर त्यहाँ पत्थरकोइला पाइन्थ्यो । त्यो लगेर त्यै जलाई धुँवा जति फालीकन चिया पकाइन्थ्यो । चियाबाहेक अरू केही पाक्दैनथ्यो । हाम्रो त्यही छोटा सिप्रिङ्ग चिया कारखानाको पत्थर कोइला ल्याएर बाहिर थुप्रो थुपारिराखेको थियो, राख्ने ठाउँ नपाएर । चिया मेशिनमा सुकाउनको निम्ति त्यसो गरिएको थियो । राती दाइ र म मिल्यौं । 'आज त एक डोको चोरेर लैजाऔं ।' भन्ने सल्लाह गर्‍यौं । दाइले बिहान बिहान जहिले पनि किन्नु पर्थ्यो । राती एक एक डोको चोरेर लगेपछि त भोलिको किन्ने पैसा त बचिहाल्यो नि !

**मैले** मेरो नाम विराटनगर आएपछि परिणत गरें । यस सम्बन्धमा पहिलेदेखि नै मैले सोचिसकेको थिएँ । म त्यतिखेर बङ्गाली प्रभावमा थिएँ । जातीय प्रभाव परेको भए मैले अर्कै नाम राख्थें हुँला । तर जातीय प्रभाव पछि पर्‍यो ! त्यसकारण त सोनाम वाङ्दि लामाको पछाडि निर्मल लामा राखेको नि ! मैले ग्राजुएट सिटमा चुनाव लडेको त्यही नामबाट हो ।

म स्कूल पढ्दै गर्दाको एउटा घटना । सायद म १५ वर्षको थिएँ र सात कक्षामा पढथें हुँला ।

म क्रिश्चियनहरूको स्कूलमा पढथें । तर ममा हिन्दूत्वको भावना कुटकुट भरिएको थियो । एक दिन अन्तिम पिरियडमा बेल्जियमको फादरले नैतिक बिज्ञान (Moral Science) पढाउँदा ईशूको विषयमा टिपोटहरू लेखाउँदै गरेका थिए । दुई लहरको डेस्कमा बसेर विद्यार्थीहरू टिपोटहरू लेखिरहेका थिए । फादर बीचमा तलमाथि हिंड्दै टिपोट भट्याइरहेका थिए । म फस्ट बेञ्चमा त्यो पनि फादर घुम्ने छेवैको सिटमा बस्ने गर्थें । पाँच क्लासदेखि नेपाली-बाहेक सबै विषय अंग्रेजीमा नै पढ्ने लेख्ने हुनाले नैतिक बिज्ञान पनि अंग्रेजीमा नै लेख्थ्यौं । एक्कासी फादरले नम्र आवाजमा भन्नुभयो-" मस्तराम ! स्ट्याण्ड अप एण्ड रिड योर नोट्स" । म जुरुक्कै उठें । तर मैले आफ्नो नोट्स पढन सकिन । अरकच्च परिरहें । फादरले फेरि भन्नु भयो, "डोण्ट वरी, रिड ह्वाट यू ह्याभ रिटन । आई ह्याभ सीन इट ह्वेन यू वेयर राइटिङ्ग सिरियसली" । डराई डराई म पढन थालें । राम राम राम ! दुई पेज पूरा राम राम नेपाली शब्दले भरिएको थियो । सम्पूर्ण क्लास गलल्ल हाँस्यो । म डर र लाजले भुतुक्क भएँ । बीचैमा रोकेर फादरले भन्नुभयो, -" इट इज फाइन । यू ह्याभ रिटन योर माइण्डस् भ्वाइस ।" बल्ल मैले मुक्तिको सास फेरें । क्लासको समय नसिद्धिदै फादर गम्भीर भएर क्लासबाहिर निस्कनुभयो । अर्को साता त्यही पिरियडमा फादरले फुलस्केप कागजमा लिथो गरेको बीसवटा प्रश्न भएको प्रश्नपत्र सबै विद्यार्थीहरूलाई बाँडेर एक वाक्यमा उत्तर दिने निर्देशन दिनुभयो ।

प्रश्नपत्रमा कस्तो रङ्ग, कस्तो खाना, कस्तो किताब, कस्तो खेल, कस्तो संगत, पढाइमा कुन विषय मनपर्छ र घर बस्नु र घुम्नुमा कुन बढी मनपर्छ आदि जस्ता प्रश्नहरू थिए । ती कुराहरू अहिले म सबै सम्झन सक्दिन । ती प्रश्नहरू यति सजिला लागे कि मैले आफ्नो केही स्थिति नसोचीकन धमाधम उत्तर लेखें । मलाई निक्कै रमाइलो लाग्यो ।

अर्को साता फादरले पढेर रिजल्ट सुनाउनु भयो, जसमा प्रत्येककोमा यसो नगर्नु उसो नगर्नु भनी निषेध गर्नु पर्ने दुई वाक्यहरू सुनाउनु भयो । मेरो पालीमा 'बिवेयर अफ रेड कलर एण्ड डाउन टु द पिपल' (रातो रङ्ग र गरीब गुरूवाबाट होशियार) सुनाइयो । मैले केही बुझिन र वास्ता पनि गरिन । त्यस्तै 'के भनेको' भनी सोध्दा पनि सोधिंन ।

आज यस विषयमा चियाउँदा म के कुरा बुझ्दछु भने, त्यो फादर पक्कै एक खाइलाग्दो किसिमको मनोबैज्ञानिक हुनुपर्छ । र, मेरा उत्तरहरूभित्र उसले मार्क्सवादको बीज पाएको हुनुपर्छ । जे होस् अन्ततः म एउटा सचेत र प्रतिबद्ध कम्युनिष्ट नै भएँ । ❑

*प्रस्तुतिः* **तुल्सीदास महर्जन**



"साहुनी दुइ-तीनवटा चुरोट पनि पठाउनुस् ।" काउण्टरमा बसेकी सुन्तलीलाई सम्बोधन गर्दै 'समाजवादी'ले भन्यो ।

उनीहरू अहिले राजमार्गको एउटा बिसौनीको एउटा होटेलमा बसेका थिए, सन्ध्याकालीन जलपानका लागि ।

पूर्व पश्चिम राजमार्गमा पर्ने यो ठाउँ जिरोमाइल भनिन्थ्यो । हुन त यो ठाउँको खास नाम अर्कै थियो-बद्रीपुर । त्यसताका राजमार्ग खुलकै थिएन, पछि खुलेपछि, बद्रीपुरलाई सिरानतिर छुँदै पश्चिमबाट पूर्वतिर हानियो राजमार्ग । २०२९ सालमा सोवियत संघको सहयोगमा बनेको पथलैया ढल्केवर खण्डको उद्‌घाटन भएपछि र यातायातका साधनहरूको आवागमन हुन थालेपछि राजमार्गका छेउ-छाउ होटेल-टहराहरू बन्न थाले र आफ्नो साँधभित्र बद्रीपुर पूर्व पश्चिम पनि बिस्तार हुन थाल्यो । तर अचेल त्यो नाम गौण भइदियो । पूर्व पश्चिम राजमार्गलाई उत्तर दक्षिण छिचोल्ने नयाँ मार्गको बिस्तार यहींबाट शुरू भएकोले आधारबिन्दुको गणनाअनुसार जिरोमाइल भनिन थालियो । हुन त सडक मार्गहरूको लम्बाइको नाप मेट्रिक पद्धतिमा हुन थालेको धेरै भैसक्यो, गज, फर्लाङ, माइल जस्ता नापका बेलायती इकाइहरू स्वयं बेलायतबाटै पनि हराइसके होलान्, तर पनि जिरोमाइल, माइलस्टोन जस्ता शब्दहरू अझ पनि प्रचलनमा छँदैछन् भन्ने प्रमाणको रूपमा यो बिसौनी थियो-जिरोमाइल ।

यही बिसौनीको एउटा प्रतिनिधि 'होटेल जिरोमाइल' मा अड्डा जमाएथे उनीहरूले । अहिले जे खाँदैथिए, उनीहरू त्यसलाई 'सन्ध्याकालीन जलपान' भन्ने गर्दथे ।

# जिरो माइल

◆ **इस्माली**

पूर्व पश्चिम राजमार्ग तथा त्यसलाई छेडेर जाने उत्तर दक्षिण सहायक मार्गको बाटोमा गाउँ आउनुभन्दा १ कि.मी. पूर्व, पश्चिम, उत्तर र दक्षिणतिर एक एकवटा स्वागत पट छ । त्यसमा तीनवटा नेपाली, मैथिली र अंग्रेजी भाषामा एकापट्टि 'जिरोमाइल तपाईंको स्वागत गर्दछ' 'जिरोमाइल अहाँ के स्वागत करै छै' 'वेलकम टु जिरोमाइल' र अर्कोपट्टि 'धन्यवाद' र 'थैंक यू' लेखिएको छ । गाउँमा जाँदा स्वागत र गाउँबाट जाँदा धन्यवाद । यही स्वागत पाएर लामो दूरीका कतिपय बसहरू यहाँ चिया नास्ताको लागि अडिन्थे । अहिले पनि दुईवटा बसहरू दुईवटा होटेलका अगाडि लागेका थिए ।

" ए ऽऽ, एक सर्को मलाई पनि दे है ।" भन्दै 'शान्त' ले अन्तिम घुट्को रित्याउँदै गिलास टेबिलमा राख्यो र टेबिलको बीचमा राखिएको स्टिलको 'म्यागी' प्लेटबाट मूलाको चाना टिप्दै चपाउन थाल्यो । चाना चपाउँदा-चपाउँदै उसले अरूहरूको गिलाँसतिर पनि हेऱ्यो, आधी पनि भएको रैनछ । 'थप्नु पऱ्यो एक पेग' ठान्दै रित्तिएको गिलासको पिंधले टेबिलमा ठक्‌ठक् ठोक्यो ।

'होटल जिरोमाइल' यतिखेर व्यस्त थियो, किनभने राजधानी जाने बसले यहाँ 'टि ब्रेक' गरेथ्यो । त्यसैले टेबिल सबै भरिएका थिए र होटल व्यस्त थियो । त्यसैले होटेलको केटो अर्थात् कान्छा तुरून्तै आइहालेन ।

उसले झन जोडले गिलास ठोक्यो टेबिलमा। र मुखले आवाज पनि दियो, ''ए ऽऽ कान्छा ।"

"के ल्याउँ हजूर ?" कान्छा उपस्थित भयो बल्लतल्ल । बसका यात्रुहरू धमाधम उठ्न थालेथे ।

"क्वार्टर ले अरू ।" उसले रित्तो सिसीतिर संकेत गर्दै भन्यो ।

"महुवा कि सोंफी, हजूर ?"

"आधिकै ले न ।"

"अनि, सुन् । एकप्लेट भटमास पनि ले । प्याज अलि भुजरी पारेर हालेस् ।" औंला पोल्न लागेको ठूटो चुरोट देवेश 'शान्त'तिर बढाउँदै रोशनले थप्यो ।

> *समकालीनहरूकाबीच यिनीहरू 'चारतारे' भनी चिनिन्थे, कोही यिनलाई 'जी फोर' पनि भन्थे ।*

उनीहरू जम्मा-जम्मी चारजना थिए ।

स्टालिन 'राष्ट्रवादी' ।

रोशन 'प्रजातन्त्रप्रेमी' ।

जनमत 'समाजवादी' ।

अनि ऊ अर्थात् देवेश 'शान्त' ।

उनीहरू चारैजनाको नामको पछिल्लो शब्द उपनाम थियो । त्यसैले उनीहरू आपसमा प्रायशः उपनामबाटै चिनिन्थे र 'ग्याँग अफ फोर' अर्थात् चौगुटा, संक्षेपमा 'जी फोर' भनिन्थे । यस समूहको पछिल्लो सदस्य थियो-देवेश 'शान्त' ।

चार वर्ण छत्तीस जातको फूलवारीलाई सार्थक बनाउँदै गाउँ विभिन्न जातको संमिश्रण बनेको थियो-बाहुन, क्षेत्री, वैश्य र शूद्र । गाउँ तराईको सिरान र भित्री मेधशको पुछारमा थियो । भित्री मधेश पहाडको पुछार हो । त्यसैले मधेश र पहाडको सीमान्त गाउँ थियो । अतएव गाउँमा पहाडेहरू पनि थिए र मधिसेहरू पनि । आर्य पनि थिए । मंगोल पनि थिए । हिन्दू पनि थिए । मुसलमान पनि थिए । इसाई पनि थिए । तर पनि खास गरेर गाउँलेहरूका थरहरूमा कोइराला, घिमिरे, सुबेदी भुइँहार, हमाल, राणा, सिंहठकुरी, बस्नेत, यादव, राजपुत, कायस्थ, कोइरी, कुर्मी, मगर, घर्ती, सार्की, कामी, डोम, हलखोर मुख्य थिए । गाउँमा माध्यमिक विद्यालय पनि थियो, सिनेमा घर पनि थियो ।

# भद्रपुर मेचीपारिको जंगे पिलरदेखि महाकालीको सिरानको कालापानीको खबरसम्म थाहा थियो गाउँकाहरूलाई । यस्तो खबरको श्रोत थियो- मदन आश्रित चोकको नेपाली भोजनालय ।



सातामा दुईपटक हाटबजार पनि लाग्थ्यो- सोमबार र बिहिबार । गाउँको उत्तरतिर कुनै समय हरियो अहिले चाहिँ फुस्रो डाँडो पनि थियो, पश्चिमतिर जंगल पनि थियो । पहिले 'हरियो वन, नेपालको धन', अचेल बन थियो, हरियाली थिएन, साल-अम्राख थिएन, शिशौ र मसलाका बोट थिए अनि बनमारा घारी पनि यथावत् थियो । पूर्वतिर नदी थियो, बगर-सपाट ढुंगेबगर, बलौटे बगर, दक्षिणतिर धुलौटे गाउँ । गाउँ-गाउँजस्तो थिएन, शहरजस्तो पनि थिएन । गाउँ राजमार्गको बाटोमा थियो, काठमाण्डौंबाट दश घण्टा डाउन, नारायणघाट-भरतपुरबाट चारघण्टा डाउन, हेटौंडा-बिरगंजबाट तीन घण्टा डाउन, जनकपुरबाट एकघण्टा अप, राजविराजबाट चार घण्टा अप, बिराटनगर-धरान, काँकरभिट्टाबाट सात घण्टा अप । त्यसैले सभ्यता संस्कृतिमा त्यति मात्र पछाडि थियो, जति घण्टा बसलाई त्यहाँबाट यहाँसम्म आइपुग्न समय लाग्थ्यो । किनकि पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशातिर जाने त्यताबाट आउने बसमा कोही चढेकै हुन्थे र कोही न कोही ओर्लेकै हुन्थे । त्यति मात्र हैन, घरै बसीबसी संसार हेर्नका लागि यहाँका कतिपय घरहरूले आफ्नो छानामा एण्टिनाहरू ठड्याएका थिए, छातावाल पनि, थाँकावाल पनि ।

गाउँको जनसंख्या त यकिन गर्न गाह्रो होला तैपनि तीन हजारभन्दा बढी र पाँच हजारभन्दा कम अनुमान गर्दा एक दुइ जनगणनाले फरक नपार्ला, किनकि जनसंख्या बृद्धिदर भण्डै दुई प्रतिशत त छ नि ।

गाउँलेहरू यति संवेदनशील थिए कि लज्जावती भार पनि मात खान्थ्यो । चक्का जाम त यिनीहरूका लागि बायाँहातको खेलजस्तो थियो तर पन्ध्रसाल मान्छे किचेकोमा बाहेक अहिलेसम्म चक्काजाम गऱ्या थिएनन् । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको दैनिक खास खबर यिनीहरूलाई थाहा हुन्थ्यो । भद्रपुर मेचीपारिको जंगे पिलरदेखि महाकालीको सिरानको कालापानीको खबरसम्म थाहा थियो गाउँकाहरूलाई । यस्तो खबरको श्रोत थियो- मदन आश्रित चोकको नेपाली भोजनालय । काँकडभिट्टाबाट आउने रेलिमाइ ट्राभल्स भिडियो कोच तथा नेपालगंज जाने मन्दाकिनी नाइट कोचको भोजन बिराम यहीं हुन्थ्यो । त्यसैले यहाँ होटल व्यवसाय फस्टाउँदो थियो । होटलहरूमा अर्थोक नपाइए पनि स्न्याक्समा नूडल्स, चीजवल्स, दालमोट आदि र पेय पदार्थहरूमा जुनसुकै ब्राण्ड पनि सजिलै उपलब्ध हुन्थ्यो, लोकल पनि, डिस्टीलरीको पनि, जाँड-निगार पनि ।

कान्छाले एकैसाथ ल्यायो-क्वाटर महुवा, एक प्लेट भटमास र साथमा प्याजका मसिना चानाहरू अनि चुरोट चार खिल्ली ।

'शान्त' अर्थात् देवेश भन्ने देवेश्वरले क्वाटरको सिसी आफ्नोमा खन्यायो, थोरै बाँकी राखेर । बाँकीको बोतल समायो 'प्रजातन्त्रप्रेमी'ले र सर्भ गर्न लाग्यो तीनजनालाई । 'राष्ट्रवादी'का आँखा लट्ठिसकेथे, त्यसैले उसले आफ्नो गिलास घोप्ट्याइसकेथ्यो । प्रजातन्त्रप्रेमी र समाजवादी दुबैले एकैसाथ चुरोटतिर हात लम्काए । बाँकी दुइटा चुरोट बाँकी दुईजनाले टिपे । शान्तले 'भरे सुत्नेबेलामा खाने' भनेर पहिले कानमा सिउऱ्यो र पछि अरूको आँखा छलेर गोजीमा हाल्यो । प्रजातन्त्रप्रेमीले फिलिमको खलनायक शैलीमा सलाई कोऱ्यो । उनीहरूले आ-आफ्नो ओठमा चेपेको चुरोट सल्काए र सोंफीको चुस्की लिंदै धुवाँका गोलागोला चक्का उडाउन थाले ।

समकालीनहरूकाबीच यिनीहरू 'चारतारे' भनी चिनिन्थे, कोही यिनलाई 'जी फोर' पनि भन्थे । यी मध्ये एउटा ताराको बायोडाटा र सि.भी. अर्थात बैयक्तिक विवरण र करिकुलम भाइटा यसप्रकार थियो ।

नाम- रोशन के.सी.

*उपनाम*- प्रजातन्त्रप्रेमी

*उमेर*- गधापच्चिसं नाघ्न पुरै सात वर्ष बाँकी

*पिताको नाम*- प्रकाश खत्री छेत्री, पेशाः गृहस्थी तथा चवनिया कांग्रेस

*शिक्षा*- म्याट्रिक परीक्षामा तीन चोटी लगातार फेल भएपछि जाँच दिने झंझट नबेसाएको,

*पेशा*- राजमार्गमा चल्ने बसहरूको लागि यात्रुहरूको अग्रिम टिकट काट्ने र कमिशन खाने,

*हबि*- किशोरी केटीहरू देखेपछि सिट्टी बजाउन मन लाग्ने र अप्रत्यक्ष छेडछाड बोल्न जिब्रो सकसकाउने ।

दोश्रो ताराको बैयक्तिक विवरण निम्न बमोजिम थियो ।

*नामः* स्टालिन हमाल

*उपनाम* : राष्ट्रवादी

*उमेर* : गधापच्चीस नाघ्न लागेको

*पिताको नाम* : श्रीधर बहादुर हमाल,

*पेशा* : भूतपूर्व गाउँफर्के तथा बहालवाला कांग्रेस,

*शिक्षा* : चिट्कै बलले एस.एल.सी.पास भएपनि क्याम्पसको जाँच दिने झैंझमेलामा लाग्नुभन्दा मित्रराष्ट्रबाट दशहजारमा फस्ट डिविजनले पास भएको प्रमाणपत्र ल्याएको ।

*पेशाः* अचेल गाउँको माध्यमिक विद्यालयमा भिनाजु निवर्तमान हेडमास्टरका कृपाले सहायक लेखापालमा बहाल भई कार्यरत ।

*हबि* : पत्रमित्र स्तम्भमा छापिने केटीहरूसँगै पत्रमित्रता बढाउने, रेडियो-टि.भीमा फर्मायसी गाना पठाउने, हिरोइनीहरूको फोटो बटुल्ने, फिल्मी पत्रिकाहरू पढ्ने र फिल्म हेर्ने ।

जी फोरको तेस्रो वरिष्ठ सदस्यको परिचय तपसिल बमोजिमको थियो ।

*नाम* : जनमत महतो

*उपनाम* : समाजवादी

उमेर : २०३६ सालको जनमत संग्रहको घोषणा भएको दिन जन्मेको,

*पिताको नाम* : राम खेलावन महतो कोइरी, पेशाः तरकारी किसान तथा भू.पू. नेकपा मार्क्सवादी पार्टी एमालेमा एकीकरण भएपछि एमाले, अनि फेरि एमालेले कमरेड पुष्पलालको विचार व्यवहारमा लागू नगरेको भनी पूनः मार्क्सवादी पार्टी खोलेकोले हाल नेकपा मार्क्सवादी,

*शिक्षा* : कम्पार्टमेण्टल एस.एल.सी. एकैचोटीमा पास भई प्रवीणता प्रमाणपत्र तहमा क्याम्पस भर्ना भएको तथा ने.प्र.वि.यु.बाट स्ववियुको कार्यकारीणी सदस्य उम्मेदवारमा प्यानेल सहित पराजित ।

*पेशा* : विभिन्न पत्र-पत्रिकामा स्थानिय रिपोर्टहरू पठाउने तर स्थानिय संवाददाताको रूपमा कसैबाट मान्यता नपाएको ।

*हबि* : पत्रपत्रिका पसलमै बसेर पढ्ने, राजनीतिक कुराकानीहरूमा भाग लिने, सम्पादकहरूलाई चिट्ठी लेख्ने आदि ।

यस परिवारको अन्तिम सदस्यको चिनारी यस्तो थियो :

*नाम* : देवेश्वर शर्मा, *संक्षेपमा*- देवेश

*उपनाम* : शान्त

*उमेर* : समवयी दौंतरी

*पिताको नाम* : जानकीप्रसाद शर्मा उपाध्याय, *पेशा*- थोर-बहुत जजमानी तथा गाउँको स्वास्थ्य चौकीमा हेड पियन ।

*शिक्षा* : प्रवीणता प्रमाणपत्र तहको दोस्रो वर्षको अंग्रेजी परीक्षा तेस्रो तथा अन्तिम पटक दिएको र परीक्षाफल पर्खेर बसेको ।

*पेशा* : बेरोजगार

*रूचि* : कम्पोण्डरको छोरो भनेर सबैले हियाउने भएकोले तिनलाई हियाएर बोल्न सकिने पदमा बहाल हुने ईच्छा भएको ।

उनीहरू चारैजना लगभग समवयी दौंतरी थिए, असन्तुष्ट थिए । सबभन्दा बढी असन्तुष्ट थियो- देवेश्वर । जतिखेर पनि गंभीर मुद्रामा गम खाएर बसेको हुन्थ्यो, असन्तुष्टीको आवेश पचाउने अभ्यासमा उसको अनुहारमा मुजा परिसकेको थियो । जतिखेर पनि शान्त र गंभीर देखिन्थ्यो, आँधी अघिको शान्ति जस्तो । अनि जब ऊ पिउँथ्यो, दुई गिलाससम्म शान्त नै रहन्थ्यो, तेस्रो पेगमा ओठ जोडेपछि शंकर-मकै पड्केझैं पड्किन थाल्थ्यो देवेश्वर ।


"ए कान्छा, अर्को एक सिसी ले ।" देवेश्वर जोस्सियो ।

"देवेसर ऽऽ !" जनमत महतोले चेतावनीको शैलीमा सजग गराउँदै भन्यो, "भयो, जाऊँ अब ।"

"लास्ट पेग ।" रोशन के.सी.ले सहमतिको स्वर मिलायो ।

"ले....,ले....,!" उनीहरूको निर्णय सुन्न अलमलिएर उभिइरहेको कान्छालाई अह्रायो- देवेश्वरले ।

कान्छाले ल्याउनासाथ देवेश्वरले सबभन्दा पहिले सिसी आफ्नो हातमा लियो र सर्भ गर्नलाग्यो । स्टालिन लट्ठिसकेथ्यो, त्यसैले उसलाई भाग लाएन ।



इस्माली

*युवा कथाकार इस्मालीले लेख्नु भएको एक नयाँ उपन्यास जिरो माइल लाई हामी यस अंकदेखि धारावाहिक रूपमा प्रकाशित गर्दैछौं । यसबाट पाठकहरूलाई वर्तमान नेपाली समाजको एक पक्ष बुझ्न र नेपाली साहित्यको वर्तमान लेखन-प्रवृत्तिसँग साक्षात्कार हुन मौका मिल्ने छ भन्ने हामीले ठानेका छौं । -मूल्यांकन*

दुईटाका भागमा अलिअलि खन्याएर बाँकी रहेको 'बिजुली पानी' आफ्नोमा खन्यायो ।

'ग्याम्वे !'

'ग्याम्वे !'

'ग्याम्वे !'

तीनवटा गिलासहरू तीनजोर अधरहरूमा चुम्वन गर्दाथिए । रोशनले एकै सासमा स्वाट्टै पाऱ्यो र 'हा...हा...' गर्दै खाली गिलासमा सास फाल्दै गिलास टेबिलमा घोप्ट्यायो । जनमतले पनि त्यसै गऱ्यो तर देवेश्वरले स्वाट्टै पार्न सकेन । दुई अम्मल बाँकी राख्यो ।

"स्वाट्टै पार्न यार ! " रोशनले देवेश्वरलाई कर लाउँदै भन्यो । "जाऊँ ढिलो भो ।"

"अँ, ढिलो भो, । यु.एन.ओ. को जनरल सेक्रटरी होस् नि । महासभामा पुग्न ढिलो भो ।" देवेश शान्तले छेड हान्दै भन्यो ।

"छिटो सिध्या, यार । मान्छेहरूले के भन्लान् ? उसबेलादेखि बस्याबस्यै छौं ।" समाजवादीले सामाजिक चिन्ता जाहेर गऱ्यो ।

"छोड् यार, मान्छेहरूले के भन्लान् ? बुझ्नेले केही भन्दैनन् नबुझ्नेले भनेर के गर्ने । कविले त्यसै कोऱ्या छैनन् कविता- 'अरूले पिएकोमा रिस गर्नेहरू हो, पिएर त हेर, पिउन कति गाऱ्हो छ ।'" देवेश झन् भावुक हुनथाल्यो ।

"यो देवेश के भा' को । अब त शान्तबाट अशान्त....। " राष्ट्रवादी बोलेथ्यो यसपटक ।

बल्लतल्ल उनीहरू उठे । होटेलमा अब कुनापट्टिको टेबिल बाहेक अरू खाली थिए ।

"रोशनले त होला नि, हामी त बेगारी भैहाल्यौं ।"

**"बाबुसाहेव भइबक्सँदा-बक्सँदै अरुले तिर्दा हुवाँ बाबुसाहेबको चित्त दुख्दैन ?" समाजवादीले राष्ट्रवादीको मानभाउ बढाउँदै भन्यो ।**

शान्त, जो अझ पनि अशान्तै थियो, ले काउण्टर डेस्कमा राखेको प्लेटबाट सौंप लिंदै भन्यो ।

"आज त कानाकौडी पनि छैन हातमा । एउटा नि प्यासिन्जर फेला पऱ्या हैन आज । सबै भ्याएछ बेचु भुईंहारले ।" टकटकिंदै रोशनले सौंपको फाँको हाल्यो ।

"बाबुसाहेव भइबक्सँदाबक्सँदै अरूले तिर्दा हुवाँ बाबुसाहेबको चित्त दुख्दैन ?" समाजवादीले राष्ट्रवादीको मानभाउ बढाउँदै भन्यो ।

बाबुसाहेब फुरुङ्ग परे । हिंग नभए पनि हिंग बाँधेको टालो थियो । जलपानको बिल अलिकति नगदमा र धेरैजसो बाबुसाहेबको उधारो खातामा लेखियो, जागिर न ठहरियो महिनावारि थाप्ने ।

"जाऊँ हलतिर । शो छुट्या छैन क्यारे ।" समाजवादीले भन्यो ।

"जाऊँ, जाऊँ ।" सबैको सहमति भयो ।

सडकमा एक्कादुक्का रात्रिबसहरू घुईकिंदै थिए । उत्तरतिरको मार्गमा दुइटा ट्रक पार्क गरिएको थियो । सडक क्रस गरेर जनमत 'एकछिन है'




भन्दै ट्रकले छेकिएर 'पाँच मिनट' गर्न लाग्यो । उनीहरूले पनि त्यसमा सल्लाह मिलाए । त्यसपछि उनीहरू सिनेमा घरतिर लागे । स्टालिन हमाल र रोशन के.सी भनेपछि सिनेमा घर त के, हाट-बजार, बस, दोकान कतै पनि रोकटोक हुंदैनथ्यो ।

अझ यो दलको बरिष्ठ तारा आज अनुपस्थित थियो । हुन त उसलाई यो ग्यांगको तारा भन्नु त्यति शोभा दिंदैन । ऊ त संरक्षक- सल्लाहकार थियो र प्रायशः शहरतिर वा राजधानीतिरै रहन्थ्यो । उसको नालीबेली छुटनु ऊप्रति अन्याय हुनजान्छ । सोको जानकारी हुनु आवश्यक छ । त्यसैले,

*नाम :* मुकेश हमाल

*उपनाम :* माइक

*उमेर :* चौगुटमा सबभन्दा जेठो

*हुलिया :* लामा जगल्टे कपाल, तर मुन्द्रा परेका

*पिताको नाम :* पिताम्वर हमाल, जेठा बाबुसाहेब, *पेशा-* गा.वि.स.अध्यक्ष, गाउँका जमिन्दार

*शिक्षा :* काठमाडौंको अधुनिक बोर्डिङ स्कूलबाट एस.एल.सी उर्त्तीण भई आइ.एस्सी.ड्रप गरेको र हरेक साल पहिलो वर्षमा भर्ना हुने गरेको ।

*पेशा :* कालान्तरमा बाबुको बिंडो थाम्नका लागि अहिले बाबुको थाप्लोमा गिरखेल्दै प्रशिक्षित हुने ।

*हवि :* पश्चिमेली सभ्यता संस्कृतिप्रति हुरूक्क हुने, दादागिरी गर्ने ।

हाइभिजन हल अर्थात् सिनेमा घरमा थियो- राजेश हमाल र करिश्मा मानन्धरको 'अल्लारे' । उनीहरू फस्ट क्लासमा छिरे । गेटकीपर बिर्घा कुर्मीको हातबाट टर्च लियो स्टालिन हमालले र मान्छेको मुखमुखमा बाल्दै सिट खोजेको निहुँमा अनुहार नियाल्न थाल्यो । नियाल्दा-नियाल्दै बस्ने जस्तो एउटा ठाउँ फेला पाऱ्यो पनि र गएर बस्यो । एकछिनपछि रोशन के.सी त्यहीं गएर कोच्चियो । जनमत महतो पनि त्यहीं कोच्चियो र देवेश पनि ।

अचानक हलमा हल्ला भयो । एउटी आइमाई कहालिएर कराई र गुहार मागी । हलभित्र अँध्यारो थियो । उनीहरू अँध्यारैमा भागे । कसैले सलाई बाले, कसैले लाइटर । भाग्दै गरेको देवेशमा मानिसहरूको नजर पऱ्यो ।

"समात् समात्, भाग्यो समात्" हलका मान्छेहरू कराए । मान्छेहरूको दौडादौड चल्यो ।

"मुर्दाहरू, आफ्नै आमा, बैनीको छाती माडनु नि !" भन्दै फतफताउँदै सराप्दै थिई एउटी महिला, "कोढले झरिजाओस् तिनको हात ।"

भाग्दाभाग्दै गोडा लरबरिएर देवेश लड्यो र मान्छेहरूले उसलाई चारैतिरबाट घेरिहाले । कसैले पकेटमार भने, कसैले ब्लेकिया भने, कसैले गुण्डा भने र भन्दाभन्दै दुई चार मुक्का दन्काउँदै गए । दनक खाँदाखाँदै ऊ ढल्यो । एक त रक्सीको नशा, त्यसमा पिटाइको चोट, मान्छे पऱ्यो लुरे शिशुपाल, फुकीढल प्राणी, ढलिगो गर्लम्म ।

"भो छोड्दिउँ अब । फेरि सिलटिम्मुर खाला ।" भीडमा कसैले भन्यो ।

"हैन, यसै छोडनु हुंदैन । पुलिस बिटमा बुझाइदिऊँ ।" अर्कोले सुझाव तेर्स्यायो ।

"हो, हो ।" अरूले समर्थन जनाए ।

अनि उनीहरूले उसलाई अर्थात् देवेशलाई राजमार्गको प्रहरी बिटमा पुऱ्याए-धकेला धकेल गर्दै । उसको नाक र मुखबाट रगंत बग्न थालेको थियो । ❑

# घर फर्कने आह्वान

◆ विमल निभा




एमालेका नेताहरूले घर फर्कने आह्वान गर्नुभएको छ । विहानैदेखि सोचिरहेछु, म पनि घर फर्कूँ । तर कुन चाहिं घर फर्कने ? त्यहाँ घरहरू धेरै छन् । एकसे-एक घरहरू ! भाँति-भाँतिका घरहरू ! गजव-गजवका घरहरू ! उदाहरणको लागि, कमरेड माधवकुमार नेपालको घर, कमरेड खड्गप्रसाद ओलीको घर, कमरेड झलनाथ खनालको घर, कमरेड भरतमोहन अधिकारीको घर, कमरेड मोदनाथ प्रश्रितको घर, इत्यादि । एमाले पार्टीमा घरहरूको के अभाव छ ? यतिका घरहरू भएकाले म सारै अल्मलिएको छु । मैले कुन घरमा फर्कनु राम्रो होला ?

यही सिलसिलामा मेरो मनमा केही प्रश्नहरू उब्जिएका छन् । महासचिव कमरेड माधवको घर राम्रो वा अन्य कमरेडहरूका घर ? कमरेड भरतमोहनको घरमा बढी कोठाहरू छन् वा कमरेड महासचिवको घरमा ? कमरेड ओलीको बाथरूम र कमरेड भरतमोहनको बाथरूममा कुन चाहिं ठूलो ? कसको ड्राइङ्ग रूम सबभन्दा आकर्षक लाग्छ ? कमरेड ओलीको अथवा कमरेड झलनाथको ? बेडरूम, किचेन, बाल्कोनी, भऱ्याङ्ग, सर्वेन्ट क्वाटर, पूजाकोठा, स्टोररूम आदिको भव्यतामा कमरेड झलनाथ र कमरेड प्रश्रितको घरमा कुन चाहिं घर अगाडि छ ? के कमरेड प्रश्रितको घर अथवा अन्य कमरेडहरूका घर ? सबै कमरेडहरूका घरको विषयमा म गम्भीरतापूर्वक चिन्तन-मनन गरि-रहेछु । घर फर्कनु भन्दा अघि यो आवश्यक छ । केही थाहा नपाएर त्यसै घर फर्कनु बुद्धिमानी हुँदैन । म कुनै मूर्ख होइन । भूतपूर्व एमाले हुँ ।

म कमरेड झलनाथको भर्खरै धूमधामले निर्माण गरिएको घरको छेउमा बस्छु । एउटै टोल हो । डल्लु टोल । अतः मलाई उहाँकै घरमा फर्कनमा सुविधा छ । बेसी परिश्रम गरिरहनु पर्दैन । बीस-पच्चीस पाइला हिंड्यो - घर ठयाक्कै आइहाल्छ । कमरेडको घर पनि भव्य छ । आकर्षक भयालहरूमा बेल्जियमको सीसा फिट गरिएको छ । त्यो दामी सीसाबाट हेर्दा संसार कस्तो देखिन्छ ? के पूरै वर्गमुक्त ? अथवा अति सुन्दर एवम् शान्त ? द्वन्द्वरहित देखिन्छ कि ? सबै प्रकारका संघर्षदेखि अलग-थलग ? अहिले त म कल्पना मात्र गर्न सक्छु । त्यहाँ गएपछि थाहा होला । त्यसो भए के म कमरेड झलनाथकै घरमा फर्कूँ ?

हुन त कमरेड प्रश्रितको घर पनि त्यति पर छैन । उहाँको घर पनि यतै छ । यसो अलि झट्केर हिंडने हो भने पाँच-दश मिनेटमैं पुग्न सकिन्छ । कमरेड प्रश्रित एक प्रगतिशील साहित्यकार । गोलघरको सन्देशको चर्चित रचयिता । अचेल आफ्नै नयाँ घरको सन्देश दिनमा अहोरात्र व्यस्त हुनुहुन्छ । सेठ-साहुकारहरूसंग सापटी (कुन्नि फर्काउनु पर्छ अथवा पर्दैन) लिएर बनाइएको घर । यस सम्बन्धमा उहाँले एउटा लेख नै लेख्नु भएको थियो । निकै मनोरञ्जक थियो । म पनि साहित्यकै एक बटुक भएकोले कमरेड प्रश्रितकै घरमा फर्कनु उपयुक्त होला । उहाँको घरको नाम मलाई मन पर्छ । गौथलीको गुँड । तर उहाँको उन्नत कायाले गौथलीको आभास दिदैन । जेहोस्, सिमेन्ट इँट, बालुवा र छडले निर्मित यो दुनियाँको एकमात्र गौथलीको गुँड हो । म कमरेड प्रश्रितकै घरमा फर्कन्छु ।

कमरेड भरतमोहनको घरमा बढी कोठाहरू छन् वा कमरेड महासचिवको घरमा ? कमरेड ओलीको बाथरूम र कमरेड भरतमोहनको बाथरूममा कुन चाहिं ठूलो ?



तर घर फर्कने हो भने महासचिव कमरेड माधवकुमारको घरमा किन नफर्कने ? चानचुने नेताहरूका घरमा फर्कनु भन्दा उहाकै घरमा फर्कनु बेस ! केही टाढा अवश्य छ । त्रिपुरेश्वर, माइतीघर र नयाँवानेश्वर नाघेर कोटेश्वरसम्म पुग्नुपर्छ । ट्रलिबसको प्रयोग गरे पनि हुन्छ । कमरेडको अर्को घर रौतहटमा पनि छ । अन्त पनि हुनसक्छ । तर म त्यति झन्झट गरिरहने पक्षमा छैन । कोटेश्वरको घर नै ठीक छ । उहाँको घर बाहिरबाट जस्तो देखिएता पनि भित्रबाट शानदार छ । यो उहाँकै एक भित्री कमरेडको भनाइ हो । त्यसैले विश्वास गर्नैपर्‍यो । उहाँ अर्थात भित्रि कमरेड सधैं बिहान-बिहान महासचिव कमरेडको घरमा पुग्ने गर्नुहुन्छ । यसका दुई फाइदा छन् । एक, मर्निङ वाक भयो, स्वास्थलाई उत्तम र दुई, महासचिवको दिव्य मुहारको नित्यदर्शन पनि भइगयो । यसले राजनैतिक स्वास्थलाई सुधार्ने ग्यारेन्टी छ । यस्तो उच्च कोटीको फाइदा हुने भएकोले मैले पनि महासचिव कमरेड माधवकुमार नेपालको घरमा फर्कनु पर्ला । यहीं सर्वथा उचित हुनेछ ।

कमरेड ओलीको घरको विषयमा मलाई त्यस्तोविधि आइडिया छैन । कुन्नि, राजधानीको कुन क्षेत्रमा अवस्थित छ ? कति तलाको छ ? झट्ट हेर्दा कस्तो देखिन्छ ? कुन ठेकेदारले बनाएको हो ? डिजाइन कस्तो छ ? वास्तवमा मलाई केही थाहा छैन । तर उहाँको घरको गोप्य-गोप्य कक्षको पनि विशद् जानकारी राख्नेहरू एमालेमैं मौजुद छन् । यस्ता भीषण ज्ञानीहरू, कमरेड ओली कुन कोठामा सुत्नु हुन्छ, स्वप्न कस्तो देख्नु हुन्छ र कति बजे ब्युँझनु हुन्छ, सबै सहजै भन्न सक्छन् । त्यसैले कमरेड यस्तालाई असाध्यै मनपराउनु हुन्छ । यो मायाको एमालेमा गहिरो अर्थ छ । महासचिव कमरेडभन्दा कमरेड ओलीको वरदान दिने क्षमता बढी छ भनिन्छ । हो, भक्ति चाहिं निरन्तर गरिरहनु अनिवार्य छ । त्यसउसले कमरेड ओलीको घरमा फर्कनु पनि मेरो लागि घाठाको कारोवार हुने छैन । उहाँको घरले एमालेमा तीर्थस्थलको हैसियत राख्छ । म एक धार्मिक व्यक्ति हुँ । भजन मेरो स्वभाव हो ।

अतएवं म कमरेड ओलीकै घरमा फर्कन्छु ।

अव कमरेड मनमोहन अधिकारीको घरमा फर्कने कुरै आउँदैन । उहाँ स्वर्गीय भइसक्नु भएको छ । स्वर्गको घरको के भर ? जहाँसम्म यही भूमितलको घरको कुरो छ, उहाँको घरमा बस्नेहरू- पत्नी साधना अधिकारीलाई एमालेले घरबाट निष्कासित गरेको व्यापक चर्चा छ । अस्तिको निर्वाचनताका कमरेड मनमोहनद्वारा रिक्त स्थानमा टिकट नदिनु र आश्वासन दिएर पनि साधना अधिकारीलाई राष्ट्रियसभाबाट वञ्चित पार्नु के घरनिकाला होइन ? जब स्वर्गीय अध्यक्षकै घरका सदस्यहरूको यो अवस्था छ भने मैले उहाँको घरमा गएर के गर्ने ? त्यो घरमा जाने मेरो ईच्छा छैन । भए पनि अहिले मैले स्थगित गरें । घर भन्दैमा जुनसुकै घर पनि फर्कन योग्य हुँदैन, यो मलाई थाहा छ ।

एमालेका सानातिना कमरेडहरूले पनि ठूला-ठूला घर ठड्याउनु भएको छ । तारिफ गर्नै पर्छ । उहाँहरूका टोपी खस्ने घर देखेर म त सदैव दङ्ग पर्छु । घरको मामलामा एमालेलाई कसैले चुनौति दिन सक्दैन । यही पंक्तिमा एनजीओ कमरेड प्रदिप नेपालको घर पनि पर्छ । मानिस विचार र व्यवहारले जस्तो भए तापनि उहाँको घर भने आलीसान छ । तर उहाँको घरको कुरा गर्न मलाई डर लाग्छ । एकपटक गर्न खोज्दा (प्रतिपक्ष साप्ताहिकमार्फत्) झन्डै उहाँले ममाथि आक्रमण गर्न लगाउनुभयो । साक्षी उहाँकै घरवाली अर्थात् श्रीमती हुनुहुन्छ । बल्ल बाँचियो । तर यो बेग्लै प्रसङ्ग हो । कुनै वेला सविस्तार लेखौंला । त्यसैले उहाँको घरमा फर्कने मेरो कुनै चान्स छैन । उहाँले मलाई स्वीकार गर्नु हुने छैन । अन्य एमाले कमरेडहरू भीम रावल, कृष्णगोपाल, रामगोपाल, हरिगोपाल, लक्ष्मीगोपाल आदिका घरहरू पनि कम छैनन् । कतिपयको घर त बल्खू-दरवारकै टक्करको छ । अझ उच्चस्तरको पनि हुनसक्छ । एमालेमा घरहरूका कुनै कमी छैन । यसको केन्द्रिय विचारधारा वहुदलीय जनवाद हो या वहुदलीय घरवाद, भन्न गाह्रो छ । म सधैं झुक्किन्छु । जेहोस्, मार्क्सवादमा घरहरूमा अतीव सम्भावना रहेछ । यो एमालेले सिद्ध गरेर देखाइदियो । मैले अघि नै भनें यहाँ घरहरूको कुनै अभाव छैन । रोजी-रोजी फर्कन सकिन्छ । पूरै सहुलियत छ । त्यसैले म बिहानैदेखि सोचमा निमग्न छु, मैले कुन चाहिं घरमा फर्कनु उचित हुनेछ ? ❑

*२०५१ असोज महिनाको 'नौलो कोसेली' साहित्यिक पत्रिकामा निस्केको मेरो एउटा छोटो कथा 'पुरानो साथी'लाई थोरै संपादन गरी म यहाँ प्रस्तुत गर्न चाहन्छु ।*

कथा

# पुरानो साथी

*म परें प्रतिपक्षी पार्टीको एक कार्यकर्ता र मेरो एक पुरानो साथी पर्‍यो- कर कार्यालयको एक नम्बरको घुस्याहा जागीरे । घूस खाएरै उसले शहरमा तीन वटा ठूला ठूला घरहरु बनाएर भाडामा लगाएको छ ।*

*म राजनीतिक व्यक्ति भएको हुँदा प्रायः ऊ मसंग राजनीतिको कुरा गर्ने रुची गर्छ । ऊ मेरो पार्टीको अन्धविरोध गर्छ । सत्तापक्षले गतिलो काम केही पनि गर्न नसकेकोले लाजले गर्दा सोझै ऊ सत्तापक्षको प्रसंसा नै गर्न चाँहि सक्दैन र पनि घुमाउरो पाराले भने ऊ सत्ताधारी पार्टीको पक्ष लिनेगर्छ । सत्ताधारी पार्टीले काम गर्न नसकेकोले मात्र हैन, धेरै कुकामहरु समेत गरेकोले उसलाई मसंग कुराकानी गर्न थप कठिनाइ पर्नेगर्छ ।*

*एकदिन कुराकानीको क्रममा उसले मलाई भन्यो- "जनताको पक्षमा सत्तापक्षले मात्रै काम गरेन भन्न पाइन्छ ? प्रतिपक्षले पनि त खाली सडक-आन्दोलन मात्र गरेर बोर गर्‍यो नि ।"*

*उसले यसो भनेको केही दिनपछि हाम्रो सडक-आन्दोलन रोकियो ।*

*तर त्यतिखेर पनि उसले हाम्रो विरोध गर्न भने छोडेन, मलाई भन्यो- "प्रतिपक्षले अलि अलि विरोध गर्थ्यो सडकबाट, अब त यसले त्यो गर्न पनि छोड्यो । यसरी प्रतिपक्ष आफ्नो कर्तव्यबाट च्यूत भयो ।"*

*हरेक घटनामा ऊ मेरो पार्टीलाई नै दोषी ठहर्‍याउँथ्यो । पक्षपात गरेर सत्तापक्षले जिल्ला वा टोलको विकास-बजेट रोकिदिंदा, ऊ भन्थ्यो- "प्रतिपक्षले झगडा गरेर पनि बजेट ल्याउनु पर्थ्यो ।"*

*बजेट रोकेको विरोधमा हाम्रो पार्टीले उसले भनेझैं झगडा गर्‍यो, त्यतिले पनि नपुगेकोले यसले आन्दोलन नै पनि गर्‍यो, तर उसले भने त्यसको पनि विरोध गर्‍यो । उसले भन्यो- "प्रतिपक्ष वार्ता वा संझौताको भाषा नै नबुझ्ने अराजक र उग्रवादी दल बन्यो । यसले विरोधको लागि विरोध गरिरहेछ ।"*

*पछि हामीले आन्दोलन अन्त गरी सत्ता पक्षसंग संझौता गर्‍यौं । यो संझौता उसले माग गरेको कुरा नै थियो र पनि, अझै उसले भन्यो- "संझौता गरी प्रतिपक्षले आफ्नो लडाकूपन त्याग्यो, अब जनताले यसलाई किन राम्रो मान्ने ?"*

*यसपछि उसले संसदमा प्रतिपक्षले कडाभन्दा कडा विरोधमा उत्रेर "संसदीय तरीका" ले नै, बरु जबरजस्ती गरेरै पनि, सत्तापक्षलाई राम्रो काम गर्न बाध्य गर्नुपर्छ भन्ने राय व्यक्त गर्न थाल्यो ।*

*संयोगवंश, हाम्रो पार्टीले केही दिनपछि नै उसले भनेजस्तै गर्‍यो ।*

*तर अब उसले भन्न थाल्यो- "संसदमा जबरजस्ती गर्ने यस्तो गैर जिम्मेवार काम प्रतिपक्षले गर्नुहुन्नथ्यो । त्यसैले प्रतिपक्ष गतिलो छैन ।"*

*पछि पछि त उसले यस्ता विसंगत तर्कसमेत राख्न थाल्यो- "विरोध गर्नु प्रतिपक्षको प्रमुख कामै हो, यसले अस्ति प्रधानमन्त्री कार्यालयसामु धर्ना दिएको ठीक हो, धर्ना त दिनु पर्थ्यो, तर बाटो छेक्नु हुन्नथ्यो, चौर ढाक्नु हुन्नथ्यो ।"*

*"हड्ताल त गर्नुपर्थ्यो तर स्कूल-कलेज, कार्यालय र कारखानाहरु चाहिं चालू नै हुन दिनुपर्थ्यो ।"*

*"नेपाल बन्द चाँहि हुनुपर्थ्यो तर शिक्षण संस्थाहरु, गाडी र पसल चाँहि खुल्न दिनुपर्थ्यो ।"*

*"जुलूस त गर्नैपर्थ्यो तर जनताका छोराछोरीलाई जुलूसमा सामेल गरेर घाममा शहर परिक्रमा गराउनु ठीक थिएन, सडकमा भीडभाड र नाराबाजी गरिनु ठीक थिएन ।"*

*जव म उसका यस्ता तर्कहरुको खण्डन गर्थें, तब चाँहि ऊ तर्कसर्क छोडेर माथि भनेझैं प्रतिपक्षको विरोधमा सोझै उत्रन्थ्यो ।*

*पछि मैले सोचें- वास्तवमा, यदि उसले चाहेकोझैं गर्दै जाने हो भने यो देशमा प्रतिपक्ष उठेको छ भने बस्नुपर्थ्यो, बसेको छ भने सुत्नु पर्थ्यो, सुतेको छ भने बेहोश हुनुपर्थ्यो, बेहोश भएको छ भने मर्नु पर्थ्यो ।*

*तैर के उसैको मागबमोजिम प्रतिपक्ष यसरी मर्‍यो नै भने चाहिं उसले स्याबासी देला त ? मेरो दिमागमा यो प्रश्न पैदा भयो ।*

*मलाई लाग्छ, पक्कै पनि, त्यतिखेर पनि उसले प्रतिपक्षलाई जस दिने छैन, ऊ भन्ने छ- "प्रतिपक्ष लाछी रहेछ, मर्‍यो ।"*

*यो कुरा मनमनै गुनेर आजकाल म उसंग भेट हुँदा राजनीतिक कुरै गर्दिनँ र ठाडै भन्ने गर्छु- "भैरबप्रसाद ! सत्तापक्षको चाकडी गरेर, भ्रष्टाचार गरी यो देशलाई डुबाउन खोज्ने तँ बेवकूफ अवसरवादी नोकरशाह, तँ मसंग राजनीतिका कुरा गर्न बन्द गर् ।"*

*मेरो यो कडा प्रतिवादपछि पनि ऊ मसंग कुरा गर्न आउन चाँहि छोडेन, बरु म नै उदेखि परपर भएर तर्केर हिंड्नथालें ।*

## पूर्वाग्रहको संस्कृति

# जब सज्जन छिमेकी पनि 'चोर' जस्तै लाग्न थाल्छ

◆ हरिगोविन्द लुईटेल ◆

पाठकवृन्द ! माथिको कथाको पात्र 'भैरवप्रसाद'लाई तपाईंले पनि जीवनका विभिन्न नाका र गौंडाहरूमा भेट गर्नुभएको होला ।

हो यी 'भैरवप्रसादहरू'लाई हामीले कुनै पनि कुराले चित्त बुझाउँन सक्दैनौं । उनीहरू बेढंगका तर्क गर्छन् । तर्कले नभ्याएर कुतर्क गर्छन् र घुमीफिरी हाम्रो अस्तित्वलाई नै नकार्न चाहन्छन् । उनीहरू हामीप्रति यत्ति धेरै पूर्वाग्रही बनेका हुन्छन् कि उनीहरू हामीले जे गरेपनि हाम्रो विरोध गर्न छाड्दैनन् । जे गरेपनि हामीलाई स्यावास् भन्दैनन् । यत्तिसम्म कि

*हो यी 'भैरवप्रसादहरू' लाई हामीले कुनै पनि कुराले चित्त बुझाउँन सक्दैनौं । उनीहरू बेढंगका तर्क गर्छन् ।*

हामीले उनीहरूका निम्ति प्राण नै त्यागी दियौं भने पनि उनीहरू हामीलाई स्यावासी दिनुको साटो खिसीट्यूरी र अपमान गर्न पछि पर्दैनन् ।

वास्तवमा ती 'भैरवप्रसादहरू' को मनमा हामीहरूप्रति ठूलो पूर्वाग्रह छ । त्यसैले उनीहरू हाम्रा काम हेरेर हामीप्रति धारणा बनाउँदैनन् । धारणा बनाउँने बस्तुगत बाटो उनीहरूलाई स्वीकार्य छैन । उनीहरू अत्यन्त 'मनगढन्त' तरीकाले धारणा बनाउने बाटो अप्नाउँछन् । उनीहरूलाई हाम्रो अस्तित्व नै स्वीकार्य छैन । तीव्र अस्वीकृति मन मस्तिस्कमा बोकेर उनीहरू 'लोक लाज'ले गर्दा हामीसँग असहमति रहेको देखाउने 'इस्युहरू' खोज्न थाल्छन् । हामी उठेमा त्यो उठ्नुनै उनीहरूका लागि इस्यु भैदिन्छ, बसेमा बस्नु नै । र, अन्ततः हाम्रो बाँच्नु स्वयं नै उनीहरूलाई विरोधको निमित्त इस्यु बन्छ । हुंदाहुंदै त हाम्रो मर्नु स्वयं पनि त्यस्तै इस्यु बन्छ ।

यदि 'भैरबप्रसादहरू' पूर्वाग्रहले पीडित नभएको भए उनीहरू हामीलाई हाम्रो काम हेरेर 'स्यावास' पनि भन्थे होलान् । "अहो ! मैले चाहे जस्तै तपाईले कदम चालीदिनु भएकोमा म खुसी छु, धन्यवाद छ !" भन्थे होलान् । बरू अझै थप्थे होलान्- "यत्ति त ठीक छ, तर तपाई अझै यो भन्दा पनि बढी मैले चाहेझैं बन्नु होला ।" यसो भनेर हामीप्रति उनीहरू अझै असन्तुष्ट चाहिं हुन्थे होलान् ।

तर उनीहरू पूर्वाग्रहले टुपीसम्मै पुरिएका छन् । हामीप्रति उनीहरूको दिलदिमागभित्र पहिले नै निश्चित धारणा बनीसकेको छ । त्यही पूर्वधारणा अनुसार उनीहरू हामीलाई लिन्छन्, चाहे हामी जे गरौं, जे बोलौं । काम हेर्नै पर्दैन, उनीहरू धारणा बनाइसक्छन्, कुरा सुन्नै पर्दैन उनीहरू धारणा बनाइसक्छन् । हामी जत्ति नै बदलिए पनि उनीहरूको धारणा बदलिंदैन ।

धन्न 'भैरवप्रसादहरू' !

एउटा नेपाली शब्दकोषले 'पूर्वाग्रह'को शब्दार्थ यसरी दिएको छ- " कुनै विषय, समस्या आदिमाथि तर्क, बादविवाद, वा विचार गर्दा कसैले नयाँ सोचाई वा सिद्धान्त ग्रहण नगरी आफ्नो पूर्वनिश्चत धारणा अनुरूपनै लिने अड्डी !" यसै गरी यसलाई थप प्रस्ट्याउँदै शब्दकोष भन्छ- "परिवर्तित समय वा परिस्थितिका कुरा नबुझी आफ्ना कुरालाई नै बढी महत्व दिने जिद्दीवाल प्रवृत्ति, एकोहोरो हठ, ढिपी !"

वैज्ञानिक अनुसन्धान पद्धतिमा पूर्वाग्रहलाई विशेष चासोका साथ लिने गरिन्छ । अनुसन्धानकर्ताको पूर्व विश्वास वा पूर्व मान्यताले अनुसन्धानलाई प्रभाव नपारोस्, र अनुसन्धान नितान्त वस्तुगत होस्, यसको नतिजा पनि वस्तुसम्मत रूपले आओस् भन्ने उद्देश्यले पूर्वाग्रहबाट बच्ने, चनाखो बन्ने कुराले ठूलै महत्व पाउने गरेको छ । अनुसन्धानको खाका तयार गर्नेदेखि लिएर यसको प्रकृयाको डिजाइन गर्ने र तथ्य-तथ्यांकको संकलन, संग्रहण, विश्लेषण एवं प्रस्तुति गर्ने तह लगायतका सबै तहहरूमा अनुसन्धानकर्ताको पूर्वाग्रहले असर नगरोस् भनी ती ती तहहरूका कामहरूलाई विशेष रूपले जाँचपरख गरेर सम्पन्न गर्ने गरिन्छ ।

वास्तवमा वैज्ञानिक दर्शनमा आधारित भएर समाज परिवर्तनको बाटोमा लागेका बामपन्थी नेता-कार्यकर्ताहरूले पनि कुनै पनि कुराबारे धारणा बनाउनु अघि वैज्ञानिक पद्धति अपनाउने र त्यसमा पूर्वाग्रहबाट बच्ने, मुक्त हुने उपाय खोज्ने गर्नु जरूरी नहोला ?

हाम्रो समाज पूर्वाग्रहले ज्यादा नै पिडित समाज हो । पहिले नै कुनै कुराप्रति विश्वास वा अविश्वास गरिहाल्ने, अनि त्यस विश्वास वा अविश्वासका आधारमा धारणा बनाउने । यस्तो चलन यहाँ धार्मिक-समाजिक क्षेत्रमा व्याप्त छ । 'भगवान' मान्नेले त्यो भगवानको कमजोरीको कुरै सुन्न चाहँदैन । "तिम्रो भगवान 'कृष्ण'को यौन चरित्र चाहिं आलोच्य छ नि !" कसैले भनेको सुन्दा कृष्णभक्त रिसाउँछ । कृष्णप्रति ऊभित्र यत्ति पूर्व-आग्रह पैदा भैसकेको छ कि ऊ कृष्णको प्रसंशामात्र सुन्न चाहन्छ । कृष्णको आलोचना सुन्नु परेमा ऊ क्रोधले आगो हुन्छ । चन्द्रमामा मान्छे पुगेको कुरा सुन्नै नचाहने पुराना विचारका बुढाखाडाहरू हामी हाम्रो समाजमा थुप्रै भेट्छौं । उनीहरूलाई हामीले जत्ति नै प्रमाण जुटाएर कुरा गरेपनि उनीहरू आफ्नो ढीपी छाड्दैनन् । तर्कले नपुगेर उनीहरू कुतर्क समेत गर्न थाल्छन्- "त्यो रकेट यही पृथ्वीकै कुनै निर्जन ठाउँमा पुग्यो, अनि त्यसैलाई चन्द्रमामा पुगेको भन्ठानेका हुन् यिन्ले !"

**- पूर्वाग्रहीहरू अरूका कुरा पढ्दैनन् ।**
**- कसैले भन्नु अगाडि नै उनीहरूले बुझ्री सक्छन् । कसैले लेख्नु अगाडि नै उनीहरू पढीसक्छन् ।**

स्वास्थ्य-उपचारका क्षेत्रमा, सामाजिक व्यवहारका क्षेत्रमा, घर परिवार संचालनका क्षेत्रमा लगायतका धेरै ठाउँमा मानिसहरूभित्र रहेको पूर्वाग्रहका कारण ठूल्ठूला अन्धविश्वास, रूढी र विसंगतिहरू बाँचीरहेको हामी पाउँछौं । यही प्रवृत्ति राजनीतिक क्षेत्रमा पनि उल्लेखनीय रूपमा पसेको छ । व्यक्तिमत र वर्गगत स्वार्थका कारण घोर पूर्वाग्रही बनेका सत्तापक्षीय 'भैरवप्रसादहरू' यहाँ थुप्रै छन् । उनीहरू जुनसुकै स्थितिमा पनि प्रतिपक्षलाई स्वीकार्दैनन् । आँशिक रूपमा पनि स्वीकार्दैनन् ।

माथि कथामा प्रयुक्त पात्र यो 'भैरवप्रसाद' भन्दा अलि भिन्न प्रकृतिका पूर्वाग्रहीहरू पनि राजनीतिको मैदानमा यहाँ धेरै पाइन्छन् । भिन्न प्रकृति, किनभने, उनीहरू व्यक्तिगत वा वर्गगत स्वार्थका कारण हैन, सांस्कृतिक पछ्यौटेपनका कारण घोर पूर्वाग्रही बनेका छन् । इमान्दार छन्, सोभा छन्, मिहिनेती छन्, बाम वा प्रजातान्त्रिक आन्दोलनमा सक्रिय छन्, तर घोर पूर्वाग्रही छन् । उनीहरू आफू शुरूमै कुनै नेता वा पार्टीप्रति अगाध आस्था र विश्वास गर्ने गर्छन् । अरू नेता वा पार्टीप्रति अनास्था र अविश्वास गर्ने गर्छन् । अनि त्यो 'आफ्नो' भनेको नेता वा पार्टीमा सबैकुरा राम्रै राम्रो मात्र देख्न थाल्छन् । 'अर्को' भनेको नेता वा पार्टीमा नराम्रै मात्र देख्न थाल्छन् । आफ्नोले गरेका त्रुटीहरू उनीहरूलाई 'त्रुटी' नै लाग्न छोड्छ । आफ्नोले गरेका 'सात खत'हरूलाई पनि उनीहरू माफी दिन्छन् । 'आफ्नो' का कमजोरीहरू कसैले खुट्याइदियो भने उनीहरू त्यो कमजोरी खुट्याइदिनेलाई 'धन्यवाद' दिने त परको कुरा, ऊसँग भयंकर क्रुद्ध हुन्छन् । आलोचनालाई विरोध ठान्छन्, मित्रवत् विरोधलाई पनि शत्रुवत् आक्रमण ठान्न थाल्छन् । हुँदाहुँदा त आलोचक 'मित्र' उनीहरूका लागि ठूलो 'खतराको विषय' बन्न पुग्छ । मौन, तर खतरनाक शत्रु भने उनीहरूका लागि 'प्रिय पात्र' बन्न पुग्छ ।

- पूर्वाग्रहीहरू अरूका कुरा सुन्दैनन् ।

- पूर्वाग्रहीहरू विचारका आधारमा, तथ्यका आधारमा हैन, अन्ध आस्था, अन्धविश्वासका आधारमा धारणा बनाउँछन् ।

- 'आफ्नो' ठानेकोले गरेको ठूला गल्तीहरूलाई पनि उनीहरू गल्ती ठान्दैनन्, अरूले गरेका सानो गल्तीलाई पनि 'अपराध' ठान्छन् ।

- आफ्ना आँगमा भैसी हिंडेको नदेख्ने, अर्काको आँगमा जुम्रा हिंडेको पनि देख्ने बानी उनीहरूको हुन्छ ।

- पूर्वाग्रहीहरू अरूका कुरा पढ्दैनन् ।

- कसैले भन्नु अगाडि नै उनीहरूले बुझ्री सक्छन् । कसैले लेख्नु अगाडि नै उनीहरू पढीसक्छन् ।

- पूर्वाग्रहीहरूमा ग्रहणशीलता अत्यन्त कम हुन्छ । तर्कशीलता मर्दै गएर उनीहरूमा अवसरवादी कुतर्कशीलता हावी हुँदै जान्छ ।

- पूर्वाग्रहीहरू इतिहास र भविष्य दुवैप्रति इमान्दार हुँदैनन् ।

- पूर्वाग्रहीहरू वास्तवमा र अन्ततः आफ्नै लागि पनि हानिकारक हुन्छन् । तर त्यो हानी ब्यहोर्नु परेपछि पनि उनीहरू पूर्वाग्रही नै रहन भने छाड्दैनन् । आफ्नो अबुद्धिमानीले गर्दा हानी ब्यहोर्नु परेको कुरा उनीहरू स्वीकार्दैनन् । केही सीप नलागेमा उनीहरू भन्न पुग्छन्- "भाग्यमै यस्तो लेखिएको रहेछ ! अब के गर्ने त ! ?"

वास्तवमा पूर्वाग्रहको यो संस्कृतिलाई हाम्रो बाम- आन्दोलनमा हामीले छानवीन गर्ने हो भने यो यहाँ कत्ति परिमाणमा पाइएला ? पूर्वाग्रहको कुन हदको शिकार भएको होला यो आन्दोलन ? टुट-फूट र अनेकताले युक्त नेपाली बामआन्दोलन अस्तित्व-स्वार्थका कारण पनि अलि बेसी नै पूर्वाग्रहको शिकार भएको हो कि ? वैज्ञानिक विश्वदृष्टिकोण निर्माणको कामले पार्टीहरूमा माथिदेखि तलसम्म आवश्यक महत्व नपाएकोले पनि यो पूर्वाग्रहको संस्कृतिले ज्यादा मौलाउने अवसर पाएको हो कि ?

अन्त्यमा, चिनियाँ लोककथाको एक पात्रको उल्लेख गरौं । आफ्नो बन्चरो हराउँदा कुनै छिमेकीमाथि उसले चोरीको शंका गर्‍यो । त्यो छिमेकीको हिंडाई, बोलाई, हेराई सबै उसलाई चोरकै हिंडाई, बोलाई, हेराई जस्तै लाग्यो । भोलिपल्ट थाहा भयो- बंचारो त आफ्नै घरमा कतै अल्मलिएको रहेछ । त्यसपछि त्यो छिमेकीप्रतिको उसको शंका स्वतः दूर भयो । अब त्यो छिमेकीको हिंडाई, बोलाई, हेराई सबै उसलाई चोरको हैन, कुनै सज्जन भलाद्मीको जस्तो लाग्नथाल्यो । ❑

अचेल


# यहाँ कार्यकर्ताहरू दुब्लाउने तथा नेताहरू मोटाउने भइरहेको छ

## खड्गबहादुर बुढामगर

*माओवादी पार्टीबाट सांसदसम्म भइसक्नु भएका र लामो समयसम्म त्यही पार्टीमा रहेर काम गरिसक्नु भएका खड्गबहादुर बुढामगर अहिले पार्टी छोडेर व्यक्तिगत जीवन बिताइरहनु भएको छ । माओवादी पार्टी छोडे पनि उहाँको जीवन खतराबाट मुक्त भइसकेको छैन । त्यही खतराले गर्दा ३/४ वर्षदेखि उहाँ आफ्नो गाउँ रूकुम जान सकिरहनु भएको छैन र परिवारबाट अलग्गिइरहनु परेको छ– उहाँलाई ।*

*२००९ साल माघ महिनामा रूकुम, चौखावाङ गा.वि.स. हिलमा बावु भीमबहादुर बुढामगर र आमा भीमाली बुढामगरको पहिलो सन्तानको रूपमा उहाँको जन्म भएको थियो । २०२५/०२६ सालतिरै उहाँले नेपाल कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गरिसक्नु भएको थियो र २०३३/३४ सालतिर उहाँ नेकपा चौंथो महाधिवेशनमा प्रवेश गर्नुभएको थियो । चौथो महाधिवेशनको फूटपछि उहाँ मोहनविक्रम सिंहको समूहमा र त्यसको पनि फूटपछि मोटो 'मशाल' मा रहनु भएको थियो । त्यसंपछि उहाँ लगातार त्यसमै (पछि, एकतापछि र पुनः फूट नहुन्जेल एकता केन्द्रमा पनि) रहेर २०४८ सालको आम चुनावमा त्यही पार्टीबाट सांसदमा पनि निर्वाचित हुनु भएको थियो ।*

*मोटो 'मशाल' मा रहँदा उहाँ पटकपटक गरी ८ वर्षसम्म जिल्ला सेक्रेटरी तथा क्षेत्रिय ब्यूरो सदस्यमा पनि रहनुभयो । संसदमा निर्वाचित भएर धेरै समय काठमाडौंमा बिताउनु पर्ने भएपछि मात्र उहाँले ती दुबै पद छोड्नु भएको थियो । र, पछि नेकपा माओवादीले जनयुद्धको नीति तय गरेपछिं जनयुद्ध शुरू गर्नुभन्दा ३/४ महिना पहिलेदेखि पार्टी छोडेर बस्नु भएको कुरा उहाँ बताउनु हुन्छ । माओवादी पार्टी छोडिसकेपछि पनि उहाँले शान्तिको सास फेर्न पाउनु भएन । घर छाडेर काठमाडौं बसिरहनु भएको बेलामा सरकारद्वारा आफ्नी छोरीको हत्या भएको कुरा उहाँले पत्रिका पढेर थाहा पाउनुभयो । हालै मात्र उहाँसँग मूल्याङ्कन मासिकले कुराकानी गरेको थियो । प्रस्तुत छ– त्यही कुराकानीको सार-संक्षेप ।*



**◉ आजकल तपाईं कसरी जीवन बिताइरहनु भएको छ ?**

- आजकल केही काम छैन, विहान उठ्यो, साथीभाइसँग कुराकानी गर्‍यो, पत्रपत्रिका पढ्यो, समय त्यसै नै बितिरहेको छ ।

**◉ तपाईं माओवादी सोच निकटको संजमोबाट सांसद समेत भैसक्नु भएको र त्यत्रो वर्ष पार्टीमा सक्रिय भएर काम गरिरहनुभएको मान्छे । अहिले किन यसरी निष्क्रिय भएर बस्नु भएको त ?**

- नेकपा माओवादीले जनयुद्ध शुरू गर्ने नीति पास गरेपछि मलाई त्यो नीति ठीक लागेन । त्यसैले जनयुद्ध शुरू गर्नु भन्दा ३/४ महिना अघिदेखि नै म माओवादी पार्टी छोडेर बसेको हुँ । फेरि अरू पार्टीमा लागुँ भने अरू पार्टीका नीतिहरू पनि मलाई मन परिरहेका छैनन् ।

**◉ तपाईंले धेरै समय पहिले नै माओवादी पार्टी छोडिसक्नु भएको रहेछ । फेरि तपाईं भूमिगत जस्तै भएर बस्नु भएको छ त ?**

-खासै भन्ने हो भने, म भूमिगत नै भएर बसेको छैन । आफू जानुपर्ने ठाउँमा यताउति गइरहेकै छु । तर म आफ्नो गाउँमा भने गएको छैन । किनभने, मेरो पृष्ठभूमिको आधारमा सरकारलाई पनि माओवादीमै बसेर काम गरिनै रहेको छ कि भन्ने लाग्न सक्छ । वामदेव गृहमन्त्री भएकै बेलामा पनि एक पटक समातिइसकेको थिएँ । तर पछि कुरा बुझेपछि तुरून्तै छाडिएँ पनि ।

**◉ तपाईंले माओवादी पार्टी छोडि नै सक्नुभएको रहेछ । अब यसरी नै निष्क्रिय जीवन बिताउने विचार छ कि अरू कुनै योजना छ ?**

-निष्क्रिय जीवन बिताउन नसकिने रहेछ । अब म माओवादी पार्टीमा नरहे पनि आफ्नो विचार मिल्ने संगठन भएमा त्यसमा लागेर काम गर्ने विचार गरिरहेको छु । अहिले केही साथीहरूले 'समाजवादी आन्दोलन, नेपाल'को स्थापना गर्नु भएको रहेछ । म त्यही संगठनतिर आकर्षित भइरहेको छु ।

**◉ तपाईंलाई 'समाजवादी आन्दोलन, नेपाल'को के कुराले आकर्षित गर्‍यो ?**

- कम्युनिष्टहरूको जीवन, विचार, चरित्र, सिद्धान्त तथा व्यवहारमा मेल खानुपर्छ । सिद्धान्त र व्यवहारमा मेल नखाने व्यक्ति कम्युनिष्ट सिद्धान्तमा धेरै दिन टिक्दैन । अहिलेदेखि मानिसहरूले आफ्नो चरित्र र साँस्कृतिक स्तरमा सुधार गर्दै गए भने भोलि समाजवाद आएपछि पनि रूस, चीन आदि देशहरूमा जस्तै समाजवादी सत्ता धरासायी हुन पाउँदैन । खासगरी कम्युनिष्टहरूले व्यक्तिगत सम्पतिबाट अल्लाग्गिनु पर्दछ । व्यक्तिगत सम्पतिलाई पार्टीगत सम्पत्तिमा बदल्नु पर्छ भन्ने मेरो धारणा हो । यसो भएको खण्डमा पछि नेताहरू बिग्रन पाउँदैनन् । व्यक्तिगत सम्पत्ति रहीरहेको खण्डमा समाजवादमा विकृति आउनथाल्छ । अहिले चीनमा पनि त्यही भएको हो । अहिले चीनका सबभन्दा धनीहरू तेङ्ग स्याओ पिङका छोराहरू भइरहेका छन् ।

नेपालकै कुरा गर्ने हो भने पनि अहिलेका एमाले तथा मालेका नेताहरूले नेपालमा सशस्त्र संघर्ष गरेर समाजवाद ल्याउन खोजेका थिए । सामाजवाद ल्याउनको लागि उनीहरूले ठूलो त्याग तथा तपस्या गरेका थिए । तर व्यक्तिगत सम्पत्ति यथावत् राखेका कारणले नेताहरूमा विकृति आउन थाल्यो । अहिले त यहाँ कार्यकर्ताहरू दुब्लाउने र नेताहरू मोटाउने काम भइरहेको छ ।

'समाजवादी आन्दोलन'ले विचार र जीवनशैलीलाई संयोज़न गरेर लैजाने कुरालाई महत्व दिएको छ । यही कुराबाट म यो संगठनप्रति आकर्षित भएको हुँ ।

**◉ तपाईं राजनीतिमा कसरी आकर्षित हुनु भएको थियो ?**

- म करीव १७/१८ वर्षको थिएँ हुँला । त्यतिवेला म स्कूलमा पढ्थें । म पढेकै स्कूलमा पढाउने एक शिक्षक थिए- दाङ्गका रघुनाथ धिताल । अर्को लिवाङ्गको स्कूलमा पढाउने श्रीकुमार पुन । उहाँहरू कम्युनिष्ट विचारका हुनुहुँदो रहेछ । उहाँहरूले 'कम्युनिज्ममा गरीब धनी भन्ने हुँदैनन् । सबै समान हुन्छन् । शोषण, अन्याय, अत्याचार हुँदैन' भन्ने कुराहरू गर्नुहुन्थ्यो । त्यही कुरामा आकर्षित भएर म कम्युनिष्ट भएको थिएँ । म फेरि केटाकेटीमा उद्दण्ड मान्छे । कम्युनिज्म ल्याउनको लागि लडाई, संघर्ष गर्नुपर्छ भन्ने कुराले म धेरै

आकर्षित भएको हुँ । पछि थाहा पाइयो- कम्युनिष्ट पार्टीको काम खालि मारमुंग्री गर्नु मात्र होइन रहेछ ।

**◉ तपाईं शुरूमा मारमुंग्री र युद्धका कुरामा आकर्षित भएर कम्युनिष्ट हुनुभएको रहेछ । तर माओवादी पार्टीले जनयुद्ध गर्न खोज्ने बित्तिकै चाहिँ किन पार्टी नै छोडेर निक्लनु भयो त ?**

- त्यो बचपनको कुरा थियो । केही कुराहरू थाहा नपाउँदाखेरिको कुरा थियो । अहिलेको कुरा बेग्लै छ । दुनियाँ बदल्ने थुप्रै बाटाहरू होलान् । अन्ततोगत्वा बन्दूक नउठाइकन प्रतिक्रियावादीहरूलाई हटाएर समाजवाद ल्याउन सकिंदैन भन्ने कुरामा म विस्वस्त छु । तर अहिले त्यो स्थिति आइसकेको छैन । अहिले नै बन्दूक उठाउँदा ठूलो क्षति हुन जान्छ । मलाई पहिला लड्ने भिड्ने कुरामा रहर थियो, अहिले थाहा भयो- बन्दूक उठाउने भन्ने कुरा त रहरको विषय होइन रहेछ ।

**◉ तपाईं १६/१७ वर्षदेखि नै कम्युनिष्ट पार्टीमा लाग्नु भएको मान्छे । तपाईंले आफ्नो क्षेत्रमा आन्दोलनहरू त उठाउनु भयो होला नि । के कस्ता आन्दोलनहरू उठाउनु भयो ?**

- त्यति ठूला-ठूला आन्दोलन त हामीले उठाएनौं । सानातिना आन्दोलनहरू भने हामीले उठाएका थियौं । जस्तो, सामन्त तथा फटाहाहरूलाई पिट्ने, तमसुक च्यात्ने काम गऱ्यौं । फरेष्टरहरूले गाउँमा कुखुरा, बोकाहरू समातेर लैजाने, गाउँलेहरूलाई तर्साएर घुस खाने आदि गर्थे । गाउँलेहरूलाई उठाएर ती घुस्याहा फरेष्टरहरूलाई पनि पीटपाट गर्ने काम गऱ्यौं । त्यस्तै हामीले एउटा ज्यान केसमा घुस खाएका घुस्याहा प्रहरीलाई लखेट्यौं ।

**◉ तपाईंहरूको यो संघर्षले जनता तथा संगठनलाई के कस्ता फाइदाहरू भए त ?**

- त्यो संघर्षले दुवैथरीलाई फाइदा भयो । जनताहरूले पनि केही राहतको सास फेर्न पाए । हामीले पनि संगठन विस्तार गर्ने मौका पायौं । हाम्रो यो संघर्षपछि शोषक सामन्तहरूले गर्ने शोषण, उत्पीडनहरूमा पनि कमी आउन थाल्यो । प्रहरीहरूले खुल्लम् खुल्ला घुस खाने गर्न सकेनन् । फरेष्टरहरूले पहिले जस्तो गाउँमा गएर कुखुरा, खसी लिएर जाने, घुस माग्ने गर्न सकेनन् । यसले गर्दा जनताहरूमा पहिले उनीहरूको विरूद्धमा संघर्ष गर्न जति डर पैदा भएको थियो- त्यो डरको अन्त्य भयो । जनताहरू मिलेर काम गरेको खण्डमा सफलता प्राप्त हुँदोरहेछ भन्ने आत्मविश्वास पैदा हुनथाल्यो । उनीहरूमा हामीहरूप्रति पनि विश्वास उत्पन्न हुनथाल्यो । त्यसपछि कुनै समस्या उत्पन्न हुने बित्तिकै गाउँलेहरूले हामीसँग सल्लाह माग्न आउने काम पनि गर्न लागें । यसले गर्दा हामीलाई संगठन निर्माण गर्न धेरै नै सजिलो हुनथाल्यो । यसरीनै हामीले रूकुममा संगठनको विस्तार गऱ्यौं ।

**◉ अहिले नेपालमा चलिरहेको कम्युनिष्ट आन्दोलन तपाईलाई कस्तो लागिरहेको छ ?**

- प्रचार प्रसारको दृष्टिले हेर्ने हो भने नेपालमा कम्युनिष्ट आन्दोलन राम्रैसँग चलिरहेको देखिन्छ । यो अन्तर्राष्ट्रिय रूपमै नमूनाको रूपमा अगाडि बढिरहेको छ । तर त्यसलाई सही दिशामा लग्ने काम भने भइरहेको छैन । कम्युनिष्ट आन्दोलनलाई सही दिशामा लग्ने काम नेताहरूको हो । तर नेपालमा नेतृत्वबाट बेइमानी भइरहेको छ ।

एमालेको कुरा गर्ने हो भने त्यो पार्टी संसदीय घेराबाट बाहिर आउला जस्तो छैन । यसले पनि जनताहरूलाई निकै भुल्याउने अवस्था देखिइरहेको छ । त्यस्तै माओवादीहरूले पनि बन्दूक उठाउने कामलाई प्राथमिकता दिइरहेका छन् । हुन त बन्दूक उठाउने बित्तिकै ठूलो अपराधै भयो भन्ने कुरा त होइन । तैपनि उनीहरूले जे जस्तो गरिरहेका छन्, त्यसबाट बढी क्षति भइरहेको जस्तो मलाई लाग्छ । मलाई ठीक नलागे पनि कतिपय मानिसहरूलाई ठीक पनि लागिरहेको हुनसक्छ । ठीक लागेर नै होला कतिपय मानिसहरू त्यतातिर लागिरहेका छन् । यसरी, ती पार्टीमा लागेका मानिसहरूलाई ठीक दिशातिर लगाउन सकिएन भने कम्युनिष्ट आन्दोलन अंध्यारो दिशातिर उन्मुख हुने सुनिश्चित छ ।

फेरि पार्टीका नेताहरूको चरित्रको बारेमा विभिन्न नराम्रा कुराहरू पनि सुन्नमा आइराखेका छन् । यदि उनीहरूले आफ्नो चरित्रलाई सुधार्न सकेनन् र सिद्धान्त र व्यवहारमा तालमेल कायम गर्न सकेनन् भने त्यसले पनि कम्यूनिष्ट आन्दोलनलाई क्षति नपुऱ्याउला भन्न सकिंदैन ।

**◉ कम्युनिष्ट आन्दोलन ठीक ठाउँमा जानको लागि यो आन्दोलन कस्तो हुनुपर्छ र के के हुनुपर्छ भन्ने लाग्छ तपाईंलाई ?**

- मुख्य कुरा त नेताहरूले आफ्नो आचरण सुधार्नु पर्छ । नेताहरूको विचार र व्यवहार एउटै हुनुपऱ्यो । नेताहरूले जे कुरा मुखले भन्छन्, व्यवहारमा पनि त्यही कुरा गरेर देखाउनुपऱ्यो ।

**◉ तपाईले माओवादी पार्टीमा बसेर धेरै समयसम्म काम गर्नुभयो । नजिकै बसेर हेर्नुभयो । तपाईं त्यहाँ के कुरालाई लिएर असन्तुष्ट हुनुभयो ?**

- मरो विचारमा प्रतिकृयावादी सरकारलाई ध्वंस गर्ने हो भने त्यसभित्रै घुसेर ध्वंस गर्नुपर्दछ । हामी चुनावमा पनि जानुपर्छ, सरकारमा पनि जानुपर्छ र सकियो भने हामीले सरकार पनि गठन गर्नुपर्छ । तर माओवादी पार्टी बन्दूकै उठाएर मात्र प्रतिक्रयावादी सरकारलाई ध्वंस गर्न खोज्छ । यही कुरामा नै हाम्रो विचार नमिलेको हो र म यसै कुरामा असन्तुष्ट भएको हुँ ।

**◉ तपाईले माओवादी पार्टीभित्र के के राम्रा र के के नराम्रा कुराहरू देख्नुभयो ?**

- मैले त्यहाँ देखेको राम्रो कुरा भनेको उत्साह, जाँगर र बलिदानीपूर्ण भावना हो । त्यहाँको नराम्रो कुरा भनेको मार्क्सवादको द्वन्दवादी कुरालाई प्रयोग नगरिकन एकैचोटि भ्याम-भुम्म पारेर सत्ता हत्याउन खोज्ने कुरा हो । यसरी एकैचोटि भ्याम-भुम्म पारेर समाजवाद आयो भने त राम्रै कुरा हो । तर यसरी समाजवादी आउँदैन ।

**◉ समाजवाद कसरी आउँछ त ?**

- दुश्मन हामीभन्दा शक्तिशाली छ । उनीहरूको अगाडि हामीहरू कमजोर छौं । उनीहरूको मेशिनगनको अगाडि हाम्रो भरूवा बन्दूकको के जोड चल्छ र ? दुश्मनको मेशिनगन देखेपछि कार्यकर्ताको आत्मविश्वास नै घटन थाल्छ र उनीहरू त्यसै त्यसै आत्मसमर्पण गर्नेतिर लाग्न थाल्छन् । आत्मसमर्पण गरेर पनि ज्यान बचे त एउटा कुरा । आत्मसमर्पण गर्दा गर्दै पनि धेरै ठाउँमा दुश्मनले कार्यकर्ताहरूलाई मारेका छन् । यसरी धेरै नै कार्यकर्ताहरू मारिएका छन् । जति धेरै मान्छे मर्छन् त्यतिनै धेरै क्रान्ति हुन्छ भने बेग्लै कुरा हो । त्यही कुरामा रमाइलो गर्ने हो भने बेग्लै कुरा हो । नत्र भने अहिले भइरहेको कामबाटै समाजावाद पक्कै आउँदैन ।

बन्दूक चलाउनु त निर्णायक कुरा नै हो । तर पहिले जनताका समस्याहरूलाई लिएर जनताको स्तरमा ठूला ठूला आन्दोलनहरू उठाउनु पर्छ । सचेत भएर जनताहरू व्यापक रूपमा आन्दोलनमा समावेश भइसकेपछि मात्रै बन्दूक उठाउनु पर्छ । अनि मात्रै क्रान्ति सफल हुनसक्छ ।

***प्रचार प्रसारको दृष्टिले हेर्ने हो भने नेपालमा कम्युनिष्ट आन्दोलन राम्रैसँग चलिरहेको देखिन्छ । यो अन्तर्राष्ट्रिय रूपमै नमूनाको रूपमा अगाडि बढिरहेको छ । तर ......***



**सरल तथा सफा दिल भएकोले स्वदेशी नेताहरूमा निर्मल लामा मलाई मनपर्ने नेता हुन् र अर्को नेता भक्तबहादुर श्रेष्ठ हुन् । त्यसबाहेक माओवादीभित्र मायालाग्दा र सम्मान गर्न योग्य अरू पनि नेताहरू छन् ।**

अहिले माओवादीहरू व्यापक जनताको बीचमा जान सकेका छैनन् । यस्तै भयो भने पेरू तथा भारतका माओवादीहरू जस्तै नेपालका माओवादीहरू पनि सानो घेरामा सिमित भएर रहनुपर्ने हुन्छ ।

**◉ तपाईंलाई यो माओवादी समस्या कसरी पैदा भयो जस्तो लाग्छ ?**

- माओवादी पैदा गर्नमा बहुदलीय व्यवस्थाको पहिलो निर्वाचित सरकार, गिरिजा सरकारको ठूलो भूमिका छ । यस सरकारले बहुदलीय व्यवस्था अनुरूपको आचरण देखाइदिएन । सरकारले विरोधी विचारधाराकालाई दुःख दिनथाल्यो । हाम्रा रूकुम र रोल्पातिरै भन्ने हो भने धेरै मानिसहरूलाई झूठा मुद्दामा फँसाइदियो । मान्छे मारेको उजुरीलाई लिएर जाँदा पनि प्रहरीहरूले त्यसलाई वास्ता नगरिदिने जस्ता कामहरू हुन थाले । जनतालाई बेकारमा दुःख दिन थालियो । यसले गर्दा बन्दूक उठाउने कुरामा नै मानिसहरूको चाहना बढ्नथाल्यो ।

**◉ अब हामी राजनैतिक कुरा छाडेर व्यक्तिगत जीवनतिर लागौं । अहिले कुन आयस्रोतले तपाईको जीवन चलिरहेको छ त ?**

- वास्तवमा भन्ने हो भने अहिले मेरो जीवन निकै कठीनाईपूर्वक चलिरहेको छ । पहाडको आम्दानीले खान पुग्दैन । सांसदको पेन्सन २८००/- रूपियाँ आउँछ । आफ्नो कुनै पेशा पनि छैन । उता, राजनीति पनि छोडिएको छ, यता कुनै आम्दानी हुने काम पनि गरिएको छैन । साथी भाइहरूसँग ऋणपान गरेर यत्तिकै जीवन चलाइरहेको छु ।

**◉ तपाईको रूचीको विषय के हो ?**

- हुन त राजनीति गर्नु नै मेरो रूचीको विषय हो । तर राजनीतिमा रूचि हुँदाहुँदै पनि अहिले म रूचीको विषयमा लागिरहेको छैन । त्यही रूची पूरा गर्न नै म अहिले 'समाजवादी आन्दोलन, नेपाल' मा लाग्न खोजेको हुँ ।

**◉ तपाईंलाई कहिलेकाहीँ यसो मनोरञ्जन पनि गर्न मनलाग्छ होला । मनोरञ्जन गर्न तपाई के गर्नु हुन्छ ?**

- मनोरञ्जनको साधन नै के छ र ? म बसेको ठाउँमा टि.भि.पनि छैन; टि.भि. भइदिएको भए टि.भि. हेरेर पनि मनोरञ्जन गरिन्थ्यो होला । अहिले मनोरञ्जन गर्ने भनेको पत्रपत्रिका हेरेर नै हो ।

**◉ तपाई पुस्तकहरू पनि पढ्नु हुन्छ होला । कस्ता कस्ता पुस्तकहरू पढ्नु हुन्छ ?**

- खासगरी म मार्क्सवादी पुस्तकहरू पढ्छु । अरू म केही साहित्य पनि पढ्ने गर्छु र धार्मिक ग्रन्थहरू पनि पढ्ने गर्छु ।

**◉ तपाईंलाई मनपर्ने पुस्तक ?**

- मन पर्ने पुस्तकहरूमा मार्क्सवादी पुस्तकहरू भइहाले । मलाई महाभारत पनि मनपर्छ ।

**◉ तपाईंलाई मनपर्ने लेखक ?**

- मलाई मन पर्ने लेखक खगेन्द्र संग्रौला नै हुन् । हुन त उहाँसँग मेरो चिनाजानी छैन । हामी सरल भाषालाई मन पराउने मान्छे, उहाँको भाषा सरल हुन्छ । व्यंगवाण पनि प्रयोग गरिएको हुन्छ । र, उहाँको रचनाहरूको सार पनि राम्रो हुन्छ ।

**◉ तपाईंलाई मनपर्ने गायकहरू कोही छन् ?**


- स्वर र संगीतको हिसाबले नारायण गोपाल मनपर्ने गायक हुन् ।

**◉ स्वदेशी तथा बिदेशी नेताहरूमा तपाईं कसलाई मन पराउनुहुन्छ ?**

-सरल तथा सफा दिल भएकोले स्वदेशी नेताहरूमा निर्मल लामा मलाई मनपर्ने नेता हुन् र अर्को नेता भक्तबहादुर श्रेष्ठ हुन् । त्यसबाहेक माओवादीभित्र मायालाग्दा र सम्मान गर्न योग्य अरू पनि नेताहरू छन् ।

विदेशी नेताहरू भन्ने हो भने, मलाई मनपर्ने नेता भनेको एंगेल्स नै हुन् । उनी पूँजीपतिका छोरा भएपनि साह्रै सरल र इमान्दार मान्छे हुन् । उनी नभइदिएको भए मार्क्सवादको नामै अर्को हुन्थ्यो । मार्क्सको निधन भएपछि उनले गरेको इमान्दारिता जुन छ, हामीले त्यसको कदर गर्नुपर्छ ।

विदेशी नेताहरूमा सरल जीवन, अनुशासन तथा इमान्दारिताको दृष्टिले महात्मा गान्धीलाई पनि मान्नुपर्छ । ❑



मनरूप नेप्च्युन आज लेखनमा सक्रिय युवा सर्जकहरूमध्ये एक उत्साही युवा कवि हुनुहुन्छ । यस पटक प्रस्तुत गर्दैछौं, उहाँका दुई नयाँ कविताहरू

*-मूल्यांकन*

# दुई कविता

**मनरूप नेप्च्युन**



## चमेरो

चमेरोले जहिले पनि
म चमेरो होइन भन्छ
कहिले ऊ अँध्यारोमा
रातभरि उड्दै
आफूलाई चरो बनाउन खोज्छ
कहिले नाङ्गा स्तनहरू अघि सार्दै
आफू जनावर भएको
साबित गर्न खोज्छ
चमेरोले जहिले पनि
म चमेरो होइन भन्छ
तर
जति रात ऊ छटपटिए पनि
जति युगलाई नाङ्गा स्तनहरूको
प्रदर्शनी गरे पनि
उसका पखेटाहरूले
न त उसलाई जनावर
हुन दिएका छन्
न त उसका स्तनहरूले
उसलाई चरो हुन दिएका छन्
त्यसैले,
शदियौंदेखि हरेक दिनको उज्यालोमा
उ चमेरै प्रमाणित भएको छ
हरेक रातको अवसानपछि
तुर्लुङ्ग उल्टो झुन्डिएर
ऊ चमेरै भएर
चुप रहेको छ । ❑

## एउटा झुपडी

पोखरीको डिलमा
एउटा झुपडी
बर्षातभरि झरीसँग रूज्छ
हिउँदभरि हुस्सुको
घुम्टोभित्र काँप्छ
न त हुस्सुले झुपडीको
प्वाल पारेको छाती
टालिदिन सकेको छ
न बर्षे झरीले
उसको पेटको ज्वाला
निभाउन सकेको छ
तैपनि,
पोखरीको डिलमा
अनेकौं आतंकमाझ
सधैं मुस्कुराउँदै बाँचिरहेछ
एक्लो झुपडी ।
हरेक रात मात्तिदै जाँदा
पोखरीबाट लाम बाँधेर
निस्कन्छन् भोका
लामखुट्टेहरूका जुलूस
र, दनादन उघाउन थाल्छन् रगत
झुपडीको नशा-नशाबाट
बिना कुनै मूल्य, बिना कुनै अपराध
तथापि, कहिल्यै रित्तिएन
झुपडीको रगतको कुवा
ऊ कहिल्यै तर्सिएको पनि छैन
लामखुट्टेहरूको मोर्चाबन्दीदेखि
न त कहिल्यै ऊ
बिचलित भएको छ
पोखरीको आतंकदेखि
किनकि,
ऊ पोखरी पुर्ने प्रण बोकेर
उभिएको छ ।

◆ *कालिकोट*

# भौतिकवादी प्रस्थापनाहरूले भरपूर प्राचीन पूर्वेली दर्शन सांख्य

सांख्यदर्शनका अनुसार सत्व, रज र तम-यी तीनवटा गुणाहरु, जसद्वारा प्रकृति बनेको छ, यी आपसमा बिरोधी मात्र छैनन्, यी आपसमा अत्मनिर्भर पनि छन् । यिनलाई एक आपसमा अलग पार्न सकिन्न । हो, प्रकृतिमा यी तीनवटा गुणहरुको योग भेटिन्छ, तर प्रकृतिलाई काटकुट पारेर, विघटन गरेर यी तीनवटा गुणमा भाग लाउन सकिन्न । यसरी भाग लाउन सकिने भएको भए संसारमा जे जति भौतिक अस्तित्वहरु छन्, तिनीहरुको मूल वा अन्तिम कारण यिनै गुणहरु हुने थिए, प्रकृति हुने थिएन । सांख्य दर्शनको मुख्य प्रस्थापना के हो भने, संसारमा जे जति भौतिक अस्तित्वहरु छन्, ती सबैको मूल वा अन्तिम कारण प्रकृति हो, यी तीनवटा गुणहरु होइनन् । प्रकृतिमा यी गुणहरु प्रकृतिकै अभिन्न अंगका रुपमा रहिरहेका हुन्छन् । यो एउटा बलिरहेको दियो जस्तै हो । बलिरहेको दियोमा तेल, दियो-धागो र त्यसबाट निक्लेको आगोको ज्वाला एक आपसमा छुट्टयाउनै नमिल्ने गरी अन्तर्सवन्धित हुन्छन् । त्यस्तै, प्रकृतिमा सत्व, रज र तम, यी तीनवटा गुणहरु छुट्याउनै नमिल्ने गरी अन्तर्सवन्धित हुन्छन् । तिनीहरु एकले अर्कोलाई प्रभावित पारिरहेका हुन्छन् । सांख्य दर्शनको भनाई छ कि प्रकृतिमा यी तीनवटा गुणहरु गतिशील सन्तुलनको स्थितिमा रहिरहेका हुन्छन् ।

सत्व उज्यालो वा चेतना हो, रज उर्जा हो, तम पिण्ड हो । पिण्ड बिना उर्जा हुनै सक्दैन, उर्जाबिना उज्यालो वा चेतना हुनै सक्दैन । प्रकृति हमेशा गतिशील छ । यो गति यी तीनवटा गुणहरुको गतिशील योगबाट पैदा भइरहेछ । सत्व, रज र तम (अर्थात चेतना, उर्जा र पिण्ड ) यी आफै पनि हमेशा बदलिरहेका हुन्छन् । ती एक छिन् पनि स्थिर रहँदैनन् । अतः यिनीहरुको योगबाट बनेको प्रकृति पनि हमेशा गतिशील हुन्छ । यो कुनै क्षण पनि स्थिर रहँदैन । (हेर्नुहोस्, चन्द्रधर शर्मा, A critical survey of Indian Philosophy, मोतीलाल बनारसीदास, दिल्ली , पृष्ठ १५५)

संसार अनगिन्ती किसिमका वस्तुहरुले र परिघटनाहरुले भरिभराउ देखिन्छ । यो कसरी भयो त ? सांख्य दर्शनको यस प्रश्न संबन्धी उत्तर पनि निकै घतलाग्दो देखिन्छ ।

सांख्य दर्शनको भनाइ छ कि कुनै वस्तु वा परिघटनाको उत्पत्ति वा संरचना भनेको पदार्थको नै सिर्जना होइन । त्यस्तै, कुनै खास वस्तु वा परिघटनाको लोप भनेको पनि पदार्थकै ध्वंश होइन । प्रकृति क्रमिक विकासको प्रक्रियामा छ । यो क्रमिक विकासको प्रक्रियामा प्रकृति परिमाणको हिसावले बढ्ने वा घट्ने गर्दैन । पदार्थ न सिर्जना नै हुन्छ, न त यो नष्ट नै हुन्छ । प्रकृतिमा पदार्थहरुको कुल जोड हमेशा स्थिर रहन्छ । पदार्थभित्रका तत्वहरु चाहिं हमेशा गतिशील हुन्छन् । तिनीहरुको गति एक सेकेण्ड पनि रोकिन्न । संसारमा जे जति अनगिन्ती अनेकौं थरिका वस्तुहरु छन् त्यो भनेको पदार्थको पुनःवितरण मात्र हो । कुनै नयाँ वस्तु सिर्जना हुनु र लोप हुनु भनेको पिण्ड र उर्जाको पुनर्वितरण हो र पिण्ड र ऊर्जाको पुनर्वितरणले नै भौतिक संसारमा विविध वस्तुहरु र परिघटनाहरु, बनस्पति र प्राणीहरु पैदा भइरहेका छन् ।

पदार्थ (अथवा प्रकृति) यसको पिण्ड र ऊर्जा मात्रात्मक रुपमा घटबढ हुने गर्दैन, प्रकृतिका खासखास बस्तु र परिघटनाहरुको सिर्जना र ध्वंशमा त्यसको पुनर्वितरण मात्रै हुने गर्छ भन्ने सांख्य दर्शनको धारणा अत्याधुनिक भौतिक विज्ञानसित ठ्याक्कै मेल खान्छ । यो आधुनिक भौतिक विज्ञानको Law of conservation of the mass of substance को सारसित मेल खान्छ । (हेर्नुहोस्: V. Brodov,"Indian Philosophy in Modern Times, Progress Publishers, Moscow, 1984, पृष्ठ १०२-३) वैज्ञानिकहरु सांख्य दर्शनको यो धारणालाई प्राचीन पूर्वेली दर्शनिकहरुको अभूतपूर्व, सिर्जनशील र वैज्ञानिक चिन्तनशीलता मान्दछन् ।

प्रसिद्ध अमेरिकी भौतिकशास्त्री प्रोफेसर जोसेफ काप्लानका अनुसार सांख्य दर्शनको बस्तुलाई पिण्ड र ऊर्जाको पुनर्वितरण ठान्ने सिद्धान्त, (अर्थात् बस्तुहरुलाई गतिशील ऊर्जाको कंप्लेक्स ठान्ने सिद्धान्त) अत्याधुनिक भौतिक बिज्ञानसित पूर्णतया मेल खान्छ । उहाँका अनुसार सत्व, रज र तम-यी तीनवटा गुणहरुले प्रकृति बनेको र चलेको छ भन्ने सांख्य दर्शनको प्रस्थापना "आधुनिक भौतिकशास्त्रीको दृष्टिकोणसित पूरापूर मिल्दोजुल्दो छ, यसको तात्पर्य के हो भने, यदि आधुनिक भौतिकशास्त्रीले गुणहरुबारे बहस गर्ने हो र आफ्नो ज्ञान तथा अनुभवहरुको आधारमा तर्कहरु दिने हो भने तिनै तर्कहरु दिने थिए, जस्तो सांख्य दार्शनिकहरुले दिएका छन् ।" (हेर्नुहोस्: स्वामी प्रभावनन्द र फ्रेडरिक म्यान्चेष्टरको Spiritual Heritage of India, गार्डेन सिटी, न्युयोर्क, डवल डे एण्ड कंपनी, १९६४ पृष्ठ २४२-४४ बाट उद्धृत उक्ति)

यस प्रकार, संसारमा अनगिन्ती बस्तुहरु कसरी बन्दछन् र नाश हुन्छन् भन्ने सांख्य दर्शनको धारणा बिल्कुलै बैज्ञानिक छ । र, ती धारणाहरु भौतिकवादी छन् ।

सांख्य दर्शनका अनुसार प्रकृतिको क्रमिक विकास तीनवटा गुणहरुमध्ये एउटा वा अर्को गुणको प्रभुत्व वा बलशालिताको कारणले हुन्छ । प्रकृतिको क्रमिक विकासबाट २३ वटा अरु विभिन्न तत्वहरु पैदा हुन्छन् । (हेर्नुहोस्: वाचस्पति मिश्र,"सांख्य-तत्व कौमुदी", बी. राम शास्त्रीद्वारा संपादित, बनारस, १९२१, २१-४१) यी २३ वटा वस्तुहरुमध्ये पहिलो हो -महत् अर्थात बुद्धि जुन सत्व गुणको प्रभुत्वबाट पैदा हुन्छ । यसरी सांख्य दर्शनले बुद्धिलाई पनि प्रकृतिकै क्रमिक विकासको उपज मानेको छ ।

सांख्य दर्शनका अनुसार प्रकृतिबाट महत् र महत्बाट अहंकार पैदा हुन्छ । म र मेरो भन्ने भाव अहंकारबाट पैदा हुन्छ । अहंकारबाट दुई किसिमका तत्वहरु पैदा हुन्छन् । पहिलो किसिमका तत्वहरु पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र मन हुन् । सात्विक गुणको प्रभुत्वबाट यी तत्वहरु पैदा हुन्छन् । दोश्रो किसिमका तत्वहरु-पाँच तन्मात्रहरु र पाँच महाभूतहरु हुन् । पाँच तन्मात्रहरु सूक्ष्म तत्वहरु हुन् भने पाँच महाभूतहरु स्थूल तत्वहरु हुन् । सूक्ष्म र स्थूल तत्वहरु दुवै तम गुणको प्रभुत्वबाट पैदा हुन्छन् ।

सांख्य दर्शनका अनुसार पाँच तन्मात्रहरु-शब्द, स्पर्श, रुप, रस र गन्ध हुन् । यी सूक्ष्म तत्वहरु हुन् । यिनै सुक्ष्म तत्वहरुबाट पाँचवटा स्थूल महाभुतहरु पैदा हुन्छन्-पृथ्वी, जल, तेज, वायु, र आकाश । शब्द तन्मात्रबाट आकाश पैदा हुन्छ, जसको गुण शब्द हो । शब्द र स्पर्श तन्मात्रबाट वायु पैदा हुन्छ, जसमा शब्द र स्पर्श दुवै गुण हुन्छन् । शब्द, स्पर्श, र रुप तन्मात्रबाट आगो अर्थात् तेज पैदा हुन्छ, जसमा यी तीनवटै गुणहरु अन्तर्निहित हुन्छन् । यी तीनवटै तन्मात्र र रसको संयोगबाट जल अर्थात पानी पैदा हुन्छ । पानीमा शब्द, स्पर्श, रुप, र रस चारवटै गुणहरु हुन्छन् । अन्तिम भूत पृथ्वी पाँचवटै तन्मात्रहरुको योगबाट पैदा हुन्छ र यसमा पाँचवटै गुणहरु पैदा हुन्छन् । (हेर्नुहोस् : R. Purigandla, "fundamentals of Indian Philosophy", Abingdon press, Newyork, 1975 पृष्ठ ११९)

सांख्य दर्शनका यी प्रस्थापनाहरुमा ध्यान दिनयोग्य के पक्षहरु छन् भने, यिनले बुद्धि, अहंकार, मन, ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, तन्मात्र, र महाभूतहरु सबैलाई प्रकृतिकै क्रमिक विकासको उपज ठान्दछन् । यो भौतिकवादी अवधारणा हो । वर्तमान प्रकृति विज्ञानबाट हेर्दा सांख्य दर्शनका सबै विश्लेषणहरु बिज्ञानसम्मत र सही नहोलान् । तर के भन्न सकिन्छ भने, सांख्य दर्शनले भौतिकवादी कोणबाटै बुद्धि, मन र सारा भौतिक पदार्थहरुलाई व्याख्या गर्ने प्रयत्न गरेको छ । संभवतः पूर्वेली दर्शनहरुमा सांख्य दर्शन नै पहिलो र एउटै दर्शन हो, जसले पदार्थको दार्शनिक परिभाषा दिन गंभीर प्रयत्न गरेको छ । प्रकृति वा पदार्थ न सृष्टि हुन्छ, न नष्ट हुन्छ, त्यो हमेशा थियो, छ र रहिरहनेछ र संसारका अनगिन्ती वस्तुहरु पदार्थ अर्थात् ऊर्जा र पिण्डको पुनर्वितरणको उपज मात्रै हो भन्ने यसको धारणा दार्शनिक हिसावले सही र भौतिवादी धारणा देखिन्छ । पदार्थको यो दार्शनिक परिभाषा आजभन्दा २४/२५ सय वर्ष अगाडिनै पूर्वमा विकसित हुनु अत्यन्त उल्लेखनीय र आश्चर्यजनक कुरो हो ।

> *वैज्ञानिकहरू सांख्य दर्शनको यो धारणालाई प्राचीन पूर्वेली दर्शनिकहरूकको अभूतपूर्व, सिर्जनशील र वैज्ञानिक चिन्तनशीलता मान्दछन् ।*

◆ प्रज्ञानरत्न

◆ पद्मलाल विश्वकर्मा

# मन्दिर र चिया पसलमा भएका असमानताविरुद्ध दलितहरु



### *लमजुङ्को कालिका मन्दिरमा दलितलाई पंचवली पूजा गर्न राज्यको बन्देजः*

गाउँसर गा.वि.स.को ऐतिहासिक कालिका मन्दिरको मौलोमा दलितहरूले अरू समान पशुको पंचवली पूजा गर्न नपाएबापत 'नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज'को आयोजनामा ०५५ चैत्र ११ गतेका दिन सो पूजा गर्ने संघर्ष भयो । जिल्ला प्रशासन कार्यालय लमजुङबाट खटिई गएका सहायक प्र.जि.अ. दुर्गादत्त पौडेलले दलितहरूले सो मौलोमा पंचावली पूजा गर्न अगाडि बढेमा प्रहरीको गोलीको शिकार बन्नुपर्ने चेतावनी दिदैं प्र.जि.अ.कार्यालयले सो मन्दिर प्रवेश निषेध गरेको पत्र दिए ।

दलित मुक्ति समाजका केन्द्रीय उपाध्यक्ष केशबहादुर परियारको नेतृत्वमा सो पूजाका लागि एकत्रित दलित समुदायले सो मौलोमा पंचवली गर्न नपाएपछि नजीकैको चण्डिका स्थानमा गई कालिका माईका नाउँमा पंचावली पूजा संम्पन्न गऱ्यो । त्यो समुदायले ब्राम्हणवाद, सामन्तवादपक्षधर प्रशासनयन्त्र विरोधी नारा, जुलुशसहित मन्दिर परिक्रमा गरेर एक विरोध-सभा गऱ्यो । संविधान एवं कानूनसंमत समानताको हकलाई अतिक्रमण गर्ने प्रशासन यन्त्रका विरूद्धमा न्यायालय जाने, अनि त्यहाँबाट पनि सो हक बहाली नभए संघर्ष गर्ने निर्णय सो सभामा गरियो ।

### *धादिङ्को ढोलामण्डली मन्दिर प्रवेश संघर्षमा दलितमाथि नृशंस आक्रमण*

धादिङ्ग जिल्लाको ढोला गा.वि.स. वा.नं. ७ स्थित ढोला मण्डली मन्दिरमा त्यहाँको मगर समाजले महिला तथा दलित समूहलाई पूजाआजा गर्न रोक लागाउँदै आएको छ । त्यस मन्दिरमा पाठी मात्र पूजा गरिन्छ तर दलितलाई पूजा चढाउँन दिने कुरा त परै जावस् , दलितले पालेको पाठी हो भने ७ दिनसम्म माथिल्ला जातले पालेपछि मात्र त्यहाँ चल्छ भनिन्छ ।

त्यस्तो बिभेदी परंपराको विरोधमा संघर्ष गर्ने र समान ढंगले पूजा चलाउने हेतुले 'दलित मुक्ति समाज' धादिङ्गको आयोजनामा गत ०५६ बैशाख १४ गते सयौं दलितहरू सो मन्दिरमा पाठी लिएर पुगे । दलितहरूको सुरक्षा गरियोस् भनेर प्रशासनलाई अग्रीम आग्रह गरिएको थियो । त्यस गा.वि.स.का अध्यक्ष, उपाध्यक्ष एवं सदस्यहरूको अगुवाइमा जातिवादी तत्वहरूको एक गुण्डादलले पूजा गर्न पंक्तिबद्ध भएका दलितहरूमाथि ढुंगामुढा प्रहार गरी आक्रमण गऱ्यो । संगठनका जिल्ला अध्यक्ष रामबहादुर बस्नेत र दाल्चे विश्वकर्मा लगायत धेरै कार्यकर्ताहरूलाई निर्मम ढंगले कुटपिट गर्ने र घोर अपमान गर्ने कुकर्म भयो । स्थानीय प्रशासनबाट आएका प्रहरीहरू मूक दर्शक बने भने, कुनै पार्टीका कार्यकर्ताहरू त्यहाँ दलितहरूको पक्षमा बोल्न आएनन् । १६ गतेका दिन नेकपा (माले) जिल्ला कमिटी धादिङ्गले त्यस घटनाप्रति ध्यानाकर्षण भएको जनाउँदै त्यस गैर कानूनी आक्रमणप्रति निन्दा भर्त्सना गर्दै दलितहरूले सो सार्वजनिक सयलमा समान ढंगले पूजाआजा गर्न पाउनुपर्ने कुरा एक प्रेस विज्ञप्तिमार्फत जनायो । सो नृशंस आक्रमण र अपमानका विरूद्धमा 'मुक्ति समाज' धादिङ्गका तर्फबाट जिल्ला अदालतमा मुद्दा दायर भइसकेको छ । त्यस घटनाका ९ जना मूलीलाई न्यायालबाट सफाइ मिल्छ वा के हुन्छ ? हेर्न बाँकी छ ।

### *सिन्धुपाल्चोकको भोटेनाम्लाङ्को पसल छोएबापत दलितलाई घोर यातना र ४० हजारको जरिवाना*

भोटेनाम्लाङ्ग गा.वि.स.को रेशमबहादुर गुरूङ्गको चिया पसलमा त्यही गा.वि.स.का वडा सदस्य बेलबहादुर सुनार र अर्का इश्वरी सुनारले जेष्ठ १५, ०५६ का दिन खाजा खाएको भाँडा नमाभ्दा पसल छोइदिएको निहुँमा भ्रगडा भयो । त्यसबापत दिपेनी चौकीका अ.स.ई. इन्द्रबहादुर त्रिपाठीले ती २ जना दलितलाई गिरफ्तार गरी निर्मम यातना दिए । अनि ४० हजार जरिवाना गर्ने निर्णय गरे । सो घटना घटेको खबर पाएर विभिन्न दलित संस्थाका प्रतिनिधिहरू घटनास्थलमा गई निज असई त्रिपाठीलाई सो गरेबापत माफी मगाउने काम भयो । सो जरिवाना रद्द गरियो । नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजले त्यस्तो कुकर्म गर्ने असई त्रिपाठीमाथि कडा कार्वाही गर्न सरकारसमक्ष दवाव दिंदै आएको छ र सम्बन्धित क्षेत्रबाट निजमाथि बिभागीय कार्वाही चल्दै गरेको जानकारी प्राप्त भएको छ । अन्य दलित संघ संस्थाहरूले पनि दोषी असईमाथि कडा कार्वाहीको माग गरेका छन् ।

यस घटनालाई पत्रपत्रिका लगायत सरकारी समाचार माध्यमले



दलित जनताहरु संघर्षको मैदानमा लामबन्द हुन थालेका छन् ।

> दलितले पालेको पाठी हो भने ७ दिनसम्म माथिल्ला जातले पालेपछि मात्र त्यहाँ चल्छ भनिन्छ ।

## पीडित चौतारी

उठाउँदै आएको छ । राष्ट्रिय पार्टीहरूको ध्यानाकर्षण हुनुको साथै, हालै बसेको राष्ट्रिय समितिको सामाजिक समिति बैठकले सो घटनाप्रति निन्दा गरेको कुरा प्रचारमा आएको छ ।

हेर्नु छ, सरकारले यस घटनाप्रति कस्तो निर्णय लिने हो ?

भोटेनाम्लाङ्गको यस घटनाले एउटा नयाँ शिक्षा दिएको छ । त्यो के हो भने, यसले सिंगै दलित समुदायलाई एकैचोटी मर्माहत पार्‍यो र सबैले एक मुख भएर सामूहिक रूपमा आवाज उठाए, घटनास्थलमा गएर दलित जातिमाथि भएको अन्यायको विरोध मात्र गरेनन्, दोषीमाथि कार्वाहीका लागि धावा समेत बोले । हुन त सो बिभेदी होटलवालाको पसलमा गएर समान रूपले प्रवेश गर्ने काम बाँकी नै छ, यद्यपि कानूनलाई कार्यान्वयन गर्नेगराउने पुलीस प्रशासनको ज्यादतिको भण्डाफोर भएको छ । कानूनलाई हातमा लिएर बिभेदी परंपरालाई पक्षपोषण गर्ने जो कोहीलाई पनि कार्वाही गर्नु पर्ने भएको छ । यो दलितहरूको एकताबद्ध आवाजको नतीजा हो ।

राजधानीभित्रका होटल, पसल, पानीघाट, देवस्थल , दुग्ध बिक्री केन्द्रमा दलितलाई समानताको हक प्राप्त छैन भने मुलुकका अन्य ठाउँको स्थिति कस्तो होला ? सजिलै बुझ्न सकिन्छ । आज दलितका संघसंस्थाहरू, स्वतन्त्र, राजनीतिक दलका भातृसंस्था र एन्.जि.ओ.का प्रोजेक्ट पक्षधर भएर देखा परेका

> *ब्राम्हणवादी पुरोहितहरूले भन्दै आएजस्तो दलित समूदाय पूर्वजन्मको कमाइ, भाग्यको खेल, दैवको लीला जस्ता अन्धविश्वासभित्र आफूलाई सदैव कैद गर्ने पक्षमा छैनन् ।*

छन् । तर दलित मानव अधिकार बहाली आन्दोलनमा यी सबै खाले संस्थाको, अनि अन्य मानव अधिकारवादी संघ संस्थाको एकताबद्ध पहल हुने हो भने कम्तिमा पनि संविधान, कानूनप्रदत्त हक दलितले उपभोग गर्न पाउने छन् । दलित मुक्तिका लागि साझा प्रयत्नबाहेक अन्य विकल्प छैन ।

वर्ण व्यवस्थाको विकासले हिन्दू समाजमा जातपात र छुवाछूतको चरम उत्पीडन पैदा गरायो । सनातन हिन्दू धर्मका ठेकेदार पुरोहित-पाण्डाहरूले पूर्वजन्मको पापको परिणामअनुसार दलितमा जन्म भएको कुरा दलितहरूलाई अर्थ्याउँछन् र धर्मअनुसार चल्न निर्देशन गर्छन् । आज यस मुलकमा ५० लाखभन्दा बेसी श्रमिक जनताहरू अछूत छन् र पशुको भन्दा तल्लो स्तरको अपमानित जीवन भोग्न बाध्य भएका छन् । २०४७ को संविधानले जातीय छुवाछूतको दुर्व्यवहारलाई दण्डनीय मान्ने उल्लेख गरेको छ भने सोही अनुरूप मुलुकी ऐनमा छुवाछूत बार्नेलाई दण्ड गर्ने प्रावधान कायम भएको छ । संविधानको भावनाअनुकूल छुवाछूतको व्यवहारलाई दण्डनीय गर्ने प्रभावकारी कानूनको निर्माण एकातिर हुन सकेको छैन भने, अर्कोतिर कानून बनाएर मात्रै जतीय छुवाछूत आफैं उन्मूलन हुन नसक्ने निश्चित छ । त्यसलाई व्यवहारमा उतार्ने प्रतिबद्धताका साथ राष्ट्रिय अभियानकै जरूरी हुन्छ ।

अछूत घोषित गरिएका दलितहरू मान्छे नै हुन् । उनीहरूमा पनि सामान्य रूपमा मानवीय संवेदना जागृत हुन्छ । बाँच्न पाउने, सम्मानित जीवन जीउने र निर्वाध रूपमा ज्ञान, सीप आर्जन गर्ने नैसर्गिक हक बलात् खोसिएको कुराप्रति उनीहरू सजग हुँदैछन् । ब्राम्हणवादी पुरोहितहरूले भन्दै आएजस्तो दलित समूदाय पूर्वजन्मको कमाइ, भाग्यको खेल, दैवको लीला जस्ता अन्धविश्वासभित्र आफूलाई सदैव कैद गर्ने पक्षमा छैनन् । दलित जनतामा समानताको हक प्राप्ति गर्ने चेतना बिल्कुलै छैन भन्ने ठान्नु दलितलाई हेर्ने गलत परंपराबाट मुक्त हुन नसक्नु हो । केही अपवादलाई छोडेर अधिकांश दलित जनताहरू सामान्य मानव अधिकार हनन् भएको तथ्यप्रति सचेत छन् । के चाहिं कुरो सत्य हो भने, नेपाली समाजका कथित माथिल्लो जातिका व्यक्तिहरू मुखले छूतभेद अन्त्य गर्ने कुरा गरेपनि व्यवहारमा त्यसलाई उतार्न कदापि चाहिरहेका छैनन् । भलै ती जुनसुकै राजनैतिक दलका नेता वा कार्यकर्ता नै किन नहुन् । यो कुरो भलीभाँती बुझेकै कारण दलितहरू आफ्नो हक बहालीका लागि बिद्रोहमा उत्रन नसकेका मात्र हुन् ।

२०४६ को राजनैतिक परिवर्तनपछि सार्वजनिक क्षेत्रमा समानताको हक प्राप्ति गर्ने हेतुले दलितहरूले संगठित रूपमा साना ठूला संघर्षहरू संचालन गरेको तथ्य जगजाहेर छ । कतिपय ठाउँमा यस्ता संघर्षहरू सफल भएका छन् भने कतिपय संघर्षहरू असफल भए । यी घटनाहरूपछिको एउटा गंभीर विषय के छ भने, मन्दिर, कुवा, होटलजस्ता क्षेत्रमा छुवाछुतको दुर्व्यवहार गर्ने व्यक्तिमाथि कानूनी कार्यवाही हुँदै भएन । उल्टो, छूतभेदको दूर्व्यवहार गर्ने जातीवादी तत्वलाई राज्यले प्रत्यक्ष रूपमा प्रोत्साहन गर्दै आएको छ । ठाढा किन जाने , यही ०५६ को चुनावका हाराहारीमा र त्यसपछिका छुवाछूतका घटनाहरूलाई नियाल्दा यो तथ्य प्रष्ट हुन्छ । यस निम्ति मन्दिर, होटल लगायतका स्थानहरूमा दलित समुदायले समानताको हक खोज्दा भोग्नु परेका माथि उल्लेखित समसामयिक चर्चित तीनवटा घटनाहरूलाई मात्रै हेरे पनि पुग्छ । ❑


जनमुखी विकाससम्बन्धी अन्तर्क्रिया र सामुदायिक विकासको उत्प्रेरणाका निम्ति प्रकाशित चौमासिक

**विकास**

**शिक्षा प्रणालीमा प्रजातान्त्रीकरणको प्रश्न**



❑ शिक्षण विधि, पाठ्यक्रमदेखि लिएर व्यवस्थापन पक्षसम्ममा कसरी प्रजातान्त्रीकरण गर्ने ?
-डा. मीनबहादुर विष्ट

❑ माध्यम भाषा, मातृभाषा र प्रजातन्त्र
-डा. कमलप्रकाश मल्ल

❑ शैक्षिक प्रजातान्त्रीकरणः दलितहरूले के पाए त ?
-डा. विद्यानाथ कोइराला

❑ शिक्षासम्बन्धी चुनावी घोषणापत्रः पार्टी नेताहरू के भन्छन् ?
-नरहरि आचार्य, मोदनाथ प्रश्रित र मोहमद मोहसिनका अन्तर्वार्ताहरू

❑ वर्तमान शिक्षा व्यवस्थामा प्रजातान्त्रीकरणबारे डा. पूर्णकान्त अधिकारी

विश्वविख्यात वैज्ञानिक अल्बर्ट आइन्स्टाइन, महाकवि लक्ष्मीप्रसाद देवकोटा र प्रख्यात साहित्यकार पारिजातका मननीय धारणाहरू सहित !

*साथमा,*

- अमेरिकाको शिक्षा व्यवस्थाका बिडम्बनाबारे नोम चोम्स्की
- जीवन्त, सचेत र सतर्क शिक्षकहरूबारे ओशो रजनीश
- चतुरमान मास्टरहरूबारे, शरद पौडेल
- विमल निभाको व्यंग्य

*शिक्षा क्षेत्रसँग सम्बन्धित शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारीदेखि शिक्षाशास्त्रीहरू र नीति-निर्माताहरूले समेत पढ्नै पर्ने विशेष अंक !*

*प्रकाशकः आविम, पो. ब. नं. ७७३१, काठमाडौं । फोनः ३३२२४४*

मूल्य रू. ३०।- मात्र

## आश्चर्यको कुरा !

कोसोभोमा 'उत्पीडित अल्वानियाली जातिका जनताको हकहितका लागि लडिरहेको' दावी गर्ने कोसोभो लिवरेशन आर्मी (KLA) को सर्वोच्च कमाण्डर को हो त ? भन्दा, ऊ त अमेरिकी साम्राज्यवादद्वारा प्रशिक्षित क्रोएशियाली सेनाको ब्रिगेडियर जनरल अजीम सेकु पो रहेछ ! अगस्ट, १९९५ मा क्रोएशियाको क्राजिना क्षेत्रमा 'अपरेशन स्टोर्म' अन्तर्गत हजारौंहजार सर्व जातिका किसानहरूको नरसंहार गर्ने सैनिक अपरेशनको नेतृत्व गर्ने अजीम सेकुजस्तो खुँखार फासिष्ट सैनिकले अचेल KLA ले कोसोभोमा सर्व जनता र युगोस्लाभिया सरकारविरूद्ध जेहाद छेडिरहेको छ ।

### अर्को दुःस्वद् आश्चर्य

KLA को घोषित मुख्य हेडक्वार्टर त अमेरिकी साम्राज्यवाद समर्थक, नव फासिष्टका रूपमा कुख्यात भूतपूर्व अल्वानियाली राष्ट्रपति साली बेरिशाको उत्तर

*कोसोभो लिवरेशन आर्मीका सिपाहीहरू*
*फोटो: Weekly Worker*



# साम्राज्यवादीहरू 'ओसामाबिन लादेनहरू' जन्माउँदैछन् !

अल्वानियास्थित विशाल भूमिमा पो रहेछ ! त्यही हेडक्वार्टरबाट अमेरिकी र जर्मन साम्राज्यवादको सहयोगमा KLA ले कोसोभोमा सशस्त्र उत्पात् मच्चाउने काम गर्दै आइरहेको छ ।

KLA को बारेमा प्रकट भएका यी दुखद् आश्चर्यहरूलाई अझ बेसी गहिराईपूर्वक खोतल्दै जाने हो भने त्यति धेरै चकित हुनु पर्ने स्थिति आउँदैन । किनकि अल्वानियाली जातिका जनताको हक-हितका पक्षधर लेखक मिराण्डा भिक्करले A History of Kosovo नामक चर्चित किताबमा स्पष्ट शब्दमा लेखेका थिए -'१९८० देखि नै अल्वानियाली पृथकतावादको मुख्य केन्द्र न्यूयोर्क हुँदै आएको छ र यस पृथकतावादको मुख्य समर्थक हो- अमेरिकी कंग्रेस !'

वर्कर्स वर्ल्ड सर्भिसका गेरी विल्सनले नेटो युद्धको पृष्ठभूमि खोतल्ने क्रममा लेखेका छन् - 'साम्राज्यवादी शक्तिहरूले कोसोभो-भित्रको जातीय सामस्यालाई आफ्नो मुट्ठीमा कैद गरे, अनि अल्वानियाली पृथकतावादीहरूलाई प्रोत्साहन र सहयोग गर्न थाले । अमेरिकी कंग्रेसले 'कोसोभो गभर्मेन्ट इन एक्जाइल' जस्तो पृथकतावादी संगठनलाई पैसाको सहयोग गरिरहेको छ ।

### अल्वानियाबाट अपरेशन

अल्वानियामा समाजवादी सरकार ढलेपछि अमेरिकी र जर्मन साम्राज्यवादले आफ्ना कठपुतली राष्ट्रपति साली बेरिशामार्फत् कोसोभोमा Operation Roots नामक गोप्य जासूसी अभियान शुरू गरेका थिए । AFP को रिपोर्ट अनुसार ती साम्राज्यवादीहरूले अल्वानियामाथि कब्जा जमाउने क्रममा शुरूमा फासीवादी पार्टी-डेमोक्रेटिक पार्टीका नेता साली बेरिशालाई १९९२ को शुरूमै सत्तासीन बनाए । त्यसपछि साली बेरिशामार्फत् त्यहाँको सैनिक, गुप्तचर तथा पुलिस शक्तिमाथि कब्जा जमाए । त्यति मात्र होइन, त्यहाँ सैनिक अखडा निर्माण गरी नेटोका हजारौं सैनिक समेत तैनाथ गरे ।

यी सबै तम्तयारीसँगै साम्राज्यवादीहरूले साली बेरिशाको उत्तरी अल्वानियास्थिति विशाल भूभागमा KLA को मुख्य हेडक्वार्टर नै स्थापना गरी कोसोभोमा पृथकतावादी आन्दोलन चर्काउन थालेका थिए ।

**कोसोभोमा अमेरिका र जर्मनीको अपराध**

क्यानाडाको ओटावा युनिभर्सिटी-का अर्थशास्त्रका प्रोफेसर माइकल कोसुदोभ्स्कीका अनुसार, साम्राज्य-वादीहरूले बेरिशा सरकारमार्फत् विशाल मात्रामा लागू पदार्थको तश्करी, बेश्यावृत्तिको व्यापार र हतियारको बेचबिखनबाट प्राप्त अनगिन्ती फोहरी पैसाले KLA लाई सहयोग गर्न थालेका थिए । यसै सिलसिलामा कालिश्निकोभ, AK-47 राइफल, RPK र PPK मेशिनगन र 12.7 क्यालिबरको हेभी मेशिनगहरूले सुसजित ३० हजारभन्दा बेसी भाडाका सिपाहीहरूको शक्ति खडा गरिएको थियो ।

जनविद्रोहको क्रममा साली बेरिशाको फासिष्ट सरकार सत्ताच्यूत भएपछि अमेरिकी र जर्मन साम्राज्यवादले सोशलिष्ट पार्टीलाई आफ्नो मुट्ठीमा पारे । अहिले सोशलिष्ट पार्टीको सरकार र साली बेरिशाको नियन्त्रणमा रहेको उत्तरी अल्वानियास्थित KLA को हेडक्वार्टर मार्फत् गोप्य जासूसी कारवाही चलिरहेको छ र अहिले पनि बेरिशाले अल्वानियाको प्रहरी, गुप्तचर र सैनिक शक्तिमा रहेको आफ्नो पहुँच र नेटोको आशीर्वादबाट KLA लाई अत्याधुनिक अमेरिकी हतियारहरू, मोटोरोला फिल्ड रेडियोहरू, टयांकभेदी अत्याधुनिक हतियारहरूदेखि विमानभेदी रकेटहरू समेत सप्लाई गरिरहेका छन् ।

इन्टरनेशनल क्राइसिस ग्रुपको एउटा रिपोर्ट अनुसार कोसोभोसँग जोडिएका अल्वानियाको सिमानाका गाउँ र शहरहरू KLA का सैनिक

*दोस्रो विश्वयुद्धमा इटालीका फासिष्ट शासक मुसोलिनी र जर्मनीका नाजीवादी शासक हिटलरको संरक्षकत्वमा 'ग्रेटर अल्वानिया'को नारामा संगठित फसिष्टहरूकै नातिनातिनीहरू अहिले KLA का नेताकार्यकर्ताहरू भएका छन् ।*

# कोसोभो लिवरेशन आर्मी

## *लागू पदार्थको तश्करीबाट मालामाल हुँदैछ !*

अमेरिका र जर्मनीको सरकारद्वारा निर्मित र निर्देशित छापामार समूह KLA लाई युरोपमा चलिरहेको लागू पदार्थको फक्रँदो अवैध ब्यापारबाट उठेको कालो पैसा लगानी गरिँदै आइरहेको कुरो पनि थाहा भएको छ । KLA को अर्थ-संकलनबारे धेरै कुरा रहस्यभित्रै रहेतापनि अधिकाश युरोपेली अखवारहरूले युरोपमा बढ्दो क्रममा रहेको लागू पदार्थको अवैध धन्दा र KLA को लगनगाँठोका बारेमा रिपोर्टहरू प्रकाशित गर्दै आइरहेका छन् । केवल अमेरिकी अखवारहरूले मात्रै यो विषयमा बेवास्ता गर्दै आइरहेका छन् ।

अमेरिकाले सिंगो हिन्द-चीन र विषेशतः भियतनामबिरूद्ध दशकौं लामो युद्ध संचालन गर्ने क्रममा सी आई ए मार्फत् गोल्डन ट्रयांगल नामक लागू औषधीको तश्करीको बाटो खोलेको थियो । त्यस्तै, निकारागुआको सान्डिनिष्टा सरकारविरूद्ध युद्ध छेड्दा अमेरिकाले लागू पदार्थ किनबेच गरेर उठेको डलर सी आई ए मार्फत् प्रतिक्रान्तिकारी कोन्ट्रा विद्रोहीहरूलाई सहयोग गरेको थियो । यही सिलसिलामा पाकिस्तान, अफगानिस्तान र टर्कीको लागूऔषध युरोपतिर बेचेर त्यसबाट उठेको रकम KLA लाई भाडाका सिपाहीहरू भर्ना गर्न र अत्याधुनिक हतियार किन्न सघाइरहेको तथ्य यूरोपेली अखवारहरूले लेख्न थालेका छन् ।

अमेरिकी अखवार 'वाशिंगटन पोष्ट' ले स्वीट्जरल्याण्डको लूजाने लागू औषध विभागका प्रमुख पियर इयूकको विचार उद्धृत गर्दै लेखेको छ- स्वीट्जरल्याडमा आउने ९०% हेरोइन र अन्य लागू पदार्थको तश्करी माथि अहिले अल्वानियाली तश्करहरूको नियन्त्रण छ । हाम्रो अनुभवले भन्छ- लागू औषधको तश्करीका लागि प्रयोग गरिने च्यानल हतियारको तश्करीका लागि पनि प्रयोग हुन्छ ।'

स्मरणणीय छ, अल्वानियामा आफ्नो हेडक्वार्टर राखेर सि. आई. ए. र जर्मन जासूसी संस्थाको प्रशिक्षण केन्द्रहरू भएका छन् । जर्मन र स्वीस सैनिक लुगा लगाएका सैनिकहरू KLA का प्रशिक्षण केन्द्रहरूमा छापामार प्रशिक्षणमा व्यस्त देखिन्छन् । अल्वानियाको ट्रोपोजे शहर र त्यस वरिपरिका गाउँहरू यसका नमूनाहरू हुन् । त्यहाँ KLAका स्वास्थ्य चौकीदेखि हतियार भण्डारहरू र सैनिक प्रशिक्षण केन्द्रहरू चारैतिर देख्न सकिन्छ ।

### *ग्रेटर अल्वानियाको नारा*

न्यूयोर्क टाइम्सका अनुसार KLAको जरा फासिवादसँग स्पष्ट रूपमा जोडिएको छ । दोस्रो विश्वयुद्धमा इटालीका फासिष्ट शासक मुसोलिनी र जर्मनीका नाजीवादी शासक हिटलरको संरक्षकत्वमा 'ग्रेटर अल्वानिया'को नारामा संगठित फासिष्टहरूकै नातिनातिनीहरू अहिले KLA का नेताकार्यकर्ताहरू भएका छन् ।

सर्व, क्रोयट् लगायत अन्य जातिप्रति अति धेरै घृणा गर्दै उनीहरूविरूद्ध मारकाट र संहारकारी कार्यमा संलग्न KLA का छापामारहरूको 'ग्रेटर अल्वानिया' को नारा आफ्नै समूहभित्र पनि निकै विवादास्पद भइरहेको छ । विभिन्न गुट उपगूटमा विभाजित KLA मा अमेरिका र जर्मन साम्राज्यवाद समर्थक गुट-उपगूटबीच यस विषयमा व्यापक विवाद छ । अमेरिकी साम्राज्यवादसमर्थक गूटले अहिले युगोस्लाभियाभित्रै बेसी स्वायत्तताको अधिकार मागिरहेको छ र मेसिदोनिया, ग्रीस र अल्वानियाका जातीय अल्वानियनहरूको 'ग्रेटर अल्वानिया' राष्ट्रको निर्माणको नाराको विरोध गरिरहेको छ । अमेरिकी साम्राज्यवादको ती तीनवटै राष्ट्रहरूसँग नजीकको सम्वन्ध कायम छ, त्यसैले ती राष्ट्रहरूको विरोधका कारण त्यस गूटले पनि 'ग्रेटर अल्वानिया' को नाराको विरोध गरिरहेको छ ।

तर जर्मन साम्राज्यवाद समर्थक KLA को अर्को गूटले 'ग्रेटर अल्वानिया' को नारालाई विशेष रूपले उछाल्दै छ । युगोस्लाभियालाई छयान्न-ब्यान्न पारेर स-साना राष्ट्रहरूलाई स-साना माछालाई जस्तै जीउँदै निल्न पल्केको जर्मन साम्राज्यवाद त्यस क्षेत्रमा थप विभाजन ल्याउन ज्यान छाडेर लागिरहेको छ । यसकै एउटा उदाहरण हो -फ्रान्कफर्ट र स्टुटगार्ड जस्ता जर्मन शहरहरूमा आफ्नो मुख्य अड्डा जमाएर बसेको KLA को अर्को गूटले 'ग्रेटर अल्वानिया' निर्माण गर्ने उद्देश्यले कोसोभोलाई पृथक राष्ट्र बनाउने माग जोड्दार रूपले उठाइरहेको छ ।

### *जर्मन साम्राज्यवादको गिद्दे दृष्टि*

'कोसोभार गभर्मेन्ट इन एक्जाइल' को नामले जर्मनीमा ब्यूरोहरू खोलेर बसेको KLA को जर्मन साम्राज्यवादसमर्थक गूटको बारेमा अमेरिकी अखवार न्यूयोर्क टाइम्सले पटक पटक रिपोर्टिङ गरिसकेको छ । त्यसको बाल्कन ब्यूरो चीफ क्रिश हजेजले त एक वर्ष अगावै KLA का छापामारहरूसँग युद्ध क्षेत्रमा रमनमा हिँडेरै रिपोर्टिङ गरेका थिए । साम्राज्यवादविरोधी मुक्ति सेनासँग घुम्ने नीति नै नभएको अखवारका ब्यूरोचिफले जर्मन र अमेरिकी साम्राज्यवादसमर्थक सैनिकहरूसँगै घुमेर प्रचार सामग्री बटुल्नु कुनै आश्चर्यको कुरो त होइन, तर यसले KLA र न्यूयोर्क टाइम्सको साम्राज्यवाद-भक्तिलाई नै प्रमाणित गर्छ ।

न्यूयोर्क टाइम्सका पत्रकारहरूले आफ्नै आँखाले देखेर लेखेको रिपोर्ट अनुसार, जर्मन साम्राज्यवाद समर्थक KLA गुपका छापामारहरूसंग जर्मनीले विकास गरेका पछिल्लो चरणका हतियारहरू पनि रहेको देखियो, जुन हतियारको खुला-बजारमा समेत किनबेच हुन शुरू भएको छैन ।



*KLA जस्तो भाडाका सिपाहीहरूको समूहमा धेरैजसो सी आई ए सँग सम्बन्धित इस्लामिक मुजाहिद्दिनहरू भाडाका सिपाहीहरू बनिरहेका छन्,*

नीति-निर्देशनमा छापामार युद्ध गरिरहेका अल्वानियाली मूलका भाडाका सिपाहीहरूको अल्वानियाली तश्करहरूसँग सुमधुर सम्वन्ध रहेको छ । वाशिंगटन पोष्टले यस्ता तश्करहरूले टर्की र अल्वानियाबाट पश्चिमी यूरोपमा लागु औषधको तस्करी गर्ने र पश्चिम युरोपबाट अत्याधुनिक हतियार तश्करी गरी युद्धरत छापामारहरूलाई बेच्ने काम गरिरहेको रिपोर्ट प्रकाशित गरेको छ ।

युगोस्लाभियाको एउटा राज्य सर्बियाको गुप्तचर तथा सुरक्षा एजेन्सीले वेभ साइटमा KLA को बारेमा लामो रिपोर्ट प्रसारित गरेको छ । White Book; Terrorism in Kosovo, Metohija and Albania नामक सो रिपोर्टमा KLA ले चलाइरहेको आतंकवादी क्रियाकलापको विस्तृत तथ्य प्रस्तुत गर्ने क्रममा त्यसले कहाँबाट कसरी हातहतियार र लागूऔषध तश्करी गरिरहेको छ भन्ने कुरा पनि उल्लेख गरिएको छ । KLA जस्तो भाडाका सिपाहीहरूको समूहमा कोसोभोभन्दा बाहिरका, अल्वानिया, जर्मनी, अमेरिका र मध्यपूर्वका मानिसहरू भर्ति भइरहेका छन्, धेरैजसो सी आई ए सँग सम्बन्धित इस्लामिक मुजाहिद्दिनहरू भाडाका सिपाहीहरू बनिरहेका छन्, सो रिपोर्टमा उल्लेख गरिएको छ ।

अमेरिकी अखवार क्रिश्चियन साइन्स मनिटर, जुलाई १९९८ लें 'कोसोभोका लागि पैसा' नामक शीर्षकको समाचारमा KLA ले अमेरिकामा लाखौंलाख डलर उठाएको समाचार छापेको छ । समाचारमा भनिएको छ- KLA ले अमेरिकाको सैनिक योजना बनाउने संस्था नेशनल सेक्यूरिटी काउन्सिल (NSC) देखि सिनेटर जेसी हेल्मस जस्ता अमेरिकी शासनका प्रभावशाली व्यक्तिहरूसँग पैसा उठाएर धेरैलाई आश्चर्यचकित पारेको छ । ❑

*युगोस्लाभियालाई छयान्न-ब्यान्न पारेर स-साना राष्ट्रहरूलाई स-साना माछालाई जस्तै जीउँदै निल्न पल्केको जर्मन साम्राज्यवाद त्यस क्षेत्रमा थप विभाजन ल्याउन ज्यान छाडेर लागिरहेको छ ।*

## आँखीझ्याल

वर्कर्स वर्ल्ड पत्रिकाले KLA को जन्म नै जर्मनीमा भएको तथ्य अगाडि सारेको छ । त्यस्तै, न्यूयोर्क टाइम्सले KLA को पहिलो भाषा जर्मन भएको उल्लेख गर्दै त्यसका छापामारहरू र नेताहरू बिनारोकावट जर्मन भाषा बोल्छन् भनेर लेखेको छ ।

मेसिडोनियन टि.भि.का पत्रकार र क्यामेराम्यानहरूको अगाडि तिनीहरूले जर्मन भाषा एक शब्द पनि फरक नपर्ने गरी सही र सुन्दर ढंगले आनन्दसँग बोलेका उदाहरणहरू पनि थुप्रै छन् । फ्रान्सिसी पत्रिका 'ले मोन्दे' ले KLA का एक क्याप्टेन फ्लोरिन कुलाज जर्मनीबाट KLA लागि लड्न गएका जर्मन नागरिक हुन् भनी स्पष्ट रूपमा लेखेको छ ।

'मर्निङ्ग स्टार' नामक बामपन्थी पत्रिकाले लेखेको छ-'जर्मनीले युनिफर्म (सैनिक लुगा) देखि KLA लाई हतियार, प्रशिक्षण र खरखजानाको सप्लाई आदि सम्ममा सहयोग गरिरहेको छ । ट्यांक विरोधी हतियारहरू KLA का छापामारहरूसँग जताततै देख्न पाइन्छ, जुन जर्मन सरकारका आधिकारिक च्यानलमार्फत मात्रै किन्न सकिन्छ, खुल्ला बजारमा किन्न पाइँदैन । यस्ता सबूतहरूले देखाउँछ- जर्मन स्पेसल फोर्सका विभिन्न इकाइहरू KLA को पक्ष लिएर संघर्ष गर्दैछन् ।'

'मर्निङ्ग स्टार' लेख्छ- जर्मनीले अल्वानियाली जातिका कोसोभोवासीहरूलाई उत्तरी क्षेत्रमा रहेको आफ्नो सैनिक अखडाबाट सहयोग दिइरहेको छ ।

आफ्नो तुच्छ स्वार्थको लागि विकसित गरिएको छापामार संगठन- KLA भोलि झन् झन् कट्टरपन्थी मुस्लीम संगठनमा परिणत हुने संभावना हुँदाहुँदै पनि साम्राज्यवादी राष्ट्रहरूले KLA लाई सम्पूर्ण रूपमा सहयोग गरिरहेका छन् । विगतमा धेरेजसो ठाँउमा मुजाहिद्दिन जस्ता कट्टरपन्थी मुस्लिम संगठनहरू निर्माण गरेर 'कम घनीभूत युद्ध' संचालन गरेर साम्राज्यवादी राष्ट्रहरूले कोसोभोमा पनि भविष्यमा आफ्नै विर्यबाट 'जन्मिने 'बिन लादेनहरू' प्रति अहिले नजरअन्दाज गरिरहेका छन् । साँच्चै भन्ने हो भने , जर्मन र अमेरिकी साम्राज्यवाद कोसोभोमा आफ्नो तुच्छ स्वार्थका लागि 'भावी विन लादेनहरू' जन्माइरहेका छन् । फासिवादीहरू जन्माउने यो अपराधका लागि विश्वभरिका न्यायप्रेमी जनताले ती साम्राज्यवादीहरूलाई कहिले पनि माफ गर्नेवाला छैनन् । ■

◆ राजेन्द्र महर्जन



युगोस्लाभ नेता
नाटोसँग सम्झौताको टेबलमा

# के कोसोभो शान्ति संझौतामा नाटोको बिजय भएको छ ?

◆ दीपक बैद्य ◆

७८ दिन लामो भीषण हवाई आक्रमणपछि अमेरिकाको अगुवाइमा उत्तर एटलाण्टिक सन्धि संगठन (नाटो) युगोस्लाभियाबाट बल्लबल्ल एउटा नाक जोगाउने संभौता हात पारेर युद्धमा आफू "बिजयी" भएको विश्वव्यापी ढोल पिटिरहेछ । उसको दावी छ - यो संभौताबाट उसलाई दुइटा ठूलो उपलब्धि हात लागेको छः एउटा, कोसोभोमा अब ५० हजार नाटो स्थलसेना तैनाथ गर्न सकिनेछ । अर्को, जातीय सफाइको समस्या अब समाधान हुनेछ र विदेशमा भागेका अल्वानियाली मूलका लाखौं शरणार्थीहरू अब कोसोभोमा रहेको आफ्नो घरमा फर्कन सक्नेछन् ।

तर अमेरिकी साम्राज्यवाद र उसका यूरोपेली मित्रहरूको "बिजय" को भ्याली पिटाइमा चुनौतीपूर्ण प्रश्न उठाउने ठाउँहरू प्रशस्त देखिएका छन् । नाटोको हवाई आक्रमणको घोषित उद्देश्य र अहिलेको संभौतामा काफी विरोधाभासहरू देखिएका छन् ।

युगोस्लाभियामा नाटोको हवाई- आक्रमणको मूल घोषित उद्देश्य थियोः जातीय सफाइ रोक्नु अर्थात, अल्वानियाली मूलका कोसो- भोवासीहरूलाई कोसोभो बाहिर लखेटिनबाट रोक्नु । तर यो युद्धको मुख्य असफलता कहाँ छ भने, नाटोको हवाई-आक्रमण प्रारम्भ हुनुअघि त्यसरी देशबाहिर लखेटिनेहरू खालि ४५ हजार मात्र थिए, नाटोको हवाई- आक्रमणपछि त्यही आक्रमणको कारणले विस्थापित हुनु परेकाहरू देशबाहिर ८ लाख पुगेका छन् । हेर्नुहोस्: Newsweek, June 14, 1999 र, देश भित्रै ६ लाख । यसले, नाटो हवाई- आक्रमणको मूल उद्देश्य नै पूरापूर विफल भएको देखिएको छ । हवाई-आक्रमण भएको थियो- "जातीय सफाइ रोक्नलाई" । आक्र- मणको परिणाम भएको छ - जातीय सफाइमा अपार बृद्धि ।

अब ८०% विस्थापित अल्वा- नियालहरू नै घर फर्कन समर्थ भए भने पनि अझै शुरूमा भन्दा ६ गुणा अल्वानियालीहरू विस्थापित भएका हुनेछन् ।

नाटो हवाई-आक्रमणको घोषित लक्ष्य 'मानवीय' बताइएको थियो । सर्वियनहरूद्वारा अल्वानियालीहरू धमाधम मारिएकाले यो जाति-हत्या रोकन "मानवीय" उद्देश्यले युगोस्लाभियामाथि नाटोले हवाई- आक्रमण थालेको बताइएको थियो । तर प्रशिद्ध बेलायती पत्रिका The Economist, June 12, 1999 का अनुसार नाटो बम-वर्षाअघि कोसोभोमा खालि दुईदेखि तीन हजार मान्छे मात्र मारिएका थिए । ११ हप्ता लामो नाटो बम-वर्षाको दौरानमा लगभग एक लाख कोसोभोवासीहरूको ज्यान गएको छ । त्यसमाथि थप, करिब ६ हजार सर्व सेनाहरू र २ हजार निर्दोष सर्वसाधारण सर्व-नागरिकहरू समेत यो कममा नाटो हवाई-आक्रमणबाट मारिएका छन् । यसको तात्पर्य के हो भने, नाटोको हवाई-आक्रमणको घोषित "मानवीय" लक्ष्य पनि पूरापूर विफल भएको छ । मानवीय कोणबाट नाटोको हवाई-आक्रमण बाल्कन क्षेत्रमा मानवताको चरम बर्बादीमा टुंगिएको छ ।

त्यसैले, यो युद्धमा नाटोको "अपार विजय" भएको छ भन्ने दावीमा चुनौती दिनु पर्ने केन्द्रिय प्रश्न के हो भने, युद्धको घोषित लक्ष्य-उद्देश्य पूरापूर बिफल, युद्धको परिणाम युद्धको लक्ष्य-उद्देश्यको ठीक विपरीत, अनि युद्धमा नाटोको "अपार विजय" ? यो कसरी ?

अहिले कोसोभोमा नाटो- थलसेनाको तैनाथीलाई नै नाटो आक्रमणको 'विजय' को प्रतीकका रूपमा ढोल पिटिंदैछ । यो दावीले के छर्लङ्ग पार्दैछ भने, वास्तवमा युगोस्लाभियामा नाटो-आक्रमणको मूल उद्देश्य न त "मानवीय" थियो, न "जातीय सफाइ रोक्नु" नै ।

यथार्थमा, उसको मुख्य नियत त यूरोपको गाउँका रूपमा रहेको सर्व-

**युगोस्लाभियालाई युद्ध अघिको स्थितिमा पुर्‍याउन ५० अरबदेखि १५० अरब डलर र दशकौंको समय लाग्नै अनुमान बेलग्रेडस्थित एउटा रिसर्च यूनीटले गरेको छ ।**

राष्ट्रवाद र युगोस्लाभियाली समाजवादलाई तहस-नहस पार्नु थियो, कोसोभोलाई युगोस्लाभियाबाट टुक्र्याउनु थियो र यूरोपलाई पटक्कै नटेर्ने समाजवादी सोच भएका सर्व-राष्ट्रवादी राष्ट्रपति स्लोभोदान मिलोसेभिचलाई अपदस्थ गर्नु थियो ।

यिनै अघोषित भित्री उद्देश्यहरू समेत नाटोले अहिलेको युद्धबाट पूर्णतः हासिल गरेको देखिन्न । उसका उद्देश्यहरू आंशिक रूपमा मात्र हासिल भएका देखिएका छन् ।

नाटो हवाइ आक्रमणबाट युगोस्लाभिया औद्योगिकरणपूर्वको स्थितिमा फर्केको छ । यसका औद्योगिक संरचनाहरू प्रायशः तहस-नहस पारिएका छन् । सर्वियाको दुई-तिहाई भाग बिजुलीरहित भएको छ । राजधानी बेलग्रेड जोड्ने सबैजसो मुख्य सडक र पुलहरू ध्वंश गरिएका छन् । कोसोभोलाई सर्वियासित जोड्ने सबै रेल लाइनहरू र राजमार्गहरू नष्ट पारिएका छन् । युगोस्लाभियालाई युद्ध अघिको स्थितिमा पुऱ्याउन ५० अरबदेखि १५० अरब डलर र दशकौंको समय लाग्ने अनुमान बेलग्रेडस्थित एउटा रिसर्च यूनीटले गरेको छ । सर्वियाको पुनर्निर्माणको लागि मात्र ३० अरब डलर र पाँच वर्षको समय लाग्ने कुरा यूरोपेली संघले जनाएको छ । युगोस्लाभियाको मिलिटरी संयन्त्र पनि केही हदसम्म नष्ट पारिएको छ । १०० वटा विमान, १२० टैंक, २०३ वटा बख्तरखन्द गाडी यो युद्धमा नष्ट पारिएका छन् । तथापि युगोस्लाभियाको सैनिक क्षमता अझै पनि तन्दुरुस्त नै रहेको बताइन्छ ।

अहिलेको नाटो आक्रमण यस कारणले शुरू भएको थियो कि, गएको फरवरी महिनामा फ्रान्सको राम्बोउलेटमा नाटोले राखेका दुई वटा मुख्य शर्तहरूलाई मान्न बेलग्रेडले अस्वीकार गरेको थियो । एउटा, तीन वर्षभित्र कोसोभोमा स्वतन्त्रता कि युगोस्लाभियाकै अंग बन्ने ? भन्ने सवालमा जनमत संग्रह गराउनु पर्ने, अर्को, कोसोभोमा नाटो सेना तैनाथ गर्ने र त्यो सेनाले कोसोभोमा मात्र होइन, सर्वियाभरि चलखेल गर्न पाउने ।

यी दुई शर्त मान्नासाथ कोसोभो निश्चितै रूपमा युगोस्लाभियाबाट टुक्रिन्छ र नाटो सेनाले अन्ततः सर्वियालाई पनि खान खोज्छ भन्ने पक्का भएकाले राष्ट्रपति स्लोभोदान मिलोसेभिचले कुनै पनि हालतमा यी शर्त स्वीकार गर्न नसकिने बताएर राम्बोलेट-संझौता प्रस्तावलाई रद्दीको टोकरीमा मिल्काएका थिए । वर्तमान नाटो आक्रमण वास्तवमा त्यही राम्बोलेट-संझौता प्रस्ताव जबर्जस्ती युगोस्लाभियालाई मान्न लगाउने उद्देश्यले थालिएको थियो ।

तर हवाई आक्रमण थालिएपछि अमेरिकी र यूरोपेली साम्राज्यवादलाई राम्ररी नै महशूस भयो कि, उनीहरू त्यहाँ आकाशबाट केही बम गिराउनुसिवाय केही गर्न सक्दैनन् । सर्वियाविरूद्ध लड्न थलसेना पठाउनु संभव नै छैन । यसो गर्नु 'अर्को भियतनाममा हात हाल्नु' बराबर हुनेछ । उनीहरू यस्तो युद्धमा फँस्न पुगेका छन्, जुन उनीहरू लड्न तैयार नै थिएनन् र लडे पनि जित्नु संभव थिएन् । त्यसैले, जति सक्यो उति छिटो युद्ध टुंग्याउन र नाक जोगाउने उपाय निकाल्न उनीहरूले येल्सीनलाई गुहारे । येल्सीनले खटाएका दूत भिक्टर चेर्नोमिर्दिन मार्फत उनीहरूले एउटा शर्त मात्र मिलोसेभिचलाई मंजुर गराउने सफलता प्राप्त गरे । त्यो शर्त हो- कोसोभोमा रहेको सर्व सेना पूर्णतः फिर्ता हुनुपर्ने र त्यहाँ नाटोको ५० हजार सेना तैनाथ रहने । मिलोसेभिचले शर्तसहित मात्र त्यो प्रस्ताव मंजुर गरे । मिलोसेभिचले राखेका शर्तहरू थिए - त्यो सेना विशुद्ध नाटो सेना मात्र हुने छैन, नाटो सेनाको कमाण्ड अन्तर्गत नरहने गरी त्यहाँ रूसी सेना पनि तैनाथ हुनुपर्दछ र त्यो सेना संयुक्त राष्ट्र संघको निर्णय र छाता अन्तर्गत मात्र कोसोभोमा आउनु पर्दछ । नाटो सेनाले विखण्डनकारी कथित - "कोसोभो मुक्ति सेना" लाई निशस्त्र पार्ने कार्य गर्नु पर्दछ । संझौतामा कोसोभो युगोस्लाभियाको अभिन्न अंग हो भन्ने कुरा प्रष्टसित उल्लेख हुनुपर्दछ । र, नाटोले युगोस्लाभियाको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई स्वीकार गरेको कुरा संझौतामा उल्लेख हुनुपर्दछ ।

यी सबै शर्तहरू नाटोले मंजुर गरेपछि मात्र वर्तमान नाटो-युगोस्लाभियाबीचको संझौता संपन्न भएको छ । अमेरिकी र यूरोपेली साम्राज्यवादले यो संझौतामा कोसोभोमा जनमत संग्रह गराउने माग र सर्वियाभरि नाटो सेनाले चलखेल गर्न पाउने शर्तलाई मन नलागी-नलागी छोड्नु परेको छ । राम्बोलेट-संझौता प्रस्तावको जुन दुई शर्त स्वीकार्न मानेन भनेर त्यो जबर्जस्ती मान्न लगाउन युगोस्लाभियाविरूद्ध नाटोबाट वर्तमान अति महँगो हवाई आक्रमण थालियो, त्यसको बिल ४ अरब अमेरिकी डलर निक्लेको छ । तर हातलागी भने सारै थोरै मात्र भएको छ । खालि युगोस्लाभियाको ध्वंश, कोसोभोबाट सेना फिर्ता हुनुपर्ने र कोसोभोमा नाटो सेना पठाउन सकिने भन्ने शर्त मात्र नाटोको मुख्य उपलब्धि भएको छ । र, त्यो शर्त पनि विश्वभरि नाटो र अमेरिकाको ठूलो बद्नामीको मूल्यमा मात्र प्राप्त भएको छ ।

त्यसैले, यो युद्धमा नाटोको पूर्ण र एकलौटी विजय भएको छ भन्ने कुरा सत्य होइन । वास्तविकता यो हो कि विजय आंशिक मात्र भएको छ र यो युद्ध अमेरिका र नाटोको लागि एउटा भाससरह भएको छ, जति चल्यो उति भित्रभित्र डुबिने । रूसी प्रधानमन्त्री प्रिमाकोभलाई जबर्जस्ती दबावद्वारा बीचमा पारेर भए पनि उनीहरूले नाक जोगाउने सानो बाटो निकालेका छन् ।

नाटोको अबको रणनीति यही हुने भएको छ कि- उनीहरू कोसोभोमा जुन सेना तैनाथ गर्दैछन्, त्यसैलाई भरेङ बनाएर उनीहरू कोसोभोलाई युगोस्लाभियाबाट पुनः टुक्र्याउने जमर्को गर्नेछन् । त्यहीमार्फत् सर्वियालाई हैरान पारेर अन्ततः धराशायी पार्ने प्रयत्न गर्नेछन् । कोसोभो पहिले ओटोमन र अस्ट्रियन साम्राज्यको हातमा थियो । अब त्यो ठाउँ नाटो साम्राज्यले लिनेछ ।

त्यसैले, शान्ति संझौता भनिए पनि - यो संझौता वास्तवमा "शान्ति संझौता" हुनेछैन । यो भविष्यमा अरू ज्यादा युद्ध भड्काउने संझौता हुनेछ । कोसोभोमा रहेको नाटो सेनाले अन्ततः युगोस्लाभियालाई तहस-नहस पारीछोड्नका लागि र कोसोभोलाई सर्वियाको अधीनस्थताबाट बाहिर निकाल्नका लागि भविष्यमा थुप्रै युद्धहरूको सिर्जना गर्नेछ ।

यो संझौताको बुँदा नं ५ मा "कोसोभो युगोस्लाभियाको अभिन्न अंग हो" र त्यहाँ "स्वायत्त शासन" लागु हुने भनिएको छ । बुँदा नं ८ मा "कोसोभो मुक्ति सेना (को मु से )लाई निशस्त्र पार्ने" कुरा लेखिएको छ ।

तर यो कार्य गर्ने कसले ? सर्वियाली सेना कोसोभोमा रहँदैरहँदैन, नाटोले यो काम गर्दैगर्दैन । फेरि, यो जगजोहर छ, "को मु से" लड्दै आएको कोसोभोको "स्वतन्त्रता"को लागि हो, स्वायत्तताको लागि होइन । यस परिप्रेक्ष्यमा "को मु से "लाई निशस्त्र पार्ने भन्ने सवाल र कोसोभो स्वायत्त शासन भएको क्षेत्र हुने भन्ने सवाल खालि कागजी मात्र हुने संभावना छ । यो कार्यान्वियन होला भनेर कल्पना गर्नु मुश्किल छ । यो संझौता अनुसार कोसोभोबाट विस्थापित अल्वानियाली मूलका शरणार्थी त केही हदसम्म घर फर्कनेछन् । तर कोसोभोमा रहेका दुई लाख सर्वियन मूलका नागरिकहरू चाहिँ पुनः विस्थापित हुन थाल्नेछन् - अन्ध-अल्वानियालीहरूको क्रोध र बदलाको भावनाबाट बच्नका लागि । यो विस्थापन रोक्ने कसले ? त्यसैले, "जातीय सफाइ" फेरि पनि रोकिने छैन, पात्र मात्र फेरिनेछ । यो क्रम कोसोभोमा अहिले नै व्यापक रूपमा शुरू भइसकेको छ । ❑



*४५ जना अल्वानियालीहरूको लाश नजिक बिलाप गरिरहेका तिनका नातेदारहरू: यसले जन्माउने क्रोध र बदलाको भावनाले कोसोभोमा पुनः सर्वियालीहरूको जातिय सफायाको अभियान नथालिने कुराको ग्यारेन्टी के ?*

## *जति सक्यो उति छिटो युद्ध टुंग्याउन र नाक जोगाउने उपाय निकाल्न उनीहरूले येल्सीनलाई गुहारे ।*

# भाषा आन्दोलन

## सर्वोच्चको रिट-आदेशले निम्त्याएको विवाद !




*सर्वोच्च अदालतको फैसलाविरूद्व राजधानीमा भएको धर्ना कार्यक्रम*

काठमाडौं महानगरपालिकाले नेपाल भाषालाई र राजविराज नगरपालिका एवं धनुषा जिल्ला विकास समितिले मैथिली भाषालाई नेपाली भाषा (खसभाषा) सँगै आफ्नो कार्यालयको कामकाजी भाषाका रूपमा प्रयोग गर्न थालेको कुराका विरूद्ध केही व्यक्तिहरूले २०५४ फागुन ११ गते दायर गरेको रिटअनुसार सर्वोच्च अदालतले अन्तरीम आदेश जारी गर्‍यो । यस आदेशद्वारा यी भाषाहरूको प्रयोगमा रोक लगाइयो । यसका विरूद्ध मातृभाषा प्रयोगका पक्षधरहरूले पुनः दायर गरेको मुद्दामा सर्वोच्च अदालतले गत जेठ १८ गते सोही प्रकृतिको रिट–आदेश जारी गर्‍यो ।

यो आदेशले नेपालमा नेपाली (खस) भाषाभाषी बाहेक अरू भाषाभाषीहरूको हकमाथि ठाडो चुनौति थपेको छ । राज्यले स्वयं अग्रसर भएर राष्ट्रिय भाषाहरूलाई क्रमशः कामकाजी भाषाका रूपमा प्रयोग गर्ने पहल गरी प्रजातान्त्रिक व्यवहार गर्नु पर्नेमा स्थानीय निकायहरूले आफ्नै स्रोत प्रयोग गरी यो पहल गरेकोमा राज्यकै एक अंगद्वारा यस्तो बाधा उत्पन्न गर्ने आदेश हुनु एकदमै गम्भीर र चिन्ताजनक कुरा हो । यसले नेपालमा २०४६ पछि लागु भएको वर्तमान राजनीतिक व्यवस्था स्वयंको मर्मसमेतलाई लत्याएको छ ।

यस स्थितिमा, सर्वोच्च अदालतको आदेश बाहिर आएकै क्षणदेखि राजधानी र देशका अन्य स्थानहरूमा यसको व्यापक विरोध भइरहेको छ । 'भाषिक अधिकार संयुक्त संघर्ष समिति नामको एक छाता संगठनमुनि देशका जातीय र भाषिक अधिकार प्राप्तिका निम्ति संघर्षरत थुप्रै संगठनहरू यस विरोध अभियानमा क्रियाशील छन् । विरोध जुलूस, लालटिन जुलूस, ब्यानर जुलूस र सभा–गोष्ठी आदि कार्यक्रमहरू निरन्तर भइरहेका छन् ।

यसै सन्दर्भमा हामी प्रस्तुत गर्दैछौं, यसै संयुक्त संघर्ष समितिका संयोजकसँगको अन्तर्वार्ता । साथमा, सर्वोच्चको यस फैसलाबारे विभिन्न राजनीतिक पार्टीहरूका प्रतिक्रियाहरू पनि प्रस्तुत गरेका छौं ।

*–मूल्यांकन*

## भाषिक अधिकार संयुक्त संघर्ष समिति, नेपालका संयोजक *अमरेश नारायण झा* सँगको अन्तर्वार्ता

**भाषिक अधिकार संयुक्त संघर्ष समितिमार्फत् तपाईहरूले अहिले विभिन्न कार्यक्रमहरू संचालन गरिरहनु भएको छ । ती कार्यक्रमहरूबाट तपाईहरू कस्तो अनुभव गरिरहनु भएको छ ? सर्वसाधारण जनताहरूले, बौद्धिकहरूले र पार्टीहरूले तपाईहरूले उठाउनु भएको कुरालाई कसरी लिएका छन् ?**

– यो समिति गठन भएको एक वर्ष बितीसकेको छ । हामी विभिन्न माध्यमबाट सडकमा उत्रीरहेका छौं । हाम्रो संघर्षको बारेमा बुझेर पनि बुझ पचाउनेहरूबाहेक, नेपालका अन्य सम्पूर्ण जनमानसले राम्ररी थाहा पाइसकेका छन् । हरेक मातृभाषा हरेक नागरिक र हरेक जनतासित सम्बन्धित मुद्दा भएको कारणले गर्दा जनमानसबाट स्वतःस्फूर्त रूपमा यसको समर्थन सडकसम्म आइसकेको छ । बुद्धिजीवी, ब्यापारी, विभिन्न तब्काका मातृभाषाप्रेमीहरू, मानव अधिकारवादीहरू आदि सबैबाट नै यो संघर्षले समर्थन जुटाउने सफलता प्राप्त गरिसकेको छ ।



जहाँसम्म राजनीतिक पार्टीहरूको कुरा छ, कतिपय पार्टीहरूले आधिकारिक रूपमै निर्णय गरेर हाम्रो संघर्षलाई समर्थन जनाइसकेका छन् । तर अहिले हाम्रो देशमा मुख्य रूपमा देखा परेका दुई वटा ठूला पार्टीहरूमध्ये नेपाली कांग्रेस पार्टी, जो हालैको चुनावमा बहुमत ल्याई भखरै सत्तामा पुगेको छ, त्यसले हाम्रो संघर्षबारे कुनै स्पष्ट धारणा अहिलेसम्म सार्वजनिक गरेको छैन । ऊ हाम्रो संघर्षलाई समर्थन गर्छ कि विरोध गर्छ, त्यो हामीलाई थाहा छैन ।

जहाँसम्म एमालेको सवाल छ, त्यसले हाम्रो संघर्षलाई केन्द्रिय तहबाट समर्थन या विरोध केही पनि गरेको छैन । तर त्यसको उपत्यका कमिटीले भने बैठक नै राखी आधिकारिक रूपमा पास गरेर हाम्रो संघर्षलाई समर्थन गरेको छ र यो सवाललाई केन्द्रिय तहमा उठाउने निर्णय पनि गरेको छ । त्यसले यो संघर्षको सवाललाई सदनमा पनि उठाउने र मातृभाषीहरूको बर्तमान संघर्ष र मागहरू जायज छन् एवं जनताले अधिकार पाउनुपर्छ भनेर हाम्रो संघर्षलाई सघाउने निर्णय गरेको छ ।

संघर्षको शुरू कालमा कांग्रेसका केही सांसदहरूले हाम्रो मञ्चमा आएर नै हाम्रो संघर्षलाई पूर्ण रूपमा समर्थन गर्ने भाषण दिएका थिए । उनीहरूले हामीले चलाइरहेको यो भाषिक अधिकारको संघर्ष सही संघर्ष हो र सर्वोच्चले दिएको अन्तरिम आदेश उचित होइन भनेर भाषणमा भनेका थिए । तर अहिले बहुमत ल्याई सरकार बनाइसकेपछि भने उनीहरू चुप भएका छन् । उनीहरूका कुनै पनि आधिकारिक भनाइहरू सार्वजनिक भएका छैनन् ।

❑ **राप्रपाको भनाइ चाहिँ के छ नि ?**

– राप्रपाबाट पनि अहिलेसम्म कुनै आधिकारिक भनाइ सार्वजनिक भएको छैन ।

❑ **एकथरि मानिसहरू सर्वोच्चले निर्णय दिइसकेपछि त्यसको विरोधमा आवाज उठाएर हिड्नु ठीक कुरा होइन र त्यसरी हिड्नु संविधानसम्मत छैन भनिरहेका छन् । तपाई के भन्नुहुन्छ ?**

– सार्वोच्चको निर्णयविरूद्ध आन्दोलन उठ्नु देशको लागि निश्चित रूपमा हितकर मान्न सकिन्न । तर सर्वोच्चले पनि निर्णय गर्दाखेरि "हामी सार्वोच्च हौं, हामी सम्पूर्ण जनताको न्याय दिने सचेत अथोरिटि हौं" भन्ने कुरामा ध्यान राख्नु पर्छ नि ! यस मामलामा बहुत फितलोपना र बहुत गम्भीर त्रुटी देखापरेको हामीले पाएका छौं ।

त्यसैले, अहिलेको संघर्षको सन्दर्भमा नहुनु पर्ने निर्णय र नहुनुपर्ने विरोध दुवैथरि भएका छन् । तर सर्वोच्च अदालत आम जनताको चासो भएको मुद्दालाई बङ्ग्याएर आम नियम कानूनको बिपरीत आउँछ भने हामीले के गर्ने ? टुलुटुलु हेरेर बस्ने ?

सर्वोच्च अदालतले २०५६ जेठ १८ गते जुन निर्णय दिएको छ, त्यो निर्णय स्थानीय निकाय स्वायत्त शासन ऐन, २०५६ को विपरीत छ । त्यो ऐन विधयेकको रूपमा संसदको दुवै सदनले पास गरीसकेर श्री ५ बाट २०५६ बैशाख १६ गते लालमोहर भई क्रियाशील भइसकेको ऐन हो ।

त्यस ऐनमा स्थानीय निकायका तहहरू नगरपालिका र जि.वि.स.ले स्थानीय रूपमा बाहुल्य भएका भाषाहरू प्रयोगमा ल्याउन सकिने

# हामी साम्प्रदायिक पनि हैनौं राजनीतिक स्वार्थका गोटी पनि हैनौं !

◆ *अमरेश नारायण झा* ◆

कुरा स्पष्ट उल्लेख गरिएको छ । तैपनि यस ऐनलाई कुनै ख्याल नै नगरिकन सर्वोच्च अदालतले जेठ १८ गते जुन निर्णय दियो, त्यो कुनै पनि हालतमा नियम, कानून र ऐनसंगत छ भनेर मान्न सकिन्न । यसरी, जानीजानीकन ऐन कानूनमा उल्लेख भएको कुरालाई पनि बेवास्ता गरेर सर्वोच्च अदालत जस्तो निकायले जब ऐन कानूनको बिपक्षमा, कुनै एउटा निश्चित भाषाको पक्षमा र सम्पूर्ण अन्य भाषाभाषी तथा देशबासीको बिपक्षमा निर्णय दिन्छ भने त्यसको यसरी विरोध हुनु स्वभाविक कुरा हो र यो विरोधलाई नकार्न सकिन्न ।

**❑ अहिले सडकमा जुन आवाज उठीरहेका छ, त्यसलाई सुनेर के सर्वोच्चले यसबारे पुनर्विचार गर्न सक्छ ? यसमा तपाईहरू कत्तिको अशावादी हुनुहुन्छ ?**

-असार १२ गते 'हाम्रो संघर्षको भावी रूप के हुने हो ?' भन्ने बारेमा हामीले एउटा बृहद् कार्यशाला गोष्ठी आयोजना गर्‍यौं । त्यस कार्यशाला गोष्ठीमा ७०/८० वटा विभिन्न संस्थाहरूले भाग लिएका थिए ।

ब्यापक छलफलपश्चात् गोष्ठीले संघर्ष सम्बन्धमा चारथरि प्रक्रिया अपनाउने निर्णय गर्‍यो । पहिलो कानूनी प्रक्रिया, दास्रो राजनीतिक प्रक्रिया, तेस्रो जनसंघर्ष र चौथो प्रचार-प्रसार ।

कानूनी प्रक्रियाको लागि एउटा कमिटी बनाई त्यसमार्फत् कार्य शुरू भइसकेको छ । त्यस्तै, अहिले हामी विभिन्न प्रतिष्ठित खसभाषी तथा अन्य भाषाभाषी कानून-विद्हरूसँग संम्पर्क राखी एउटा बृहद् कार्यक्रम गर्दैछौं र त्यस कार्यक्रमबाट कसरी कानूनी प्रक्रियामार्फत् अगाडि बढ्न सक्छौं भन्ने उपाय निकालिनेछ ।

हामी कानूनविद् त होइनौं, तर हामीले जति बुझेका छौं, त्यसअनुसार यो मुद्दालाई सिंहावलोकन गराउन तिनै न्यायाधीशहरूसमक्ष यसलाई लग्नुपर्छ र उहाँहरूले मात्रै यसलाई सिंहावलोकनको लागि स्वीकृति दिनुहुन्छ भन्ने लाग्छ ।

तर नेपालीहरूको संस्कार के छ भने, आफूले गरेको गल्तीलाई गल्ती हो भनेर स्वीकार्न कोही चाहँदैनन् । त्यसैले सर्वोच्चले हामीले सोचेजस्तै सिंहावलोकनको लागि यो मुद्दालाई पुनः हेर्छ कि हेर्दैन, त्यो त भन्न सकिन्न । तर कथंकदाचित् त्यस्तो भयो भने, यो देशको लागि निश्चित रूपमा नै त्यो एउटा सुखद् क्षण हुनेछ र, हाम्रो इतिहासमा एउटा नयाँ आयाम थपिनेछ ।

**❑ अहिले तपाईहरूको आन्दोलनलाई साम्प्रदायिक आन्दोलन भन्नेहरू पनि छन् ! उनीहरू तपाईहरूले खस भाषाकाबिरूद्ध आन्दोलन उठाइरहनु भएको छ भनीरहेछन् । यस सम्बन्धमा तपाईको विचार के छ ?**

- हामीले गरेका सडक-संघर्षहरू,

## भाषिक अधिकारका निम्ति चालू संघर्षको धारणा र रूप के ?

हामीले दिएका प्रेस वक्तव्यहरू, सबै नै सार्वजनिक भइसकेका छन् । हामी कुनै पनि काम लुकाएर, छिपाएर गरिरहेका छैनौं । म के भन्छु भने, हामीले गरेका कार्यक्रमहरू हेरी कसैले पनि भन्न सक्दैन कि हामी कसैको विरोधमा छौं ।

हामीकहाँ दुईथरि मानिसहरू पाइन्छन् । एक किसिमका मानिसहरू एक भाषाको नाममा यो देशलाई लुट्न खोजिरहेका छन् भने अर्को किसिमका मानिसहरू कुरालाई बङ्ग्याउन मात्र खोजिरहेका छन् । यस्ता मानिसहरू हामीले हिजो पनि पाएका थियौं र अहिले पनि पाइरहेका छौं । यस्ता मानिसहरूले देशलाई राजनीतिक, आर्थिक कुनै पनि हिसाबले बिगारिरहेका छन् ।

हामीले नेपाली भाषाको विरोध अहिलेसम्म कहीं कतै गरेका छैनौं । बरू, हाम्रै क्रियाकलापको कारणले गर्दा नै नेपाली भाषा साँचो अर्थमा र समग्रमा यो देशको भाषा बन्नसक्छ । अहिलेसम्म अखवारहरू र संविधानमा जे लेखेतापनि नेपाली भाषा साँचो अर्थमा र समग्रमा यो देशको भाषा हुन सकेको छैन । बढीमा, यो पहाडको भाषा भइसकेको छ । पहाडमा पनि सम्पूर्ण क्षेत्रको भाषा यो बन्न सकेको छैन, मधेशमा पनि यो संर्पूण क्षेत्रको भाषा बन्न सकेको छैन । तर अहिले चलिरहेको भाषा आन्दोलनले नेपाली भाषालाई बढी महत्व दिएको छ । त्यसले, यो देशको भाषा नेपाली भाषा भनेर मान्दछ । त्यसले विभिन्न मातृभाषाहरू हाम्रा भाषाहरू हुन्, त्यसको प्रयोग गर्न पाउनु पर्छ र तिनीहरूलाई कुनै किसिमको पनि भेदभाव हुनु हुँदैन भन्छ । मलाई लाग्छ, यति राम्रो कुरो यसअघि यो देशमा आएकै थिएन ।

नगरपालिका तथा जि.वि.स.को बिपक्षमा र अहिले भनौं, हाम्रो बिपक्षमा अदालतमा निवेदन दिनेहरूले निवेदनमा प्रष्ट लेखेका छन् कि विभिन्न मातृभाषाहरूलाई प्रयोग गर्न दिइएमा यो देश बिखण्डित हुन्छ ।

तर आज हामीले देखाइदिएका छौं कि काठमाण्डौंको न्यूरोडमा विभिन्न मातृभाषाभाषीहरूले आ-आफ्नो भाषामा भाषण दिइरहेका हुन्छन् र त्यहाँ समर्थनमा ताली बजिरहेको हुन्छ । विखण्डन कहाँ

## जसले बर्तमान आन्दोलनलाई हाँकिरहेको छ



*संघर्ष समितिका एक सल्लाहकार पद्मरत्न तुलाधर*

*भाषिक अधिकार संयुक्त संघर्ष समितिमा को को छन् ?*

*सल्लाहकार:*

पद्मरत्न तुलाधर  
डा. कृष्णबहादुर भट्टचन  
प्रा. सुबोध नारायण झा

*कार्य समिति*

अमरेश नारायण झा-संयोजक (प्रतिनिधि, नेपाल मैथिल समाज)  
सुरेश आले मगर-सचिव ( प्रतिनिधि, अ.ने. जनजाति संघ)  
राजभाइ जःकमी -कोषाध्यक्ष (प्रतिनिधि, नेपाल भाषा संघर्ष समिति, नेवाः राष्ट्रिय आन्दोलन)

*सदस्यहरू*

परशुराम तामाङ्ग (प्रतिनिधि, नेपाल जनजाति महासंघ)  
परि थापा (सांसद तथा प्रतिनिधि, अ.ने. जनजाति सम्मेलन)  
डा. ओम गुरूङ्ग ( प्रतिनिधि, अ.ने. बुद्धिजीवी संघ)  
मुक्ति प्रधान (प्रतिनिधि, ने.रा. बुद्धिजीवी संगठन)  
कृष्ण सेन (प्रतिनिधि, अ.ने. जन सांस्कृतिक संघ )  
सुरेश कर्माचार्य (प्रतिनिधि, ने. जनजाति मुक्ति आन्दोलन)  
धीरेन्द्र प्रेमर्षी (प्रतिनिधि, मैथिली विकास मंच)  
कृष्णप्रसाद श्रेष्ठ (प्रतिनिधि, न्वाल्वा ग्वाहार खलक)  
विश्वनाथ पाठक (प्रतिनिधि, अवधि सांस्कृतिक विकास परिषद)  
गोपाल ठाकुर ( प्रतिनिधि, नेपाल भोजपुरी प्रतिष्ठान)

❑

# नेपालको संविधान के भन्छ ?

❑ नेपाल एक बहुजातीय, बहुभाषिक , प्रजातान्त्रिक, स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासंपन्न, हिन्दू, संवैधानिक राजतन्त्रात्मक अधिराज्य हो । - धारा ४ को (१)

❑ (१) देवानागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ ।

(२) नेपालका विभिन्न भागमा मातृभाषाका रुपमा बोलिने सबै भाषाहरु नेपालका राष्ट्रिय भाषा हुन् । - धारा (६)

❑ नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र संवर्धन गर्ने अधिकार हुनेछ । - धारा १८ को (१)

❑ विभिन्न धर्म, जात, जाति, सम्प्रदाय र भाषाभाषीहरुका बीच स्वस्थ्य एवं सुमधुर सामाजिक संवन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ । - धारा २६ को (२)

# 'स्थानीय स्वायत्त शासन ऐन २०५५' के भन्छ ?

❑ (नगरपालिकाको काम, कर्तव्य र अधिकार)

नगरपालिका क्षेत्रभित्रका पुरातात्विक बस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, संवर्धन एवं प्रयोग गर्ने, गराउने । (- धारा ९६, 'ङ' को २ )

❑ (जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार)

-विभिन्न भाषा, धर्म र संस्कृतिको संवर्धन गर्ने गराउने ।

-जिल्ला विकास क्षेत्रभित्रका पुरातात्विक बस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, संवर्धन एवं प्रयोग गर्ने, गराउने । (- धारा १८९, 'ठ' को २ र ३)

भयो ? कहीं पनि हामी बिखण्डन देख्दैनौं । मलाई लाग्छ, यो आन्दोलन त देशको लागि एउटा नयाँ आयाम हो । मातृभाषाको प्रयोगको सवाललाई लिएर हामी विभिन्न भाषाभाषीहरू एकजुट भएका छौं ।

त्यसैले, वास्तवमा चाकडीबाजहरूले र नेपाली भाषालाई मागीखाने भाँडो बनाउने ब्यक्तिहरूले मात्र हाम्रो यो भाषा आन्दोलनलाई साम्प्रदायिक देख्छन् । हामीलाई साम्प्रदायिक देख्नुमा उनीहरूको पाखण्डीपन र षड्यन्त्रले काम गरेको छ । उनीहरूले षड्यन्त्रमूलक ढंगले नै हाम्रो भाषा आन्दोलनलाई नेपाली भाषाका विरूद्धको संघर्षको रूपमा भूठ प्रचार गर्ने दुस्साहस गरेका छन् ।

हामीले संविधानलाई मानेका छौं र संविधानमा उल्लेख भएअनुसार राष्ट्रभाषा नेपाली भाषा हो भनेर मानेका छौं । तर यो संविधानमा अर्को कुरा पनि उल्लेख भएको छ । त्यो हो- नेपाली भाषाबाहेक देशभित्रका अन्य सम्पूर्ण भाषाहरू राष्ट्रिय भाषाहरू हुन् । त्यसैले संविधानमा व्यवस्था भएअनुरूप राष्ट्रिय भाषाहरूलाई हामीले स्थानीय रूपमा प्रयोग गर्न चाहेका हौं र, ती भाषाहरूलाई कसरी प्रयोगमा ल्याउन सकिन्छ भनेर हामी अग्रसर भइरहेका छौं ।

❑ **तपाईहरूले "राष्ट्र भाषा"लाई माइनस गरेर त्यसको ठाउँमा "राष्ट्रिय भाषा"लाई राख्ने प्रयत्न गर्नु भएको हो भन्ने प्रचार पनि भएको छ नि !**

- हो, यस्तो भ्रमपूर्ण प्रचार भएको कुरा हाम्रो जानकारीमा पनि आएको छ । तर हास्यास्पद के छ भने, राष्ट्रिय भाषाको रूपमा रहेका भाषाहरू त नेपालमा साठी वटा छन् । यदि हामीले राष्ट्रिय भाषाहरूलाई राष्ट्र भाषाको स्थानमा राख्न चाहेको हो भने ती सबै भाषाहरू एकै साथ राष्ट्रभाषा कसरी हुन सक्छन् ? सबै भाषाहरू राष्ट्रभाषा त हुन सक्दैनन् नि ! यति कुरा त हामीले पनि बुझेका छौं । त्यसैले राष्ट्रभाषालाई अरू राष्ट्रिय भाषाहरूले विस्थापित गर्न खोजिएको छैन ।

हामीले पूर्ण रूपमा स्वीकारेका छौं कि नेपाल हाम्रो हो, राष्ट्र भाषा नेपाली भाषा हो र त्यसलाई विस्थापित वा प्रतिस्थापित गर्ने कुरै आउँदैन । त्यो भाषा स्थापित भइसकेको छ । त्यसैले नेपाली भाषालाई विरोध गर्ने हाम्रो कुनै पनि मनसाय छैन ।

तर एउटा कुरा के हो भने, यदि यहाँ मातृभाषाहरूलाई हटाउने षड्यन्त्र जारी रहन्छ र त्यसलाई हटाउने नै निश्चित गरिन्छ भने अहिलेको राष्ट्रभाषाप्रति भोलि हाम्रो धारणा र व्यवहार के र कस्तो हुन्छ ? त्यो अहिले भन्न गाह्रो छ । त्यो बेलामा हामी नेपाली भाषालाई राष्ट्र भाषा मान्ने हुन्छौं कि हुँदैनौं भन्ने बारेमा अहिले नै हामी भन्न सक्दैनौं ।

❑ **तपाईहरू कुनै निश्चित राजनीतिक स्वार्थको गोटी हुनु भएको छ र संकुचित स्वार्थको कारणले नै भाषा आन्दोलनलाई यहाँ उछाल्ने काम भएको छ भन्ने आरोप पनि लगाइएको पाइन्छ नि !**

- हामी कुनै पनि पार्टीसँग सम्बन्धित छैनौं । हुन त, हामीलाई कसैले मालेको विङ्ग भन्छ, कसैले हामी माओवादी हौं भन्छ । हो, निश्चित

## मेरो विचारमा भोलि यो आन्दोलनमा कांग्रेस नै सबैभन्दा अगाडि बढ्ने छ ।



*नेपाल मैथिल समाजको बुलेटिन*

रूपमा तिनीहरूले हाम्रो संघर्षलाई समर्थन गरेका छन् । तर त्यसको आधारमा हामीलाई कुनै पार्टीको बिल्ला लगाउन मिल्दैन ।


हो, पद्मरत्न तुलाधर हाम्रो सल्लाहकार तथा हाम्रो संघर्षको नेताको रूपमा हुनुहुन्छ । उहाँ शायद कुनै पार्टीसँग ब्यक्तिगत रूपमा सम्बन्धित हुनुहुन्छ । तर त्यो कुरासँग हाम्रो संघर्ष समितिलाई कुनै मतलब छैन, त्यो उहाँको ब्यक्तिगत मामला हो । यो संघर्षमा उहाँलाई हामीले मानेका छौं । भाषा आन्दोलनको सन्दर्भमा नेपालको इतिहासमा एक नम्बरको सूचीमा कुनै नाम छ भने, त्यो नाम पद्मरत्न तुलाधरकै हुन्छ । यस कुरालाई कसैले नकार्न सक्दैन । आफ्नो मातृभाषाको लागि सबैभन्दा लामो समयदेखि सशक्त ढंगमा संघर्षरत ब्यक्ति हुनुहुन्छ उहाँ ।

त्यसैले हामी उहाँको छत्रछायाँमा, उहाँको निर्देशनमा, उहाँको अनुभवबाट सिकेर यो भाषा आन्दोलनलाई अगाडि बढाउन र सफल बनाउन सकिन्छ भनेर लागिपरिरहेका छौं । हामीलाई पद्मरत्न कुन पार्टीसँग सम्बन्धित हुनुहुन्छ भन्ने कुरासँग कुनै मतलव छैन ।

हामी स्वतन्त्र मानिसहरू, पूर्ण स्वतन्त्र ढंगले र स्वतन्त्र मानसिकताले यस आन्दोलनमा लागीरहेका छौं । हाम्रा कार्यकर्ताहरू कोही कांग्रेससँग, कोही एमालेसँग, कोही मालेसँग र कोही राप्रपासँग पनि सम्बन्धित हुनुहुन्छ । तर हाम्रो आन्दोलनमा पार्टीका नेताहरू आइरहेका छैनन् ।

त्यसैले हामी कुनै पनि र कसैको पनि राजनीतिक स्वार्थको लागि काम गरिरहेका छैनौं । मातृभाषा प्रयोगको अधिकारको जुन माग हामीले उठाएको छौं, यो माग पूरा भयो भने भोलि नै हाम्रो संघर्ष समिति बिघटन हुनेछ ।

❑ **अहिलेसम्म तपाईहरूको आन्दोलनलाई बाम पार्टीहरूले नै समर्थन गरिरहेका देखिन्छन् । यसको आधारमा मानिसहरूले यो आन्दोलनलाई बामपन्थीहरूको**



# यो फैसलाले राष्ट्रिय एकतामा बाधा पुर्‍याएको छ

❁ भक्तबहादुर श्रेष्ठ ❁
(संयोजकः राष्ट्रिय जन आन्दोलन संयोजन समिति)



◉ हालै सर्वोच्चले गरेको भाषा सम्बन्धी निर्णयलाई कसरी हेर्नु भएको छ ?

-हालै सर्वोच्चले स्थानीय रूपमा समेत अन्य भाषा प्रयोग गर्न नपाउने भनेर काठमाण्डौं महानगरपालिकाले प्रयोग गरेको नेवारी भाषा र राजविराज नगरपालिका र धनुषा जिविसले प्रयोग गरेको मैथिली भाषालाई बन्देज लगाउने फैसला गरेको छ । यो बहुजातीय र बहुभाषिक देशमा एउटा खास भाषाको प्रभुत्व कायम गर्ने गरी र अरू जातीय भाषाको अस्तित्व समाप्त पार्ने गरी गरेको यो फैसलाले अरू भाषामाथि बन्चरो प्रहार गरेको छ । उनीहरूको प्रजातान्त्रिक अधिकारमाथि कुठाराघात भएको छ । फेरि, ती महानगरपालिका र जिविसले नेपाली भाषामाथि बन्देज लगाएका छैनन् ।

**अब सार्वभौम सत्ता जनताको कि सर्वोच्चका न्यायाधीशहरूको ? भन्ने प्रश्न खडा भएको छ ।**

अर्को कुरा, खस भाषालाई मात्र नेपाली भाषाको दर्जा दिई अरू भाषालाई अनेपाली सम्झनु सोह्रै आना विडम्बनाको कुरा हो । यहाँ सबै भाषा अल्पमतमा छन् । आवादीको ५० प्रतिशत कुनै जाति, भाषा छैनन् । एउटा अल्पमत जातिले अरू सबै अल्पमतका बहुसंख्यक जातिमाथि दमन गरेर उनीहरूलाई समाप्त पार्ने खस ब्राम्हणवादी अहंकारवादीहरूको षड्यन्त्र हो यो । वास्तविक रूपमा भन्ने हो भने यो नै साम्प्रदायिकता हो । बहुभाषी र बहुजातिय नेपालीले आफ्नो जाति र भाषाको हक खोज्दा साम्प्रादयिकता भयो, विखण्डनवादी भयो भन्नेहरूले आफ्नो एक जाति र भाषाले अरू सबै जाति र भाषाको मानमर्दन गर्नु के यो साम्प्रदायिकता होइन ? सर्वोच्चको यो फैसलाले राष्ट्रिय एकतामा बाधा पुर्‍याएको छ । साम्प्रदायिकता भड्काउने काम गरेको छ । बहुजातिय र बहुभाषिक देशमा राष्ट्रिय एकता कायम गर्नु भनेको सबै जाति, भाषा; धर्म र संस्कृतिलाई राज्यको तर्फबाट समानताको व्यवहार गर्नु हो, यसो गरे मात्र राष्ट्रिय एकता दिगो र दरिलो हुन्छ ।

अर्को कुरा, त्यो फैसला सावधानको आशयविपरीत र कानूनको विरुद्ध भएको मैले महसूस गरेको छु । हुन त संविधानमा कुनै भाषा (खस) लाई राष्ट्र भाषा र अरू भाषालाई राष्ट्रिय भाषा भन्नुले नै जातिहरूमा पक्षपात गरिएको छ र यो नै साम्प्रदायिकता भएको छ । तैपनि, संविधानमा अन्य भाषालाई राष्ट्रिय भाषाको रूपमा लिएको छ । स्थानीय, रूपमा पनि प्रयोग गर्न नपाए राष्ट्रिय भाषाको दर्जा दिनुको औचित्य के ? यसको आशय स्थानीय रूपमा प्रयोग गर्न पाउने नै हो । त्यसैले २०५६/१/१६ मा स्थानीय स्वायत्त शासनसम्बन्धी कानून सदनबाट पास भै राजदरबारबाट लालमोहर समेत लागिसकेको छ । त्यसमा स्पष्ट रूपमा नगरपालिका सम्बन्धको धारा ९६ (ङ) र जिविस सम्बन्धी १८९ (ठ) मा लेखिएको छ- "पुरातात्विक भाषा, धर्म, कला, संस्कृतिको संरक्षण, सम्वर्द्धन एवं प्रयोग गर्ने गराउने ।"

यो प्रयोग गर्ने गराउने भनेको अर्थ के ? यसको अर्थ, स्थानीय रूपमा स्थानीय भाषा प्रयोग गर्न पाउने नै हो । त्यसैले सर्वोच्चले सार्वभौम सत्ता जनतामा भनिएको संविधानको हक, जुन संसदबाट अभिव्यक्त भएको छ, त्यसलाई खतम पारिदिएको छ । अब सार्वभौम सत्ता जनताको कि सर्वोच्चका न्यायाधीशहरूको ? भन्ने प्रश्न खडा भएको छ ।

संविधान बमोजिम नेपाली भाषालाई स्थान नदिई स्थानीय भाषालाई मात्र मान्यता दिएको भए, सर्वोच्चले रोक्न सक्छ तर यस्तो भएको छैन । सर्वोच्चको फैसला संविधान र कानून विपरीत छ । यसले अर्काको अधिकार हनन् गरेको छ । साम्प्रदायिक भड्कावलाई जन्मदिने काम गरेको छ । यदि होइन भने यस्तो हुन नदिन संविधान नै बाधक छ भने त्यसलाई संशोधन गर्न पनि तयार हुनु पर्दछ । ❑



*धर्ना कार्यक्रममा लेखक वैरागी काइला*

रणनीतिक आन्दोलनको रूपमा पनि लिएका होलान् ।

- मेरो विचारमा भोलि यो आन्दोलनमा कांग्रेस नै सबैभन्दा अगाडि बढ्ने छ । दुर्भाग्य भनौं कि के भनौं, कांग्रेस पार्टी र राप्रपा 'सोफिष्टिकेटेड'नेताहरूका पार्टीहरू हुन् । उहाँहरूले भोटको राजनीतिभन्दा अरू राजनीति नै गर्न जान्नु भएको छैन । अहिलेसम्म उहाँहरूले जनताको राजनीति गर्न सिक्नु भएको छैन । अहिले उहाँहरूले के सम्झनु भएको छ भने, यो आन्दोलन पद्मरत्न, अमरेश जस्ता दुइचार जनाले गरेको संघर्ष हो । जुन दिन यो आन्दोलनमा आम जनता सडकमा उत्रेको उहाँहरूले देख्नु हुनेछ, त्यो बेलामा उहाँहरू सबभन्दा अगाडि आउने प्रयत्न गर्नु हुनेछ । ज्यादै सुस्त हुनु भएछ भने त्यतिखेरसम्म ढिलो भइसकेको हुने संभावना पनि छ । यो देशको इतिहास नै के छ भने, जनतासँग जोडिएको समस्यालाई सबभन्दा पहिले उठाउने शक्ति भनेको नै कम्युनिष्ट शक्ति हो । यो कुरा दुर्भाग्य हो कि सौभाग्य हो, मैले बुझ्न सकेको छैन ।

त्यसैले, भाषणमा जे भनेपनि कांग्रेसले यो आन्दोलनलाई अंगिकार गरिसकेको छैन ।

हाम्रो मिथिलाञ्चलको भाषाणमा कति नेताहरूले भनिसक्नु भएको छ कि मातृभाषा प्रयोग गर्न पाउनुपर्छ । पहिले उहाँहरू नेपालीमा भाषण गर्नुहुन्थ्यो । अब उहाँहरूले मैथिलीमा भाषण दिन थाल्नुभएको छ । निर्वाचनभन्दा अगाडि एमालेका महासचिव माधवकुमार नेपालले टुँडिखेलमा मैथिली गीत घन्काउनु भयो । उहाँले मिथिलाञ्चलमा सूर्यको झण्डा फहराइसकेको छ भनेर मैथिलीमै भन्नुभयो । तर अहिले सदनमा उहाँ भाषाको सन्दर्भमा खोइ किन बोल्नुहुन्न ? हामीले बुझ्न सकेका छैनौं । र, मैथिलीभाषीहरूले यसलाई बहुत गम्भीर रूपमा लिएका छन् ।

काठमाण्डौंमा राष्ट्रिय सभागृहमा एकपल्ट तात्कालीन सभामुख रामचन्द्र पौडेल एवं धेरै मन्त्री र नेताहरूको उपस्थितिमा भएको एउटा सभामा मातृभाषाको प्रयोगबारे नेताहरूको यस्तो द्वैध चरित्रबारे मैले कुरा उठाएको थिएँ । सबैले त्यतिखेर मातृभाषाको प्रयोगको अनिवार्य जरूरतकै पक्षमा बोल्नु भएको थियो । तर के हुन्छ उहाँहरूलाई कुन्नि, सिंहदरवार पुगेपछि भने उहाँहरू मातृभाषाको प्रयोग भएमा देश टुक्रिन्छ भन्न थाल्नुहुन्छ ?।

❑ तपाईहरूको संघर्ष 'नेपालबन्द' को हदसम्म पनि अघि बढ्छ भन्ने चर्चा पत्रपत्रिकाहरूले गरिरहेका छन् ! के यो साँचो हो ?

- मैले माथि नै भनिसकेको छु, हाम्रो संघर्ष चार प्रकारको हुनेछ । यसबारे थप सरसल्लाह हामी गर्दैछौं । मानव अधिकारवादी र बौद्धिक व्यक्तिहरू धेरैभन्दा धेरैसँग भेट-सम्पर्क र छलफल गरी हामी संघर्षको स्वरूप निर्धारण गर्नेछौं । पहिले सरकार र सांसदहरूलाई ज्ञापन पत्र दिने, त्यसपछि धर्ना, अनसन जस्ता दबाबमूलक कार्यक्रम गर्ने हाम्रो सोच छ । कानूनी उपायहरू खोज्ने र प्रचार-प्रसारलाई तीव्र बनाउने काम पनि हामी गरिनै रहनेछौं । उपत्यका बन्द, मिथिला बन्द वा नेपाल बन्दसम्म पनि संघर्ष अघि बढ्नसक्छ, तर हामी चाहन्छौं त्यहाँसम्म नपुग्दै यो समस्याको समाधान होस् ।

❑ अन्तिम प्रश्न, तपाई जुन 'नेपाल मैथिल समाज'को प्रतिनिधित्व समेत गरिरहनु भएको छ, यो कस्तो संस्था हो ?

- हाम्रो तथ्यांक अनुसार ५० लाख जति संख्यामा रहेका र सरकारी तथ्यांक अनुसार नै पनि ३० लाख जति रहेका मैथिलभाषी जनाताको सामाजिक-आर्थिक उन्नति गर्न, उनीहरूको चेतना अभिबृद्धि गर्न, हक अधिकारको रक्षा गर्न र भाषिक, सांस्कृतिक उत्थान समेत गर्न यो 'नेपाल मैथिल समाज' गठन भएको हो । मैथिल समाजभित्रका सबै जातिहरूको उत्थान र एकताको पक्षमा यो लागीपर्दै आएको छ । ❑

# राजनीतिक संगठन र पार्टीहरूको आँखामा सर्वोच्चको फैसला

## जनतान्त्रिक अधिकारमाथि प्रहार

### ने.क.पा. एकता केन्द्र

...कुनै खास जाति, धर्म र भाषालाई विशेष अधिकार प्रदान गर्ने वर्तमान संवैधानिक प्रावधानलाई खारेज गर्नु पर्दछ ।

सर्वोच्च अदालतको यो फैसलाले वर्तमान संवैधानिक प्रावधानहरूलाई पनि अत्यन्तै अनुदार र संकुचित ढंगबाट व्याख्या गरी ती विभिन्न मातृभाषा प्रयोग गर्ने जनसमुदायको जनतान्त्रिक अधिकारमाथि प्रहार गरेको छ । उनीहरूको भावनामाथि चोट पुऱ्याएको छ र ती भाषाहरूको विकासलाई दुरूत्साहित गर्ने कार्य गरेको छ । तसर्थ हाम्रो पार्टी सर्वोच्चको यस फैसलाप्रति खेद प्रकट गर्दछ । विभिन्न मातृभाषा प्रयोग गर्ने जन-समुदायको, विशेषतः अहिलेको ठोस सन्दर्भमा नेपालभाषा तथा मैथिली भाषा प्रयोग गर्ने जनसमूदायको, पिडित जनसमूदायले चलाएको जनसंघर्षप्रति समर्थन र ऐक्यबद्धता प्रकट गर्दछ । र, जाति, धर्म वा भाषाको क्षेत्रमा कुनै एक खास जाति, धर्म वा भाषालाई प्रदान गरिएको विषेश अधिकारको अन्त्य गरी सबैले समान अधिकार प्राप्त गर्नको लागि पनि नेपाली समाजको आमूल परिवर्तन गर्ने क्रान्तिकारी संघर्षलाई अगाडि बढाउन जनतान्त्रिक अधिकारका पक्षधर सबै शक्तिहरूसँग हार्दिक अपील गर्दछ । अन्तमा, हाम्रो पार्टी भाषा आन्दोलनमा क्रियाशील सबैसँग यस कुरामा सचेत हुन हार्दिक अनुरोध गर्दछ कि, भाषा अन्दोलन कुनै खास भाषा वा त्यस भाषा प्रयोग गर्ने जनसमुदायविरूद्ध गरिने आन्दोलन होइन र हुनु हुँदैन । ❑

*(२०५६ जेठ २३ को वक्तव्यबाट)*



## क. वामदेव गौतमको बिचार के छ ?

सर्वोच्च अदालतको फैसला संविधानको भावना र मर्मविपरीत रहेको तथा मुलुकको दुवै सदनद्वारा पारित भई लालमोहर समेत लागीसकेको स्थानीय शासन ऐनं २०५५ को धारा.९६ र १८९ मा उल्लिखित नगरपालिका र जिविसले "आफ्नो क्षेत्रभित्र भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण, संवर्धन र प्रयोग गर्ने-गराउने" अधिकारबाट स्थानीय निकायलाई वंचित गरेको हुदा जनताको अधिकार कुण्ठित भएको छ । यसबाट सर्वभौम सत्तासंम्पन्न जनताको प्रतिनिधित्व गर्ने संसद र जनप्रतिनिधिहरूको समेत अपमान भएको छ ।

संविधान र ऐन कानूनविपरीत भएको सर्वोच्च अदालतको उक्त निर्णय बदर गरी जनताको अधिकार तुरून्त बहाली गर्न संपूर्ण संवन्धित निकायहरूलाई म हार्दिक आव्हान गर्दछु ।


*(असार ९ ,प्रेस विज्ञप्तीबाट)*

## विदेशी भाषालाई भने छुट तर .....

### सं.ज.मो. नेपालका अध्यक्ष क. अमिक शेरचन

"स्थानीय स्वायत्त शासन ऐन २०५५" जारी भैसकेपछि भएको उक्त फैसला स्वयं कानूनसम्मत नभै त्रुटीपूर्ण देखिन्छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय भाषाको अधिकारको प्रत्याभूति गरेको छ । साथै, एकातर्फ स्वजातीय मातृभाषालाई प्रतिबन्ध लगाउने गरी सर्वोच्च अदालतको फैसला हुनु र अर्कोतर्फ, विदेशी भाषा हिन्दीलाई संसदमा प्रयोग गर्न पाउने गरी फैसला हुनुले विषयलाई अरू गंभीर र जटील मात्र बनाएको छैन, बरू, यसबाट जनताको मौलिक हकमाथि नै अंकुश लगाएको छ ।

जहाँसम्म संवैधानिक व्यवस्थाको कुरा छ, यसै संवैधानिक व्यवस्थाभित्र



कतिपय मन्त्रालय र विभागहरूमा समेत विदेशी भाषा (रोमन लिपी) अंग्रेजीमा सरकारी कामकाज गर्न छुट हुनु, तर मुलुककै राष्ट्रिय भाषाहरूमा बन्देज लगाउनु आफैंमा बिडम्बनापूर्ण छ र यदि संविधानले यो स्थिति सृजना गरिरहेको छ भने त्यस्तो संवैधानिक व्यवस्था तत्काल परिवर्तन गर्न संसदले कदम चालोस् भन्ने हामी जोडदार माग गर्दछौं ।

भाषिक समानताको लागि हुने आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्दछौं र सर्वोच्चको फैसलाबारे पुनर्विचार गर्न माग गर्दछौं । ❑

*(वक्तव्यबाट)*

## ने.क.पा. एमाले उपत्यका समन्वय समिति के भन्छ ?

नेपाल एक बहुभाषिक मुलुक हो । नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली भाषालाई राष्ट्र भाषा र नेपाल अधिराज्यको विभिन्न भागमा मातृभाषाको रूपमा बोलिने सबै भाषालाई राष्ट्रिय भाषाको स्थान दिएको छ । बहुभाषिक मुलुकमा स्थानीय निकायहरूमा नेपाली भाषाका साथै, सम्बन्धित भाषा बहुल रहेको क्षेत्रमा राष्ट्रिय भाषाहरूलाई पनि प्रचलनमा ल्याउनु पर्ने धारणा नेकपा (एमाले)को रहेको छ । स्थानीय स्वायत्त शासन ऐन- २०५५ मा पनि नगरपालिका र जिल्ला विकास समितिहरूलाई आ-आफ्नो क्षेत्रभित्रका भाषा प्रयोग गर्ने, गराउने दायित्व सुम्पेको छ । यस्तो अवस्थामा काठमाण्डौं महानगरपालिका र राजविराज नगरपालिका तथा धनुषा जिल्ला विकास समितिले नेपाली भाषाको साथै नेपाल भाषा र मैथिली भाषालाई क्रमशः आधिकारिक मान्यता दिन गरेको निर्णयलाई बदर गर्ने सर्वोच्च अदालतको निर्णय संविधानको अक्षर तथा भावनाको प्रतिकूल छ र त्यसबाट जनताको भाषिक अधिकार कुण्ठित हुन पुगेको महशुस नेकपा



*नेकपा एमालेका नेता तथा उपत्यका समन्वय कमिटीका इन्चार्ज क. ईश्वर पोखरेल*

(एमाले)ले गरेको छ । जनताको अधिकार बहाली गराउने दायित्व जिम्मेवार राजनीतिक पार्टीहरूको समेत हो र यसप्रति नेकपा (एमाले) सदाझैं पूर्ण रूपमा प्रतिबद्ध छ । तसर्थ स्थानीय निकायहरूमा राष्ट्रिय भाषाहरू प्रयोग गर्न, गराउन आवश्यक सबै काम गर्न र यसको लागि प्रभावकारी ढंगले आवश्यक पहल गर्न समेत प्रतिबद्धता नेकपा (एमाले) ब्यक्त गर्दछ ।

*(२०५६।३।४ को प्रेस वक्तव्य)*

# नें.क.पा. मसालको निर्णय

सार्वोच्च अदालतले विभिन्न जि.वि.स. र नगरपालिकाद्वारा मैथिली, नेपाल भाषाहरूलाई स्थानीय अफिसियल काममा प्रयोग गर्ने अधिकारमाथि लगाएको रोकको विरोध गर्दै त्यो प्रश्नमा पनि आन्दोलनलाई अघि बढाउने निर्णय ने.क.पा. मसालले गरेको छ ।

*–क. मोहनबिक्रम सिंह*

*२०५६/३/१ को बिज्ञप्तीबाट*



# राष्ट्रिय जनमोर्चाको ठहर र माग

राष्ट्रिय जनमोर्चा गत जेठ १८ गते सर्वोच्च अदालतले गरेको स्थानीय निकायहरूले मातृभाषालाई पनि सरकारी कामकाजको भाषा बनाउन रोक लगाउने फैसलाको निन्दा र भर्त्सना गर्दछ । सर्वोच्च अदालतको कुनै एक भाषा विशेषलाई मात्र मान्यता दिने त्यस प्रकारको निर्णयले नेपालको बहुसंख्यक मातृभाषा-भाषीहरूको मर्ममा चोट पुऱ्याएको छ भन्ने राष्ट्रिय जनमोर्चाको ठहर छ । रा.ज.मो. उक्त जनविरोधी फैसला तुरुन्त बदर गर्ने माग गर्दछ ।

*–क. चित्रबहादुर के.सी.*

*(प्रेस वक्तव्य, २०५६/३/८ बाट)*

# राष्ट्रिय विखण्डनकारी र देशद्रोही निर्णय

◉ डा. बाबुराम भट्टराई

*सं.ज.मो. नेपालका अध्यक्ष*



"हालै प्रतिक्रियावादी सत्ताको सर्वोच्च अदालतले नेवारी तथा मैथिली भाषालाई स्थानीय स्तरमा कामकाजको भाषाको रूपमा प्रयोग गर्न निषेध गर्ने गरी जुन फैसला गरेको छ, त्यो नेपालका विविध जाति-जनजाति र भाषाभाषीको अधिकार, आत्मसम्मानमाथि नाङ्गो अतिक्रमण र खसजातिय तथा भाषिक अहंकारको घृणित अभिव्यक्ति हो । यसले नेपालको विद्यमान राज्यसत्ता अन्तर्गत देशका विभिन्न जाति-जनजाति र भाषीहरूलाई समानताको अधिकार प्राप्त छैन र प्राप्त हुन सम्भव पनि छैन भन्ने कुराको पुनः एक पटक पुष्टि गरेको छ र यो हिन्दू खसजातिय तथा भाषिक अहंकारवादमा आधारित राज्यसत्ताअन्तर्गत देशको एकता र सार्वभौम अखण्डता सुरक्षित छैन भन्ने प्रष्ट पारेको छ । साथै, यसले सबै जाति-जनजाति र भाषाभाषीहरूको समानतामा आधारित समुन्नत तथा एकीकृत नेपालको निर्माणका लागि जातिय आत्मनिर्णयको अधिकार र जातिय स्वशासनको ग्यारेन्टी हुने नयाँ जनवादी व्यवस्थाको स्थापनाका लागि अब सबैले यो संविधान र राज्यसत्ताका विरूद्ध सशक्त आन्दोलनमा उत्रनु बाहेक अर्को विकल्प छैन भन्ने पनि पुष्टि गरेको छ । त्यसैले, संजमो नेपाल प्रतिक्रियावादी सर्वोच्च अदालतको यो राष्ट्रिय विखण्डनकारी र देशद्रोही निर्णयको घोर विरोध गर्दछ र देशका सबै जाति-जनजाति र भाषाभाषीहरूको समान अधिकारको निम्ति एकताबद्ध आन्दोलनमा उत्रन सबै देशभक्त, जनवादी तथा वामपन्थी शक्तिहरू र न्यायप्रेमी जनसमुदायमा हार्दिक आव्हान गर्दछ ।"

*(जेठ ३० को बक्तब्य)*

## घटना र प्रवृत्ति

# नेकपा एमाले र माले कसरी अघि बढ्दैछन् ?

◆ *एक विश्लेषण* ◆

गएको आम चुनावमा नेकपा (माले)ले एक स्थान पनि जित्न सकेन । त्यसले राष्ट्रिय पार्टीको दर्जा त पायो तर त्यो समूह पूर्वपञ्चहरूको पार्टी राप्रपा (थापा) भन्दा पनि एक तह तल झऱ्यो । चुनावको समयमा उसको नारा थियो- आगामी सरकार मालेको, देशभक्त र वामपन्थीहरूको । उता, नेकपा (एमाले) ले पनि वहुमतको सरकार बन्छ भनेर ठूलोठूलो डाँकोमा प्रचार गरेको थियो । उसको नारा थियो - आगामी सरकार एमालेको, अल्पमतको होइन बहुमतको ।

तर सम्पूर्ण चुनाव परिणाम हातलाग्दा एमालेले ७१ स्थान मात्र जितेर संसदको ठूलो प्रतिपक्षसम्म बन्न पुग्यो ।

यी पुराना तथ्यहरू हुन् । यी तथ्यहरूबारे पर्याप्त विश्लेषणहरू भइसकेका छन् । दुवैको यस्तो अवस्था हुनुमा पार्टीको विभाजन नै प्रमुख कारक हो भन्ने विषयमा पनि अव कुनै विवाद छैन । अहिले राजनीतिक क्षेत्रमा उठिरहेको प्रश्न चाँहि अलि फरक प्रकृतिको छ । माले र एमालेले आफूले आफ्नो पूर्वघोषित दावीलाई पूरा गर्न नसकेको तथ्यलाई कसरी विश्लेषण गरेका छन् र त्यो विश्लेषणको आधारमा आफ्नो गन्तव्यलाई कसरी सुनिश्चित गरेका छन् ? यही प्रश्न अहिले नेपाली राजनीतिमा गंभीर सरोकारको विषय भएको छ ।

नेकपा (माले) र एमाले दुवैले चुनाव अभियानको समीक्षा आ-आफ्नो ढंगले गरेका छन् । दुवै पार्टीका केन्द्रीय समितिहरूले प्राप्त परिणामको समीक्षाका साथसाथै आन्तरिक विभागीय र प्रशासनिक फेरबदलहरू पनि गरिसकेका छन् । तर ती निर्णयहरूले चुनावको समयमा उत्पन्न अराजनीतिक कटुतालाई राजनीतिको धरातलमा उभ्याउने प्रयत्न गरेका छैनन् । दुवै पार्टीका निर्णयहरूमा आगामी राजनीतिका वास्तविक चुनौती र सरोकारहरूलाई आँखा चिम्लेर अस्वीकार गरिएको छ ।

नेकपा एमालेले पहिलेको संसदमा भन्दा आफ्नो तह घटेको समीक्षा गर्दा थुप्रै प्राविधिक कारणहरूलाई अघि ल्याएको छ । ती कारणहरूमा उसले पहिलो पटक एक हदसम्म व्यवहारवादी भएर आफ्नो पराजयमा फूटको शीर्षकलाई समावेश गरेको छ । मुलुकका लगभग चार दर्जन संसदीय क्षेत्रमा माले-एमाले तालमेल भएको भए अरू पार्टीले जित्नसक्ने स्थिति थिएन । एमालेले यो यथार्थलाई आफ्नो सिंहावलोकनमा स्वीकार गर्नु एक हदसम्म वस्तुवादी निर्क्यौल नै हो ।

तर फेरि पनि, त्यो समूहले मालेप्रति अख्तियार गर्ने नीतिमा चाँहि कुनै परिवर्तन गरेको छैन । उसले अहिले आफू ठूलो प्रतिपक्ष भएको तर मालेको भने पत्तासाफ भएको कुरालई गौरबको विषय बनाएको छ । आफूले वहुमत नल्याएर के भयो ? मालेको पतन भइहाल्यो भनेर ऊ खुशी देखिन्छ । अहिले एमालेका नेताहरू मालेको पराजयलाई देखाएर आफ्नो पार्टीलाई बलियो बनाउन सकिन्छ भन्ने रणनीतिमा लागेका छन् । उनीहरूले आफूलाई सिद्धान्त र विचारको तहबाट सच्याएका छैनन् । तर पनि "घर फर्क" आह्वान भने ज़ोडदार रूपमा जारी गरेका छन् । हुन त यो आह्वानलाई अहिलेसम्म प्रभावशाली स्तरमा कसैले पनि मान्यता दिएको देखिदैन ।


राष्ट्रिय आत्म-समर्पणवादतिरको तीव्र दौड एमालेको अहिलेको महत्वपूर्ण पहिचान हो । त्यहाँ यो प्रवृत्ति रहेसम्म अन्य ठाउँमा पुगेका देशभक्त कम्युनिष्टहरू फर्केर आउने कुनै संभावना छैन । कुनै किसिमको पद र निजी लाभका निम्ति मानिसहरू त्यहाँ जालान् । त्यसरी नै पद र स्वार्थ पूरा नभएपछि त्यसलाई छोड्ने र भर्त्सना गर्ने प्रबृत्ति पनि त्यहाँ यथावत रहला । तर सिद्धान्तनिष्ठ प्रतिभाहरू त्यहाँ फर्कन्छन् ? एमालेको सैद्धान्तिक-वैचारिक विचलनको परिप्रेक्ष्यमा यसको उत्तर एकदमै नकारात्मक छ । राजनीतिक रूपमा एमालेले मालेलाई आरंभदेखि नै मान्यता दिएन । 'फुटको कुनै असर परेको छैन, रूखबाट ऐंजेरू हटेको मात्र हो, पार्टीभित्र हुर्किएका कालीपोकेहरू झरेका मात्र हुन्, केन्द्रबाट केही अल्छी, अवसरवादी र अराजकहरू निस्केर गएका हुन्, जनतामा त्यसको केही असर परेको छैन - ।' चुनाव अगाडिसम्म यस्तै प्रचार गरेर मालेलाई जनतासित अलग्याउने प्रयत्न गरियो । मालेलाई


# कता जाँदैछन् माले र एमालेहरू ?

◆ नारायण ढकाल ◆

तुच्छ अलंकारले विभूषित गरेपछि मात्र एमालेको जित हुन्छ भन्ने प्रस्थापनाको विकास गरियो । यसैको फलस्वरूप, विगत एक वर्षभित्र उसले मालेसित संसद वा सदनमा कुनै पनि तहको सहकार्य नगर्ने नीति लियो । त्यही कारण २०५५ को शुरूमा बनेको वाममोर्चामा एमालेको सहभागिता संभव भएन र त्यही वर्षको मंसिरमा मालेले अगाडि सारेको गैरकांग्रेसी सरकार बनाउने प्रस्तावलाई पनि उसले ठाडै अस्वीकार गऱ्यो । मालेसंगको इर्ष्याकै कारणले गर्दा एमाले जम्मा चारवटा मन्त्रालय रोजेर गिरिजा सरकारको मातहतमा बस्न गयो । गत वर्षको यो यथार्थ तस्वीर थियो र अहिले पनि एमालेमा त्यही संस्कृतिका धङधङीहरू यथास्थानमा रहेका छन् ।

आफ्नो हैसियतमा कटौती भएको समीक्षा गर्दा एमालेले आफ्नो पूर्ववर्ती नीति, कार्यक्रम र व्यवहारमा रहेका त्रुटीहरूलाई निर्मम भएर हेर्नै चाहेन । यस अवधिमा कम्युनिष्ट आन्दोलनका थुप्रै गुणहरूलाई त्यसले परित्याग गरिसकेको छ । अब कांग्रेस र एमालेमा के फरक छ भन्ने प्रश्नहरू जटील बन्न थालेका छन् । मुलुकको जनवादी आन्दोलनलाई बलियो पार्ने सवालमा एमालेभित्र कुनै चिन्ता बचेको देखिदैन । 'जसरी पनि सरकारमा जाने' नीतिले गर्दा त्यो समूहमा ठूला राष्ट्रहरूको हितलाई सर्वोपरी ठान्ने चिन्तनले घरजम गरिसकेको छ । दक्षिण र पश्चिमलाई रिझायो भने सत्ताको वागडोर सजिलोसित पाइन्छ भन्ने चिन्तन छ त्यसका नेताहरूमा । त्यसैको फलस्वरूप उनीहरूले महाकाली नदी विदेशीको झोलामा पुऱ्याए र अव प्रतिपक्षमा रहँदा पनि कर्णालीलाई वहुराष्ट्रिय निगमको पोल्टामा बुझाउने खेललाई जोडतोडले समर्थन गरिरहेका छन् । यो खेलमा उनीहरू नेपाली कांग्रेसभन्दा पनि उत्ताउला देखिएका छन् ।


माधव नेपाल


वामदेव गौतम

*मुलुकको जनवादी आन्दोलनलाई बलियो पार्ने सवालमा एमालेभित्र कुनै चिन्ता बचेको देखिदैन ।*

वैचारिक एवं सांस्कृतिक विपन्नता एमालेभित्रको मुख्य महामारी थियो । नेकपा (माले)ले पनि त्यो महामारीलाई रोकथाम गर्न सकेन ।

यसबाहेक, नेकपा एमाले अहिले संसदभित्रका नितान्त प्राविधिक व्यवहारहरूमा केन्द्रित हुन थालेको छ । प्रतिनिधि सभाको पहिलो बैठकको दिन संसदीय दलका नेता माधवकुमार नेपालले आफै उठेर तीन तीन पटक नियमापत्ति गरेको कुराले पनि उसको दरिद्र संस्कृतिको उदाहरणलाई खुलस्त पारेको छ । सामान्यतया प्रतिपक्षी दलको नेताले संसदमा राष्ट्रिय र अन्तरराष्ट्रिय महत्वका सवालहरू मात्र उठाउने गर्छन् । पूजीवादी संसदीय परंपरामा प्रतिपक्षी दलको नेताले बोल्नु पऱ्यो भने रोस्टम नै प्रयोग गर्न दिइन्छ । तर कामरेड माधव नेपालले आफू कुन हैसियतमा छु भन्ने कुरा पनि थाहा पाएनन् र प्रमुख सचेतक वा अन्य सदस्यहरूले गर्नु पर्ने कामलाई आफैले गरे । दृष्टिकोणमा अस्पष्टता भएपछि र मुलुक बनाउने कुनै एजेण्डा नै नभएपछि यस्तो गाईजात्रा हुनु स्वभाविक हुन्छ ।

नेकपा (माले) ले पनि आम चुनावमा भएको आफ्नो लज्जास्पद पराजयको बस्तुवादी समीक्षा गर्न सकेन । हालै त्यो समूहको एकहप्ता भन्दा बढी लामो केन्द्रीय समितिको बैठक सकियो । त्यो बैठकअघि नेपाली राजनीतिका विद्यार्थीहरूको आशा थियो- विगतका उसका फितला कर्म र कर्तुतहरूलाई निर्ममतापूर्वक सच्याइने छ । तर त्यो आशा स्वैर-कल्पनाको फलकबाट बाहिर आउनै सकेन । चुनावअघि ऊ जहाँ थियो, त्योभन्दा एक इञ्च पनि डेग चलेन । बैठक अगाडि थुप्रै प्रश्नहरू उठेका थिए । तर बैठकपछि ती कुनै प्रश्नहरू पनि हल हुन सकेनन् । तिनका उत्तरहरू आएनन् ।

नेकपा मालेको पराजय अरूको कारणले भएको थिएन । त्यो पराजयमा त्यसको नेतृत्व-केन्द्र नै मुख्य रूपले जिम्मेवार थियो । एमालेसित छुट्टिंदा यो समूहले लिएको देशभक्तितर्फको बाटोले त्यसलाई एमालेभन्दा बढी सकारात्मक शक्तिका रूपमा चिनाएको थियो । तर अन्य मामिलामा यो समूह र एमालेमा कुनै अन्तर आएन । वैचारिक एवं सांस्कृतिक विपन्नता एमालेभित्रको मुख्य महामारी थियो । नेकपा (माले)ले पनि त्यो महामारीलाई रोकथाम गर्न सकेन । आरम्भदेखि नै मालेको नेतृत्व अकर्मण्य, अशुद्ध, संकीर्ण, व्यक्तिवादी र सामन्ती आवेशहरूबाट आक्रान्त भयो । रणनीति र कार्यनीतिमा शुरूदेखि नै अन्योल र अस्पष्टताहरू देखिए । पुनर्गठनपछिको जम्माजम्मी एक वर्षको कालखण्डमा त्यो समूहले थुप्रै रंगीचंगी र अस्थिर व्यवहारहरू प्रदर्शन गऱ्यो । कहिले आठ वामको पछुवा भएर सडकमा पुग्यो , त कहिले कांग्रेसको पुच्छर समातेर सरकारमा गयो । चुनाव अभियानमा जाने बेलामा पनि आफ्नो आत्मगत शक्ति र मुलुकको बस्तुगत अवस्थाको गंभीर आँकलन गर्न सकेन । चुनावमा प्रमुख प्रतिद्वन्दिता कोसित ? भन्ने प्रश्नको उत्तर नखोजी यसले अँध्यारोमा तीर चलायो । यसपछि यस्तो परिणाम आउनु एकदमै स्वाभाविक थियो । त्यसैकारण गत केन्द्रीय कमिटीको बैठकले वाममोर्चासित सडक संघर्षमा गएको पनि ठीक, कांग्रेससित मिलेर सरकारमा गएको पनि ठीक र कुनै ठोस राजनीतिक कारणविना सरकारबाट हटेको पनि ठीक भन्ने जस्ता अवसरवादी र सारसंग्रहवादी निर्णयहरू पारित गर्नपुग्यो । नेकपा (माले) र एमालेले अख्तियार गरेको विचलन र दिशाहीनता वर्तमान नेपाली राजनीतिको कटु यथार्थ हो । यसले नेपाली राजनीतिको अत्यन्त निराशाजनक चित्रलाई प्रस्तुत गर्दछ । अहिले मुलुक चौतर्फी समस्याको चपेटामा जकडिएको छ । महँगी, भष्ट्राचार, राज्यआतंक र प्रजातन्त्रको नाममा हुर्किएको पाखण्ड राज्यका मुख्य विशेषता भएका छन् । गरीवी र वेरोजगारी बढिरहेको छ । र, उत्पादक शक्तिहरूको रचनात्मक विकासमा भित्री र बाहिरी जनविरोधी शक्तिहरू बाधक भइरहेका छन् । तर योजनावद्ध किसिमले प्रतिरोध कतैबाट भइरहेको छैन । हिजो प्रतिरोधक शक्ति हुन् भनेर आशा गरिएकाहरू आज विसर्जनवादी यात्राका खलनायक बन्न थालेका छन् । उनीहरूमा सिद्धान्त, कार्यक्रम, नीति र संस्कृतिको सवालमा एक डंगुर विचलनहरू जन्मिएका छन् । तिनै विचलनहरूको धरातलमा उभिएर उनीहरूका क्रियाकलापहरू सुनिश्चित र स्थिर भएका छन् । त्यसैले उनीहरूमा गंभीर अन्तरक्रिया, प्रवुद्ध सिंहावलोकन र दूरगामी दृष्टिकोणको सर्वथा अभाव हुँदै गएको छ । त्यहाँ साधना अधिकारी र पाण्डवराज प्रक-रणहरू ठूला राजनीतिक मुद्दा बनेका छन् । तर संघर्षको निम्ति वृहद् वाम एकता, परिवर्तनको निम्ति जनपक्षीय भूमिसुधार, राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको निर्माण र जनमूखी सांस्कृतिक आन्दोलनको अपरिहार्यता पार्टीको केन्द्रीय उत्तरदायित्व र सरोकारभन्दा बाहिर पर्न गएका छन् ।

के माले र एमालेको पिंधमा बसेर परिवर्तनको सपना बुनिरहेका लाखौं कार्यकर्ताहरूलाई यसको सामान्य अनुभूति छ ? ❑

(१३ पेजको बाँकी)

अधिकार" थिएन ।

यही चुनावी स्वार्थले गर्दा हल्ला चालाईयो कि- रूपचन्द्र पंचायतको हातमा बिक्यो, रूपचन्द्र पंचायतको प्रतिकार समितिमा बस्यो, रूपचन्द्रले आन्दोलनमा साथ दिएन ! आदि आदि । देशब्यापी संगठनको जालो भएको पार्टीले चलाएको यो नियोजित हल्लालाई चिर्ने साधन र सामर्थ्य ब्यक्ति रूपचन्द्रसित थिएन । देशब्यापी संगठनको जालो रूपचन्द्र स्वयम्ले बेलैमा तयार गरेका थिएनन् । त्यसैले, हल्ला चलाएकोचलायै भयो । रूपचन्द्रबारे जनतामा काफी भ्रमपूर्ण धारणाहरू बने । रूपचन्द्रको लोकप्रियतामाथिको ओरालो यहींबाट शुरू भयो ।

जुन वर्गको जागरणको लागि रूपचन्द्रले सारा जीवन अर्पित गर्नु भाएको थियो, त्यहीं वर्गले रूपचन्द्रबारे भ्रामक धारणा बनायो र चुनावी हिसाबले उहाँलाई सदाको लागि 'बाइबाइ' गऱ्यो । २०४८ सालको चुनावमा ने.क.पा. 'जनमुखी' को तर्फबाट चुनाब लड्नुभएका रूपचन्द्रको जमानत नै जफत भयो । २०४७ सालमा रूपचन्द्र सल्लाहकार रहेर खोलिएको ने.क.पा. 'जनमुखी' पार्टीले भूईंमा जरा नै गाड्न सकेन । २०४८ सालमा नै त्यो ने.क.पा. (एकता केन्द्र) मा समाहित भयो ।

अध्ययन अनुसन्धान गरी हेर्दा, रूपचन्द्र न त पंचायतको हातमा बिकेको पाइयो, न त प्रतिकार समितिमा नै बसेको पाइयो, न उहाँले जन-आन्दोलनमा नै साथ नदिएको पाइयो । उहाँले त त्यतिखेर जन-आन्दोलनको पक्षमा प्रशस्तै काम गरेको भेटियो । जन-आन्दोलनमा गोली लागेर घाइते भएकाहरूलाई रक्सौल अस्पतालमा पुऱ्याउने, भूमिगत मान्छेलाई र साम्रग्रीलाई सुरक्षित स्थानमा पुऱ्याउने, भुठा मुद्दा लागेका जागृत भेटवाल र भीमबहादुर श्रेष्ठलाई कानूनी उपचारको लागि सहयोग पुऱ्याउने, शहरमा गोली चल्दा, गाउँ जागृत गर्ने, पर्चा गर्ने, जनमुखीको पकडमा भएको हेटौंडा नगर पंचायतलाई बहुदलीय मंचमा बदल्ने, - यी सारा काम रूपचन्द्र र उहाँका सहकर्मीहरूले जन-आन्दोलनको दौरानमा गरेको पाइयो ।



जनताको माझमा गाउँमा रूपचन्द्र विष्ट

तथापि, रूपचन्द्रसित देशब्यापी संगठनको जालो नहुनुको फलस्वरूप, विपक्षीहरूले फैलाएका भ्रमहरू साफ गर्न संभव भएन । उहाँको मृत्युको घडीसम्म पनि ती साफ भएनन् । देश र जनताले बुझ्नै नसकेको, उसद्वारा बिर्सिएको, तर उसैको जागरणका लागि जीवनभर समर्पित मान्छेका रूपमा रूपचन्द्रको दुःखद देहान्त भयो ।

## गुणचन्द्र विष्टका अनुसार, 'जागृत मान्छेको यत्रो अनिकालमा क-कसले दियो होला हँ ८२ भोट ?' उहाँलाई आश्चर्य लागेको थियो ।

जीवनको पछिल्लो चरणमा रूपचन्द्र नितान्त एक्लो पर्नु भएको थियो । उहाँका सबै सहकर्मीहरूले उहाँलाई छोडेको स्थिति थियो,- कोही पार्टीमा लागेर, कोही आ-आफ्नै व्यवसायमा लागेर । यो अभाव हटाउन, उहाँका अनन्य मित्र सोनामका अनुसार, रूपचन्द्रले 'बिहा गर्ने कि ?' भन्ने आकांक्षा समेत राख्नु भएको थियो । तर त्यो हुन संभव भएन । जीवनको अन्तमा उहाँलाई नजिकै रहेर माया गर्ने मान्छे नै कोही थिएन । जो माया गर्थे, ती नजिकै थिएनन् । त्यसैले रूपचन्द्रमा जीवनप्रति नै घोर निराशा छाएको थियो । जे गर्दा छिटो मरिन्छ , उहाँ त्यही कुरा गर्न लाग्नुभएको थियो । सबैभन्दा ज्यादा दुःख उहाँलाई आफूले जगाउन खोजेका छाप्रेहरू 'खालि जीविका मात्र खोजेर र एक अँगालो स्वास्नी वा लोग्ने खोजेर, एक थाल भात खोजेर' त्यसैमा सीमित भई बसेकोमा थियो , उनीहरूले आफूलाई बिर्सेकोमा थियो ।

आफूले चाहिँ उनीहरूलाई बिर्सेको होइन भन्ने प्रमाणित गर्नको लागि उहाँ २०५१ सालमा मात्र होइन, अन्तिम पटक २०५६ सालमा पनि 'स्वरूपे' को नामबाट चुनाव लड्नुभयो । काठमाण्डू १ नं. क्षेत्रमा उहाँले ८२ भोट पाउनुभयो । यो ८२ भोटमा उहाँलाई ठूलो गौरव भएको थियो । गुणचन्द्र विष्टका अनुसार, 'जागृत मान्छेको यत्रो अनिकालमा क-कसले दियो होला हँ ८२ भोट ?' उहाँलाई आश्चर्य लागेको थियो ।

अब रूपचन्द्र शारीरिक रूपमा हामीबीच हुनुहुन्न । सबै सीमा र कमजोरीका बाबजूद रूपचन्द्र नेपाली श्रमिक आन्दोलनको सफलताको लागि सारा जीवन निस्वार्थ समर्पित गर्ने महान बिद्रोही योद्धाको नाम हो । एक्लै पनि बेठीक र असत्यविरूद्ध बिद्रोह गर्ने साहस निरन्तर श्रमिक छाप्रे, नारीहरूको जागरणको निम्ति खडा भइरहने उहाँको दृढता, पद र पैसाले किन्न नसकिने उहाँको इमान, जे भित्र छ त्यही बाहिर अभिब्यक्त गर्ने उहाँको पाखण्डरहित चरित्र, वचन, र कर्म, विचार र व्यवहार एउटै गर्ने उहाँको नैतिक-सांस्कृतिक स्तर, श्रममा अपार विश्वास गर्ने उहाँको स्वभाव र प्रत्येक कुरा थाहा पाएर मात्र गर्ने उहाँको चरित्र,- यी सबै तत्वको संयोग हो-रूपचन्द्र बिष्ट । उहाँका यी संपूर्ण गुणहरू नेपाली कम्युनिष्टहरूले र संपूर्ण मानवताले सिक्नु जरूरी छ । उहाँको 'थाहा आन्दोलन'लाई प्रत्येक कम्युनिष्टले निरन्तरता दिनु जरूरी छ । ❑

### रूपचन्द्रको कविता

# मतदाता र 'थाहा'

म तिम्रो जुत्ता हुँ
लगाऊ आफ्नो गोडामा
अनि, हिंड ।
म तिम्रो टोपी हुँ
टाउकामा लगाएर हिंड ।
लौरो-छाता पनि हुँ म
टेक्दै-ओढ्दै हिंड ।
बत्ती-नक्सा पनि हुँ म
बाल्दै-पढ्दै हिंड,
बाटो पनि केही
भएको रहेछु भने
आऊ, टेक मलाई
अनि, हिंड ।
तर, तिम्रो हिंडाइ
म भइदिन मिल्दैन
तिमी हुनु पर्दछ ।
तिम्रो हिंडाइको कारण
अनि उद्देश्य पनि
तिमी आफैं हौं
अरू भइदिन मिल्दैन ।
तिमीलाई यति कुरा
"थाहा" हुनु पर्दछ,
नत्र तिमीता
नतिमी बन्न पुग्दछौ
अनि, छ जति जम्मै
तिमीबाट टाढिन्छ, र
तिमी अरूको फेला पर्दछौ ।
मुक्त-जीवन बाँच्नलाई
एउटै मात्र उपाय छ :
तिमी "थाहा" हुनु पर्दछ
"थाहा" तिमी हुनु पर्दछ ।

-जसरू र सहकर्मीहरू

(२०४२ साल)

## आवरण लेखमा

नियमित पाठकको नाताले अंक ६७ को बारेमा केही अस्पष्टताहरू पोख्न गइरहेको छु ।

हामी बामपन्थीहरू बहुदलीय व्यवस्था जनताको व्यवस्था होइन भन्ने मान्यता राख्छौं । वर्तमान बहुदलीयताका भुसतिघ्रेहरूको क्रियाकलापबाट हाम्रो देशमा यो सही सावित भएकै छ । जनताको व्यवस्था समाजवाद र साम्यवाद हो । यो हाम्रो मान्यता हो । यसमा हामी सबैको शायद असहमति नहोला । यदि यसो हो भने कथित प्रजातान्त्रिक कुरूप व्यवस्थालाई सिंगारपटार पारी बढी महत्व दिने हिसाबले निर्वाचनबारे विश्लेषण 'आवरण लेख' मा गरिएको आभास हुनगयो । कम्युनिष्ट खोल ओडेर, कम्युनिष्ट शब्दलाई trade mark को रूपमा प्रयोग गर्ने एमाले तथा बहुदलीयतालाई स्वीकार गरी जनवादको सपना देख्ने माले संसदमा गएपनि नगएपनि के नै फरक पर्छ र ? महाकाली, कालापानीको प्रकरण र जनजिवीकाको सवालमा देखिएका असन्तुष्टिबाट यो प्रमाणित हुन्न र ? यतातिर ध्यान पुऱ्याए राम्रो होला कि ? मूल्याकनले सम्भव भएसम्म समाजका सबै पक्षलाई मार्क्सवादी ढंगले समेटोस् । आर्थिक जगत, साहित्य, कला, संस्कृति, बिज्ञान र प्रविधि, विश्व प्रसिद्ध व्यक्तित्व चिनारी जस्ता स्तम्भहरू नियमित रूपमा राख्नुपऱ्यो । ❑

◆ सूर्य विनोद कुइँकेल
*नुवाकोट, रामति*

## दलित मन्दिर प्रवेशबारे

पूर्णाङ्क ६६ मा प्रसिद्ध प्रगतिशील साहित्यकार खगेन्द्र सौग्रौलाको 'दलित मन्दिर प्रवेश र सांस्कृतिक क्रान्ति' लेख पढ्ने अवसर मिल्यो । समाजको ज्यादै मिहिन तर उत्तिकै सम्वेदनशील समस्या र त्यसमा दलित समूदायले देखाएको प्रतिक्रियाका बारेमा चर्चा गरेर एउटा पठनीय सामग्री उहाँले दिएको महसूश भयो । सदियौंदेखि दबिँदै, हेपिँदै र सोसिँदै आएका अधिकांश दलित समुदायमा चेतनाको सलबलाहट आएको कुरा पनि त्यसबाट अवगत हुन्छ । मन्दिर प्रवेशको कार्यक्रमकै क्रममा भएको आमसभालाई स्वयं लेखकले पनि संवोधन गर्नु भएको रहेछ ।

लेखकका अनुसार त्यस घटनाले प्रगतिशील साहित्यिक र बामपन्थी राजनीतिक फाँटमा त्यति चर्चा नपाएकोमा लेखकको उग्र गुनासो रहेछ । केही वर्षयता नेपाली समाजमा त्यस्तै नभए पनि, त्यस्तै प्रकृतिका थुप्रै घटना घट्ने गरेका छन् र शुरूशुरूमा जस्तो तिनले चर्चा पाउन पनि छोडेका छन् । स्याङ्जाको 'उदिया चौर दूधकाण्ड', पानी पँधेरो काण्ड आदिले राष्ट्रब्यापी चर्चा पाए र समाजमा एक खालको प्रभाव तिनले पारे । तर, देख्दा निकै ठूलो लागे पनि ती घटना जति चर्चा पाउनलायक यो घटना रहेन कि ?

देवी, देउता, पूजा, मन्दिर, शिखा, जनै आदि थुप्रै जालोहरूले ढाकिएको धर्मको शिकार बनेको एउटा जातीय वा धार्मिक समुदाय त्यसबाट उम्कन प्रयत्नशील छ, स्वयम् लेखक जस्तै । एउटा मान्छेलाई आफूजस्तै सग्लो मान्छेका रूपमा हेर्न नदिने प्रमुख कारक तत्वमध्ये उपरोक्त रूढी र अन्धविश्वास पनि प्रमुख रूपमा रहेका छन् । हुन त उनीहरूको त्यो कदम अग्रगतिका निम्तिको प्रयास हो भनेर लेखकले प्रष्ट्याउन निकै कोशिस गर्नु भएको र हामीले त्यही आशा गर्नु पर्ने र त्यसरी नै बुझिदिनुपर्ने हुन्छ, त्यहाँको सन्दर्भमा । तर त्यसलाई सांस्कृतिक क्रान्तिसँग जोडेर हेर्नैपर्छ भन्ने उहाँको आग्रहमा भने सैद्धान्तिक रूपले सहमत हुन सकिन्न । पुराना सडेगलेका यावत खाले चिन्तन र संस्कृतिलाई ध्वस्त पारेर एउटा नयाँ र समुन्नत मानवीय संस्कृतिको निर्माण गर्नु नै संक्षेपमा मैले बुझेको सांस्कृतिक क्रान्ति हो । के यस कदमले त्यस्तो नयाँ खाले समुन्नत संस्कृतिको निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ ? के देवी, देउता, पूजा, मन्दिर, जनै आदि पुरानो सडेगलेका संस्कृतिका संवाहक हैनन् ? यदि त्यसो हो भने तिनै संस्कारलाई अँगाल्न खोजेर, अँगाल्न पाएर वा अँगालेर सांस्कृतिक क्रान्तिको कुनै एउटा अंशलाई छुन सकिन्छ त ? आफ्नै जातिका एक थरीलाई पशुभन्दा पनि तल्लो श्रेणीमा झार्ने प्रणीको प्रतीक मन्दिरमा पसेर के उनीहरू मान्छे बन्न सक्छन् ?

◆ आर. अधिकारी
*पोखरा- ४*

## साधनाको अन्तवार्ता पढ्दा

मूल्याङ्कनको अंक ६७ बेलैमा हातपऱ्यो । आवरण कथा समसामयिक छ । मूल्याङ्कन लगायत अन्य बाम पार्टीले पनि एमाले-मालेलाई त्यो स्थिति हुन नदिन सजग नगराएको होइन् । तथापि दुवै पार्टी त्यसमा पनि विषेश गरी एमालेको अदूरदर्शीपनाले गर्दा कांग्रेसको बहुमत आइछाड्यो । यसका लागि जिम्मेवार माले-एमाले नै हुन् भन्दा अत्युक्ती नहोला । अब त, दुवै पार्टी सत्ताबाट पनि बहिरिएका छन् । आशा गरौं अब माले-एमालेमा पहिलेको जस्तो पानी बराबरको स्थिति नहोला । त्यस्तै अमेरिकाको अगुवाइमा नेटोद्वारा गरिएको आक्रमणविरूद्ध विश्व स्तरमै विरोधको आवाज उठेको देख्दा खुसी लाग्यो ।

साधना अधिकारीको वर्तमान बुझ्दा भने साह्रै दुख लाग्यो । २००४ सालदेखि सकृय राजनीति (त्यै पनि बामपन्थी) गर्नु हुने साधना विवाहकै कारणले निस्कृय हुनुपर्दा साह्रै दुख लाग्यो । यस्तो हो भने के महिलाले विवाहपूर्व मात्रै राजनीति गर्ने ? या राजनीतिको लागि विवाह नै नगर्ने ? भन्ने प्रश्न उठ्नसक्छ । फेरि, एउटा कम्युनिष्ट भएर जीवन जिउने साधनाका मनपर्ने गायक नारायाण गोपाल, रामकृष्ण ढकाल अनि नेतामा वि.पी. कोइराला ? के नेपालका प्रगतिशील गायकहरूले उहाँको मन छुन सकेनन् ? किन नेपाली कम्युनिष्ट आन्दोलनका नेताहरूलाई उहाँले मन पराउन सक्नुभएन ? अर्को कुरा, एउटा कम्युनिष्ट नेताको निधनमा उसको काजक्रिया परम्परागत तरीकाबाटै गर्नु वर्तमान कुसंस्कारलाई नै विश्वास गर्नु होइन र ? अनि एउटा कम्युनिष्ट पार्टीको अध्यक्षको अस्तु कति ठाउँमा लगेर सेलाउने रे ? यो कस्तो सांस्कृतिक स्तर हो ?

अनि पद्मरत्नजीको अन्तरवार्ता पढ्दा अनौठो लाग्यो । कुरा क्रान्तिको गर्ने अनि आफूचाहिँ बहुदलीय जनवादको छातामुनि चुनाव लड्ने, अनि हारेपछि भने 'माले विकृतिमा फस्छ भनेर जनताले भोट नदिएको' भन्ने ? के साँच्ची नै पद्मरत्नजी क्रान्तिको पक्षमा हुनुहुन्छ भने नौलो जनवादी क्रान्तिलाई मूल लक्ष बनाएर राजनीति गर्ने पार्टी छैनन् र नेपालमा ? यदि छन् भने किन कुरा क्रान्तिको गर्दै उहाँ माले ( बहुदलीय जनवादको) छातामुनि बस्नुहुन्छ ? यो प्रश्न पद्मरत्नजीलाई । खगेन्द्र संग्रौलाको 'जुनकीरीको संगीत'को अंश ज्यादै मनपऱ्यो । आशा छ, चाँडै पढ्न पाइएला ।

◆ दुर्गा सिटौला
*दमक-११, झापा*

## कोसोभो र नेटो आक्रमण

मूल्यांकन अंक ६७ समयमा नै अध्ययन गर्ने अवसर प्राप्त भयो । विश्वमा, मे दिवस भन्ने लेखबाट मजदूरहरूको साहसी योगदानबाट प्राप्त अधिकारलाई नेपाल सरकारले कुल्चिएको जस्तो देखिन्छ । खगेन्द्र संग्रौलाको 'जूनकीरीको संगीत' नामक उपन्यास यथार्थवादी छ ।

कोसोभो लिबरेशन आर्मी जर्मनी र अमेरिकाका भाडाका टट्टूहरू हुन् भन्ने प्रष्ट भएको छ । विश्व कम्युनिष्ट आन्दोलनमा नयाँ अपराधिक संगठन नेटोले एउटा सार्वभौम सत्तासम्पन्न राष्ट्रमाथि एकपक्षीय रूपमा गरेको युद्धले त्यहाँको जनतालाई पर्न गएको दर्दनाक पीडाप्रति विश्वका मानवतावादी विचारधाराबाट प्रेरित कम्युनिष्टहरूले देखाएको मानवीय सम्बन्धबाट जो कोही पनि मुटु भएको मानिस प्रभावित हुन्छ ।

◆ राजाराम भण्डारी
*नीलकण्ठ- ६ , धादिङ्ग*

## राम्रो लाग्यो

मुख्यतया ६७ औं अंकको "आवरण कथा" बहुत पठनीय लाग्यो । यस अंकको आवरण कथाले नेपालका बामपन्थी पार्टीहरूलाई ठूलो शिक्षा प्रदान गरेको छ । त्यस्तै, व्यंग्य, आत्मकथा, दर्शन परिचय, र इतिहास स्तम्भ पनि राम्रा छन् । "जीवनको झाँकी" र "आँखी झ्याल" पनि राम्रा छन् । "विश्व कम्युनिष्ट आन्दोलन" र "घटना र प्रवृत्ति" तथा "बिज्ञान र प्रविधि" पनि धेरै पठनीय र रोचक छन् ।

◆ शिवप्रसाद खनाल
*डेढगाउँ- ९, नवलपरासी*
*हाल: केउरेमीबाट*

## बाटो देखाउँदा पनि

मलाई नेपाली पत्रिकाहरूमध्ये अति मन पर्ने पत्रिका मूल्याङ्कन नै हो र मूल्याङ्कनमा दिइएका सबै विषयहरू नेपालीहरूको लागि जानकारी नभईनहुने विषयको रूपमा लिने गर्दछु ।

पूर्णाङ्क ६४ मा दिएको ब्रामतालमेल नभएमा भन्ने विषय अति महत्वपूर्ण लाग्यो, जसमा उल्लेखित सबै मूल्याङ्कन सही छन् र सम्पूर्ण माले-एमालेका कार्यकर्ताहरूलाई मूल्याङ्कनले बाटो देखाउँदा पनि तालमेलमा नभएकोमा हामी सबैलाई दुःख लागेको छ ।

मूल्याङ्कन नियमित पाउनको लागि के गर्नु पर्छ ? सुझाव दिनु हुन्छ भन्ने आशा गर्दछु ।

AIT RAJ TUMROK (SUBBA)
POST BOX NO. - 3695
TEL- 804697, 437045
DOHA, QATAR

*(तपाई मूल्याङ्कनको ग्राहक बन्नु भएमा नियमित मूल्याङ्कन पढ्न पाउनु हुनेछ । -मूल्याङ्कन)*

## "समाजवादी आन्दोलन नेपाल"बारे

पूर्णाङ्क ६६ शुरूमा नै हेर्न पाएँ । मूल्याङ्कन मासिक बिसंगत र लहडवाज राजनीतिको तथा समाजमा ब्याप्त अन्धविश्वास र कुरीतिको चिरफार गरी यथार्थता प्रेषित गर्ने संयन्त्र भएकोले नियमित पाठक हुँ । प्रधान सम्पादकको संयोजकत्वमा गठित "समाजवादी आन्दोलन नेपाल" नामक संगठन निर्माण भएकोमा बधाई ! हाल बैज्ञानिक समाजवादी आन्दोलनमा गलत गरीका प्रयोग गरी जनवादी केन्द्रियतालाई नष्ट गरी, भताभुङ्ग पारी नोकरशाही केन्द्रियतातर्फ उन्मूख बनाइरहेको परिप्रेक्षमा यस संगठनको लक्ष्य महान छ । शुभकामना !

◆ गोपाल निरौंला
*ठोबिसला-८, उदयपुर*

# सार्थक पत्रकारिताका निम्ति समर्पित एउटा बौद्धिक-वैचारिक अभियानः नव युवा

## मूल्यांकन मासिकको सहकर्मी

**नव युवा मासिक**

युवाहरूको मासिक खुराक
तपाईं निम्ति पनि उपयोगी !
तपाईंका छोराछोरीहरू,
भाइबहिनीहरूको
निम्ति पनि उपयोगी !!
समस्त युवाहरूको निम्ति
उपयोगी !!!




## स्वस्थ, सार्थक, रोचक, ज्ञानबर्द्धक र प्रगतिमुखी, सामग्रीहरुको संगालो !

❑ के तपाईंले किनेर पढ्नु भयो ? ❑ के तपाईंले किनेर घर लगिदिनुभयो ? ❑ तपाईंले नै लामो समयअघिदेखि खोजिरहनु भएको, प्रतीक्षा गरिरहनु भएको प्रकाशन ❑ नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!

❑ नेपालमा पत्रपत्रिकाहरू पुग्ने सबै जिल्लाहरू र गाउँहरूसम्म पनि नव युवा पुग्छ ।

◆ सिलुगढी, दार्जिलिंग, सिक्किम, कलकत्ता, नयाँ दिल्ली, गोरखपुर, मद्रास लगायत भारतका विभिन्न स्थानहरू एवं अरब मुलुकहरू, जापान, कोरिया, अमेरिका, हंगकंग, बेलायत, क्यानडा आदि देशहरूमा समेत यो नियमित रूपमा पुग्छ ।

❑ नव युवा रूपी यस अभियानलाई तपाईं पनि सघाउनु होस् :-
-नियमिति किनेर पढिदिएर । यसका विशेषताहरू बताएर अरूलाई पनि यो किनेर पढ्न प्रेरित गरेर र प्रतिक्रिया एवं सुझावहरू पठाएर ।
-लेख-रचनाहरू पठाएर । *(अप्रामाणिक र भरपर्न नसकिने मनगढन्त सूचना-स्रोतहरूका आधारमा लेखिएका रचनाहरूको कुनै विश्वसनीयता नहुने हुनाले ज्ञानबर्द्धक लेख-रचनाहरू पठाउँदा विश्वसनीय स्रोतका आधारमा लेखी सो स्रोतहरू पनि खुलाई पठाउन हुन अनुरोध छ ।)*

◆ नव युवामा विज्ञापन दिनु भनेको आफ्नो उत्पादन वा सेवाका लक्षित समूहहरूमा व्यापक रूपले सजिलै पुग्नु हो । यसमा विज्ञापन दिनुहोस् र आफ्नो व्यवसायमा अभिबृद्धि गर्नुहोस् ।

❑ स्मरणीय छ, हामी चुरोट, खैनी, सुर्ति, जुवा र रक्सीको विज्ञापन भने प्रकाशित गर्दैनौं ।

-अन्तर्क्रिया प्रकाशन प्रा. लि.

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२

